
# सामाजिक अध्ययन शिक्षण

## प्राथमिक शिक्षक तालिम दोस्रो चरण

(५ महिना)




स्वाध्ययन सामग्री

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०६५

# सामाजिक अध्ययन शिक्षण

## प्राथमिक शिक्षक तालिम दोस्रो चरण

(५ महिना)

लेखक
श्री खुविराम अधिकारी
श्री बोधकुमार खनाल

स्वाध्ययन सामग्री

प्रकाशक:
नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

© : प्रकाशकमा

G12818

शैक्षिक जनशक्ति
२०५०
पु

पहिलो संस्करण - २०६०
दोस्रो संस्करण - २०६१
तेस्रो संस्करण - २०६२
चौथो संस्करण - २०६३
पाचौँ संस्करण - २०६४
छैटौं संस्करण - २०६५

टेलिफोन - ६-६३०१८०, ६-६३०७६६, ६-६३८१५०
फ्याक्स - ६-६३०१९३, ६-६३०४५७,
पो.ब.नं. - २१४५, ३६५२
E-mail - decedu@wlink.com.np

सुझाव एवम् सल्लाह

डा. रामस्वरुप सिन्हा
श्री विष्णुप्रसाद थैव
डा. दामोदर ज्ञवाली
श्री माया राई
श्री लक्ष्मीप्रसाद खत्री
डा.श्रीराम उपाध्याय
वीरेन्द्रकुमार झा

प्राविधिक सहयोग
डा. दिब्यमान कर्माचार्य

विषयवस्तु सम्पादन
श्री सोभियतराम विष्ट

भाषा सम्पादन
श्री सुनीता मालाकार
श्री सोभियतराम विष्ट

आवरण डिजाइन
श्री सुमन बज्राचार्य

कम्प्यूटर टाइप सेटिङ
श्री लक्ष्मी श्रेष्ठ

# भूमिका

'सामाजिक अध्ययन शिक्षण' को यो स्वाध्ययन सामग्री सामाजिक अध्ययन शिक्षण प्राथमिक शिक्षक तालिम पाठ्यक्रममा आधारित छ । प्राथमिक तहमा सामाजिक अध्ययन शिक्षणमा देखिएका कमी कमजोरीहरू हटाई शिक्षणमा प्रभावकारीता बढाउन सम्बन्धित शिक्षकमा आवश्यक मात्रामा ज्ञान बढाउने उद्देश्यबाट यो स्वाध्ययन सामग्री तयार गरिएको हो ।

प्राथमिक शिक्षक तालिमको दोस्रो चरणमा समावेश भएका आठ विषयमध्ये सामाजिक अध्ययन शिक्षण पनि एउटा विषय हो । दोस्रो चरणको प्राथमिक शिक्षक तालिममा सामाजिक अध्ययन शिक्षणलाई ६० पाठ्यभार दिइएको छ । सामाजिक अध्ययन शिक्षणमा अध्ययन गर्नुपर्ने सबै विषयवस्तु यस स्वाध्ययन सामग्रीमा समावेश छन् । पाँच महिना अवधिको तालिम समय र ६६० घण्टाको पाठ्यभारलाई ख्याल गरेर सो अवधिभित्र यस स्वाध्ययन सामग्रीका सबै विषयवस्तु सहभागी शिक्षकले स्वयम् अध्ययन गर्नुपर्नेछ ।

'सामाजिक अध्ययन शिक्षण' को यस स्वाध्ययन सामग्रीमा एउटा एकाइभित्र एक वा एकभन्दा बढी पाठ छन् । एकाइको सुरुमा एकाइ परिचय दिइएको छ । त्यसपछि पाठसम्बन्धी कुराहरू उल्लेख गरिएका छन् । पाठसम्बन्धी कुरा उल्लेख गर्दा पाठको उद्देश्य, पाठ पढ्नुभन्दा पहिले गर्नुपर्ने क्रियाकलाप, विषय प्रवेशका रूपमा विषयवस्तुको विवरण आत्ममूल्याङ्कनका लागि अभ्यासात्मक प्रश्न, पृष्ठपोषणका लागि सम्बन्धित प्रश्नका उत्तर, पाठको सारांश र पाठ अध्ययनसँग सम्बन्धित निर्देशन गरी एउटा पाठलाई सात अङ्गका रूपमा प्रस्तुत गरिएको छ । स्वाध्ययन सामग्रीलाई हुनेसम्म सरल बनाउन विषयवस्तुको विवरण विस्तृत रूपमा दिइएको छ । शिक्षणका समस्या र सिद्धान्तसमेत ख्याल गरेर पाठ तयार पारिएका छन् । यसैले यस स्वाध्ययन सामग्रीले तालिमका सहभागी शिक्षकहरूलाई सामाजिक अध्ययन शिक्षणको सम्बन्धमा प्रसस्त जानकारी दिनसक्छ भन्ने हाम्रो विश्वास छ ।

यस स्वाध्ययन सामग्रीलाई परिमार्जन गरी स्तरीय तथा प्रकाशन योग्य बनाउने कार्यमा संलग्न मोहनप्रसाद उपाध्याय, गिरमान थापा, डिकबहादुर राई, खुविराम अधिकारी र सुमन बज्राचार्यलगायत सबै धन्यवादका पात्र हुनुहुन्छ यसलाई अझ प्रभावकारी र त्रुटिरहित बनाउन सुझाव प्रदान गर्ने सम्बद्ध सबै पक्षमा शैक्षिक जनशक्ति विकास केन्द्र आभार व्यक्त गर्दछ ।

२०६५

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

# विषयसूची


| एकाइ | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| १. | सामाजिक अध्ययनको अवधारणा | १ |
| २. | परिवारका सदस्यहरूको भूमिका र जिम्मेवारी बारे अभिनय | २८ |
| ३. | मानव अधिकारसँग सम्बन्धित सामाजिक संघसंस्थाहरूको भ्रमण | ३९ |
| ४. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू | ६४ |
| ५. | मानव अधिकार संरक्षण | ८४ |
| ६. | नेपालको नक्सा निर्माण | १२४ |
| ७. | नेपालको विकासका प्रक्रियाको समीक्षा | १३४ |
| ८. | राष्ट्रिय व्यक्तित्वहरूको भूमिका | १५३ |
| ९. | विकास कार्यमा आधुनिक प्रविधिको भूमिका | १६८ |

एकाइ : १

# सामाजिक अध्ययनको अवधारणा

**सक्षमता :** सामाजिक, सांस्कृतिक, ऐतिहासिक र विकासका सन्दर्भमा तिनीहरूको अन्तर्सम्बन्ध स्पष्ट पार्न र सामाजिक अध्ययनको स्वभाव वर्णन गर्न ।

**परिचय**

सामाजिक, सांस्कृतिक, ऐतिहासिक र विकासका सन्दर्भमा तिनीहरूको अन्तर्सम्बन्ध स्पष्ट पारी सामाजिक अध्ययनको स्वभाव वर्णन गर्न यस एकाइमा सामाजिक अध्ययनको परिचय, अवधारणा, अन्य विज्ञानसँगको सम्बन्ध र सामाजिक अध्ययनको क्षेत्र, उद्देश्य र महत्त्व विषयमा चर्चा गरिएको छ । यसैगरी यस एकाइमा सामाजिक संस्थाहरूको एकीकृत रूपमा परिवारको परिचय र बालबालिकाको सामाजिकीकरणमा परिवारको भूमिका, परिवारको प्रकार, नेपाली समाजमा रहेको विविध रहनसहन र भौगोलिक क्षेत्रअनुसार नेपालीहरूको मुख्य पहिरन, पेसा, धर्म आदिको चर्चा गरिनुका साथै समुदायको परिचय, भूमिका र समुदायप्रतिको कर्तव्य पनि समावेश गरिएको छ ।

नेपालको इतिहासमा घटेका महत्त्वपूर्ण ऐतिहासिक घटना, समाजमा भएका परिवर्तन, विकासात्मक कार्यहरूको परिचय र सूची निर्माण गर्न तथा प्रमुख वनस्पति, हावापानीको परिचय र वर्गीकरण नक्सा निर्माण गरी उपर्युक्त विषयलाई नक्साको प्रयोगबाट कक्षा शिक्षण गर्न समेत यस एकाइले सहयोग पुऱ्याउँछ ।

पाठ १

## सामाजिक अध्ययनको अवधारणा

### १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) सामाजिक अध्ययनको परिचय दिन,

(ख) सामाजिक अध्ययनको अवधारणा बताउन,

(ग) सामाजिक अध्ययनको अवधारणा र क्षेत्र चित्रद्वारा स्पष्ट पार्न,

(घ) सामाजिक अध्ययनको उद्देश्य र महत्व बताउन ।

### २. पूर्वसिकाइ क्रियाकलाप

(क) सामाजिक अध्ययनको परिचय दिनुहोस् ।

### ३. विषयप्रवेश

#### ३.१ परिचय

- मानिस एक सामाजिक प्राणी हो । ऊ सामाजिक प्राणी भएकै कारण जन्मदेखि मृत्युसम्म समाजका हरेक क्रियाकलापमा संलग्न हुन्छ । समाजमा कुशल रहनका लागि चाहिने

आवश्यक कुराहरूबारे ज्ञान, सीप र अभिवृत्ति विकासका लागि समाज नै वास्तविक गुरूको रूपमा रहेको हुन्छ । जसबाट समाजका रीतिथिति चालचलनका साथै सामाजिक मूल्य र मान्यता सिक्ने अवसर प्राप्त हुन्छ । यी कुराहरू नजानिकन समाजमा रहन गाह्रो हुने र समाजबाट अलग्गै रहेर जीवनयापन गर्न पनि कठिन हुने हुनाले मानव र समाजको सम्बन्धको बारेमा बालबालिकालाई आधारभूत ज्ञान, सीप र अभिवृत्ति प्रदान गरिनुपर्छ ।

- वास्तवमा मानिसले आफ्नो जीवनका आवश्यकताहरू प्राप्त गर्न एक सुयोग्य नागरिकको रूपमा जीवनयापन गर्न सामाजिक तथा भौतिक वातावरणसँग कसरी मिल्ने भन्ने मानवीय अन्तर्सम्बन्धको ज्ञान नै सामाजिक अध्ययन हो । सामाजिक अध्ययनमा विगतका दिनहरूबाट सिकी, वर्तमानलाई पर्याप्त प्रयोग गरी भविष्यप्रति ध्यान केन्द्रित गरी समाजको अध्ययन पनि गरिन्छ ।

| मानिस तथा तिनीहरूको समाजबारेको अध्ययन नै सामाजिक अध्ययन हो । |
|---|

**३.२ सामाजिक अध्ययनको अवधारणा**

- सामाजिक अध्ययन विषयको सुरूआत सर्वप्रथम अमेरिकाबाट भएको हो । त्यसबेला सामाजिक अध्ययनमा इतिहास, अर्थशास्त्र तथा राजनीतिशास्त्र मात्र समावेश थिए । १८९२ ई. मा यसलाई सामाजिक ज्ञान नामाकरण गरियो । त्यसपछि यस समूहमा समाजशास्त्र पनि समावेश गरियो तापनि १९१६ ई. सम्म पनि यसले मान्यता पाएन । १९१६ ई. मा Committee on the Social Studies of the National Education Associations for the Re-organization of Secondary Education को प्रतिवेदनमा यस विषयलाई छुट्टै विषयको रूपमा मान्यता दिइयो । प्रथम विश्वयुद्धपश्चात् यो विषय लोकप्रिय बन्दै गयो । अमेरिकी विद्यालयमा १९२० देखि १९५५ को समयलाई सामाजिक ज्ञानको युग भनिन्छ । यसपछि विश्वका अन्य मुलुकहरूमा पनि यसको लोकप्रियता बढ्दै गयो ।
- नेपालमा यस विषयको प्रारम्भ विभिन्न प्रकारका वेदहरूको सुरूवातसँगै भएको देखिन्छ । सामाजिक नीति नियमका कुराहरू विभिन्न धार्मिक ग्रन्थहरूमा पनि झल्किएको देखिन्छ । गुरूकुल, मदरसा, गुम्बा आदि ठाउँमा दिइने शिक्षा पनि सामाजिक अध्ययनसँगै सम्बन्धित देखिन्छ । प्राचीन कालमा ऋषिमुनीहरूले दिने शिक्षा पनि यहि विषयसँग सम्बन्धित रहेको देखिन्छ ।
- नेपालमा औपचारिक रूपमा सामाजिक अध्ययन २०११ सालको राष्ट्रिय शिक्षा योजना आयोगको सिफारिस बमोजिम त्यसै सालदेखि प्रारम्भ भयो । २०१७ सालमा यस विषयलाई प्राथमिक शिक्षा पाठ्यक्रममा समावेश गरियो । त्यसपछि २०१८ को सर्वाङ्गीण राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि देशभरका सबै विद्यालयमा सामाजिक अध्ययनलाई समावेश गरियो ।
- सामाजिक अध्ययनको केन्द्रबिन्दु मानव स्वयम् र मानवको अन्य मानव, मानव संस्था र प्रकृतिसितको अन्तर्सम्बन्ध हो । यसले मानवीय सम्बन्धको विवेचना गर्दछ । मानिसको व्यक्तिगत, पारिवारिक एवम् सामाजिक सम्बन्ध पनि यसअन्तर्गत पर्दछन् ।


- सामाजिक विज्ञानको क्षेत्रमा विभिन्न विषयहरू इतिहास, भूगोल अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, मानवशास्त्र, दर्शनशास्त्र, मनोविज्ञान आदि पर्दछन् । कतिपय व्यक्तिहरूमा यो भ्रम छ कि यिनै विषयहरूको संयुक्त रूप नै सामाजिक अध्ययन हो । तर यो सामाजिक विज्ञानअन्तर्गतका विभिन्न विषयहरूको योग मात्र नभै एउटा समन्वयात्मक र एकीकृत कार्यक्रम हो । सामाजिक अध्ययनले आफ्नो विषयप्रवेशद्वारा आजको जटिल विश्वलाई सरल र स्पष्ट बनाउनका लागि शिक्षणको नयाँ आधार प्रदान गर्दछ । यसले सामाजिक तथा भौतिक वातावरणको विवेचना गर्दछ ।

**३.३ सामाजिक विज्ञान र सामाजिक अध्ययनबीचको भिन्नता**

- सामाजिक विज्ञानअन्तर्गत पर्ने विभिन्न विषयहरूको आफ्नो स्वतन्त्र अस्तित्व हुन्छ जबकि सामाजिक अध्ययनमा मानव समाज र जीवनसँग सम्बन्धित कुराहरूलाई समन्वयात्मक र एकीकृत रूपमा हेर्दछ र अध्ययन गर्दछ ।

- सामाजिक विज्ञानको विषयवस्तुको स्तर उच्च, क्षेत्र विस्तृत र सैद्धान्तिक पक्ष बढी हुन्छ भने सामाजिक अध्ययनको स्तरकम विद्यालयका विद्यार्थीको स्तरको, अलि सानो क्षेत्र ओगटेको र सैद्धान्तिकभन्दा बढी व्यावहारिक हुन्छ । सामाजिक अध्ययन आफ्नो देश काल, संस्कार, भौगोलिक र अन्य परिवेशका आधारमा यसको शिक्षणमा भिन्नता हुन्छ भने सामाजिक विज्ञानमा एकै खालको सामग्रीमा जोड दिइन्छ ।

चित्रबाट पनि सामाजिक अध्ययनलाई स्पष्ट पार्न सकिन्छ । जस्तै:




| अवधारणाहरू | विषय |
|---|---|
| • भौगोलिक अवस्थिति प्राकृतिक स्वरूप र हावापानी | • भूगोल |
| • आर्थिक क्रियाकलाप र स्रोत साधन | • अर्थशास्त्र |
| • शासन, प्रशासन पद्धति | • राजनीतिशास्त्र |
| • ऐतिहासिक घटना र अवस्था | • इतिहास |

| | |
|---|---|
| • मानवको उत्पत्ति र सभ्यता | • मानवशास्त्र |
| • मानव समाजको विकास, पारिवारिक जीवन र त्यसको व्यक्तिमा असर | • समाजशास्त्र |
| • मानिसको इच्छा, चाहना र रूचि | • मनोविज्ञान |
| • मानव समाजको विश्वास, दर्शन र दृष्टिकोण | • दर्शनशास्त्र |

### ३.४ सामाजिक अध्ययनका परिभाषाहरू


- इन्साइक्लोपेडिया अफ एजुकेशनल रिसर्च (Encyclopedia of Educational Research) अनुसार कसैले यो निश्चित गर्नु उचित हुँदैन कि सामाजिक अध्ययन इतिहास, भूगोल तथा नागरिकशास्त्रको गणितीय योग मात्र हो । निश्चय नै यसले यी विषयहरूबाट सामग्री प्राप्त गर्दछ तर यसले त्यस्तो सामग्रीलाई मात्र ग्रहण गर्दछ, जसले मानवको वर्तमान तथा दैनिक जीवनको सम्बन्धलाई स्पष्ट गर्दछ । यस कुरामा सावधानीपूर्वक ध्यान दिनुपर्छ । यसको स्वरूप परम्परागत विषयजस्तो नभएर एउटा क्षेत्रजस्तो छ ।
- वेस्ले (Wesley) का अनुसार "मानव सम्बन्धसँग सम्बन्धित विषयहरू नै सामाजिक अध्ययन हो ।"
- मिखालिस (Mikhaelis) का अनुसार "मानव सम्बन्धसँग सम्बन्धित मानवको सामाजिक र भौतिक वातावरणसँगको अन्तर्क्रिया नै सामाजिक अध्ययन हो ।"
- Monroe को विचारमा "सामाजिक शिक्षाले मानव सम्बन्धसँग सोभै सम्बन्धित विषय समेटेको हुन्छ ।"

- यसरी विभिन्न परिभाषाबाट के निष्कर्षमा पुगिन्छ भने सामाजिक अध्ययन विशेष गरी मानिसको अध्ययन हो र मानवकै केन्द्रबिन्दुमा घुमिरहेको हुन्छ । समाजमा रहँदा मानिसको जीवनप्रणाली, एवम् रहनसहन, आवश्यकताको परिपूर्ति, माया, घृणा आदि कसरी सञ्चालित हुन्छन् तथा अन्य व्यक्तिसँगको सम्बन्ध भौतिक र सामाजिक वातावरण आदिको अन्तर्क्रियाको अध्ययन हुन्छ । यहि नै यस विषयको प्रमुख क्षेत्र हो । सामाजिक अध्ययनले विद्यार्थीहरूमा असल आचरण, बानी, असल विचार र आदर्शको निर्माण गर्न आवश्यक व्यावहारिक कुरा परिवर्तन गरी उनीहरूलाई असल र योग्य नागरिक बनाउन मदत गर्दछ । यो विषयअन्तर्गत ती सबै विषयहरू समावेश हुन्छन् । जसबाट आफ्नो सामाजिक वातावरणलाई बुझ्न सकिन्छ । यसैबाट सामाजिक चरित्रको विकास हुन्छ र उसले सामूहिक जीवन र सामूहिक आदर्शलाई बुझ्दछ ।

### ३.५ सामाजिक अध्ययनको क्षेत्र

सामाजिक अध्ययनको क्षेत्र व्यक्ति परिवार, छरछिमेक, स्थानीयस्तर, जिल्लास्तर, क्षेत्रस्तर राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरसम्म फैलिएको हुन्छ ।

यसले विद्यार्थीलाई आफ्नो व्यक्तिगतदेखि पारिवारिक जीवनका समस्याहरूदेखि लिएर अन्तर्राष्ट्रिय समस्यालाई बुझ्न मदत गर्दछ यस कुरालाई चार्टमा यसरी देखाउन सकिन्छ ।




### ३.६ सामाजिक अध्ययनको उद्देश्य

सामाजिक अध्ययनद्वारा शिक्षाको सामाजिक, सांस्कृतिक तथा नागरिक उद्देश्यहरू पूरा गर्नमा सहायता प्राप्त हुन्छ ।

**उद्देश्यहरू**

- असल नागरिकको निर्माण गर्नु ।
- सामाजिक चरित्रको विकास गर्नु ।
- विगतको सभ्यताको प्रयोग गरेर वर्तमानलाई स्पष्ट पार्नु ।
- बालबालिकाहरूमा सामाजिक जीवन व्यतित गर्न चाहिने विभिन्न अभिवृत्तिहरू र सीपको विकास गर्नु ।
- आफ्नोपनको भावनाको विकास गर्नु ।
- पारस्परिक निर्भरताको भावनाको विकास गर्नु ।
- उनीहरूको भौतिक वातावरणको ज्ञान दिनु ।

### ३.७ सामाजिक अध्ययनको महत्व

- बालबालिकाहरूलाई समाजपयोगी नागरिक बनाउनमा मदत गर्दछ ।
- यसले विद्यार्थीहरूलाई पारस्परिक प्रेम, आपसी सहानुभूति र भातृत्वको भावना विकसित गराउँदै विश्व नागरिकको ज्ञान प्रदान गर्दछ ।
- मानव समाजको विकासलाई बुझ्न मदत गर्दछ ।
- बर्तमान बैज्ञानिक वातावरणबाट उत्पन्न सामाजिक सङ्घर्षको निराकरणमा समेत सहयोग पुऱ्याउँछ ।
- वर्तमान प्रजातान्त्रिक युगमा विशाल दृष्टिकोण, सहिष्णुता र आत्म नियन्त्रणको भावना विकास गराई सामाजिक तथा राजनीतिक प्रगतिमा सक्रिय सहभागी हुने क्षमताको विकास गराउँछ ।
- सामाजिक अध्ययनको शिक्षणले विद्यार्थीहरूलाई समाजमा उत्पन्न परिवर्तनलाई स्वीकार्न र तीनबाट उत्पन्न समस्यालाई गम्भीर तथा विचारपूर्वक समाधान गर्न सक्षम बनाउँछ ।

## ४. आत्ममूल्याङ्कन

(१) सामाजिक अध्ययनको छोटो परिचय लेख्नुहोस् ।

(२) सामाजिक अध्ययनको अध्यापनको इतिहास कहिलेदेखि सुरू भएको हो लेख्नुहोस् ।

(३) सामाजिक अध्ययनको ३/३ ओटा उद्देश्य र महत्व बताउनुहोस् ।

- •
- •

(४) सामाजिक अध्ययनको क्षेत्र चार्टद्वारा स्पष्ट पार्नुहोस् ।

## ५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ परिचय अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.२ सामाजिक अध्ययनको अवधारणा अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.५ सामाजिक अध्ययनको क्षेत्र शीर्षक र चार्ट अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.६ र ३.७ सामाजिक अध्ययनको उद्देश्य र महत्व अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- मानिस तथा तिनीहरूको समाजबारेको अध्ययन नै सामाजिक अध्ययन हो ।
- यसको सुरूआत अमेरिकाबाट १८९२ ई. मा भएको थियो र १९१६ ई पछि छुट्टै विषयको रूपमा मान्यता दिइयो ।
- नेपालमा २०११ को राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनको सिफारिस बमोजिम २०१७ सालमा प्राथमिक पाठ्यक्रममा औपचारिक रूपमा समावेश भएको हो ।
- सामाजिक विज्ञानअन्तर्गत, इतिहास, भूगोल, अर्थशास्त्र, राजनीति शास्त्र, समाजशास्त्र, मानव शास्त्र, मनोविज्ञान आदि पर्दछन् ।
- सामाजिक अध्ययनको क्षेत्र, घर, परिवार, छरछिमेक, गाउँ समाज, जिल्ला राष्ट्र र अन्तर्राष्ट्रिय स्तरसम्म हो ।
- यसको मुख्य उद्देश्य बालबालिकालाई सामाजिक जीवन व्यतीत गर्न चाहिने विभिन्न सीप र अभिवृत्तिको विकास गरी समाजमा उपयोगी नागरिकको निर्माण गर्न मदत गर्नु हो ।

## ७. निर्देशन

यो पाठ राम्ररी बुझ्नु भएको भए अर्को पाठमा प्रवेश गर्नुहोस् नबुझेको भए पुनः अध्ययन गर्नुहोस् र सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

## पाठ २

# व्यक्ति, परिवार र रहनसहन

### १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) परिवारको परिचय दिन,

(ख) परिवारमा व्यक्तिका स्थान बताउन,

(ग) बालबालिकाको सामाजिकीकरणमा परिवारको भूमिका बताउन,

(घ) नेपाली समाजको रहनसहनको वर्णन गर्न ।

### २. पूर्वसिकाइ क्रियाकलाप

परिवारमा हाम्रो दायित्व पाठ कक्षा ५ मा शिक्षण गर्न आवश्यक शैक्षिक सामग्रीहरूको सूची बनाउनुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

### ३. विषयप्रवेश

#### ३.१ परिचय

समुदायको सबैभन्दा सानो एकाइ व्यक्ति हो । व्यक्ति व्यक्तिको समूह मिलेर परिवार बन्छ । परिवार एउटा वंशागत सानो समूह हो जहाँ भिन्न लिङ्ग र उमेर समूहका हाडनाताका व्यक्तिहरू सङ्गठित भएर बस्छन् र एउटै भान्सामा खाना खान्छन् । बालबालिकाहरू सर्वप्रथम आफ्नो पारिवारिक जीवनमा हुर्कने हुँदा विभिन्न आधारभूत ज्ञान, सीप र अभिवृत्तिहरूको विकास त्यही थलोमा नै हुन्छ । उनीहरूलाई सक्षम र सबल बनाउन पारिवारिक ज़ीवनको महत्वपूर्ण भूमिका हुन्छ । बालबालिकालाई सामाजिकीकरण गर्नमा पनि परिवारको ठूलो भूमिका रहन्छ ।

#### ३.२ बालबालिकाको सामाजिकीकरणमा परिवारको भूमिका

- कुनै पनि व्यक्तिको चरित्र निर्माण गर्ने पहिलो पाठशाला परिवार हो ।
- प्रत्येक व्यक्तिले सामाजिक, सांस्कृतिक, नैतिक, आध्यात्मिक एवम् अन्य जीवनोपयोगी व्यवहार परिवारबाटै सिक्ने अवसर प्राप्त गर्दछ ।
- परिवार परिवार मिलेर नै समुदाय र समाजको निर्माण हुन्छ ।
- परिवार नै माया ममता, स्नेह, करूणा, दया, आदर एवम् सहानुभूतिको थलो हो ।
- परिवारबाटै समाज र राष्ट्रको विकासको लागि आवश्यक दक्ष जनशक्ति प्राप्त हुन्छ ।

#### ३.३ नेपाली समुदायमा रहनसहन

(१) नेपालको एकीकरणपछि विभिन्न जातीय क्षेत्रहरू एकै राजनीतिक सीमाभित्र समावेश भई सामाजिक जनजीवन विविधतायुक्त साझा फूलवारीको रूपमा परिणत भयो । वास्तवमा पहाडी विविधता, काठमाडौं उपत्यकाको सीप र कला कौशल, तराईको कृषि कुशलता, हिमाली क्षेत्रको सरल जीवनशैली मिलेर नै नेपाली समाजमा अनेकतामा एकता आएको

हो । विविध जाति, भाषा, धर्म संस्कार चाडपर्व र व्यवसायलाई एक अर्कोसँगको सहअस्तित्वमा गाँसेर रङ्गी विरङ्गी फूलले सुसज्जित सुन्दर बगैंचाको रूपमा नेपाली समाज हुर्कन थाल्यो ।

(२) प्राचीन र मध्यकालीन समाजमा विभिन्न धार्मिक परम्पराअनुसार आ-आफ्ना संस्कार चलेका थिए । सती प्रथा, पारपाचुकेजस्ता नराम्रा पक्षको प्रभावसमेत परेको थियो ।

(३) वर्तमान समयमा नेपाली जनताको रहनसहन संस्कार, पारिवारिक जीवन लवाइ खवाइ आदि सबै भौगोलिक स्थितिसँग गाँसिएका छन् । भौगोलिक स्थिति, जाति र भाषाका आधारमा नेपालका विविध प्रदेशका रहनसहनमा भिन्नता देखिन आउँछ । खासगरी लवाइ खवाइबाट यो कुरा पुष्टि हुन्छ । नेपाली समाज अन्तर्गतका जातजातिमा जन्म, विवाह, मृत्यु इत्यादि संस्कारका पद्धतिमा फरक देखिन आउँछ ।

(४) जन्मदेखि मृत्युसम्मका कुराहरूमा गरिने संस्कारहरूमध्ये खास गरी विवाह र मृत्यु संस्कारहरू ठाउँअनुसार फरकफरक देखिन्छ । अभिभावकले कन्या मागी विवाह गरिदिने चलन धेरै वर्गमा पाइन्छ । हिमाली भेकका कति वर्गमा २/३ जना दाजुभाइले एकै कन्यासँग विवाह गर्ने अनौठो चलन छ । मृत्यु संस्कारमा धेरैजसोले शव जलाउने काम गर्दछन् । किराँत, लामा, सन्यासी, मुसलमान र क्रिश्चियनहरूमा शव (लाश) गाड्ने चलन छ ।

(५) ठाउँअनुसार लवाइखवाइ भन्ने कुरा नेपालमा लागू हुन्छ । हिमाली भेकका वासिन्दालाई मोटो, लामो वक्खु र दोचा लगाउनुपर्ने हुन्छ । पहाडी भेकमा कछाड, भोटो र टोपी लगाइन्छ । तराईतिर धोती र कुर्ता लगाइन्छ भने सहरी क्षेत्रमा प्रकृति विरूद्ध पश्चिमी फेशनका लुगा पनि लगाइन्छ । सरकारी कर्मचारीले दौरा सुरूवाल, कोट तथा टोपी लगाउने गर्दछन् । पहाडी क्षेत्रका कतिपय ठाउँमा कपडा नसिइकनै बेर्ने चलन पनि छ ।

## ४. आत्ममूल्याङ्कन

१. परिवारको छोटो परिचय दिनुहोस् ।

२. बालबालिकाको सामाजिकीकरणमा परिवारको के भूमिका हुन सक्छ वर्णन गर्नुहोस् ।

३. नेपाली समाजमा प्रचलनमा रहेको रहनसहनको छोटो परिचय दिनुहोस् ।

४. भौगोलिक क्षेत्रअनुसार नेपालीहरूको मुख्य पोशाकको सूची बनाउनुहोस् ।

## ५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ खण्ड अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको अन्तिम बुँदा बालबालिकाको सामाजिकीकरणमा परिवारको महत्व अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.३ को अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ५ को उत्तरको लागि विषयप्रवेशको ३.३ को पूरा भाग अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यस पाठमा सामाजिक अध्ययन र सामाजिक संस्थाहरूको एकीकृत रूप शीर्षकअन्तर्गत परिवार र नेपाली जीवनमा रहनसहनअन्तर्गत परिवारको परिचय, बालबालिकाको सामाजिकीकरणमा परिवारको महत्व, परिवारको प्रकार, लवाइखवाइ, वेशभूषा, चालचलन, विवाह, मृत्यु संस्कार जस्ता विषय समावेश गरिएका छन् ।

## ७. निर्देशन

१. तपाईंको विद्यालय रहेको क्षेत्रभित्र के कस्ता लवाइखवाइ, संस्कारहरू छन् सूची बनाई सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

२. **यो पाठ राम्ररी अध्ययन गरी बुझ्नु भएको भए मात्र अर्को पाठ अध्ययन गर्नुहोस् र नबुझेमा सम्पर्क कक्षामा छलफल गरी स्पष्ट हुनुहोस् ।**

**पाठ ३**

# समुदाय

## १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) समुदायको परिचय दिन,

(ख) समुदायको भूमिका बताउन,

(ग) समुदायप्रति हाम्रो कर्तव्य वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

**(क) समुदायमा परिवारले गर्नुपर्ने कार्यमा सघाउन भन्ने कक्षा ४ को सिकाइउपलब्धि हासिल गर्नका लागि निर्माण गरिने विशिष्ट उद्देश्यहरू निर्माण गर्नुहोस् ।**

## ३. विषयप्रवेश

### ३.१ परिचय

मानव प्राकृतिक रूपबाटै सामाजिक प्राणी हो । हामी एक्लै बस्न सक्दैनौ । हामीलाई हामी जस्तै मानिसहरूको साथ चाहिन्छ । त्यसैले हामी अन्य मानिसहरूको साथमा बस्छौं । धेरै परिवारहरू छिमेकी भएर मिलेर बस्ने गरेका छौं । यहि छिमेकी र मानवको समाजलाई नै समुदाय भनिन्छ । धेरै परिवार मिलेर छिमेकी बन्छ । त्यस्तै छिमेकी छिमेकी मिलेर समुदाय बन्छ । यसरी एउटै समाजमा अरू मानिससँग साथ साथ मिलेर बसेपछि त्यहाँ समुदायको निर्माण हुन्छ । अर्थात् परिवारिक जीवनको विस्तारित रूप समुदाय हो ।

- अरूप्रति सहयोग, मित्रता, एकता र सेवा जस्ता कार्य नै सामुदायिक जीवनका गुण हो । समाजमा एकअर्कामा लेनदेन हुन्छ । हामी कसैलाई केही दिन्छौ र अरूबाट केही लिन्छौं । आजको आधुनिक युगमा हाम्रा आवश्यकताहरू धेरै हुन्छन् । ती सबै आवश्यकता हामी एक्लै पूरा गर्न सक्दैनौं । ती आवश्यकता पूरा गर्न हामीलाई अरू मानिसको आवश्यकता पर्दछ ।

- एउटा समुदायमा मानिसहरू विभिन्न पेसा तथा व्यवसायमा लागेका हुन्छन् । तिनै विविध पेसामा लागेका मानिसले एक-अर्काका आवश्यकताहरू परिपूर्ति गर्ने कार्यहरू गर्दछन् । जस्तैः कसैले कृषिको काम, कसैले उद्योग, कोही शिक्षक, कोही व्यापारी आदि । यसरी समुदायमा बसेर हाम्रो जीवन सुचारू रूपले सञ्चालन भएको हुन्छ ।

### ३.२ समुदायको भूमिका

आधुनिक समाजमा सामुदायिक अथवा सामूहिक जीवन अत्यावश्यक छ । समुदायले हाम्रो जीवनमा महत्वपूर्ण भूमिका खेल्छ ।

- समुदायको उद्देश्य सामाजिक भलाइ :

मानिसहरू प्राकृतिक रूपबाटै स्वार्थी हुन्छन् । तर सामूहिक जीवन तथा सामुदायिक जीवनले मानिसहरूलाई स्वार्थी बन्न दिँदैन । यसको मुख्य उद्देश्य नै समुदायमा बस्ने सबै मानिसको सामूहिक हित हो ।

- सामुदायिक जीवनले सहयोगको अभिबृद्धि गर्छ ।

  सामूहिक जीवनको अर्थ एकअर्कामा सहयोग हो । स्वार्थीपनाको कुनै पनि स्थान सामुदायिक जीवनमा हुन्न । यसका गुणहरूमा सहयोग, सहकार्य तथा पारस्परिक सहयोग, स्वयोगदान अत्यावश्यक हुन्छ । सामुदायिक जीवन नै एउटा त्यस्तो सामूहिक एकाइ हो जसमा बस्न, बढ्न र कार्य गर्न सकिन्छ ।

- समुदायले नै जीवन र सम्पत्तिको सुरक्षा गर्छ ।

  व्यक्ति एक्लैले आफ्नो जीवन र सम्पत्तिको रक्षा गर्न सक्दैन । त्यहाँ चोर, डाँका, बदमास त्यस्तै जङ्गली जनावर आदिबाट खतरा हुन्छ । तर ऊ समुदायमा बसेको कारणबाट सुरक्षा प्राप्त गर्न सक्छ । उसले आनन्दको निद्रा निदाउन सक्छ । यो सबै समुदायमा मात्र सम्भव हुन्छ ।

- समुदायले सभ्यता र संस्कारको विकास गर्छ

  सभ्यता समुदायमा जन्मन्छ, विकास हुन्छ र संरक्षित हुन्छ । त्यस्तै कला साहित्य, धर्म, परम्परा, संस्कार आदि विकास हुन्छन् र तिनको निरन्तरता पनि समुदायमा नै हुन्छ । समुदायले नै हाम्रा पुर्खाहरूले विकास गरेका संस्कृति र सभ्यताको जगेर्ना गर्छ । बालबालिकाहरूले समुदायबाट नै पुराना कुराहरू सिक्छन् ।

- समुदायले बालबालिकाको दिमागलाई आकार प्रदान गर्छ ।

  बालबालिकाको दिमागले आकार समुदायमा प्राप्त गर्छ । वास्तवमा बालबालिकाको दिमाग रबर जस्तै हो । उनीहरूले हरेक कुरा समुदायमा सिक्छन् । बच्चाले बोल्ने कला सिक्नु पनि यसैको परिणाम हो । बच्चाले उसको समुदायबाट भाषा सिक्दछ । उसले धेरै आनीबानी समुदायबाट सिक्छ ।

- समुदायले व्यक्तिलाई शक्तिशाली बनाउँछ ।

  एकअर्काको सहयोगबाट मानिसहरू धेरै काम गर्न सक्छन् । सामुदायिक जीवनबाट नै मानिसले प्रकृति माथि पनि नियन्त्रण गर्न सक्छ । सामुदायिक जीवनको सहयोगात्मक कार्यहरूबाट हामीहरू हिमाल माथिको विजय प्राप्त गर्न सक्छौं, समुद्रपार गर्न सक्छौं, हावामा उड्न सक्छौं, एउटा ग्रहबाट अर्को ग्रहको भ्रमण गर्न सक्छौं । यसैगरी सामुदायिक जीवनले विभिन्न प्रकारका समुदायको ज्ञान हासिल गर्न मदत गर्छ ।

### ३.३ समुदायप्रति हाम्रो कर्तव्य

छिमेकी, समाज र समुदायका व्यक्तिहरू मिलेर बनेको हुन्छ । समुदायको सेवा गर्नु भनेकै मानवको सेवा गर्नु हो । समाजको समुदायको प्रत्येक सदस्यको कर्तव्य समुदायप्रति केही न केही योगदान गर्नु हुन्छ । समुदाय भनेको हामीभन्दा छुट्टै केही होइन । एकै साथको बसाइ

या भनौ सामूहिक जीवनले समुदायका प्रत्येक सदस्यबाट केही न केही सहयोगको आशा गरेको हुन्छ ।

समुदायको सेवा गर्ने पनि दुई तरिकाहरू छन् । (१) समुदायका सदस्यहरूलाई आवश्यक भएको समयमा सहयोग गर्नु । (२) आफ्नो समुदायमा बसेका मानिसहरूको लागि सामूहिक भलाइका काम गर्नु ।

छिमेकीहरूलाई कुनै समस्या आएमा सहयोग गर्नु हाम्रो कर्तव्य हो । कोही विरामी पर्न सक्छन्, कसैको मृत्यु हुन सक्छ, विवाह, चाडपर्व, सुख दुखमा पनि सहयोगको आवश्यकता हुन सक्छ । सँगै काम गर्नाले एकअर्कामा आत्मीयताको विकास हुन्छ । यसबाट समुदायमा पनि एउटा परिवारको जस्तो भावनाको विकास हुन्छ ।

व्यक्तिगत सहयोगका साथसाथै समुदायको सामूहिक भलाइका लागि पनि हाम्रो दायित्व त्यत्तिकै छ । सडक, विद्यालय, मन्दिर आदिको निर्माण जस्ता कार्य सामूहिक भलाइको लागि गरिन्छ । स्वास्थ्य केन्द्र, सामुदायिक भवन, खेल्ने चौर, धारो, पाटी, कुवा, नहर, इनार सरसफाइका कार्य, बाटो निर्माण आदिमा सहयोग पुऱ्याउनु पनि समुदायप्रतिको हाम्रो कर्तव्य हो ।

## ४. आत्ममूल्याङ्कन

१. समुदायको परिचय दिई एक अनुच्छेद लेख्नुहोस् ।

| |
|---|
| |

२. समुदायले खेल्ने कुनै ३ ओटा भूमिकाको सूची तयार गर्नुहोस् ।

| | | |
|---|---|---|
| १. | २. | ३. |

३. हामीले आफ्नो समुदायप्रति निभाउनुपर्ने ३ ओटा कर्तव्य वर्णन गर्नुहोस् ।

| | | |
|---|---|---|
| १. | २. | ३. |

## ५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको परिचय अध्ययन गर्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको समुदायको भूमिका अध्ययन गर्नुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको समुदायप्रति हाम्रो कर्तव्य अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- मानिसहरू, छरछिमेक, परिवार र समाज मिलेर नै समुदाय बन्छ ।
- मानिसका विभिन्न आवश्यकताहरू एक्लैले पूरा गर्न सक्दैनन् । विविध पेसामा लागेका मानिसहरूले एकअर्काका आवश्यकताहरू परिपूर्ति गर्दछन् र समुदायमा जीवन सुचारूरूपले सञ्चालन हुन्छ ।
- समुदायले मानिसको जीवनमा अत्यावश्यक भूमिका खेल्छ । यसको उद्देश्य सामाजिक भलाइ गर्नु, सहयोगको अभिबृद्धि गर्नु, सामुदायिक जीवन र सम्पत्तिको सुरक्षा गर्नु, सभ्यता र

संस्कारको विकास गर्नु, बालबालिकाको दिमागलाई सही दिशा प्रदान गर्नु र व्यक्तिलाई समर्थवान बनाउनु हो ।

- समुदायप्रति व्यक्तिका महत्वपूर्ण कर्तव्य हुन्छन् । ती हुन् व्यक्तिगत सहयोग र समुदायको भलाइ ।

**७. निर्देशन**

समुदायमा हाम्रो दायित्व पाठ कक्षा ५ मा अध्यापन गर्नका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको सूची निर्माण गरी सम्पर्क कक्षामा कुन शैक्षिक उद्देश्य पूरा गर्न कुन सामग्री आवश्यक पर्छ ? प्रयोग गर्ने तरिकासहित प्रदर्शन गर्नुहोस् ।

पाठ ४

# हावापानी र वनस्पति

## १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) नेपालको हावापानीको परिचय दिन र वर्गीकरण गर्न,

(ख) वनस्पतिको परिचय दिन र वर्गीकरण गर्न,

(ग) हावापानी र वनस्पतिको सामाजिक जनजीवनमा परेको प्रभाव बताउन ।

## २. पूर्वसिकाइ क्रियाकलाप

**(क) तपाईंको घर र समुदाय वरिपरि अनेक थरिका वनस्पति पाइन्छ होला । ती मध्ये ६ ओटा प्राकृतिक वनस्पतिको सूची बनाउनुहोस् ।**

| | |
|---|---|
| १. | २. |

## ३. विषयप्रवेश

### ३.१ परिचय

नेपालमा हावापानीको दृष्टिकोणले धेरै भिन्नता पाइन्छ । यहाँ भूमध्यरेखामा बस्ने बासिन्दादेखि ध्रुवीय प्रदेशमा बस्ने बासिन्दासम्मलाई सुहाउँने हावापानी पाइन्छ । नेपाल सानो देश भएपनि उचाइको विषम छ । उत्तरतिर बढ्दै गएपछि उचाइ बढ्दै जान्छ । जतिजति उचाइ बढ्दै जान्छ त्यतिनै तापक्रम घट्दै जान्छ । प्रत्येक १६५ मिटरको उचाइमा १°c का दरले तापक्रम घट्दै जान्छ । जमिनको स्वरूप, अक्षांश, उचाइ, सामुद्रिक दूरी, वायुको चाप आदि कारणले नेपालको हावापानीमा विविधता पाइन्छ । नेपालमा पाइने हावापानी (जलवायु) लाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

#### १. अघोष्ण जलवायु

नेपालको तराई, भावर प्रदेश, दुन, भित्रीमधेश, पर्वतका खोंच, टारका भागहरूमा अघोष्ण मौसमी जलवायु पाइन्छन् । नेपालका होचा भागहरू अधिक तापयुक्त छन् । कम उचाइ भएको हुनाले यहाँको तापक्रम अन्य भागको भन्दा बढी नै रहन्छ । वर्षा सरदर १,३०० मि.मि. देखि २,६०० मि.मि. सम्म पर्दछ । वर्षाको वितरण पनि सामान्यतया पूर्वबाट पश्चिमा घट्दै जाने र उत्तरबाट दक्षिण बढ्दै जाने भएबाट पूर्वी तराईभन्दा पश्चिमी तराईमा अधिक गर्मी रहन्छ । तापक्रम करिव २५ देखि ४५ डिग्री सेल्सियससम्म रहन्छ । ४,००० फिटसम्मको उचाइमा अघोष्ण जलवायु भेटिन्छ ।

#### २. समशीतोष्ण जलवायु

नेपालको बीचको खण्ड र महाभारत पर्वतमा सामान्यतया हावापानीको अवस्था समशीतोष्ण रहन्छ । उचाइको आधारमा लेकमा ठण्डा र बेसीमा गर्मी रहन्छ । गर्मीको समयमा दिउँसो बढी गर्मी र राति तापक्रम उपयुक्त रहने गर्दछ । हिउँदमा ठण्डा बढ्ने गर्दछ । सामान्यतया

२४ देखि ३० डिग्री सेल्सियस तापक्रम रहन्छ । ४,००० देखि ६,६०० फिटसम्म उचाइ भएको ठाउँमा यस किसिमको जलवायु पाइन्छ । स्वास्थ्यको दृष्टिले पनि यो क्षेत्र उत्तम मानिन्छ ।

**३. शीत जलवायु**

हिमाली खण्डमा वर्षा ज्यादै कम र तापक्रम ज्यादै ठण्डा हुन्छ । गर्मीमा तापक्रम १५° देखि २०° सेल्सियससम्म र हिउँदमा 0° सेल्सियसभन्दा तल हुन्छ । जाडोमा हिउँ पर्ने र हिमपात समेत हुन्छ । ५,००० मिटरदेखि ८,८४८ मिटरसम्मको उचाइमा बाह्रै महिना हिउँले ढाकिरहने हुँदा तापक्रम 0° सेल्सियसभन्दा तल रहन्छ । ६,६०० फिटभन्दा माथि शीत जलवायु भेटिन्छ ।

नेपालमा पाइने जलवायुलाई सङ्क्षेपमा यसरी पनि वर्गीकरण गर्न सकिन्छ :


(क) अघोष्ण मौसमी जलवायु : तराई, भावर, दून, खोंच, टारमा पाइने ।

(ख) न्यानो समशितोष्ण मौसमी जलवायु: चुरे पर्वतको माथिल्लो भागमा पाइने ।

(ग) ठण्डा समशितोष्ण जलवायु: महाभारतको उच्च भाग र हिमालयको तल्लो भागमा पाइने

(घ) लेकाली जलवायु: हिमरेखा मुनिको भाग र भित्री हिमालय भागमा पाइने ।

(ङ) टुन्ड्राको जलवायु मुख्य हिमालमा पाइने ।




## ३.२ वनस्पतिको परिचय

सबै प्रकारका बोटबिरूवा जस्तो रूख, घाँस, झाडी जो प्राकृतिक रूपमा आफै बढ्छन्, हावापानी, उचाइ र जमिनको अवस्थामा निर्भर हुन्छन्, तिनलाई वनस्पति भनिन्छ । उचाइ बढेअनुसार तापक्रम पनि घट्दै जाने हुनाले दक्षिणदेखि उत्तरसम्ममा नेपालको हावापानीमा ठूलो भिन्नता पाइन्छ । १९३ कि.मि. को सरदर चौडाइ भएको नेपालमा समुद्र सतहबाट ६० मिटरको होचो भागदेखि संसारकै अग्लो भाग सर्वोच्च शिखर सगरमाथा रहेको छ । यति

छोटो दूरीमा उचाइको यस्ता विविधता संसारमा विरलै भेटिन्छन् । यसैले तराईमा गर्मी, पहाडी प्रदेशमा न्यानो र हिमाली भागमा जाडो हुन्छ ।


पूर्वमा वर्षा बढी हुन्छ र पश्चिमतिर घट्दै जान्छ । यस प्रकारको उचाइको विविधताले हावापानी दक्षिणदेखि उत्तरतिर फरक पर्दै जान्छ भने सोहीअनुसार प्राकृतिक वनस्पतिहरू पनि फरक पर्दै जान्छन् ।

**यसरी दक्षिणबाट उत्तरतर्फ भौगोलिक स्वरूपमा ठूलो भिन्नता हुँदै जाँदा मानिसको रहनसहन, लवाइखवाइ, बसाइ र आर्थिक क्रियाकलापहरू सबै फरक पर्दै जान्छन् । हिमाली खण्डमा बसोबास गर्ने मानिस र तराई खण्डमा बसोबास गर्ने मानिसहरूको जीवनशैलीबीच ठूलो अन्तरको कारण यही वातावरणीय भिन्नता हो ।**

तल दिइएको तालिकामा उचाइअनुसार ५ क्षेत्रहरू, ती क्षेत्रको वनस्पति हिउँद र गर्मीको तापक्रमको अवस्था देखाइएको छ ।

| प्राकृतिक वनस्पति | उचाइ | हिउँदे ताप (सेल्सियस) | ग्रीष्म ताप ०° (सेल्सियस) |
|---|---|---|---|
| वनस्पतिरहित (काइ, लेउ) | हिमाली प्रदेश ५,००० मिटर भन्दा माथि | हिमाङ्क भन्दा ज्यादै कम | हिमाङ्कभन्दा ज्यादै कम |
| बुट्यान | उच्च पहाडी प्रदेश ३,३०० मिटरदेखि ५,००० मिटरसम्म | हिमाङ्कभन्दा केही कम | ०५° -१५° |
| कोणधारी जङ्गल | मध्येपहाडी प्रदेश २,१०० मि. देखि ३,३०० मिटरसम्म | हिमाङ्कभन्दा केही कम | १५° -२०° |
| पतझर जङ्गल | उपत्यका र मध्य पहाडी प्रदेश (९०० - २,१००मि.) | ०° -१८° | १७° -३०° |
| सदावहार जङ्गल | तराई प्रदेश ० देखि ९०० मिटरसम्म | ६° -२२° | २५° -४०° |

स्रोत : सामाजिक शिक्षा कक्षा १० पा. वि. के., सानोठिमी ।



### ३.३ नेपालमा पाइने वनस्पतिको वर्गीकरण

**(१) उष्ण सदावहार जङ्गल**

तराई, भित्री मधेश तथा चुरे क्षेत्रमा यस्ता सदावहार जङ्गल पाइन्छ । यस्ता सदावहार जङ्गलमा साल, सिमल, सिसौ, टिक, खयर आदि मुख्य हुन् । यी रूखहरू अग्ला र बलिया हुनाले फर्निचर र घर निर्माणमा धेरै उपयोगी हुन्छन् ।

**(२) पतझर जङ्गल**

साल, सल्लाको जङ्गल नेपालको चुरे खण्डमा पाइन्छ । महाभारत पर्वतको उचाइमा पतझर तथा मिश्रित जङ्गल पाइन्छ । तल्लो भागमा साल, अलि माथि सल्ला, पिपल, बेत, बाँस, उन्यू छ भने खोँचतिर उतिस, लाँकुरी, चिलाउने, कटुस, चिराइतो, बाबियो जस्ता बोट बिरूवाले भरिएको जङ्गल पाइन्छ ।

**(३) कोणधारी जङ्गल**

चिसो हावापानी र कम वर्षा हुने क्षेत्रमा सल्ला, धुपी, देवदार, भोजपत्र, गुराँस, खसु, अङ्गेरी, चाँप, बाँझ आदि पाइन्छन् । यहाँको बनका रूख बिरूवामा झ्याउ, सुनगाभा र ऐजेरू पनि प्रशस्त मात्रामा पाइन्छन् । गोब्रे, निलो सल्ला, ठिग्रे सल्ला, खोटे सल्ला केही तल्लो भागमा उतिस, चिलाउने, बाँस, फलाँट आदि जातका रूखहरू पनि पाइन्छ ।

**(४) लेकाली वनस्पति**

हिमाली भेकमा खर्कहरूमा घाँस र सल्ला भेटिन्छन् । विशेष गरी गोब्रे सल्ला, राइसल्ला, धुपी आदि कोणधारी बन पाइन्छ । भोजपत्र, खसु, ओखर, उतिस, निलो सल्ला, पुड्के गुराँस भेटिन्छन् भने दक्षिण पाखामा झाडी, बुट्यान, घाँस र घाँस फूल तथा उत्तर पाखामा लेउ झ्याउ भेटिन्छन् ।

**(५) हिमस्थलीय वनस्पति**

हिमरेखामुनी घाँसका फूल वर्षामा फुल्छन् । हिमरेखा छेउ झ्याउ, लेउ र काई भेटिन्छन् । यस माथि वनस्पतिविहीन रूपमा रहेको भेटिन्छ ।

यसरी दक्षिणबाट उत्तरतर्फ धरातलीय स्वरूपमा ठूलो भिन्नता हुँदै जाँदा मानिसको रहनसहन, लवाइखवाइ, बसाइ र आर्थिक क्रियाकलापहरू फरक पर्दै जान्छन् । हिमाली खण्डमा बसोबास गर्ने मानिस र तराई, पहाड खण्डमा बसोवास गर्ने मानिसहरूको जीवनशैलीबीच ठूलो अन्तरको कारण यही हो ।

## ४. आत्ममूल्याङ्कन

१. नेपालको हावापानीको छोटो परिचय दिनुहोस् ।

२. नेपालमा पाइने मुख्य हावापानीको सूची बनाउनुहोस् ।

३. नेपालमा पाइने वनस्पतिको परिचय दिनुहोस् ।

४. नेपालमा पाइने प्राकृतिक वनस्पतिको वर्गीकरण गर्नुहोस् ।

५. हावापानी र प्राकृतिक वनस्पतिले जनजीवनमा पारेको प्रभाव बताउनुहोस् ।

## ५. पृष्ठपोषण

१. प्रश्न नं.१ को लागि विषयप्रवेशको ३.१ को खण्ड अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. २ को लागि विषयप्रवेशको ३.१ को हावापानीको वर्गीकरण अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को लागि विषयप्रवेश ३.२ खण्ड अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को लागि विषयप्रवेशको ३.३ अन्तर्गत वनस्पतिको वर्गीकरण अध्ययन गर्नुहोस् ।

५. प्रश्न नं. ५ को लागि विषयप्रवेशको अन्तिम अनुच्छेद अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यस पाठमा नेपालको हावापानी र वनस्पतिको परिचय, वर्गीकरण तथा हावापानीले जनजीवनमा पारेको प्रभाव, वनस्पतिले जनजीवन र रहनसहनमा पारेको प्रभाव समावेश गरिएको छ । वनस्पति र हावापानीको कारण लवाइखवाइ, पेसा, खानपान र संस्कारमा पनि प्रभाव पारेको हुन्छ । नेपालको हावापानी र वनस्पतिको विविधताका कारण तराई, पहाड र हिमालको जनजीवनमा पनि विविधता रहेको पाइन्छ ।

## ७. निर्देशन

(१) नेपालको नक्सा निर्माण गरी नेपालको तराई, पहाड र हिमालमा पाइने वनस्पतिहरू भर्नुहोस् र सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

(२) यो पाठ राम्ररी नबुझ्नु भएको भए पुनः अध्ययन गरेपछि मात्र अर्को पाठमा प्रवेश गर्नुहोस् ।

पाठ ५

# ऐतिहासिक घटना र विकासात्मक कार्यहरू

## १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) ऐतिहासिक घटनाको सङ्क्षिप्त परिचय दिन,

(ख) नेपालको इतिहासमा घटेका महत्वपूर्ण घटनाहरूको तालिका बनाउन र भएका परिवर्तनको वर्णन गर्न,

(ग) विकासको परिचय दिन,

(घ) विकासात्मक कार्यहरूका सूचकहरूको सूची निर्माण गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) आफ्नो सम्झनाको आधारमा सामाजिक परिवर्तन ल्याउने खालको कुनै एउटा ऐतिहासिक घटनाको उल्लेख गरी १ अनुच्छेद लेख्नुहोस् ।

## ३. विषयप्रवेश

### ३.१ ऐतिहासिक घटनाहरूको परिचय

इतिहासमा घटेका विविध घटनाक्रमले सामाजिक जनजीवनमा परिवर्तन ल्याएका हुन्छन् । नेपालको इतिहासका प्राचीन कालदेखि मध्यकाल र आधुनिक कालसम्म आइपुग्दा धेरै ऐतिहासिक घटनाहरू घटे र नयाँ नयाँ मोडहरू पार गर्दै आजको समाज निर्माण भएको हो । नेपालको इतिहासमा घटेको सबभन्दा महत्वपूर्ण घटना भनेको नेपालको एकीकरण हो । वि.सं. १८०१ मा सुरू भएको नेपालको एकीकरण वि.सं. १८७३ को सुगौली सन्धिमा गएर टुङ्गियो । एकीकरणपूर्व नेपालको सिमाना एउटै र स्थिर नभई साना ठूला राज्यहरू एक आपसमा खिचलोले विभाजित र विचलित थिए । यस्तो अवस्थामा कुनै पनि बाह्य शक्तिले नेपाल भूमिमा आँच ल्याउन सक्दथ्यो । देशको यस्तो स्थितिदेखि पृथ्वीनारायण शाहबाट सुरू भएको एकीकरणको अभियान भीमसेन थापाको समयमा आएर टुङ्गियो । एकीकरणपछि घटेका विभिन्न घटनाहरू :

**नेपालको इतिहासमा घटेका महत्वपूर्ण घटनाहरू**

| ऐतिहासिक घटना | समय | भएका परिवर्तनहरू |
|---|---|---|
| १.नेपालको एकीकरण | वि.सं.१८०१ देखि १८७३ सम्म | • बाइसे, चौबीसे र विभिन्न टुक्राटुक्राहरूको नेपालको सट्टा सबल सक्षम र सिंगो नेपालको निर्माण ।<br>• सबै जातजाति, भाषाभाषि र धर्मावलम्वीहरूको साझा फूलवारी नेपाल । |
| २.राणा शासनको स्थापना | वि.सं. १९०३ मा सुरू भई २००७ मा अन्त | • एकतन्त्रीय जहाँनीया शासनको सुरूआत<br>• राजालाई शक्तिहीन र शासनबाट अलग |

पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी
G2818

| ऐतिहासिक घटना | समय | भएका परिवर्तनहरू |
|---|---|---|
| | (१०४ वर्ष) | • विरोधी निर्मूल गर्ने नीति<br>• अङ्ग्रेजसँग राम्रो सम्बन्ध<br>• केन्द्रीकृत शासन व्यवस्था<br>• जनता दास वा शासित र राणा मालिक |
| ३. २००७ सालको परिवर्तन | क्रान्तिको सुरूवात वि.सं. १९७८ मकै पर्व, १९८८ को प्रचन्ड गोर्खा, १९९३ को प्रजा परिषदको आन्दोलन १९९७ को सहिदकाण्ड हुँदै २००६ मा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीको गठन भई २००७ मा ऐतिहासिक जनआन्दोलन | • प्रजातान्त्रिक शासन व्यवस्था सुरूआत<br>• राजाको अधिकार पुनर्स्थापित<br>• सामाजिक चेतनाको विकास<br>• प्रशासनिक व्यवस्थामा आधुनिकीकरण<br>• अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रवेश<br>• संविधान बनाउने अधिकार |
| ४. बहुदलीय प्रजातान्त्रिक अभ्यास | वि.सं. २००७ देखि २०१७ सम्म | • राणा शासकको सट्टा जनप्रतिनिधिको शासन<br>• प्रथम पटक निर्वाचन र निर्वाचित प्रतिनिधिको सरकार<br>• नयाँ संविधानको निर्माण ।<br>• राजनीतिक चेतनामा बृद्धि<br>• शिक्षाको क्षेत्रमा नयाँ युगमा प्रवेश |
| ५. २०१७ सालमा बहुदलीयव्यवस्थाको अन्त र पञ्चायती व्यवस्थाको सुरूआत | २०१७ मा सुरू भै २०३६ सम्म | • दलीय व्यवस्था अफाप भएको घोषणा र अन्त<br>• पञ्चायती व्यवस्थाको सूत्रपात<br>• वहुदलबादी माथि प्रतिवन्ध<br>• नयाँ मुलुकी ऐन ल्याई कानुनी जातीय भेदभावको अन्त ।<br>• कानुनी रूपमा छुवाछुत प्रथा अन्त । |
| ६. जनमत सङग्रह | वि.सं. २०३७ मा | • बालिग मताधिकार<br>• संविधानमा सुधार<br>• सुधारसहितको पञ्चायती व्यवस्था |
| ७. २०४६ सालको ऐतिहासिक आन्दोलन | वि. सं. २०४६ | • सार्वभौमसत्ता जनतामा<br>• कानुनी शासन<br>• संसदीय प्रणाली<br>• मानव अधिकारको संरक्षण<br>• संवैधानिक राजतन्त्र |
| ८. २०६२।०६३ को जनआन्दोलन | वि.सं. २०६२।०६३ | • लोकतन्त्रको स्थापना<br>• प्रतिनिधि सभा पुनस्थापना<br>• ऐतिहासिक प्रतिनिधिसभा घोषणा २०६३ जारी<br>• ने.क.प माओवादीसँग शान्ति सम्फौता<br>• अन्तरिम संविधान २०६३ जारी<br>• अन्तरिम व्यवस्थापिका संसद र अन्तरिम सरकार गठन<br>• |

| ऐतिहासिक घटना | समय | भएका परिवर्तनहरू |
|---|---|---|
| ९. संविधान सभाको निर्वाचन | २०६४ चैत्र २८ गते | • २४० वर्षे राजाको शासनको अन्त्य<br>• गणतन्त्रको कार्यान्वयन<br>• राष्ट्रपति तथा उप-राष्ट्रपतिको व्यवस्था<br>• जनताको छोरा राष्ट्रपतिमा निर्वाचित |

## ३.२ विकासात्मक कार्यहरू

भएको अवस्थामा प्रगति भई परिवर्तन हुनु विकास हो । विकास सङ्ख्यात्मक मात्र नभई गुणात्मक परिवर्तन हो । मानिस, परिवार, समुदाय र गाउँहरू परिवर्तनशील छन् । विकास भन्नाले कुनै पनि मुलुकमा बस्ने प्रत्येक व्यक्तिको जीवनमा सुधार आउनु हो । सहरमा बस्ने तथा एउटा वर्गको वा एउटा क्षेत्रमा बसोबास गर्ने मानिसमा आउने परिवर्तनलाई विकास भन्न सकिँदैन ।

- जब राष्ट्रका सम्पूर्ण व्यक्तिहरूको जीवनस्तरमा सुधारात्मक या गुणात्मक परिवर्तन आउँछ । अनि मात्र त्यो राष्ट्रलाई उन्नत या विकसित राष्ट्र भन्न सकिन्छ ।
- विकसित मुलुक हुनलाई त्यहाँको कुल राष्ट्रिय उत्पादनमा बृद्धि भएको हुनुपर्छ । त्यस मुलुकको प्रतिव्यक्ति आय बृद्धि भएको हुनुपर्छ । उद्योग, व्यापार र सेवा क्षेत्रमा काम गर्ने जनताको प्रतिशत बढी हुनुपर्छ । खर्च गर्ने क्षमतामा बृद्धि भई शिक्षा स्वास्थ्य लगायत समग्र जीवनशैलीमा परिवर्तन भएर सुधार आउँछ भने त्यो नै विकास हो ।
- संसारका केही मुलुकहरूले आज तीव्ररूपमा विकास गरिरहेका छन् । ती मुलुकहरूलाई विकसित मुलुक भनिन्छ । त्यहाँका बासिन्दाहरूको जीवनस्तर धेरै माथि रहेको पाइन्छ । तर एशिया, अफ्रिका र दक्षिण अमेरिकाका धेरैजसो देशका जनताहरूको आर्थिक स्थिति कमजोर छ ।

**विकासात्मक कार्यका सूचकहरू**

- उद्योग
- व्यापार
- सेवा
- उन्नत कृषि प्रणाली
- यातायात
- शिक्षाको अवस्था
- पर्यटनको विकास
- निर्यातबाट बढी आय आर्जन
- साक्षर र शिक्षित जनसङ्ख्या
- बाल मृत्युदर र मातृमृत्युदरमा कमी
- कुल ग्राहस्र्थ उत्पादनमा बृद्धि
- कुल राष्ट्रिय उत्पादन बृद्धि
- जनसङ्ख्या बृद्धि दरमा कमी
- स्वास्थ्यमा सुधार
- जनताको जीवनस्तरमा सुधार ।
- औषत आयु धेरै, डाक्टरको सङ्ख्या धेरै
- खानेपानी (स्वच्छ)
- महिला सहभागितामा बृद्धि

माथि उल्लेख गरिएका सूचकहरूको उच्च प्रतिशत भएको मुलुकहरू विकसित हुन् । एशिया, अफ्रिकाका कैयौ मुलुकहरू भौगोलिक, सांस्कृतिक, सामाजिक, राजनीतिक तथा आर्थिक कारणले गर्दा यी मुलुकहरूको जीवनस्तर खस्कँदै गएको छ । यी देशको विकास गर्न स्वयम् ती देशका नागरिकहरूमा चेतना आउनुपर्छ । नेपाल पनि उल्लेखित सूचकहरूको न्यून प्रतिशत भएको मुलुक हो ।

## ४. आत्ममूल्याङ्कन

१. नेपालमा घटेका ४ ओटा महत्वपूर्ण ऐतिहासिक घटनाहरूको सूची निर्माण गर्नुहोस् ।

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |

२. नेपालमा घटेका महत्वपूर्ण ऐतिहासिक घटनाहरूको सूची निर्माण गरी ती घटनाबाट भएका परिवर्तन उल्लेख गरेर तालिका निर्माण गर्नुहोस् ।

| घटेका घटनाहरू | भएका परिवर्तनहरू |
|---|---|
| १. | १. |
| २. | २. |

३. विकासको परिचय दिई विकासका सूचकहरूको सूची निर्माण गर्नुहोस् ।

| |
|---|
| |

## ५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ ऐतिहासिक घटनाको परिचय अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशका ३.१ अन्तर्गत. नेपालको इतिहासमा घटेका महत्वपूर्ण घटनाहरूको तालिका अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.२ अन्तर्गत विकासात्मक कार्यहरू अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यस पाठमा "सामाजिक अध्ययन सामाजिक संस्थाहरूको एकीकृत रूपमा" शीर्षकअन्तर्गत नेपालका ऐतिहासिक घटना तथा विकासात्मक कार्यहरूको उल्लेख गरिएको छ । सामाजिक परिवर्तनमा ऐतिहासिक घटना तथा विकासको परिवर्तनले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । ऐतिहासिक घटनाले परिवर्तनका नयाँ नयाँ मोड ल्याउँछ भने विकासका कारण मानिसको जीवन सरल, सुगम र प्रगतितिर अग्रसर हुन्छ ।

## ७. निर्देशन

१. नेपालको इतिहासमा घटेका कुनै ५ ओटा महत्वपूर्ण घटनाको सूची बनाई ती घटना घटेको मिति र परिवर्तन समेतको तालिका बनाई सम्पर्क कक्षामा स्रोत शिक्षकलाई जँचाउनुहोस् ।

२. १५ वर्षअघि तपाईं आफू बसेको गा.वि.स. वा **क्षेत्रमा भन्दा आज** धेरै परिवर्तन आएको हुन सक्छ । नयाँ नयाँ तरिका आएका होलान् । **त्यस्ता तरिकामा** खाना पकाउने, खेती गर्ने, पशुपालन गर्ने, शिक्षा, स्वास्थ्य, पैसा कमाउने, **बाटो** घाटोको विकास, विद्युत आदिको सूची बनाई १५ वर्ष अघि र हाल भएको परिवर्तन तुलना गरी तालिका निर्माण गर्नुहोस् ।

तालिकाको नमुना

| क्र.सं. | १५ वर्ष अधिको स्थिति | (१५ वर्षपछि) हालको स्थिति | निष्कर्ष विकास या विनास |
|---|---|---|---|
| १. खाना पकाउने | | | |
| २. खेती गर्ने | | | |
| ३. आय आर्जनका किसिम | | | |
| ४. उद्योग | | | |
| ५. सञ्चार | | | |
| ६. ............. | | | |
| ७. .............. | | | |
| ८. ............. | | | |
| ९. ................ | | | |
| १०. .......... | | | |

पाठ ६

# नक्सा कार्य

## १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) नक्साको परिचय दिन,

(ख) नक्सा निर्माणका तरिका स्पष्ट पार्न,

ग) नक्साको प्रयोग गर्ने तरिका बताउन ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईं आफ्नो घरबाट विद्यालय जाँदा विद्यालय र घरको बीचको नक्सा कोर्नुहोस् र बाटोमा पर्ने घर, विद्यालय, वन, खोला, नदी, बाटो केके पाउनुहुन्छ ? सङ्केतको प्रयोग गरी भर्नुहोस् ।

| |
|---|
| |

## ३. विषयप्रवेश

### ३.१ परिचय

नक्सालाई मानचित्र पनि भनिन्छ । यसलाई अङ्ग्रेजीमा म्याप (Map) भनिन्छ । यो शब्द ल्याटिन भाषाको म्यापा (Mappa) को सङ्क्षेपित रूप हो । म्यापा भनेको टेवल ढाक्ने कपडा हो । यसरी म्याप भनेको पनि कुनै स्थान ढाकेको अर्थात् ढाकेको भन्नुको मतलब पृथ्वीको कुनै स्थान कागजमा प्रतिनिधित्व हुने गरी उतार्नु हो ।

नक्सा अध्ययनका लागि निम्न कुरामा परिचित हुनुपर्छ ।

| | | |
|---|---|---|
| • दिशा<br>• दूरी बोध<br>• नक्साको स्थान पत्ता लगाउने<br>• नक्सामा प्रयोग हुने विभिन्न सङ्केत | • अक्षांश<br>• नापो (Scale)<br>• नदी मार्ग चिन्ने | • देशान्तर<br>• नक्साको प्रतिनिधित्व<br>• हवाई मार्ग चिन्ने<br>• नक्सामा रङ्ग |

### ३.२ नक्सामा हुनुपर्ने कुराहरू

१. अक्षांश र देशान्तर

नक्सामा अक्षांश र देशान्तर रेखाहरू कोरिएका हुन्छन् । यसबाट पूर्व, पश्चिम, उत्तर दक्षिण कतापट्टि रहेको छ भनेर स्थानको स्थिति पत्ता लगाउन सकिन्छ । भूमध्येरेखाले उत्तर र दक्षिण छुट्याउँछ भने प्रधान मध्यान्न रेखाले पूर्व र पश्चिम छुट्याउँछ । भूमध्येरेखासँग समानान्तर हुने गरी पूर्व पश्चिम दिशातर्फ फैलाएर खिचिएको काल्पनिक रेखालाई नै अक्षांश रेखा भनिन्छ । यिनीहरू जति ध्रुवका नजिक हुन्छन् त्यति छोटा हुन्छन् । त्यसैगरी उत्तर दक्षिण फैलिएका काल्पनिक रेखालाई देशान्तररेखा भनिन्छ । देशान्तररेखाको कोणीय

दूरीलाई प्रधान मध्यान्न रेखाको पूर्व वा पश्चिम दिशातर्फ डिग्रीमा नापिन्छ । प्रधान मध्यान्न रेखालाई ग्रीनीच रेखा पनि भनिन्छ ।

२. नक्सामा रङको प्रयोग

सेतो - हिमस्थल
हरियो - मैदानी भाग, घाँसे मैदान
नीलो - पानीको भाग
खैरो - मैदानभन्दा उच्च भूभागदेखि पहाडसम्म
पहेँलो - उच्च समस्थली
गेरू रङ्ग - पहाड

३. सङ्केतहरू

- नक्सामा विभिन्न किसिमका चिह्न र सङ्केतहरूको प्रयोग गरिएको हुन्छ । तिनको माध्यमबाट विभिन्न भौगोलिक तथ्यहरूको अध्ययन गर्न सकिन्छ । सङ्केत भनेको नक्सा बनाउँदा धरातलमा भएका तथ्यहरूलाई सङ्केतले नक्सा बनाउनेले प्रयोग गरेको सङ्केत आकार रङ र चिह्नहरूलाई जनाउँछ ।
- सङ्केतहरूबाट देखाइने स्वरूपहरू
  मानव निर्मित स्वरूपहरू, जस्तै - मन्दिर, सडक, घर, सहर आदि
  जल स्वरूपहरू, जस्तै - नदी, ताल, समुद्र, नहर आदि
  स्थल स्वरूपहरू, जस्तै - पहाड, भीर, चुचुरो, मैदान आदि
  वनस्पति स्वरूपहरू, जस्तै - वन, जङ्गल, खेत आदि ।
- नक्सामा प्रयोग गरिने सङ्केतहरू सम्बन्धमा एकाइ ६ पाठ १ मा पनि दिइएको छ । यहाँ पनि केही सङ्केतहरू छन् ।

अन्तर्राष्ट्रिय अञ्चल जिल्ला

नदी, पुल, ताल

रेलमार्ग, राजमार्ग, कच्ची बाटो

जङ्गल, झाडी, वस्ती

अस्पताल, विमानस्थल, देवस्थल

सदरमुकाम



४. नक्सामा दिशाको प्रयोग

नक्सा तयार गरिसकेपछि त्यसमा उत्तर दिशा देखाइएको हुन्छ । जसले गर्दा नक्सा अध्ययन गरी स्थान पत्ता लगाउन सजिलो पर्छ । उत्तर दिशा देखाउन उ (N) चिह्न राखिन्छ । नक्सा

तयार गर्दा जहिले पनि माथितिर उत्तर, तलतिर दक्षिण, दायाँतिर पूर्व र वायाँतिर पश्चिम पर्ने गरी नक्सा बनाइन्छ ।

५. नक्सामा स्केल

नक्सा तयार गर्दा स्केललाई आधार मान्नुपर्छ । स्केल भनेको जमिनको खास लम्बाइलाई अनुपातिक रूपमा प्रतिनिधित्व गरी नक्सामा उतार्नु हो । स्केल सानो र ठूलो हुन सक्छ । जस्तो एक इन्च बराबर १ माइललाई नक्सामा देखाउन सकिन्छ । स्केलअनुसार नक्सामा स्थिति र आकारलाई प्रस्तुत गरिन्छ । त्यसबाट स्थानको दूरी र सम्बन्ध थाहा पाउन सकिन्छ ।

६. शीर्षक

हरेक नक्सामा शीर्षक हुनु आवश्यक हुन्छ ।

### ३.३ नक्सा निर्माणका तरिकाहरू

- कार्वन पेपर र नक्सामा ट्रेसिङ पेपर राखी कोर्ने ।
- टेम्प्लेटको प्रयोग गर्ने ।
- वर्ग विधिद्वारा ।
- जिल्ला अञ्चल बाक्लो कागजमा काटेर ठीक मिलान (Jig saw fit) गरेर अञ्चल, विकास क्षेत्र, नगर आदि मिलाउने ।
- कार्वन पेपर र ट्रेसिङ पेपरको काम सकेपछि पुन: केही नहेरिकन कोर्ने ।
- मूल कापी हेर्दै सार्ने ।
- केही नहेरिकन स्वतन्त्रसँग (Freehand drawing) निर्माण गर्ने ।

### ३.४ नक्साको प्रयोग

नक्सा बुझ्न र त्यसको प्रयोग गर्न पहिला चिह्न र सङ्केत बुझ्न आवश्यक हुन्छ । निम्न कुराहरू नक्साबाट थाहा पाउन सकिन्छ ।

- मानव तथ्यहरू - सहर, नहर, रेलमार्ग, राजमार्ग, टेलिफोन
- भौतिक स्थितिहरू - प्राकृतिक नदी, ताल, पठार, पहाड, मैदान
- राजनीतिक सूचना -राजनीतिक विभाजन, सिमाना, सदरमुकाम, राजधानी
- सामाजिक तथ्यहरू - समुदायको आकार, जनघनत्व, नगरहरूको अवस्थिति
- दिशा, दूरी - एक स्थानदेखि अर्को स्थानको दूरी र दिशा
- जलथल स्थिति - महासागर, नदी, नहर, खाडी, द्विप आदि
- भौगोलिक तथ्यहरू - खनिज पदार्थ, भौगोलिक बनोट, वायुको गति, सामुद्रिक धार आदि

### ३.५ शिक्षणमा नक्साको प्रयोग

- सबैले देख्ने किसिमले राख्ने ।
- नहल्लिने किसिमले झुण्ड्याउने ।

- विषयअनुसार उपयुक्त किसिमले राख्ने ।
- प्रयोगपछि सुरक्षित साथ राख्ने ।
- विद्यार्थीलाई पनि प्रयोगको अवसर दिने ।
- नक्सा हेर्न लगाई विविध क्रियाकलाप गराउने ।
- स्थान पत्ता लगाउने ।
- खिच्ने, स्केच गर्ने, वर्णन, छलफल आदि ।

## ४. आत्ममूल्याङ्कन

१. नक्साको परिचय दिनुहोस् ।

२. नक्सा निर्माण गर्ने तरिकाहरू बताउनुहोस् ।

३. नक्साको प्रयोग गर्ने कुनै ३ तरिकाहरू लेख्नुहोस् ।

४. कक्षा शिक्षणमा नक्साको प्रयोग कसरी गर्नुहुन्छ, लेख्नुहोस् ।

## ५. पृष्ठपोषण

१. प्रश्न नं.१ को लागि विषयप्रवेशको ३.१ अध्ययन गर्नुहोस् ।
२. प्रश्न नं. २ को लागि विषयप्रवेश ३.३ "नक्सा निर्माणका तरिकाहरू" अध्ययन गर्नुहोस् ।
३. प्रश्न नं. ३ को लागि विषयप्रवेशको ३.४ "नक्साको प्रयोग" अध्ययन गर्नुहोस्
४. प्रश्न नं. ४ को लागि विषयप्रवेशको ३.५ शिक्षणमा नक्साको प्रयोग अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यस पाठमा नक्साको अर्थ, एउटा राम्रो नक्सामा हुनुपर्ने कुराहरू, रङ्गको प्रयोग, सङ्केत, दिशाको प्रयोग, स्केल, नक्सा बनाउने विभिन्न तरिका, तिनको प्रयोग र कक्षा शिक्षणमा नक्सा प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयहरू समावेश गरिएका छन् ।

## ७. निर्देशन

तपाईंले शिक्षण गर्ने विद्यालयको गा.वि.स. को नक्सा कोरी विभिन्न सङ्केतहरू भर्नुहोस् र उक्त नक्सा सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

एकाइ : २

# परिवारका सदस्यहरूको भूमिका र जिम्मेवारीबारे अभिनय

**सक्षमता :** परिवारका सदस्यहरूको जिम्मेवारी तथा भूमिकाबारे नाटक (Dramatization) र भूमिका निर्वाह विधि (Role play) को प्रयोग गरी सिकाउने कुरा व्याख्या गर्न ।

**परिचय**

यस एकाइमा परिवारको अर्थ, महत्व, आकारका आधारमा परिवारको वर्गीकरण, परिवारका सदस्यहरूको अन्तर्सम्बन्ध, परिवारका सदस्यहरूको जिम्मेवारी र भूमिका, सुखी परिवारको परिचय, सुखी परिवार निर्माणमा बाबुआमाको दायित्व र परिवारमा हुने आम्दानी खर्चको उचित व्यवस्थापन समावेश गरिएका छन् । सुखी समृद्ध जीवन पद्धतिको आधार भनेको गुणस्तरीय परिवार हो । परिवारका हरेक सदस्यका उचित क्रियाकलाप सुखी र व्यवस्थित जीवनको आधारशिला बन्दछन् । यस एकाइमा परिवारका सदस्यहरूले गर्ने भूमिकालाई वर्णन गर्ने भूमिका अभिनय विधिको परिचय, फाइदा, बेफाइदा समेत उल्लेख गरिएको छ ।

पाठ १

## परिवारको आकार, आपसी सम्बन्ध, भूमिका र उत्तरदायित्व

### १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) परिवारको अर्थ र महत्व बताउन,

(ख) आकारका आधारमा परिवारको वर्गीकरण गर्न,

(ग) परिवारका सदस्यहरूबीच आपसीसम्बन्ध वर्णन गर्न,

(घ) परिवारका सदस्यहरूप्रतिको जिम्मेवारी र भूमिका वर्णन गर्न,

(ङ) भूमिका अभिनय विधिको परिचय, फाइदा र बेफाइदा बताउन ।

### २. पूर्वसिकाइ क्रियाकलाप

कक्षा पाँचको "मेरो देश" पाठ्यपुस्तकको "परिवारमा हाम्रो दायित्व" भन्ने पाठ पाठ्यक्रमको कुन सिकाइउपलब्धि हासिल गर्न सहयोग पुऱ्याउँछ ? लेख्नुहोस् ।

तपाईंको परिवारमा कोको छन् ? एउटा चार्ट बनाउनुहोस् ।

### ३. विषयप्रवेश

#### ३.१ परिचय

- साधारण अर्थमा परिवार भन्नाले समाजको एउटा प्रारम्भिक एकाइलाई जनाउँछ, जसमा आमा, बाबु, र उनीहरूबाट जन्मिएका सन्तानहरू हुन्छन् ।

- परिवार वंशगत सानो समूह हो, जहाँ महिला पुरूष र विभिन्न उमेर समूहका हाडनाताका व्यक्तिहरू सङ्गठित भएर बस्छन् ।
- सामान्य अर्थमा परिवार भन्नाले एकै घरमा बसी एउटै भान्सामा खाना खाने बाबुआमा, छोरा, छोरी, बुहारी, नाती, नातिनीहरू आदिको समूहलाई जनाउँछ ।
- परिवार एउटा सानो संसार हो जहाँ सामाजिक बन्धनमा आवद्ध वा एकअर्कामा सम्बन्ध भएका व्यक्तिहरूको समूह रहन्छ ।

## ३.२ परिवारको महत्व

- कुनै पनि व्यक्तिको चरित्र निर्माण गर्ने पहिलो पाठशाला परिवार हो ।
- प्रत्येक व्यक्तिले सामाजिक, सांस्कृतिक, नैतिक, आध्यात्मिक एवम् अन्य जीवनोपयोगी व्यवहार परिवारबाटै सिक्ने अवसर प्राप्त गर्दछ ।
- परिवार परिवार मिलेर नै समाज र समुदायको निर्माण हुन्छ ।
- परिवार नै माया, ममता, स्नेह, करूणा, दया, आदर एवम् सहानुभूतिको केन्द्रबिन्दु हो ।
- शान्ति सुरक्षा र अमन चयन प्राप्त गर्ने प्रमुख थलोको रूपमा परिवारलाई लिने गरिन्छ ।
- परिवारबाटै समाज र राष्ट्रको विकासको लागि आवश्यक दक्ष जनशक्ति प्राप्त हुन्छ ।

## ३.३ परिवारको वर्गीकरण (आकारको आधारमा)

परिवार


| एकल परिवार | संयुक्त परिवार |
|---|---|
| आमा, बाबु र उनीहरूका अविवाहित सन्तानहरू मात्र भएको परिवारलाई एकल परिवार भनिन्छ । | एउटै परिवार भित्र सगोलरूपमा, बाजे, बज्यै आमा, बाबु, काका, काकी, दाजुभाइ, छोराछोरी, बुहारी, नाति नातिनाहरू, भतिजा भतिजी आदि-गरी संयुक्त भान्सामा खाने गरी बसोबास गर्ने परिवारलाई संयुक्त परिवार भनिन्छ । |

- परिवारको आकार फरकफरक हुन सक्छ । त्यसै आकारको आधारमा परिवारलाई एकल तथा संयुक्त र सानो ठूलो आदि भनेर वर्गीकरण गर्ने गरिन्छ । परिवारमा सामान्यतया, सन्तान जन्माउने, हुर्काउने, पालन पोषण गर्ने, माया प्रेम, ममता, स्नेह दर्शाउने, आम्दानी तथा खर्च गर्ने जस्ता कार्य गरिन्छ ।

## ३.४ परिवारका सदस्यहरूबीचको अन्तर्सम्बन्ध

- एउटा परिवारमा सामान्यतया लोग्ने, स्वास्नी, छोरा, छोरी, बुहारी, नाति, नातिनीहरू हुन्छन् । प्रत्येक परिवारको प्रमुख उद्देश्य भनेको परिवारका सदस्यहरूका हित, भलाइ

तथा उन्नति गरी कसरी उनीहरूको जीवन सुखी र सम्पन्न तुल्याउने भन्नेतिर उन्मुख भएको हुनुपर्दछ । परिवारभित्र दुई खालका आवश्यकता हुन्छन् ।




यी आवश्यकता एवम् चाहनाहरू पूरा हुन सकेमा मात्र पारिवारिक जीवन सुखी बनाउन सकिन्छ ।

**३.५ परिवारका अन्य सदस्यप्रति बाबुआमाले निर्वाह गर्नुपर्ने जिम्मेवारी एवम् भूमिका**

(अ) भूमिका

- अनुकरणीय व्यक्तित्व
- गुरू र पथप्रदर्शक
- रीतिथितिको निर्माता
- उत्प्रेरक
- परममित्र

- साधारणतया एउटा परिवारमा बाबु आमा र उनीहरूका छोराछोरी हुन्छन् । परिवारमा भएका सम्पूर्ण सदस्यहरूको आ-आफ्ना जिम्मेवारी र भूमिका हुन्छन् । त्यसमा छोराछोरी सानो छँदा सबैभन्दा अहम् र महत्वपूर्ण जिम्मेवारी बाबु आमाको हुन्छ । छोराछोरी हुर्केर सक्षम भई नसकेको अवस्थामा बाबुआमाले निम्न जिम्मेवारी निर्वाह वा उत्तरदायित्व वहन गर्नुपर्छ ।

(आ) उत्तरदायित्व

- आफ्ना सन्तानको कुनै किसिमको भेदभाव नराखी उनीहरूको लालन, पालन गर्ने उचित शिक्षा दीक्षा दिने, स्वास्थ्य तन्दुरूस्त राख्ने र वृत्ति विकासको लागि उचित वातावरण कायम गर्ने ।
- छोराछोरीप्रति समान रूपमा माया, ममता र स्नेह दिने ।
- छोराछोरीलाई सिर्जनात्मक कार्य गर्न, असल व्यक्ति बन्न सदैव उत्साहित र प्रेरित गर्ने ।
- स्वस्थ पारिवारिक सम्बन्ध कायम गर्ने ।

### ३.६ परिवारप्रतिको जिम्मेवारी

सानो या ठूलो जस्तो भए पनि सबैले परिवारप्रतिको कर्तव्य निर्वाह गर्नुपर्छ । यसमा ठूला मानिसहरूले मात्र नभई साना बच्चाले समेत परिवारमा केही न केही गर्न सक्छन् ।

- आत्मनिर्भर बन्नु
- आफ्नो कामका लागि वा आफूले गर्न सक्ने कामका लागि अरूको मुख ताक्नु हुँदैन । आफ्ना सामानहरूको हिफाजत गर्ने, सफासुग्घर रहने राख्ने, जस्ता काम आफै गर्नुपर्छ । सकेसम्म आफूलाई आवश्यक पर्ने सामान र वस्तुहरू आफैं व्यवस्था गरी आत्मनिर्भर बन्नुपर्छ ।

- सफा सुग्घर राख्नु
- आफ्नो कपडा, कोठा, शौचालय, भान्छा, बगैंचा, स्नानघर र आफ्नो वरिपरि सफा सुग्घर राख्नुपर्छ र राख्न सघाउनुपर्छ ।

- एकअर्कालाई मदत गर्नु
- घरायसी काममा आफ्ना परिवारका सदस्य एवम् जेष्ठ सदस्यहरूलाई मदत गर्नुपर्छ । कोही बिरामी परेमा हेरचाह, औषधि गर्ने काम गर्नुपर्छ ।
- आफूभन्दा सानाप्रति माया र सहयोग गर्ने बानी बसाल्नुपर्छ ।

- परिवारको संस्कार र संस्कृति मान्नु
- हामीले पुर्खाले मान्दै आएका राम्रा संस्कार र परम्परालाई अपनाउनुपर्छ । परिवारले मनाउने धार्मिक चाडपर्वमा सघाउनुपर्छ ।

- परिवारलाई शिक्षित बनाउनु
- हामीले परिवारबाट धेरै कुरा सिकेका हुन्छौं । हामीले जानेका कुरा परिवारलाई पनि सिकाउनुपर्छ । परिवारमा कसैको खराब बानी वेहोरा छन् भने तिनलाई छोड्न सल्लाह दिनुपर्छ ।

- प्रत्येकलाई माया गर्नु

  आफन्त भन्ने भावना र प्रेमले परिवारको जग बसाउन मदत पुऱ्याउँछ । त्यसैले एकअर्कामा प्रेम हुनुपर्छ ।

### ३.७ भूमिका अभिनय विधि

परिचय

व्यक्ति वा समूहले कुनै स्थिति वा अवस्थालाई अभिनय गरेर वा नक्कल गरेर उतार्ने कलालाई भूमिका अभिनय भनिन्छ । यो विधिलाई कृत्रिमकला पनि भनिन्छ । यस विधिबाट विद्यार्थीहरूमा रहेका सिर्जनात्मकता प्रस्फुटन गराउनमा पनि धेरै महत्वपूर्ण सहयोग मिल्दछ । बालबालिकाहरूले आफ्नो घरपरिवार, वरपर, विद्यालय, गाउँ, समाजमा दिनदिनै

भए गरेका काम तथा घटनाहरूको थाहा पाइ नपाई अवलोकन गरिरहेका हुन्छन् । तिनीहरूले आमाले भान्सामा काम गरेको, बाबुले गरेको काम, दाजु दिदीले गरेको काम, रेडियो, टि.भि, हेरेर सुनेको, कक्षामा शिक्षकले पढाएको, हलो जोतेको, खनेको, गाडी चलाएको आदि अभिनय वा नक्कल गरिरहेका हुन्छन् ।

यस्ता खालका अभिनयलाई कक्षामा प्रयोग गरी शिक्षणलाई जीवन्त बनाउन शिक्षकले बालबालिकाहरूलाई अवसर दिनुपर्छ ।

**३.७.१ भूमिका अभिनय विधिको प्रयोगमा ध्यान दिनुपर्ने कुराहरू**

- भूमिका गर्ने विषयको शीर्षक उपयुक्त हुनुपर्छ ।
- शृङ्गारविहीन भूमिकालाई प्राथमिकता दिनुपर्छ ।
- शिक्षकले आफूले कसको भूमिका निर्वाह गर्ने हो नमुना गरेर देखाई दिएमा विद्यार्थीहरू उत्साही बन्दछन् ।
- विद्यार्थीहरूको रूचि र स्तरलाई समेत ध्यानमा राखेर अभिनय गराउनुपर्दछ ।
- शिक्षकले विषयवस्तुको व्याख्या गरिदिनुपर्छ वा भुमिकाबारे छोटो परिचय दिनुपर्छ ।
- भूमिका अभिनय गर्दा कक्षामा खिसी, हाँसो, हल्ला, हीनता, संकुचित, लाज, धक आदिलाई रोकी ताली, स्याबासी आदिबाट प्रोत्साहन गर्दै जानुपर्दछ ।
- यो विधिको प्रयोग गर्दा विशेष गरी व्याख्याका बीचबीचमा खासखास स्थितिको बोध गर्न जीवनसँग सम्बन्धित समस्या बुझाउनु राम्रो हुन्छ ।

**३.७.२ भूमिका अभिनय विधिको फाइदा**

- कुनै पनि क्रियाकलापबाट "गरेर सिक" भन्ने ज्ञान दिन्छ ।
- यस विधिले बालकहरूमा भएका क्षमतालाई प्रस्फुटन गर्न मदत गर्दछ ।
- बालबालिकाको यो विधिबाट छिटो सिक्दछन् र उनीहरूमा सम्झना शक्तिको पनि विकास हुन्छ ।
- बालबालिकाको शारीरिक तथा मांशपेशीको विकास पनि पर्याप्त हुन्छ ।
- बालबालिकाहरूलाई आत्मविश्वासी बनाई बोल्ने क्षमताको विकास गराउँछ ।
- यस विधिले बालबालिकालाई मनोरन्जन प्रदान गर्दछ ।
- राम्रो कुराको प्रशंसा गर्न समूहमा काम गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भावनाको विकास गर्न मदत पुऱ्याउँदछ ।

**३.७.३ भूमिका अभिनय विधिको केही अप्ठ्यारा पक्षहरू**

- शिक्षकलाई कक्षामा अनुशासन कायम गर्न गाह्रो पर्छ ।
- सबै बालबालिकाले भूमिका अभिनय गर्न सक्दैनन् ।
- यो विधि खर्चालु हुन्छ ।
- समय पनि बढी लाग्छ र तोकिएको समयमा पाठ्यक्रम पुरा गर्न सकिंदैन ।
- सबै व्यक्तिको भूमिका गर्न गाह्रो हुन्छ ।

परिवार बालबालिकाको पहिलो पाठशाला हो । परिवारबाटै बालबालिकाले धेरै कुराहरू सिक्छन् । बाबुआमाले गरेका काम र अन्य परिवारका सदस्यहरूले गरेको कामको नक्कल गर्न उनीहरू मन पराउँछन् । उनीहरूले घरमा, परिवारमा गरेका काम, पेसा, व्यवसाय आदिको अभिनय तथा नक्कल विद्यालयमा पनि गर्छन् । त्यसैले शिक्षकले पनि बालबालिकाको क्षमता प्रस्फुटन गराएर सरल तरिकाबाट सिकाइ गर्न अभिनय विधिको प्रयोग गर्नुपर्छ । यसबाट उनीहरूमा नक्कल गर्ने बानी मात्रै विकास नभै आफू पनि त्यस्तै बन्छु भन्ने भावनाको विकास हुन्छ ।

## ४. आत्ममूल्याङ्कन

(१) परिवारको अर्थ सङ्क्षिप्त रूपमा बताउनुहोस् ।

(२) परिवारको ३ ओटा महत्व बताउनुहोस् ।

१. २. ३.

(३) परिवारको वर्गीकरण गर्ने आधार बताउनुहोस् ।

(४) परिवारका सदस्यहरूको आपसी सम्बन्ध कसरी गरिन्छ ? वर्णन गर्नुहोस् ।

(५) परिवारका सदस्यहरूको भूमिका र जिम्मेवारी लेख्नुहोस् ।

(६) भूमिका अभिनय विधिका ३/३ ओटा फाइदा लेख्नुहोस् ।

१.
२.

## ५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ परिचय अध्ययन गर्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.२ परिवारको महत्व बताउनुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.३ परिवारको वर्गीकरण अध्ययन गर्नुहोस् ।
४. प्रश्न नं. ४ को अध्ययनका लागि विषयप्रवेशको ३.४ अन्तर्गत परिवारका सदस्यहरूको अन्तर्सम्बन्ध वर्णन गर्नुहोस् ।

५. प्रश्न नं. ५ को उत्तरको लागि विषयप्रवेशको ३.५ र ३.६ अन्तर्गत परिवारका अन्य सदस्यप्रति निर्वाह गर्नुपर्ने जिम्मेवारी एवम् भूमिका अध्ययन गर्नुहोस् ।
६. प्रश्न नं. ६ को उत्तरको लागि विषयप्रवेशको ३.७.२ र ३.७.३ अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यस शीर्षकमा परिवारको अर्थ, महत्व, आकार र परिवारका बीचको अन्तर्सम्बन्ध बाबुआमाको परिवारप्रति जिम्मेवारी र भूमिका अन्य सदस्यहरूको परिवारप्रति जिम्मेवारी र भूमिकाको साथै भूमिका अभिनय विधिको परिचय, यसका फाइदा र बेफाइदा समावेश गरिएका छन् ।

## ७. निर्देशन

१. परिवारका सदस्यहरूले परिवारप्रति निर्वाह गर्नुपर्ने भूमिकाको सूची बनाउनुहोस् ।
२. पाठ राम्ररी बुझ्न सक्नुभएको छैन भने पुनः एकपटक अध्ययन गरी सम्पर्क कक्षामा छलफल गरी स्पष्ट हुनुहोस् ।

**पाठ २**

# सुखी परिवारका सदस्यहरूको आय/व्ययको अभिलेख

## १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) सुखी परिवारको परिचय दिन,

(ख) सुखी परिवारमा सदस्यहरूको दायित्व बताउन।

(ग) परिवारको आम्दानी खर्चको परिचय दिन र यसको सूची बनाउन ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईंको परिवारमा हुने वार्षिक आम्दानी र खर्चको मोटामोटी विवरण तयार गर्नुहोस् ।

| स्रोत | आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

## ३. विषयप्रवेश

### ३.१ परिचय

- सुखी र समृद्ध जीवन पद्धतिको आधार भनेको गुणस्तरीय पारिवारिक जीवन हो । यसै अनुरूप सुख शान्ति र अमन चयनका साथ जीवन व्यतित गर्नु पारिवारिक जीवनको अन्तिम लक्ष्य पनि हो । यिनै लक्ष्य परिपूर्ति गर्न गराउन प्रत्येक व्यक्ति र परिवारको सदस्यले आफ्नो जीवनस्तरमा सुधार ल्याउन आ-आफ्नो तर्फबाट रचनात्मक कार्यहरूको थालनी गर्नु अपरिहार्य हुन्छ ।

- एउटा सुखी र समृद्ध परिवार बनाउन र सफलताको बिन्दुसम्म पुऱ्याउन प्रमुख भूमिका बाबुआमाको हुन्छ । कुनै पनि बाबुआमाले आफ्नो परिवारको जीवनसुखी एवम् समृद्ध बनाउनको लागि अभिभावकले निर्वाह गर्नुपर्ने भूमिका र जिम्मेवारीको बारेमा समयमै आवश्यक जानकारी र आधारभूत ज्ञान प्राप्त गर्नु अपरिहार्य छ ।

### ३.२ सुखी परिवारका लागि बाबुआमाको उत्तरदायित्व हो

- छोरा र छोरीमा कुनै भेदभाव राख्दैनन् र आफ्नो आय आर्जनका आधारमा पालनपोषण, शिक्षा, स्वास्थ्य र उनीहरूको भविष्य निर्माणका लागि उचित वातावरण सिर्जना गर्दछन् ।
- छोराछोरीलाई सिर्जनात्मक कार्य र असल मानिस बन्न सँधै प्रेरित गर्दछन् ।
- परिवारका सदस्यहरूको सही आवश्यकतालाई सदैव उच्च प्राथमिकता दिई परिपूर्ति गर्न प्रयास गर्दछन् ।
- छोराछोरी कति जन्माउने र कति वर्षको अन्तरालमा जन्माउने योजना गर्दछन् ।

- सन्तानको पालनपोषण कसरी गर्ने, योजना बनाउँछन् ।
- परिवारको आकार सानो राख्ने प्रयास गर्छन् ।

## ३.३ परिवारको सुख समृद्धिमा परिवारका अन्य सदस्यको भूमिका

- बाबुआमा वा मान्यजनको निर्देशन अनुसारका कार्य,
- एकआपसमा सरसल्लाह गर्ने र एकअर्काका काममा सहयोग,
- सामूहिक रूपले वृत्ति विकासमा लागि पर्नु,
- परिवारको आम्दानी बढाउनेतर्फ प्रयास,
- परिवारको कल्याणका कार्यहरूमा जोड,
- आम्दानीअनुसार खर्च,
- परिवारका सदस्यहरूको चेतना बृद्धि गर्ने खालका कार्य र शिक्षा प्रदान,
- आफूले जानेका कुराहरू परिवारका सबै सदस्यलाई सिकाउने प्रयास र अनुभव आदानप्रदान,
- परिवारको आधारभूत आवश्यकताको ख्याल,
- परिवारका जेष्ठ सदस्यको सहयोगको, वृद्ध र अशक्तको सम्मान तथा हेरचाह,
- परिवारका सँधैं सबैको सरसल्लाहअनुसार सामूहिक निर्णय,
- परिवारका सबै सदस्यहरूलाई कामको बाँडफाँड,
- उचित किसिममा जिम्मेवारी,
- आम्दानीअनुसार बचत गर्ने बानी,

उपर्युक्त कुराहरूको परिपूर्ति भएमा परिवार सुखी बन्न सक्छ ।

## ३.४ सुखी र समृद्ध परिवार निर्माणका लागि महत्वपूर्ण कुराहरू

| | |
|---|---|
| • सानो परिवार | • बचत गर्ने बानी |
| • पोषिलो खाना | • परिश्रम गर्ने बानी |
| • कामको उचित बाँडफाँड | • एकअर्काको उचित सम्मान |
| • सिर्जनात्मक कार्यमा जोड | • पारिवारिक योजना |
| • छोरा र छोरीमा समान व्यवहार | • परिवारका सदस्यहरूको उचित शिक्षा |
| • सफा सुग्घर घर र स्वस्थ वातावरण | |
| • आम्दानीअनुसार खर्च | |

## ३.५ परिवारका सदस्यहरूको आम्दानी खर्चको अभिलेख :

- परिवारमा गुणस्तर अभिबृद्धि गर्न परिवारका प्रत्येक सदस्यहरूले गरेको आम्दानी र खर्चको अभिलेख राख्ने र त्यसलाई योजनाबद्ध रूपमा परिवारको हितमा खर्च गर्ने गर्नुपर्छ । यसबाट परिवारका सदस्यहरूको शिक्षा, स्वास्थ्य, खानपान, लत्ता कपडा आदिमा भएको खर्चको अभिलेख राखन आम्दानीको पनि अभिलेख राख्ने गरेमा भविष्यमा बचत गर्न पनि सजिलो पर्छ । आम्दानीअनुसार खर्च गर्ने परिवारको भविष्य उज्वल बन्न

सक्छ भने जथाभावी खर्च गर्ने परिवारको भविष्य अन्धकार बन्न सक्छ । त्यसैले आम्दानी खर्चको अभिलेख राख्ने व्यवस्था परिवारमा हुनुपर्छ ।

- परिवारको आम्दानी खर्चको सूची

परिवारको आम्दानी खर्चको सूची दैनिक, मासिक र वार्षिक गरेर निर्माण गर्न सकिन्छ । यसको टिपोर्ट दिनभरिको कामकाज सकेर बेलुका परिवारका सबै सदस्य बसेर गर्न सकिन्छ । त्यसैगरी महिनाभरिको आम्दानी र वर्षभरिको आम्दानीको अभिलेख पनि राख्न सकिन्छ ।

जेठ महिनाको कुनै एक परिवारको आम्दानी र खर्चको विवरण:

| आम्दानीको सूची | खर्चको सूची |
|---|---|
| १. कृषि व्यवसायबाट रू. १४३०।-<br>क. फलफूल बिक्रि रू. २००।-<br>ख अन्नपात बिक्रिबाट रू. १२००।-<br>ग. सागसब्जीबाट रू. ३०।- | १. खेताला खर्च रू. ४००।-<br>२. गाइभैंसीको औषधि रू. ७५०।-<br>३. बालबालिकाको विद्यालय फिस रू.४५०।- |
| २. पशुपालन रू. ६३२०।-<br>क. दुध बिक्रिबाट रू. १२०।-<br>ख. घिउ बिक्रिबाट रू. २००।-<br>ग. बोका ,, १ रू. २५००।-<br>घ. खसी ,, १ रू. ३५००।-<br>ङ. अन्य पशुबाट | ४. परिवारका सदस्यको औषधि खर्च रू. ४५०।-<br>५. लुगा कपडा खरिद रू.२२००।-<br>६. मट्टितेल खरिद रू. १५०।-<br>७. बालबालिकाको विद्यालय किताव / कपी रू. ५००।- |
| ३. पसलको बिक्रिबाट रू. ७००।- | ८. बालबालिकाको विद्यालय कपडा /जुत्ता रू. ५००।- |
| ४. मेलापातबाट रू. १५०।- | ९. फलफूल, साग रू. ३००।- |
| ५. जागिरबाट रू. १,०००।- | १०. माछामासु खरिद रू. ५००।- |
| ६. (घरेलु उद्योग) रू. २५००।- | ११. चामल रू. ११००।- |
| ७. अन्य | १२. बचत रू. ३३००।- |
| जम्मा - रू. १२,१००।- | जम्मा - .९,६००।- |

बचत १२,१०० - ९,६०० = रू.२५००।-

यसरी तालिका बनाई आम्दानी र खर्च विवरण राख्न सकिन्छ । यसबाट गुणस्तरीय र सुखी परिवार बन्नमा सहयोग पुऱ्याउँछ ।

## ४. आत्ममूल्याङ्कन

(१) कस्तो परिवारलाई सुखी परिवार भनिन्छ ? लेख्नुहोस् ।

(२) सुखी परिवार निर्माणको लागि बाबुआमाको दायित्व केके हुन सक्छ ?

| |
|---|
| |

(३) गुणस्तरीय परिवार निर्माणमा परिवारका अन्य सदस्यहरूको निर्वाह गर्नुपर्ने भूमिका वर्णन गर्नुहोस् ।

| |
|---|
| |

(४) आम्दानी खर्चको विवरण राख्न उपयुक्त सूची बनाउनुहोस् ।

| आम्दानी | खर्च |
|---|---|
| | |

## ५. पृष्ठपोषण

१ प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ को पहिलो अनुच्छेद अध्ययन गर्नुहोस् ।

२ प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.२ अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.३ अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को अध्ययनका लागि विषयप्रवेशको ३.५ अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- सुखी परिवार निर्माणको आधार गुणस्तरीय परिवार निर्माण गर्नु हो । यसका लागि परिवारका प्रत्येक सदस्यहरूले रचनात्मक कार्यहरू गर्नुपर्छ । तर बाबुआमाको भूमिका भने प्रमुख रहन्छ ।
- सुखी परिवार निर्माणमा बाबुआमाले आफ्ना परिवारका सदस्यहरूको स्वास्थ्य, शिक्षा, पोषण, परिवार योजना र आवश्यकताहरूलाई सदा ख्याल गर्नुपर्छ ।
- परिवारको सुख समृद्धिमा परिवारका अन्य सदस्यहरूले मान्यजनको निर्देशन, सल्लाह, सहयोग, आम्दानी खर्चको हिसाब दिने, अशक्त, बूढाबूढी, बालबालिकालाई सहयोग, सामूहिक निर्णय, कामको बाँडफाँड, जिम्मेवारी र बचत गर्ने जस्ता भूमिका निर्वाह गर्नुपर्छ ।
- गुणस्तरीय परिवारको निर्माण गर्न आम्दानी खर्चको अभिलेख राख्नुपर्छ ।

## ७. निर्देशन

१. तपाईंको विद्यालय रहेको क्षेत्र वरपर रहेका परिवारको आम्दानी खर्चको सूची बनाई सुखी परिवार र आम्दानीअनुसार खर्च नगर्ने परिवारको दुखी परिवार भएको देखाई आम्दानी खर्चको सूची बनाएर सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

२. तपाईंले कक्षा शिक्षणमा परिवार पाठ पढाउँदा, सुखी परिवार, दुखी परिवार, परिवारको भूमिका, उत्तरदायित्व आदिको विद्यार्थीहरूबाटै अभिनय गराई शिक्षण गर्नुहोस् र अभिनय विधिबाट शिक्षण गर्ने एउटा पाठ योजनाको नमुना पनि निर्माण गरी स्रोत शिक्षकलाई जचाउँनुहोस् ।

एकाइ : ३

# मानव अधिकारसँग सम्बन्धित सामाजिक सङ्घसंस्थाहरूको भ्रमण

सक्षमता : सामाजिक सङ्घसंस्थाहरूले गर्ने कामको आधारमा तिनीहरूको वर्गीकरण गर्न ।

**परिचय**

समुदायको विकासको लागि विभिन्न सामाजिक सङ्घसंस्थाहरूको स्थापना भएको हुन्छ । गाउँ समुदायमा पिछडिएका जातजाति, महिला, बालबालिकाहरूको विकासका लागि स्थापित सङ्घसंस्थाहरूले राज्यले गर्न नसकेका क्षेत्रमा प्रभावकारी रूपमा कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । समुदायको विकासमा सरकार बाहेक राष्ट्रिय /अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सामाजिक संस्थाहरू तथा नागरिक समाजको उत्तिकै भूमिका रहेको हुन्छ । यस एकाइमा समुदायको सेवाको लागि स्थापित गाउँ विकास समिति, विद्यालयको भूमिका बारेमा प्रस्तुत गरिएको छ । त्यसैगरी विभिन्न सामाजिक तथा गैरसरकारी संस्थाको परिचय यिनीहरूको भूमिका तथा महत्वको बारेमा विषयप्रवेश प्रस्तुत गर्ने प्रयास गरिएको छ । देशमा सञ्चालित केही प्रमुख गैरसरकारी संस्थाहरूको नामावलीसमेत यस एकाइमा समावेश गरिएको छ । यस एकाइको अध्ययनपछि तपाईं समुदायमा स्थापित विभिन्न सामाजिक संस्थाहरूको कामका आधारमा वर्गीकरण गर्न सक्नुहुनेछ :

पाठ १

## गाउँ विकास समिति

### १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) गाउँ विकास समितिको परिचय र यसको मानव अधिकारसँगको सम्बन्ध बताउन,

(ख) गाउँ विकास समिति स्थापना गर्नाको उद्देश्य बताउन,

(ग) गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार वर्णन गर्न,

(घ) गाउँ विकास समितिको गठन प्रक्रिया उल्लेख गर्न ।

### २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईंको विचारमा तपाईं बस्नु भएको गाउँ विकास समिति/नगरपालिकाले मानव अधिकारसँग सम्बन्धित गर्ने कुनै दुईओटा काम तलको खाली ठाउँमा लेख्नुहोस् ।

| | |
|---|---|
| १. | २. |

(ख) तपाईंको नगरपालिका/गाउँ विकास समितिले के कस्ता कार्यहरू गर्दै आइरहेको छ, दुईओटा प्रमुख कार्यहरू लेख्नुहोस् ।

| | |
|---|---|
| १. | २. |

## ३. विषयप्रवेश

### ३.१ परिचय

समुदायको विकास कार्यमा सञ्चालित विभिन्न सङ्घसंस्थाहरूमध्ये गाउँ विकास समिति एउटा प्रमुख संस्था हो । गाउँ विकास समितिमा जन निर्वाचित पदाधिकारीहरू रहन्छन् । राज्यको शासन व्यवस्थामा सबभन्दा तल्लो एकाइका जन उत्तरदायी संस्थाहरूको रूपमा गा.वि.स. र नगरपालिका रहेका छन् । गा.वि.स. र नगरपालिका राजनीतिक संस्थाहरू भएपनि स्थानीय तहमा विकास निर्माणदेखि सामाजिक सेवा तथा मानव अधिकारसँग सम्बन्धित कार्यहरू गर्ने गर्दछन् । जनताको आधारभूत आवश्यकता पूर्ति गर्नको लागि गाउँ विकास समितिहरूले उल्लेखनीय मार्गदर्शन गरेका हुन्छन् । लोक कल्याणकारी राज्यको अवधारणाअनुरूप नेपाल सरकारले स्थानीय स्तरमा गाउँ विकास समिति र नगरपालिकाको स्थापना गरेको छ ।

- नेपालमा हाल ३९१२ ओटा गाउँ विकास समिति, १ महानगरपालिका ४ ओटा उप महानगरपालिका र ५३ नगरपालिका रहेका छन् । प्रत्येक गाउँ विकास समितिमा गा.वि. समिति, गाउँ परिषद् र वडा समिति रहन्छन् । नेपाल सरकारको एकजना कर्मचारी सचिव रहने व्यवस्था छ । जन निर्वाचित पदाधिकारीको अनुपस्थितिमा सरकारी कर्मचारीको रूपमा रहने सचिवले विकासका कार्यहरू लगायत अन्य कार्यहरू गर्ने गर्दछन् । हाल भने आठ दलीय संयन्त्रले स्थानीय निकायमा कार्य गरिरहेको छ ।
- नेपाल सरकारले कुनै ग्रामीण क्षेत्रलाई भौगोलिक अवस्था, जनसङ्ख्या, बासिन्दाहरूको सामुदायिक एकता वा विविधतालाई समेत ध्यान दिई चार किल्ला खोली गाउँ विकास क्षेत्र तोकी गाउँ विकास समितिको गठन गर्दछ । यसरी गा.वि.स.को क्षेत्र तोक्दा नेपाल सरकारले जिल्ला विकास समितिको परामर्श लिन सक्ने प्रावधान रहेको छ । यसरी गठन गरिएको गाउँ विकास क्षेत्रलाई नेपाल सरकारले भौगोलिक अवस्थालाई समेत ध्यान दिई यथासम्भव वराबर जनसङ्ख्या पर्ने गरी नौ वडामा विभाजन गर्ने गरिन्छ । यसैगरी नेपाल सरकारले आवश्यकताअनुसार गा.वि.स.को सिमाना तोकिएको मापदण्ड पूरा गरी हेरफेर गर्ने सक्ने प्रावधान स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरेको छ भने हाल गा.वि.स.हरूलाई जनसङ्ख्या, भौगोलिक विविधता, यातायात, सञ्चार, शिक्षा तथा स्वास्थ्यसम्बन्धी सुविधाको आधारमा क, ख र ग गरी तीन श्रेणीमा वर्गीकरण गरिएको छ ।
- गाउँ विकास समितिमा एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, नौजना वडा अध्यक्षहरू र गाउँ विकास परिषद्का सदस्यहरू मध्येबाट गाउँ विकास समितिले मनोनित गरेका एकजना महिला सहित दुईजना सदस्य गरी गरी जम्मा १३ जना रहन्छन् । त्यसैगरी नगरपालिकामा पनि एकजना नगर प्रमुख (मेयर) उपप्रमुख, प्रत्येक वडामा वडा अध्यक्षहरू र नगरपरिषद्का सदस्यहरू मध्येबाट मनोनित एकजना महिलासहित नगरपालिकाले मनोनित गरेको दुईजना सदस्यहरू रहन्छन् । गाउँ विकास समितिको बैठक कम्तीमा महिनामा एक पटक बस्ने व्यवस्था छ ।

- गाउँ परिषद्मा गा.वि.स. का अध्यक्ष, उपाध्यक्ष, वडा समितिका अध्यक्ष र सदस्यहरू एवम् एकजना महिला सहित समाजसेवी र आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका जाति जनजाति, दलित आदिको प्रतिनिधित्व हुने गरी परिषद्बाट मनोनित छ जना सदस्य गरी जम्मा ५३ जना रहन्छन् । यसै गरी नगर परिषद्मा प्रमुख, उप प्रमुख, प्रत्येक वडामा वडा अध्यक्ष र सदस्यहरू एवम् नगर परिषद्बाट मनोनित ४ देखि २० जना सम्म सदस्यहरू रहन्छन् । गाउँ परिषदको बैठक साधारणतया वर्षको दुई पटक वस्ने व्यवस्था रहेको छ ।
- गा.वि.स. र नगरपालिकाको वडा समितिहरूमा वडा अध्यक्ष एकजना, महिला वडा सदस्य, एकजना र तीनजना वडा सदस्यहरू गरी पाँचजना निर्वाचित भएर आउँछन् । वडा समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्ने व्यवस्था रहेको छ ।
- गाउँ विकास समितिले आवश्यक ठानेमा आफ्नो काममा सहयोग पुऱ्याउन समाजसेवी, वुद्धिजिवी तथा प्राविधिक ज्ञान सीप भएका व्यक्तिहरूको तीनदेखि नौजनासम्मको एक सल्लाहकार समिति गठन गर्ने प्रावधान स्थानीय स्वायत्त शासन सम्बन्धी ऐन २०५५ ले गरेको छ ।
- गाउँ विकास समिति / नगरपालिकाले गरेका विभिन्न कार्यक्रहरूको अवलोकन भ्रमण गरी तिनीहरूले समुदायको विकासमा खेलेको भूमिकाको लेखाजोखा गर्न सकिन्छ । एउटा गाउँ विकास समितिले आफ्नो गाउँ क्षेत्रभित्र गरेका विकासका कार्यहरू सेवामूलक कार्यहरू तथा मानव अधिकारसँग सम्बन्धित कार्यहरू महत्वपूर्ण हुने भएकाले एक गा.वि.स.ले अर्को गा.वि.स.को भ्रमण गरी अनुभवहरू आदानप्रदान गरी ज्ञान हासिल गर्न सकिन्छ । यसबाट सरकारी, गैरसरकारी नागरिक समाज तथा समुदायले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूको तुलना गर्न सकिन्छ ।



### ३.२ गाउँ विकास समितिको स्थापना गर्नुको उद्देश्य

शासन प्रक्रियामा जनताको सहभागिता तथा लोक कल्याणकारी राज्यको स्थापना लगायत विविध उद्देश्यहरू राखी पहिलेदेखि नै गाउँ विकास समितिको स्थापना गरिएको भएपनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले गाउँ विकास समितिको गठन गर्नुको उद्देश्य निम्न अनुसार उल्लेख गरेको छ ।

- प्रजातान्त्रिक शासन व्यवस्था र विकेन्द्रीकरणको भावनालाई आत्मसात गरी जनतालाई शासन प्रक्रियामा अधिकतम सम्मिलित हुने अवसर प्रदान गरी प्रजातन्त्रको फाइदाहरूको उपयोग गर्न सक्ने व्यवस्थाका लागि नेपाल सरकारले गाउँ विकास समिति र नगरपालिकाको गठन गरेको हो ।
- स्थानीय शासन पद्धतिमा जातजाति, आदिवासी, दलित, सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न गाउँ विकास समितिको गठन गरी स्थानीय स्वायत्त शासनसम्बन्धी व्यवस्था गरिएको हो ।
- आफ्नो गाउँ घरका योजना निर्माण र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी जवाफदेहिता कायम गरी संस्थागत विकासको लागि गा.वि.स. को व्यवस्था गरिएको हो ।
- देशको कुनकुनामा स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन व्यवस्थाको विकासको लागि गा.वि.स.हरूको स्थापना गरिएको हो ।

### ३.३ गाउँ विकास समितिको काम कर्तव्य र अधिकार

- गा.वि. समितिले आफ्नो क्षेत्रभित्र विभिन्न कार्यहरू गर्दछ । गाउँ समुदायको विकासका लागि गा.वि.स. प्रति ठूलो आस्था र विश्वास रहेको हुन्छ । गाउँ विकास समितिका मुख्य कार्यहरूमा आफ्नो क्षेत्रभित्र कृषिसम्बन्धी कामहरू सञ्चालन गर्ने, खानेपानीको व्यवस्था गर्ने, गोरेटो, घोरेटो, ग्रामीण सडक र पुलहरू निर्माण गर्ने, विद्यालयलाई आवश्यक सहयोग तथा रेखदेख गर्ने, सामुदायिक भवन र विश्राम गृहहरू निर्माण गर्ने, कुलो बाँध निर्माण गर्ने, स्वास्थ्य केन्द्र वा चौकीहरूको स्थापना गर्ने गराउने । सार्वजनिक सम्पत्तिको रेखदेख गर्ने, विकासको लागि गैर-सरकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने कार्य गराउने, वनजङ्गल संरक्षण, वृक्षारोपण वातावरण संरक्षणसम्बन्धी कार्य गर्ने, भाषा तथा संस्कृतिको संरक्षण तथा विकासमा टेवा पुऱ्याउने लगायतका कार्यहरू गर्ने र गर्नका लागि योजना तर्जुमा गर्ने, स्रोत जुटाउने काम कर्तव्य र अधिकार गाउँ विकास समितिको हो ।
- गाउँ विकास समितिले आफ्नो क्षेत्रभित्र विकासमूलक, सेवामूलक तथा मानव अधिकार सम्बन्धी विभिन्न कार्यहरू गर्दछ । आफ्नो क्षेत्रभित्र यसले मानिसहरूको मानव अधिकार सम्बन्धी अधिकारहरूको संरक्षण गर्न ठूलो योगदान पुऱ्याउँछ । सर्वसाधारण जनताहरूको पहुँचमा हुने राज्यको सम्बन्ध तल्लो निकाय भएकाले गाउँ विकास समितिले व्यक्तिहरूको व्यक्तित्वको विकास गर्न सहयोग पुऱ्याउँन सक्दछ । आफ्नो क्षेत्रभित्रका मानिसहरूको स्वतन्त्रतासम्बन्धी विभिन्न पक्षहरूको संरक्षण गर्ने गर्दछ । त्यसै गरी कुनै पनि मानिसलाई जातजाति, रङ्ग, लिङ्ग, भाषा, धर्मका आधारमा भेदभाव गर्न नदिनु र सामाजिक, राजनीति, विचार, सम्पत्ति जस्ता आधारमा भेदभाव गर्न समस्याको अन्त्य गर्ने कार्य पनि गा.वि.स. को हो ।

- गाउँ विकास समितिले आफ्नो क्षेत्रभित्र रहेका बासिन्दाहरूको कानुनी उपचारको लागि कानुनबाट बञ्चित गर्न नपाइने, महिला तथा बालबालिकाहरूको स्वास्थ्य शिक्षा तथा व्यक्तित्व विकासको लागि आवश्यक हुने अन्य पक्षहरूमा विशेष ध्यान दिनुपर्दछ । नेपाल सरकारले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा सम्फौता गरी प्रतिवद्धता जाहेर गरिसकेकोले गाउँ विकास समितिले आफ्नो गाउँ क्षेत्रभित्र मानव अधिकारसम्बन्धी कार्यहरूमा सहयोग गर्नु कर्तव्य हो । आफ्नो गाउँ क्षेत्रमा कोही अन्यायमा परेको र कसैलाई जातजाति र धर्मका आधारमा भेदभाव गरेको पाइएमा मध्यस्थता गरी मानव अधिकारको बढवा गर्नुपर्दछ । कसैलाई अमानवीय अपमानजनक व्यवहार तथा दासत्वको व्यवहार गरिएको भए सो को अन्त्य पनि गाउँ विकास समितिले गर्नुपर्दछ । यस्तै आफ्नो गाउँ क्षेत्रमा शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको प्रवन्ध मिलाउने कार्य गाउँ विकास समितिले गर्दछ । यसरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुरूपका कार्य गर्न सहयोग गरी आफ्नो क्षेत्रभित्र मानव अधिकारको बढावा दिनु गाउँ विकास समितिको कर्तव्य हो ।
- यसैगरी मादक पदार्थको विक्री वितरण तथा जुवा तास जस्ता अनैतिक कार्यको नियन्त्रण गर्ने, समुदायका मानिसहरूको विवादमा मध्यस्थता गर्ने, भैंभगडा मिलाउने, नियम वा आदेश पालना नगर्नेलाई दण्ड सजाय गर्ने अधिकार गाउँ विकास समितिलाई दिइएको छ । यसैगरी गा.वि.स. भित्र रोजगारीको विकास एवम् स्रोत र साधनहरूको परिचालनको निमित्त आवधिक र वार्षिक योजना तयार गर्ने र तोकिएका शीर्षकहरूमा कर जस्तै - घर जग्गा कर, मालपोत वा भूमिसम्बन्धी कर, मनोरन्जन कर सवारी साधन कर, हाट बजार पसल कर, प्राकृतिक स्रोत उपयोग कर आदि उठाउने काम गा.वि.स.ले गर्दछ । यसैगरी तथ्याङ्क सङ्कलन गर्ने, जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना पनि गा.वि.स. मा दर्ता गर्ने र अभिलेख राख्ने कार्य गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार हो ।
- गाउँ विकास समितिको मुख्य रूपमा उपर्युक्त कार्यहरू गर्ने भएपनि स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाउँ परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त गाउँ विकास समितिका मुख्यमुख्य काम, कर्तव्य र अधिकार निम्नअनुसार उल्लेख गरेको छ ।

(क) कृषिसम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- गाउँ विकास क्षत्रेभित्र कृषि हाट बजार र मेला लगाउने वा मेला लगाउन सहयोग गर्ने ।
- गाउँ विकास क्षेत्रभित्र पशु रोगको रोकथामको निमित्त आवश्यकता अनुसार पशु चिकित्सालयको सञ्चालन गर्ने गराउने तथा पशु चरणको लागि आवश्यक गौचरणको व्यवस्था गर्ने गराउने ।

(ख) ग्रामीण खानेपानीसम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने खानेपानीको आपूर्तिको लागि खानेपानी आयोजना तयार गरी कार्यान्वयन र सञ्चालन गर्ने तथा संभारको व्यवस्था गर्ने गराउने ।
- गाउँ विकास क्षेत्रभित्र इनार, कुवा, पोखरी , धारा आदिको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने ।
- गाउँ विकास क्षेत्रभित्र पानीका मुहानहरूको संरक्षण गर्ने गराउने ।

(ग) निर्माण तथा यातायातसम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने घोडेटो, गोरेटो, ग्रामीण सडकसम्बन्धी आयोजना तयार गरी कार्यान्वयन गर्ने तथा तिनीहरूको मर्मत सम्भारको व्यवस्था गर्ने ।
- विभिन्न निकायबाट हस्तान्तरण भई आएका पुल, तुइन, घाट तथा कलभर्टहरूको मर्मत सम्भार गर्ने ।

(घ) शिक्षा तथा खेलकुदसम्बन्धी

- आफ्नो स्रोतबाट पूर्व प्राथमिक विद्यालयहरू स्थापना गर्ने, स्थापना गर्न अनुमति दिने तथा सञ्चालन भएका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने ।
- गाउँ विकास क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने ।
- गाउँ विकास क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।
- प्रौढ शिक्षा तथा औपचारिक शिक्षासम्बन्धी कार्यक्रम बनाई सञ्चालन गर्ने गराउने ।
- पुस्तकालयको स्थापना र सञ्चालन गर्ने गराउने ।
- खेलकुदको विकाससम्बन्धी योजना बनाई कार्यान्वयन गर्ने र गाउँ स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद विकासमा सघाउ पुऱ्याउने ।
- आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरूको बालबालिकाहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

(ङ) सिँचाइ र भू-क्षय तथा नदी नियन्त्रणसम्बन्धी

- गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने सिँचाइ, बाँध, कुलो, पैनी, पानीघाट आदिको आयोजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- गाउँ विकास क्षेत्रलाई प्रभाव पार्ने भू-क्षय र नदी नियन्त्रणसम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- विद्युत उत्पादन तथा विवरण गर्ने गराउने ।

(च) भौतिक विकाससम्बन्धी

- सामुदायिक भवन, विश्राम गृह तथा सार्वजनिक शौचालय बनाउने ।
- गाउँ विकास क्षेत्रभित्र निर्माण हुने घर, भवन, सडक र अन्य भौतिक पूर्वाधार आदिको लागि मापदण्ड तयार गर्ने सो निर्माण गर्न तोकिएबमोजिम स्वीकृति दिने ।
- गाउँको भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।
- बसोबास क्षेत्रमा आवश्यक ढल निकासको व्यवस्था गर्ने गराउने ।

(छ) स्वास्थ्य सेवासम्बन्धी

- गाउँस्तरीय स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरू सञ्चालन र व्यवस्थापन गर्ने ।
- गाउँ विकास क्षेत्रमा प्राथमिक स्वास्थ्य शिक्षा र सरसफाइ तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने ।
- जडिबुटीको विकास तथा विस्तारमा सहयोग पुऱ्याउने ।
- परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

(ज) वन तथा वातावरणसम्बन्धी

- पर्ती जग्गा, डाँडा, भीर पाखा एवम् सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने गराउने ।
- गाउँ विकास क्षेत्रका वन, वनस्पति, जैविक विविधता, भूसंरक्षण सम्बन्धमा कार्यक्रम तयार गरी सञ्चालन गर्ने गराउने ।
- वातावरण संरक्षणसम्बन्धी विभिन्न कार्यक्रम बनाई सञ्चालन गर्ने गराउने ।

(झ) भाषा र संस्कृतिसम्बन्धी

- गाउँ विकास क्षेत्रभित्रका धर्मस्थल तथा धर्मशाला, पाटी, पौवा आदिको लागत राखी रेखदेख र संरक्षण गर्ने गराउने ।
- विभिन्न भाषा, धर्म र संस्कृतिको संरक्षण गर्ने, गराउने र तिनीहरूको विकासमा सहयोग गर्ने ।

(ञ) पर्यटन तथा घरेलु उद्योगसम्बन्धी

- पर्यटकीय क्षेत्रको संरक्षण, विकास र विस्तार गर्ने तथा त्यस्ता ठाउँमा प्रदूषण हुन नदिने व्यवस्था गर्ने गराउने ।
- गाउँ विकास क्षेत्रमा घरेलु उद्योग सञ्चालन गर्नको लागि उत्प्रेरकको काम गर्ने ।

(ट) विविध

- मानव साधनको विकास गर्ने, रोजगार तथा स्व-रोजगारीको अवसर प्राप्त हुने व्यवस्था गर्ने ।
- सहकारिताको लागि सहयोग पुऱ्याउने ।

- गाउँ विकास क्षेत्रभित्रको जनसङ्ख्या, घर जग्गा, पशुको लागत राख्ने ।
- दैवीप्रकोपको नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने, गराउने ।
- प्रचलित कानुनबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ।
- गाउँ विकास क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।
- गाउँ विकास क्षेत्रभित्र महिलाहरूको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने ।
- राष्ट्रिय नीतिअनुरूप अनाथ बालबालिका, असहाय महिला वृद्ध, अपाङ्ग तथा अशक्तहरूको संरक्षणसम्बन्धी कार्य गर्ने र सामाजिक कुरीति हटाउने तथा चेलीवेटी एवम् नारी संरक्षणसम्बन्धी काम गर्ने ।
- गाउँ विकास समितिको स्वामित्व तथा नियन्त्रणमा रहेका चल अचल सम्पत्तिको संरक्षण गर्ने ।
- गाउँ विकास समितिको विनियम तर्जुमा गरी गाउँ परिषद्मा पेश गर्ने ।
- गाउँ विकास क्षेत्रभित्र मादक पदार्थको बिक्रि वितरण तथा जुवा तास जस्ता अनैतिक कार्यको नियन्त्रण गर्ने ।
- गाउँ विकास समितिलाई आयआर्जन हुने सरकारी औद्योगिक तथा व्यावसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने गराउने ।
- सहकारितामा आधारित विविध कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्ने, गराउने ।
- सचिवको कार्यको मूल्याङ्कन गरी सिफारिस सहित अख्तियारवाला समक्ष पठाउने ।
- प्रचलित कानुनबमोजिम तोकिएका अन्य कार्यहरू गर्ने ।

## ४. आत्ममूल्याङ्कन

१. गाउँ विकास समितिको परिचय एक अनुच्छेदमा दिनुहोस् ।

२. गाउँ विकास समितिको व्यवस्था गर्नुका कुनै दुईओटा उद्देश्य उल्लेख गर्नुहोस् ।

| १. | २. |
|---|---|

३. गाउँ विकास समितिले गर्ने मुख्य [illegible]ओटा कार्यहरू तालिका बनाई लेख्नुहोस् ।

| १. | २. |
|---|---|

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् :

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ सँग दाँज्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.२ सँग दाँज्नुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.३ सँग दाँज्नुहोस् ।

## ६. सारांश

- नेपाल सरकारले देशको कुनै ग्रामीण क्षेत्रलाई भौगोलिक अवस्था, जनसङ्ख्या वासिन्दाहरूको सामुदायिक एकता वा विविधतालाई समेत ध्यान दिई चार किल्ला खोली गाउँ विकास समितिको क्षेत्र तोक्ने कार्य गर्दछ ।
- गाउँ विकास समितिमा जनताद्वारा प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरू पदाधिकारीको रूपमा रहन्छन् । गाउँ विकास समितिमा एकजना अध्यक्ष, एकजना उपाध्यक्ष र नौ वडाका एकजना वडाध्यक्ष तथा गठन परिषद्का सदस्यहरूबाट मनोनित एक महिलासहित दुईजना सदस्यहरू गरी १३ जना रहन्छन् ।
- प्रत्येक गा.वि.स. मा नौ ओटा वडाहरू रहन्छन् जहाँ ५ जनाको वडा समिति रहन्छ । यसैगरी गाउँ परिषद्मा गा.वि. स का अध्यक्ष, उपाध्यक्ष, वडा समितिका प्रतिनिधि तथा गाउँ परिषद्ले मनोनित गरेका ६ जना सदस्यहरू गरी ५३ रहन्छन् ।
- विकेन्द्रीकरण र प्रजातान्त्रिक शासन व्यवस्थाको मर्मलाई आत्मसात गरी विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासन पद्धतिमा बढीभन्दा बढी मात्रामा सहभागी हुने अवसर प्रदान गरी एवम् स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि गा.वि.स. को गठन गरिएको हो ।
- गाउँ विकास समितिले मुख्य रूपमा गाउँ परिषद्को निर्णय निर्देशनहरू कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त मानव अधिकाससँग सम्बन्धित विभिन्न कार्यहरू आफ्नो गाउँ विकास क्षेत्रभित्र कृषि, ग्रामीण खानेपानी, निर्माण तथा यातायात, शिक्षा तथा खेलकुद, सिँचाइ र भूक्षय तथा नदी नियन्त्रण भौतिक विकास स्वास्थ्य सेवा, वन तथा वातावरण, भाषा तथा संस्कृति, पर्यटन तथा घरेलु उद्योग तथा अन्य विविध क्षेत्रको विकास गर्ने कार्य गर्दछ ।
- गाउँ विकास समितिले मानव अधिकारसँग सम्बन्धित कार्यहरू मादक पदार्थको बिक्रि वितरण तथा जुवा तास जस्ता अनैतिक कार्यको नियन्त्रण गर्ने, झैझगडा मिलाउन मध्यस्थता गर्ने, आदेश पालन नगर्नेलाई दण्ड सजायँ गर्ने । यसै गरी योजना तयार गर्ने तोकिएका शीर्षकमा कर लगाउन, तथ्याङ्क सङ्कलन, जन्म, मृत्यु, विवाह बसाइ सराई र सम्बन्ध विच्छेद जस्तां व्यक्तिगत घटना दर्ता गर्ने र अभिलेख राख्ने कार्य गर्दछ ।

## ७. निर्देशन

(क) तपाई बस्ने वडामा तपाईंको गाउँ विकास समिति/नगरपालिकाले के कस्ता विकासका कार्यहरू गर्दै आइरहेका छन् । तिनीहरूको सूची बनाई विकास कार्यहरूको सबल र कमजोर पक्षहरू पहिचान गरी सुधारको लागि आवश्यक सुझाव सहित गाउँ विकास समिति/नगरपालिका प्रमुखलाई पेश गर्न एउटा प्रतिवेदन तयार गरी सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

(ख) गा.वि.स. को बारेमा थप जानकारीका लागि रेडियो पाठ सुन्नुहोला ।

## पाठ २
# नमुना विद्यालय

### १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ:

(क) नमुना विद्यालयको परिचय दिन,

(ख) नेपालमा सञ्चालित विद्यालयहरू वर्गीकरण गर्न,

(ग) नमुना विद्यालयको लागि सुदृढ हुनुपर्ने क्षेत्रहरू पहिचान गर्न,

(घ) विद्यालयले मानव अधिकारका लागि खेलेको भूमिका वर्णन गर्न ।

### २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईं एउटा शिक्षकको नाताले विद्यालयको परिचय दिँदा कसरी दिनुहुन्छ ? तल दिइएको आयताकार खण्डमा अट्ने गरी विद्यालयको परिचय लेख्नुहोस् ।

| |
|---|
| |

(ख) तपाईंको समुदाय विकासमा विद्यालयले के कस्तो सहयोग पुऱ्याएको छ ? सहयोगका कुनै चार क्षेत्रहरू उल्लेख गर्नुहोस् ।

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |

### ३. विषयप्रवेश

#### ३.१ परिचय

- समुदायमा रहेका विविध संस्थाहरूमध्ये कार्यको आधारमा विद्यालय एउटा महत्वपूर्ण सामाजिक संस्था हो । विद्यालय समुदायको प्रतिविम्ब हो । समुदायको चेतना जगाउन, मानव अधिकारको संरक्षण तथा विकासको पूर्वाधार तयार गर्न विद्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालय आज प्रायः सबै गा.वि.स. तथा समुदायहरूमा स्थापना भई सञ्चालनमा रहेका छन् । विद्यालय समाजको आँखा वा ज्योति हो । समाजशास्त्रीहरूले विद्यालय समाजको लघु रूप हो जसले वृद्ध समाजको लागि परिपक्व नागरिक तयार गर्ने काम गर्दछ भनी बताइएका छन् ।

- भनिन्छ कुनै पनि समुदायको बारेमा अध्ययन गर्न विद्यालयमा गए हुन्छ । किनभने त्यो समुदायमा कुन जात जातिहरूको बसोबास छ तिनीहरूको प्रतिनिधित्व विद्यालयमा विद्यार्थीले गर्दछन् । विद्यालयले समुदायको चित्रण गर्दछ ।

- शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो । प्राथमिक तहको शिक्षा सबै बालबालिकालाई उपलब्ध गराउनु राज्यको कर्तव्य हो । यसै भावनालाई आत्मसात गरी

नेपाल सरकारले सबै गा.वि.स. मा समुदायको मागबमोजिम राज्यको तर्फबाट विद्यालय खोलेको छ र विद्यालय सञ्चालन गर्ने अनुमति दिने काम गरिरहेको छ । हाल देशमा सामुदायिक र संस्थागत गरी मुख्य रूपमा दुईप्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । सरकारी अनुदान प्राप्त विद्यालयलाई सामुदायिक विद्यालय र निजीस्तरबाट सञ्चालन गरिएका विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ । समुदायलाई नै विद्यालय जिम्मा दिने काम पनि नेपाल सरकारले सुरू गरेको छ । आ.व. २०६४।०६५ को आषाढ मसान्तसम्म करीब ६६००* भन्दा बढी विद्यालयहरूको व्यवस्थापन समुदायको जिम्मामा दिइएको छ ।

हाम्रो देशको विद्यालयीय शिक्षा प्रणालीलाई हेर्ने हो भने विद्यालय तहको संरचनालाई एक वर्षे पूर्वप्राथमिक, कक्षा १ देखि ५ सम्म प्राथमिकतह, कक्षा ६ देखि ८ सम्म निम्न माध्यमिकतह, कक्षा ९ र १० सम्म माध्यमिकतह र कक्षा ११ र १२ उच्च माध्यमिक तहको शिक्षाको रूपमा सञ्चालन भइरहेका छन् । हाल देशमा २९,२२०** विद्यालयहरू सञ्चालन भइरहेका छन् । कुनै स्थानमा विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयहरू सञ्चालन छन् भने कतै मातृभाषा मात्र पढाइ हुने प्राथमिक विद्यालयहरू सञ्चालन भइरहेका छन् । विद्यालयहरूलाई भौतिक सुविधा शिक्षक, विद्यार्थी सङ्ख्या, शैक्षिक उपलब्धि विद्यालय सञ्चालन अवधि र कुल खर्चको आधारमा चारभागमा वर्गीकरण गरिएको छ । यसैगरी हाल आएर विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गराउन विद्यालयलाई स्तरीकरण गराउने कार्य हुँदैछ ।

- देशमा सञ्चालन भएका विभिन्न किसिमका विद्यालयहरूमध्ये केही जिल्लाका विभिन्न गा.वि.स. हरूमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) को सहयोगमा सामुदायिक स्वामित्वको प्राथमिक शिक्षा कार्यक्रमअन्तर्गत सामुदायिक प्राथमिक विद्यालय खोलिएको थियो । यस्ता विद्यालयको स्थापनाबाट प्रभावकारी प्राथमिक शिक्षाको योजना निर्माण व्यवस्थापन र सञ्चालनको अधिकार समुदायलाई नै दिन खोजिएको थियो । यसबाट समुदायमा बसोबास गर्ने गरिब पिछडिएका वर्गका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको उपलब्धता गराउने उद्देश्य राखिएको थियो । यस्ता विद्यालयहरूमा योग्यताप्राप्त स्थानीय महिलालाई शिक्षिकाको रूपमा अध्यापन गर्ने अवसर प्रदान गरी समुदायका बासिन्दाहरूको आर्थिक पक्षमा टेवा पुऱ्याउन समेत लक्ष्य लिइएको थियो । जसले गर्दा समुदायको विद्यालयप्रतिको रूचि र सहभागितामा बृद्धि भएको पाउन सकिन्छ ।
- हाल नेपालमा निम्नमाध्यमिक तथा माध्यमिक तहको शैक्षिक कार्यक्रम खुला विद्यालयमार्फत् सञ्चालन गरिएको छ ।

---

* शिक्षा विभाग, अप्रकाशित स्रोत

** स्रोत : flash report शिक्षा विभाग, २००७

- हाल नेपाल सरकारले स्थानीय निकाय वा समुदायले नै विद्यालय सञ्चालन गर्न चाहेमा निश्चित शर्तको अधिनमा रहने गरी प्राथमिक विद्यालयको व्यवस्थापन स्थानीय समुदायलाई हस्तातरण गर्न सकिने व्यवस्था गरेको छ । शिक्षामा जनसहभागिता बढाउने समुदायलाई विद्यालयको विकासमा सहभागी गराउने तथा जिम्मेवारी बहन गर्ने अवसर प्रदान गर्न र विद्यालयलाई स्थानीय समुदायप्रति नै उत्तरदायी बनाउने उद्देश्यले विद्यालयलाई समुदायको स्वामित्व हस्तान्तरण गर्न लागिएको हो । यसबाट विद्यालयले एउटा सामाजिक संस्था हो यसले समुदायलाई विकासको लागि ठूलो भूमिका खेलेको हुन्छ भन्ने कुरा प्रस्ट हुन्छ ।

- विद्यालयको सञ्चालन रेखदेख तथा व्यवस्थापनको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा अध्यक्ष र एकजना महिलासहित तीनजना सदस्यहरूको छनोट अभिभावक स्वयम्ले गर्दछन् भने एकजना विद्यालयका शिक्षकहरूमध्येबाट छनोट भएका प्रतिनिधि रहन्छन् । यसैगरी सो समितिको सदस्य सचिवमा प्रधानाध्यापक रहने व्यवस्था शिक्षा ऐन तथा नियमावलीले गरेको छ ।

- गा.वि.स. भित्रका विद्यालयहरूको सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्न प्रत्येक गा.वि.स. मा गाउँ शिक्षा समिति रहने व्यवस्था गरिएको छ । यसै गरी शिक्षक अभिभावक सङ्घको पनि व्यवस्था भएकाले समुदाय र विद्यालय एकअर्काका परिपुरक भइरहेका छन् । यसबाट विद्यालयले समुदायका विभिन्न कार्यकलापहरूमा सहयोग गर्ने वातावरणको सिर्जना गर्न खोजिएको छ ।


- कुनै पनि विद्यालय जुन शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय दृष्टिकोणबाट सबल छ जहाँ योग्य शिक्षक, आवश्यक भौतिक सामग्री, स्रोतसामग्रीहरू, प्रदर्शन कक्षा पर्याप्त हुन्छन् र त्यस्तो विद्यालयलाई नमुना विद्यालय भनिन्छ । जुन विद्यालयमा प्रदर्शन कक्षा, छोटो अवधिका तालिमको व्यवस्था हुन्छ । समुदायसँग विद्यालयको सम्बन्ध राम्रो रहन्छ । विद्यालय समुदायको स्रोतको रूपमा रहन्छ । विद्यालयमा कक्षाकोठा उपयुक्त हुन्छ । विद्यार्थीको नतिजा राम्रो रहन्छ भने त्यस्तो विद्यालयलाई नमुना विद्यालयको रूपमा लिन सकिन्छ । नमुना विद्यालयको व्यवस्थाबाट विद्यालयले अवलोकन गरी अनुभवहरू आदानप्रदान गर्न सक्दछन । विद्यार्थी नमुना विद्यालयको व्यवस्थाबाट अन्य व्यवस्थापकीय पक्ष सबै अवलोकनबाट लाभान्वित हुन्छन् । त्यसकारण प्रत्येक स्रोत केन्द्र/गा.वि.स. जिल्लामा नमुना विद्यालयको व्यवस्था हुनुपर्दछ । एउटा नमुना विद्यालय सिकाइको स्रोतको रूपमा विकास गरिनुपर्दछ । नमुना विद्यालयको र अन्य विद्यालयका शिक्षकहरूबीच अनुभवहरू आदानप्रदान गर्न व्यवस्थाबाट ज्ञान सीप तथा अभिबृद्धि विकास गर्नु सहयोग पुग्दछ ।

- कुनै पनि विद्यालय असल तथा प्रभावकारी हुनको लागि समुदायको ठूलो सहयोगको आवश्यकता पर्दछ । असल विद्यालयले उपयुक्त शैक्षिक वातावरणको सिर्जना गर्न सक्दछ । शैक्षिक वातावरण सिकाइ सुहाउँदो भए मात्र विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई सुनिश्चित

गर्दछ । विद्यालयको प्रभावकारिता मापन गर्न विविध पक्षहरूको सूक्ष्म अध्ययन गर्नु आवश्यक हुन्छ । यसरी एउटा नमुना विद्यालय हुनका लागि विद्यालयसँग सम्बन्धित निम्न पक्षहरू सुदृढ हुनुपर्दछ ।

**३.२ नमुना विद्यालयको लागि आवश्यक पक्षहरू**

(क) विद्यार्थी भर्ना



- आफ्नो सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरूले सहज किसिमले भर्ना पाएको हुनुपर्दछ वा सबै समुदायका बालबालिकाहरूको लागि समान अवसर रहनुपर्दछ ।
- विद्यार्थीहरूको उपस्थिति नियमित हुनुपर्दछ ।
- विद्यालय छाड्ने र कक्षा दोहऱ्याउने विद्यार्थी सङ्ख्या अत्यन्त न्यून रहनुपर्दछ ।
- बालबालिकाको समान उपस्थिति रहनुपर्दछ ।

(ख) शिक्षक

- विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षाअनुसार आवश्यक शिक्षक सङ्ख्या रहन्छ ।
- योग्य र तालिम प्राप्त शिक्षकहरूको व्यवस्था भएको हुन्छ ।
- असल आचरण भएका शिक्षकहरू रहन्छन् ।
- शिक्षकहरूको नियमितता उल्लेखनीय रहन्छ ।
- महिला शिक्षकहरूको व्यवस्था भएको हुन्छ ।

(ग) विद्यालयको भौतिक वातावरण

- विद्यालयको भवन उपयुक्त हुनुपर्दछ । प्राथमिक तहमा प्रति विद्यार्थीका लागि ०.७५ वर्ग मि. को कक्षाकोठा व्यवस्था गरिनुपर्दछ ।
- कक्षाकोठा हावादार र प्रकाश दिने तथा पर्याप्त मात्रामा फराकिलो हुनुपर्दछ ।
- विद्यार्थीको स्तरअनुसार तथा उमेर सुहाउँदो फर्निचरको व्यवस्था भएको हुनुपर्दछ ।
- खानेपानी तथा शौचालयको व्यवस्था हुनुपर्दछ ।
- पुस्तकालय, खेलकुद सामग्री र आवश्यक मात्रामा शैक्षिक सामग्रीहरू उपलब्ध रहेको हुनुपर्दछ ।
- सरसफाइ राम्रो हुनुपर्दछ ।
- विद्यालयमा पर्याप्त मात्रामा मैदानको व्यवस्था हुनुपर्दछ । जसबाट विद्यार्थीहरूलाई खेल खेल्न सजिलो हुनुपर्दछ ।

(घ) शिक्षणसिकाइको वातावरण

- विद्यार्थीको बसाइ व्यवस्था स्तरअनुसार मिल्दो हुनुपर्दछ ।
- कालोपाटीका गुणस्तर राम्रो हुनुपर्छ र उपयुक्त स्थानमा राख्नुपर्दछ ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक तथा अन्य स्रोतसामग्रीहरूको प्रयोग भएको हुनुपर्दछ ।
- स्थानीयस्तरको शैक्षिक सामग्रीको प्रयोग भएको हुनुपर्छ ।
- दैनिक कार्य तालिका निर्माण र प्रभावकारी प्रयोग भएको हुनुपर्छ ।
- शिक्षक विद्यार्थी बीच सुमधुर सम्बन्ध हुनुपर्दछ ।
- शिक्षक विद्यार्थी र अभिभावकबीच घनिष्ठ सम्बन्ध हुनुपर्छ ।

(ङ) आर्थिक एवम् प्रशासकीय पक्ष

- विद्यालयको आय व्यय पारदर्शी हुनुपर्दछ ।
- नियमित लेखापरीक्षण हुनुपर्दछ ।
- समुदायको स्तर सुहाउँदो शुल्क निर्धारण भएको हुनुपर्दछ ।
- विद्यालयमा रेकर्डहरू राम्रोसँग राख्नुपर्दछ ।
- सार्वजनिक लेखा परीक्षण हुनुपर्दछ ।

(च) व्यवस्थापकीय पक्ष

- व्यवस्थापन समितिको गठन भएको हुनुपर्दछ ।
- गाउँ शिक्षा समितिको गठन हुनुपर्दछ ।
- व्यवस्थापन समितिको बैठक नियमित बसेको हुनुपर्दछ ।
- व्यवस्थापन समिति तथा विद्यालय बीच राम्रो सम्बन्ध रहनुपर्दछ ।
- शिक्षक र अभिभावक सङ्घको गठन भएको हुनुपर्दछ ।
- प्रधानाध्यापक (प्र.अ.) असल र आफ्नो काम कर्तव्यप्रति लगनशील रहेको हुनुपर्दछ ।
- प्र. अ., शिक्षक तथा विद्यालय कर्मचारीबीच राम्रो सम्बन्ध रहनुपर्दछ ।

(छ) विद्यार्थीको उपलब्धि

- विद्यार्थीको उत्तीर्ण प्रतिशत राम्रो रहनुपर्दछ ।
- विद्यार्थीको प्राप्ताङ्कको औसत अङ्क उत्तम रहनुपर्दछ ।
- विद्यार्थीहरूको सामाजिक व्यवहार र तिनीहरूको दक्षता राम्रो रहनुपर्दछ ।

(ज) विद्यालय समुदाय सम्बन्ध

- समय समयमा अभिभावक भेला हुनुपर्दछ ।
- विद्यालयको विकासमा स्थानीय समुदायको रूचि र सहभागिता हुनुपर्दछ ।
- आवश्यकताअनुसार समुदायले विद्यालयको विकासमा आर्थिक सहायता तथा मानवीय सहयोग गरेको हुनुपर्दछ ।

- विद्यार्थीको नियमितता उपस्थितिका लागि समुदायले राम्रो प्रयास गरेको हुनुपर्दछ । सिकाइको स्रोतको रूपमा समुदाय रहेको हुनुपर्दछ ।
- विद्यालयको भावी योजना तथा सहयोगको सम्बन्धमा समुदायको सहयोग हुनुपर्दछ ।

एउटा नमुना विद्यालय वा प्रभावकारी विद्यालयमा उपर्युक्त अनुसार अवस्था रहेको हुनु पर्दछ ।

### ३.३ समुदायको विकासमा विद्यालयले खेल्ने भूमिका

विद्यालय समुदाय भित्रकै एउटा अभिन्न अङ्ग हो विद्यालय र समुदाय एकै समाजका अभिन्न अङ्ग भएकाले दुबै बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । विद्यार्थीहरू समाजका बासिन्दा हुन् । समुदायका मानिसहरूको व्यवहार चालचलन संस्कृति, फरकफरक हुन्छ । यसरी समुदायमा प्रचलित संस्कृतिको संरक्षण गर्नु विद्यालयको प्रमुख कार्य हो ।

समुदायमा बसोबास गर्ने मानिसहरूको मानव अधिकार संरक्षणका लागि विद्यालयले चेतनामूलक कार्यक्रम लगायत मानव अधिकार हनन भएको पाइएमा सोको लागि आवश्यक व्यवस्था मिलाउन सक्दछ । समुदायको शिक्षा, स्वास्थ्य, लगायत स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारका लागि विद्यालयले समुदायलाई अनेक तरहले सहयोग गर्नुपर्दछ ।

समुदायका अनेक आवश्यकताहरू गाँस, बास, लुगा, सुरक्षाको साथसाथै शिक्षा दिनु पनि एक हो । समुदायका मानिसहरू शिक्षित नभएसम्म उनीहरूको आवश्यकता पूरा गर्न सक्दैन । त्यसकारण विद्यालयबाट शिक्षा हासिल हुने भएकाले विद्यालयले समाजको आवश्यकता पूर्ति गर्दछ । विद्यालय स्थापना तथा विकासको लागि समुदायले जसरी सहयोग पुऱ्याउँछ त्यसरी नै समुदायलाई विद्यालयले हर तरहले सहयोग पुऱ्याइरहेको हुन्छ । यसरी समुदायका बालबालिकाहरूलाई शिक्षा हासिल गराउने कार्यबाहेक विद्यालयले समुदायको विकासको लागि गर्ने मानव अधिकारसँग सम्बन्धित कार्यहरू निम्न अनुसार रहेका छन् ।

- जाँड, रक्सी, जुवा तास तथा सामाजिक विकृति रोकथामका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने।
- समुदायको लागि स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा सहयोग गर्न ।
- विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुको साथै क्याम्प सञ्चालन गर्न सहयोग पुऱ्याउने ।
- समुदायका मानिसहरूको लागि प्रौढ शिक्षा, बाल शिक्षा (विहान वा बेलुका) तथा वातावरणीय सुरक्षाका अनौपचारिक कार्यक्रम सञ्चालन गर्ने ।
- समुदायको विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न विद्यालयको भौतिक सुविधा प्रयोग गर्न दिई आवश्यक सहयोग गर्ने ।
- विद्यालय भर्ना हुन नसक्ने विद्यार्थीहरूको लागि वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।
- परिवार नियोजनको महत्वको बारेमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राणघातक रोगहरूको बारेमा सचेतता अपनाउन समय समयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- समुदायको भाषा, संस्कृति तथा सम्पदाको संरक्षण एवम् विकासको लागि समुदायलाई सचेत बनाउन विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समुदायको लागि उपर्युक्त लगायतका विभिन्न कार्यहरू विद्यालयले सञ्चालन गर्न सक्ने भएकाले विद्यालय एउटा सामाजिक संस्था हो । समुदायको विकासको लागि नभई नहुने संस्था विद्यालय हो भन्न

सकिन्छ ।

## ४. आत्ममूल्याङ्कन

१. विद्यालयको परिचय दिनुहोस् ।

२. नेपालमा सञ्चालित विद्यालयहरूको प्रकार उल्लेख गर्नुहोस् ।

३. एउटा नमुना तथा प्रभावकारी विद्यालय हुनका लागि कुनकुन पक्ष सुदृढ हुनुपर्दछ, लेख्नुहोस् ।

४. समुदायको विकासका लागि विद्यालयले खेल्न सक्ने भूमिका दुईओटा बुँदामा लेख्नुहोस् ।

१.
२

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नको उत्तरहरू निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ सँग दाँज्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.१ सँग दाँज्नुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.२ सँग दाँज्नुहोस् ।
४. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.३ सँग दाँज्नुहोस् ।


## ६. सारांश

- सामुदायिक सङ्घसंस्थाहरूमध्ये विद्यालय समुदाय विकासको एउटा प्रमुख अङ्ग हो ।
- विद्यालय र समुदाय समाजका अङ्ग भएकाले यिनीहरूबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।
- समुदायको विविध आवश्यकताहरू गाँस, बास, लुगा स्वास्थ्य सुरक्षाको साथसाथै शिक्षा पनि एक भएको र सो आवश्यकता पूर्ति गर्ने थलो विद्यालय हो ।
- विद्यालय समुदायको ऐना हो ।
- विद्यालय समुदायको ज्ञानको ज्योति हो ।
- देशमा सामुदायिक र संस्थागत विद्यालय गरी दुईकिसिमका विद्यालयहरू सञ्चालन भएका छन् ।
- विद्यालयको विकासको लागि विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक सङ्घ गठन गर्ने व्यवस्था रहेको छ ।

गर्दछ । विद्यालयको प्रभावकारिता मापन गर्न विविध पक्षहरूको सूक्ष्म अध्ययन गर्नु आवश्यक हुन्छ । यसरी एउटा नमुना विद्यालय हुनका लागि विद्यालयसँग सम्बन्धित निम्न पक्षहरू सुदृढ हुनुपर्दछ ।

### ३.२ नमुना विद्यालयको लागि आवश्यक पक्षहरू

(क) विद्यार्थी भर्ना



- आफ्नो सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरूले सहज किसिमले भर्ना पाएको हुनुपर्दछ वा सबै समुदायका बालबालिकाहरूको लागि समान अवसर रहनुपर्दछ ।
- विद्यार्थीहरूको उपस्थिति नियमित हुनुपर्दछ ।
- विद्यालय छाड्ने र कक्षा दोहऱ्याउने विद्यार्थी सङ्ख्या अत्यन्त न्यून रहनुपर्दछ ।
- बालबालिकाको समान उपस्थिति रहनुपर्दछ ।

(ख) शिक्षक

- विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षाअनुसार आवश्यक शिक्षक सङ्ख्या रहन्छ ।
- योग्य र तालिम प्राप्त शिक्षकहरूको व्यवस्था भएको हुन्छ ।
- असल आचरण भएका शिक्षकहरू रहन्छन् ।
- शिक्षकहरूको नियमितता उल्लेखनीय रहन्छ ।
- महिला शिक्षकहरूको व्यवस्था भएको हुन्छ ।

(ग) विद्यालयको भौतिक वातावरण

- विद्यालयको भवन उपयुक्त हुनुपर्दछ । प्राथमिक तहमा प्रति विद्यार्थीका लागि ०.७५ वर्ग मि. को कक्षाकोठा व्यवस्था गरिनुपर्दछ ।
- कक्षाकोठा हावादार र प्रकाश दिने तथा पर्याप्त मात्रामा फराकिलो हुनुपर्दछ ।
- विद्यार्थीको स्तरअनुसार तथा उमेर सुहाउँदो फर्निचरको व्यवस्था भएको हुनुपर्दछ ।
- खानेपानी तथा शौचालयको व्यवस्था हुनुपर्दछ ।
- पुस्तकालय, खेलकुद सामग्री र आवश्यक मात्रामा शैक्षिक सामग्रीहरू उपलब्ध रहेको हुनुपर्दछ ।
- सरसफाइ राम्रो हुनुपर्दछ ।
- विद्यालयमा पर्याप्त मात्रामा मैदानको व्यवस्था हुनुपर्दछ । जसबाट विद्यार्थीहरूलाई खेल खेल्न सजिलो हुनुपर्दछ ।

(घ) शिक्षणसिकाइको वातावरण

- विद्यार्थीको बसाइ व्यवस्था स्तरअनुसार मिल्दो हुनुपर्दछ ।
- कालोपाटीका गुणस्तर राम्रो हुनुपर्छ र उपयुक्त स्थानमा राख्नुपर्दछ ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक तथा अन्य स्रोतसामग्रीहरूको प्रयोग भएको हुनुपर्दछ ।
- स्थानीयस्तरको शैक्षिक सामग्रीको प्रयोग भएको हुनुपर्छ ।
- दैनिक कार्य तालिका निर्माण र प्रभावकारी प्रयोग भएको हुनुपर्छ ।
- शिक्षक विद्यार्थी बीच सुमधुर सम्बन्ध हुनुपर्दछ ।
- शिक्षक विद्यार्थी र अभिभावकबीच घनिष्ठ सम्बन्ध हुनुपर्छ ।

(ङ) आर्थिक एवम् प्रशासकीय पक्ष

- विद्यालयको आय व्यय पारदर्शी हुनुपर्दछ ।
- नियमित लेखापरीक्षण हुनुपर्दछ ।
- समुदायको स्तर सुहाउँदो शुल्क निर्धारण भएको हुनुपर्दछ ।
- विद्यालयमा रेकर्डहरू राम्रोसँग राख्नुपर्दछ ।
- सार्वजनिक लेखा परीक्षण हुनुपर्दछ ।

(च) व्यवस्थापकीय पक्ष

- व्यवस्थापन समितिको गठन भएको हुनुपर्दछ ।
- गाउँ शिक्षा समितिको गठन हुनुपर्दछ ।
- व्यवस्थापन समितिको बैठक नियमित बसेको हुनुपर्दछ ।
- व्यवस्थापन समिति तथा विद्यालय बीच राम्रो सम्बन्ध रहनुपर्दछ ।
- शिक्षक र अभिभावक सङ्घको गठन भएको हुनुपर्दछ ।
- प्रधानाध्यापक (प्र.अ.) असल र आफ्नो काम कर्तव्यप्रति लगनशील रहेको हुनुपर्दछ ।
- प्र. अ., शिक्षक तथा विद्यालय कर्मचारीबीच राम्रो सम्बन्ध रहनुपर्दछ ।

(छ) विद्यार्थीको उपलब्धि

- विद्यार्थीको उत्तीर्ण प्रतिशत राम्रो रहनुपर्दछ ।
- विद्यार्थीको प्राप्ताङ्कको औसत अङ्क उत्तम रहनुपर्दछ ।
- विद्यार्थीहरूको सामाजिक व्यवहार र तिनीहरूको दक्षता राम्रो रहनुपर्दछ ।

(ज) विद्यालय समुदाय सम्बन्ध

- समय समयमा अभिभावक भेला हुनुपर्दछ ।
- विद्यालयको विकासमा स्थानीय समुदायको रूचि र सहभागिता हुनुपर्दछ ।
- आवश्यकताअनुसार समुदायले विद्यालयको विकासमा आर्थिक सहायता तथा मानवीय सहयोग गरेको हुनुपर्दछ ।

- विद्यार्थीको नियमितता उपस्थितिका लागि समुदायले राम्रो प्रयास गरेको हुनुपर्दछ । सिकाइको स्रोतको रूपमा समुदाय रहेको हुनुपर्दछ ।
- विद्यालयको भावी योजना तथा सहयोगको सम्बन्धमा समुदायको सहयोग हुनुपर्दछ ।

एउटा नमुना विद्यालय वा प्रभावकारी विद्यालयमा उपर्युक्त अनुसार अवस्था रहेको हुनु पर्दछ ।

### ३.३ समुदायको विकासमा विद्यालयले खेल्ने भूमिका

विद्यालय समुदाय भित्रकै एउटा अभिन्न अङ्ग हो विद्यालय र समुदाय एकै समाजका अभिन्न अङ्ग भएकाले दुबै बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । विद्यार्थीहरू समाजका बासिन्दा हुन् । समुदायका मानिसहरूको व्यवहार चालचलन संस्कृति, फरकफरक हुन्छ । यसरी समुदायमा प्रचलित संस्कृतिको संरक्षण गर्नु विद्यालयको प्रमुख कार्य हो ।

समुदायमा बसोबास गर्ने मानिसहरूको मानव अधिकार संरक्षणका लागि विद्यालयले चेतनामूलक कार्यक्रम लगायत मानव अधिकार हनन भएको पाइएमा सोको लागि आवश्यक व्यवस्था मिलाउन सक्दछ । समुदायको शिक्षा, स्वास्थ्य, लगायत स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारका लागि विद्यालयले समुदायलाई अनेक तरहले सहयोग गर्नुपर्दछ ।

समुदायका अनेक आवश्यकताहरू गाँस, बास, लुगा, सुरक्षाको साथसाथै शिक्षा दिनु पनि एक हो । समुदायका मानिसहरू शिक्षित नभएसम्म उनीहरूको आवश्यकता पूरा गर्न सक्दैन । त्यसकारण विद्यालयबाट शिक्षा हासिल हुने भएकाले विद्यालयले समाजको आवश्यकता पूर्ति गर्दछ । विद्यालय स्थापना तथा विकासको लागि समुदायले जसरी सहयोग पुऱ्याउँछ त्यसरी नै समुदायलाई विद्यालयले हर तरहले सहयोग पुऱ्याइरहेको हुन्छ । यसरी समुदायका बालबालिकाहरूलाई शिक्षा हासिल गराउने कार्यबाहेक विद्यालयले समुदायको विकासको लागि गर्ने मानव अधिकारसँग सम्बन्धित कार्यहरू निम्न अनुसार रहेका छन् ।

- जाँड, रक्सी, जुवा तास तथा सामाजिक विकृति रोकथामका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने।
- समुदायको लागि स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा सहयोग गर्ने ।
- विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुको साथै क्याम्प सञ्चालन गर्न सहयोग पुऱ्याउने ।
- समुदायका मानिसहरूको लागि प्रौढ शिक्षा, बाल शिक्षा (विहान वा बेलुका) तथा वातावरणीय सुरक्षाका अनौपचारिक कार्यक्रम सञ्चालन गर्ने ।
- समुदायको विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न विद्यालयको भौतिक सुविधा प्रयोग गर्न दिई आवश्यक सहयोग गर्ने ।
- विद्यालय भर्ना हुन नसक्ने विद्यार्थीहरूको लागि वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।
- परिवार नियोजनको महत्वको बारेमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राणघातक रोगहरूको बारेमा सचेतता अपनाउन समय समयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- समुदायको भाषा, संस्कृति तथा सम्पदाको संरक्षण एवम् विकासको लागि समुदायलाई सचेत बनाउन विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समुदायको लागि उपर्युक्त लगायतका विभिन्न कार्यहरू विद्यालयले सञ्चालन गर्न सक्ने भएकाले विद्यालय एउटा सामाजिक संस्था हो । समुदायको विकासको लागि नभई नहुने संस्था विद्यालय हो भन्न

सकिन्छ ।

## ४. आत्ममूल्याङ्कन

१. विद्यालयको परिचय दिनुहोस् ।

२. नेपालमा सञ्चालित विद्यालयहरूको प्रकार उल्लेख गर्नुहोस् ।

३. एउटा नमुना तथा प्रभावकारी विद्यालय हुनका लागि कुनकुन पक्ष सुदृढ हुनुपर्दछ, लेख्नुहोस् ।

४. समुदायको विकासका लागि विद्यालयले खेल्न सक्ने भूमिका दुईओटा बुँदामा लेख्नुहोस् ।

१.
२

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नको उत्तरहरू निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ सँग दाँज्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.१ सँग दाँज्नुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.२ सँग दाँज्नुहोस् ।
४. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.३ सँग दाँज्नुहोस् ।

## ६. सारांश

- सामुदायिक सङ्घसंस्थाहरूमध्ये विद्यालय समुदाय विकासको एउटा प्रमुख अङ्ग हो ।
- विद्यालय र समुदाय समाजका अङ्ग भएकाले यिनीहरूबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।
- समुदायको विविध आवश्यकताहरू गाँस, बास, लुगा स्वास्थ्य सुरक्षाको साथसाथै शिक्षा पनि एक भएको र सो आवश्यकता पूर्ति गर्ने थलो विद्यालय हो ।
- विद्यालय समुदायको ऐना हो ।
- विद्यालय समुदायको ज्ञानको ज्योति हो ।
- देशमा सामुदायिक र संस्थागत विद्यालय गरी दुईकिसिमका विद्यालयहरू सञ्चालन भएका छन् ।
- विद्यालयको विकासको लागि विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक सङ्घ गठन गर्ने व्यवस्था रहेको छ ।

- एउटा नमुना तथा प्रभावकारी विद्यालयको लागि विद्यार्थी भर्ना शिक्षक अवस्था, विद्यालयको भौतिक वातावरण, शिक्षणसिकाइ वातावरण, आर्थिक एवम् व्यवस्थापन पक्ष, विद्यालय समुदाय सम्बन्ध र विद्यार्थीको उपलब्धि जस्ता क्षेत्रहरूमा राम्रो प्रभाव रहनुपर्दछ ।
- विद्यालयले समुदायको विकासमा विभिन्न किसिमबाट सहयोगको भूमिका खेल्न सक्छ । जस्तै- स्वास्थ्य सेवा उपलब्ध गराउने, क्याम्प सञ्चालन गर्ने, विहान बेलुका प्रौढ तथा चेलिबेटी कक्षाहरू सञ्चालन गर्ने, खानेपानी सरसफाइ तथा वातावरण संरक्षणसम्बन्धी काम गर्ने, समुदायको भाषा, संस्कृति तथा सम्पदाको संरक्षणको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने, समुदायको विकृतिहरू हटाउन आवश्यक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, त्यसै गरी परिवार नियोजनको महत्व बारेमा प्रशिक्षण तथा प्राणघातक रोगहरूको बारेमा आवश्यक जानकारी हासिल गराउन विविध किसिमका अनौपचारिक कार्यक्रमहरू सञ्चालन गर्ने कार्य गर्दछ ।

## ७. निर्देशन

(क) तपाईं एउटा विद्यालयको शिक्षक र समुदायको सदस्यको हैसियतले तपाईंको विद्यालयले समुदायको विकासमा के कस्ता कार्यहरू गरेको छ ? तपाईंको विचारमा समुदायमा विद्यालयले गर्न सक्ने कार्यहरूको सूची तयार गरी सम्पर्क कक्षामा छलफल गर्नुहोला ।

**पाठ ३**

# सामाजिक क्लब तथा गैरसरकारी संस्थाहरू

## १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) सामाजिक क्लब तथा गैरसरकारी संस्थाहरूको परिचय दिन,

(ख) समुदायको विकासको लागि सञ्चालित प्रमुख गैरसरकारी संस्थाहरूको सूची तयार गर्न,

(ग) मानव अधिकारको बढावाको लागि सामाजिक क्लब तथा गैरसरकारी संस्थाहरूले खेलेको भूमिका वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) गैरसरकारी संस्था भनेर तपाईं कस्तो संस्थालाई भन्नुहुन्छ ?

| |
|---|
| |

(ख) यदि तपाईंको गाउँ समुदायमा वा गैरसरकारी संस्थाहरू छन् भने तिनीहरूको नाम र गर्ने काम लेख्नुहोस् । सामाजिक क्लबहरूको नाम लेख्नुहोस् ।

| नाम | गर्ने काम |
|---|---|
| १. | १. |
| २. | २. |

## ३. विषयप्रवेश

### ३.१ परिचय

- समुदायको विकासका लागि सञ्चालित विभिन्न सङ्घसंस्थाहरूमध्ये सामाजिक क्लब तथा गैरसरकारी संस्थाहरू प्रमुख मानिन्छन् । कुनै पनि देशको विकासमा गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ । देशको विकास केवल सरकारी क्षेत्रबाट मात्र सम्भव छैन । राज्यको गाउँ गाउँ तथा समुदाय समुदायमा सरकारी स्रोत र साधनले मात्र विकास गर्ने लक्ष्य लिइयो भने समुदायको विकास सम्भव हुँदैन । आज राज्यको पहुँच सबै क्षेत्रमा व्यापक रूपमा कठिन भएकाले कतिपय क्षेत्रमा गैरसरकारी संस्था एवम् सामुदायिक संस्थाको भूमिका सरकारको भन्दा बढी प्रभावकारी रहेको कुरा सर्वविदितै छ । देशमा मानव अधिकारको संरक्षणका लागि पनि गैरसरकारी संस्थाको भूमिका उल्लेखनीय रहेको छ । पिछडिएको गाउँ समुदायमा मानिसहरूले भोग्नुपरेको जातीय, धार्मिक, महिला, बालबालिका विभेद तथा दासत्व व्यवहारसम्बन्धी क्षेत्रमा जनताको मानव अधिकारको रक्षाको लागि सङ्घर्ष गर्ने संस्थाहरू आज गैरसरकारी संस्थाहरू नै रहेका छन् ।

- विद्यार्थीको नियमितता उपस्थितिका लागि समुदायले राम्रो प्रयास गरेको हुनुपर्दछ । सिकाइको स्रोतको रूपमा समुदाय रहेको हुनुपर्दछ ।
- विद्यालयको भावी योजना तथा सहयोगको सम्बन्धमा समुदायको सहयोग हुनुपर्दछ ।

एउटा नमुना विद्यालय वा प्रभावकारी विद्यालयमा उपर्युक्त अनुसार अवस्था रहेको हुनु पर्दछ ।

### ३.३ समुदायको विकासमा विद्यालयले खेल्ने भूमिका

विद्यालय समुदाय भित्रकै एउटा अभिन्न अङ्ग हो विद्यालय र समुदाय एकै समाजका अभिन्न अङ्ग भएकाले दुबै बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । विद्यार्थीहरू समाजका बासिन्दा हुन् । समुदायका मानिसहरूको व्यवहार चालचलन संस्कृति, फरकफरक हुन्छ । यसरी समुदायमा प्रचलित संस्कृतिको संरक्षण गर्नु विद्यालयको प्रमुख कार्य हो ।

समुदायमा बसोबास गर्ने मानिसहरूको मानव अधिकार संरक्षणका लागि विद्यालयले चेतनामूलक कार्यक्रम लगायत मानव अधिकार हनन भएको पाइएमा सोको लागि आवश्यक व्यवस्था मिलाउन सक्दछ । समुदायको शिक्षा, स्वास्थ्य, लगायत स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारका लागि विद्यालयले समुदायलाई अनेक तरहले सहयोग गर्नुपर्दछ ।

समुदायका अनेक आवश्यकताहरू गाँस, बास, लुगा, सुरक्षाको साथसाथै शिक्षा दिनु पनि एक हो । समुदायका मानिसहरू शिक्षित नभएसम्म उनीहरूको आवश्यकता पूरा गर्न सक्दैन । त्यसकारण विद्यालयबाट शिक्षा हासिल हुने भएकाले विद्यालयले समाजको आवश्यकता पूर्ति गर्दछ । विद्यालय स्थापना तथा विकासको लागि समुदायले जसरी सहयोग पुऱ्याउँछ त्यसरी नै समुदायलाई विद्यालयले हर तरहले सहयोग पुऱ्याइरहेको हुन्छ । यसरी समुदायका बालबालिकाहरूलाई शिक्षा हासिल गराउने कार्यबाहेक विद्यालयले समुदायको विकासको लागि गर्ने मानव अधिकारसँग सम्बन्धित कार्यहरू निम्न अनुसार रहेका छन् ।

- जाँड, रक्सी, जुवा तास तथा सामाजिक विकृति रोकथामका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने।
- समुदायको लागि स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा सहयोग गर्न ।
- विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुको साथै क्याम्प सञ्चालन गर्न सहयोग पुऱ्याउने ।
- समुदायका मानिसहरूको लागि प्रौढ शिक्षा, बाल शिक्षा (विहान वा बेलुका) तथा वातावरणीय सुरक्षाका अनौपचारिक कार्यक्रम सञ्चालन गर्ने ।
- समुदायको विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न विद्यालयको भौतिक सुविधा प्रयोग गर्न दिई आवश्यक सहयोग गर्ने ।
- विद्यालय भर्ना हुन नसक्ने विद्यार्थीहरूको लागि वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।
- परिवार नियोजनको महत्वको बारेमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राणघातक रोगहरूको बारेमा सचेतता अपनाउन समय समयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- समुदायको भाषा, संस्कृति तथा सम्पदाको संरक्षण एवम् विकासको लागि समुदायलाई सचेत बनाउन विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समुदायको लागि उपर्युक्त लगायतका विभिन्न कार्यहरू विद्यालयले सञ्चालन गर्न सक्ने भएकाले विद्यालय एउटा सामाजिक संस्था हो । समुदायको विकासको लागि नभई नहुने संस्था विद्यालय हो भन्न

सकिन्छ ।

## ४. आत्ममूल्याङ्कन

१. विद्यालयको परिचय दिनुहोस् ।

२. नेपालमा सञ्चालित विद्यालयहरूको प्रकार उल्लेख गर्नुहोस् ।

३. एउटा नमुना तथा प्रभावकारी विद्यालय हुनका लागि कुनकुन पक्ष सुदृढ हुनुपर्दछ, लेख्नुहोस् ।

४. समुदायको विकासका लागि विद्यालयले खेल्न सक्ने भूमिका दुईओटा बुँदामा लेख्नुहोस् ।

१.
२

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नको उत्तरहरू निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ सँग दाँज्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.१ सँग दाँज्नुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.२ सँग दाँज्नुहोस् ।
४. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.३ सँग दाँज्नुहोस् ।

## ६. सारांश

- सामुदायिक सङ्घसंस्थाहरूमध्ये विद्यालय समुदाय विकासको एउटा प्रमुख अङ्ग हो ।
- विद्यालय र समुदाय समाजका अङ्ग भएकाले यिनीहरूबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।
- समुदायको विविध आवश्यकताहरू गाँस, बास, लुगा स्वास्थ्य सुरक्षाको साथसाथै शिक्षा पनि एक भएको र सो आवश्यकता पूर्ति गने थलो विद्यालय हो ।
- विद्यालय समुदायको ऐना हो ।
- विद्यालय समुदायको ज्ञानको ज्योति हो ।
- देशमा सामुदायिक र संस्थागत विद्यालय गरी दुईकिसिमका विद्यालयहरू सञ्चालन भएका छन् ।
- विद्यालयको विकासको लागि विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक सङ्घ गठन गर्ने व्यवस्था रहेको छ ।

- एउटा नमुना तथा प्रभावकारी विद्यालयको लागि विद्यार्थी भर्ना शिक्षक अवस्था, विद्यालयको भौतिक वातावरण, शिक्षणसिकाइ वातावरण, आर्थिक एवम् व्यवस्थापन पक्ष, विद्यालय समुदाय सम्बन्ध र विद्यार्थीको उपलब्धि जस्ता क्षेत्रहरूमा राम्रो प्रभाव रहनुपर्दछ ।
- विद्यालयले समुदायको विकासमा विभिन्न किसिमबाट सहयोगको भूमिका खेल्न सक्छ । जस्तै- स्वास्थ्य सेवा उपलब्ध गराउने, क्याम्प सञ्चालन गर्ने, विहान बेलुका प्रौढ तथा चेलिबेटी कक्षाहरू सञ्चालन गर्ने, खानेपानी सरसफाइ तथा वातावरण संरक्षणसम्बन्धी काम गर्ने, समुदायको भाषा, संस्कृति तथा सम्पदाको संरक्षणको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने, समुदायको विकृतिहरू हटाउन आवश्यक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, त्यसै गरी परिवार नियोजनको महत्व बारेमा प्रशिक्षण तथा प्राणघातक रोगहरूको बारेमा आवश्यक जानकारी हासिल गराउन विविध किसिमका अनौपचारिक कार्यक्रमहरू सञ्चालन गर्ने कार्य गर्दछ ।

## ७. निर्देशन

(क) तपाईं एउटा विद्यालयको शिक्षक र समुदायको सदस्यको हैसियतले तपाईंको विद्यालयले समुदायको विकासमा के कस्ता कार्यहरू गरेको छ ? तपाईंको विचारमा समुदायमा विद्यालयले गर्न सक्ने कार्यहरूको सूची तयार गरी सम्पर्क कक्षामा छलफल गर्नुहोला ।

**पाठ ३**

# सामाजिक क्लब तथा गैरसरकारी संस्थाहरू

## १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) सामाजिक क्लब तथा गैरसरकारी संस्थाहरूको परिचय दिन,

(ख) समुदायको विकासको लागि सञ्चालित प्रमुख गैरसरकारी संस्थाहरूको सूची तयार गर्न,

(ग) मानव अधिकारको बढावाको लागि सामाजिक क्लब तथा गैरसरकारी संस्थाहरूले खेलेको भूमिका वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) गैरसरकारी संस्था भनेर तपाईं कस्तो संस्थालाई भन्नुहुन्छ ?

(ख) यदि तपाईंको गाउँ समुदायमा वा गैरसरकारी संस्थाहरू छन् भने तिनीहरूको नाम र गर्ने काम लेख्नुहोस् । सामाजिक क्लबहरूको नाम लेख्नुहोस् ।

| नाम | गर्ने काम |
|---|---|
| १. | १. |
| २. | २. |

## ३. विषयप्रवेश

### ३.१ परिचय

- समुदायको विकासका लागि सञ्चालित विभिन्न सङ्घसंस्थाहरूमध्ये सामाजिक क्लब तथा गैरसरकारी सस्थाहरू प्रमुख मानिन्छन् । कुनै पनि देशको विकासमा गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ । देशको विकास केवल सरकारी क्षेत्रबाट मात्र सम्भव छैन । राज्यको गाउँ गाउँ तथा समुदाय समुदायमा सरकारी स्रोत र साधनले मात्र विकास गर्ने लक्ष्य लिइयो भने समुदायको विकास सम्भव हुँदैन । आज राज्यको पहुँच सबै क्षेत्रमा व्यापक रूपमा कठिन भएकाले कतिपय क्षेत्रमा गैरसरकारी संस्था एवम् सामुदायिक संस्थाको भूमिका सरकारको भन्दा बढी प्रभावकारी रहेको कुरा सर्वविदितै छ । देशमा मानव अधिकारको संरक्षणका लागि पनि गैरसरकारी संस्थाको भूमिका उल्लेखनीय रहेको छ । पिछडिएको गाउँ समुदायमा मानिसहरूले भोग्नुपरेको जातीय, धार्मिक, महिला, बालबालिका विभेद तथा दासत्व व्यवहारसम्बन्धी क्षेत्रमा जनताको मानव अधिकारको रक्षाको लागि सङ्घर्ष गर्ने संस्थाहरू आज गैरसरकारी संस्थाहरू नै रहेका छन् ।

## ३.२ सामाजिक क्लव

गाउँ समुदायमा युवाहरूको शारीरिक, बौद्धिक, सामाजिक तथा सर्वाङ्गीण विकासको लागि खोलिएका संस्थाहरूलाई सामाजिक क्लब भनिन्छ । यी क्लबहरूबाट समुदायमा विभिन्न किसिमका क्रियाकलापहरू सञ्चालन गरिन्छ । यस्ता किसिमका सामाजिक क्लबहरूले समुदायका युवकहरूको शारीरिक विकासका लागि खेलकुद तथा मनोरन्जनका क्रियाकलापहरू सञ्चालन गर्दछन् । त्यसैगरी समुदायको विकासको लागि विभिन्न चेतनामूलक कार्य सञ्चालन गरी कुनै न कुनै रूपमा समुदायको विकासमा टेवा पुऱ्याइ रहेका हुन्छन् । समुदायको विकासका लागि सरसफाइ, स्वास्थ्य, प्रौढशिक्षा, चेलिबेटी कार्यक्रम, खेलकुद प्रतियोगिता जस्ता क्रियाकलापहरू गरी समुदायको अभिन्न अङ्गको रूपमा रहेका छन् । स्थान विशेष अनुसार सामाजिक क्लबहरूको उद्देश्य विभिन्न हुनसक्छ । युथ क्लवहरूमा पुस्तकालयको व्यवस्था गरिएको हुन्छ । जहाँबाट हामीहरूले अध्ययन गर्ने अवसर प्राप्त गरी आवश्यक ज्ञान सीप हासिल गर्न सकिन्छ । समसामयिक जानकारी हासिल गर्न पत्रपत्रिका अध्ययन गर्ने अवसर प्राप्त हुन्छ । खेलकुद सञ्चालन गरी स-साना बालबालिकाहरूको लागि स्वस्थ्य रहन सहयोग पुग्दछ भने त्यसैगरी सामाजिक क्लवहरूबाट लागु पदार्थ विरूद्ध समुदायमा चेतना जागृत गराउने कार्यसमेत हुने गरेको छ । यसबाट समुदायमा विद्यमान विकृतिहरू पनि ः 'ाउन सहयोग पुग्दछ ।

## ३.३ गैरसरकारी संस्थाहरू

- राज्यले आफ्नो जनताको आवश्यकता परिपूर्ति गर्नका लागि विविध क्षेत्रमा विकास निर्माण गर्न आफ्नो अङ्गहरू केन्द्रदेखि गाउँसम्म स्थापना गरेको हुन्छ । तर जनताको आवश्यकता तथा चाहनाहरू केवल सरकारी क्षेत्रबाट सम्भव नहुने भएकाले गैरसरकारी संस्थाको अवधारणा अगाडि आएको हो र गैरसरकारी संस्था भनेको नाफारहित मानवीय सहयोग र सेवाको उद्देश्य लिई सहभागी भएका स्वयम्सेवीहरूको एक समूह वा संस्था हो । जसले अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीयस्तरमा रहेका सङ्घसंस्थाहरूसँग समन्वय, राखी कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्दछ । नेपालमा गैरसरकारी संस्थाको सम्वर्द्धन, सहयोग, मूल्याङ्कन र समन्वय गर्ने काम समाज कल्याण परिषदलाई दिइएको छ । देशमा सञ्चालित गैरसरकारी संस्थाहरू देश भित्र मात्र सञ्चालित संस्थाहरू र अन्तर्राष्ट्रिय स्तरमा सञ्चालित गैरसरकारी संस्थाहरू गरी दुई भागमा विभाजन गर्न सकिन्छ । समुदायको विकासका विविध पक्षलाई समेट्ने गरी विभिन्न उद्देश्य लिई यस्ता संस्थाहरूको स्थापना गरिएको हुन्छ । देशमा सञ्चालित प्रमुख अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संस्थाहरूमा रेयुकाई, लुथरन विश्व सेवा, एक्सन एड, प्लान इन्टरनेशनल, रेडक्रस, एस.ओ.एस, आइ. यू. सि. एन, जाइका, एमनेष्टि इन्टर नेशनल आदि लाई लिन सकिन्छ । यहाँ हामी मुख्य रूपमा देशभित्र स्थापित गैरसरकारी संस्थाहरूको बारेमा केन्द्रित हुनेछौं । मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एमनेस्टी इन्टरनेशनल हो भने मानव अधिकार संरक्षण तथा बढावा दिने उद्देश्यले देशमा दर्जनौं गैरसरकारी संस्थाहरूको स्थापना भएको पाइन्छ ।

- नेपालमा औपचारिक रूपमा सबभन्दा पहिले वि.सं. १९८३ मा श्री ३ चन्द्रशमशेरको पालामा गैरसरकारी संस्थाको रूपमा "कामधेनु चर्खा महागुठी" को स्थापनाबाट भएको हो । जसले पुरूष र महिलाहरूलाई स्थानीयस्तरमा चर्खाको माध्यमद्वारा घरेलु र कुटिर उद्योगहरू सञ्चालन गर्ने हौंसला प्रदान गर्ने कार्य गरेको थियो । त्यस बेलादेखि नेपालमा गैरसरकारी संस्थाको क्रमिक रूपमा विकास हुँदै आएको छ । २००७ सालभन्दा अगाडि नेपालमा भूकम्प सेवादल र महाराजा सेवक सङ्घ वि. सं. २००३ मा दयावीर सिंह कंसाकारले स्थापना गरेको आजको परोपकार संस्था वि.सं. १९८५ मा तुलसीमेहरले खोलेको चर्खा प्रचारक संस्था आदिको स्थापना भएको थियो ।
- वि.सं. २००७ सालपछि क्रमिक रूपमा गैरसरकारी संस्थाहरूको स्थापना भई २०४६ साल अघिसम्म १९१ ओटा गैरसरकारी संस्थाहरू रहेका थिए । रेडक्रस, क्षयरोग निवारण सङ्घ, नेपाल जेसिस, कुष्ठरोग निवारण सङ्घ जस्ता संस्थाहरू त्यस समयमा खोलिएका थिए । २०४६ साल पछि गैरसरकारी संस्थाहरू दर्ता गर्ने व्यवस्थामा सरली करण भएकाले संस्थाहरू च्याउ उम्रे झैं गरी दर्ता भएका छन् । हाल देशमा करिब २२,६८५ गैरसरकारी संस्थाहरू दर्ता भएको पाइन्छ । जसमध्ये १९९४४ ओटा गैर सरकारी सङ्घसंस्थाहरू क्रियाशील छन् ।
- गैरसरकारी तथा सामाजिक संस्थाहरूको लक्ष्य भनेको, स्थानीय स्रोत र साधनहरूलाई स्थानीय जनशक्तिको परिचालन गरी दिगो विकासको कार्यक्रममा सहभागी गराउन्, समुदायमा पिछडिएका जातजाति, धर्म, पेसा र लिङ्गको आधारमा नभई गरिब दु:खी र असहायहरूको उद्धार गर्नु हो । यसै गरी समुदायका बासिन्दालाई आत्मनिर्भर बनाउन जनचेतना जगाउने, विकृति, विसंगति र अन्यायको विरूद्धमा लड्न सक्ने नागरिक उत्पादन गर्ने जस्ता कल्याणकारी कार्य गर्नु, मानव अधिकारको संरक्षण गर्नु आदि गैरसरकारी सङ्घसंस्थाहरूको उद्देश्य हो । नेपालमा सञ्चालित गैरसरकारी सङ्घसंस्थाहरू मुख्य रूपमा ग्रामीण समुदायको विकास, युवाहरूको सेवा क्षेत्र, महिलाको विकास र मानव अधिकारसँग केन्द्रित रहेको पाइन्छ ।
- आज ठूलो सङ्ख्यामा रहेका गैरसरकारी संस्थाहरूमध्ये धेरैजसो संस्थाहरू केवल कागजी रूपमा मात्र सीमित रहेका छन् भने संस्थाहरू वैदेशिक सहयोग लिई सञ्चालन भएका छन् तीमध्ये केही प्रमुख कार्यरत संस्थाहरू निम्नअनुसार रहेका छन् ।

**नेपालका केही प्रमुख गैरसरकारी संस्थाहरू**

| क्र.सं. | गैरसरकारी संस्था | जिल्ला |
|---|---|---|
| १. | ग्रामीण पुन: निर्माण संस्था | काठमाडौं |
| २. | इन्सेक | काठमाडौं |
| ३. | ग्रामीण स्वावलम्बन केन्द्र | काठमाडौं |
| ४. | सिविन | काठमाडौं |
| ५. | विकास आयोजना सेवा केन्द्र | काठमाडौं |

| | | |
|---|---|---|
| ६. | वातावरण तथा कृषि नीति अनुसन्धान केन्द्र | ललितपुर |
| ७. | ए.वी.सी. नेपाल | काठमाडौं |
| ८. | माइती नेपाल | काठमाडौं |
| ९. | कारितास नेपाल | ललितपुर |
| १०. | कम्युनिटि एक्सन नेपाल | काठमाडौं |
| ११. | हिमालयन स्वास्थ्य सेवा | ललितपुर |
| १२. | जनहित संरक्षण मंच | काठमाडौं |
| १३. | पहाडी स्रोत व्यवस्थापन सम | काठमाडौं |
| १४. | एकाडस नेपाल | काठमाडौं |
| १५. | शिक्षाको लागि सामाजिक जागरण (Safe) | बाँके |
| १६. | नारी विकास सङ्घ | मोरङ |
| १७. | दिदी बहिनी | काठमाडौं |
| १८. | सिद्धि स्मृति सेवा केन्द्र | भक्तपुर |
| १९. | कानुनी सहयोग तथा परामर्श केन्द्र | ललितपुर |
| २०. | उत्का नेपाल | सुनसरी |
| २१. | पिछडिएको समाजको लागी शिक्षा | दाङ |
| २२. | साथी | काठमाडौं |
| २३. | दलित सेवा सङ्घ | काठमाडौं |

### ३.४ समुदायको विकासमा गैरसरकारी संस्थाले खेलेको भूमिका

- आज सबै क्षेत्रमा सरकारको पहुँच पुग्न नसकेकोले गैरसरकारी संस्थाहरूको योगदान कतिपय क्षेत्रहरूमा प्रभावकारी भइरहेको छ । ग्रामीण समुदायको विकासको विविध पक्षहरूमध्ये महिला, बालबालिका, वातावरण संरक्षण, मानवअधिकारको क्षेत्रमा सचेतना, पुनर्स्थापना जस्ता आवश्यक कार्यहरूमा गैरसरकारी संस्थाहरूको सहयोगमा बृद्धि भइरहेको छ ।
- जनताको मानव अधिकारसँग सम्बन्धित पक्षहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी पिछडिएको समुदायलाई मानव अधिकारको बारेमा सुसुचित गरी मानव अधिकारको बढावा दिन ठूलो योगदान रहेको छ । देशमा राजनीतिक बन्दी, हिंसात्मक गतिविधि गरी जनताको बाँच्न पाउने अधिकार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरूको उपभोगको लागि अधिकार दिलाउने कार्यमा गैरसरकारी संस्थाको भूमिका महत्वपूर्ण देखिन्छ ।
- सरकार पुग्न नसकेका समुदायमा आज गैरसरकारी संस्था पुगी समुदायको विकासको लागि सामाजिक सेवासँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गरिरहेकोले पनि गै.स.सं. को भूमिका महत्वपूर्ण देखिन्छ ।

- आर्थिक अवस्थामा पछाडि परेका जनताको अवस्थालाई सुधार ल्याउन र चेतनाको विकास गरी आत्मनिर्भर गराउने वातावरण सिर्जना गर्ने गैरसरकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको हुन्छ ।
- पिछडिएको समुदायमा रहेका सामाजिक विकृति र अन्यायको विरूद्धमा जुध्न स्थानीय स्तरमा नै जनचेतना जगाउने र ग्रामीण नेतृत्वको विकास गर्न गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ ।
- ग्रामीण समुदायसम्म पुगी समुदायको दिगो विकासको लागि स्थानीय स्रोत र साधनको अत्याधिक परिचालन गरी विकासप्रति रूचि र सहभागितामा अभिबृद्धि गर्न गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण रहन्छ ।

अन्तरिम योजना (२०६४।०६५-२०६६।०६७) मा गैरसरकारी संस्था

- नेपाल सरकारले गैरसरकारी संस्थाहरूलाई किवासको संवाहक र साझेदारको रूपमा लिइने छ ।

दीर्घकालीन सोच

- राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र नागरिक समाजको भूमिकालाई सुदृढ, मर्यादित र पारदर्शी बनाउँदै तिनीहरूलाई सामाजिक आर्थिक रूपान्तरण तथा समावेशी, न्यायपूर्ण र समृद्ध नयाँ नेपाल निर्माणमा भरपर्दो संवाहक र साझेदारका रूपमा विकास गर्ने ।

उद्देश्य

- आर्थिक तथा सामाजिक विकास प्रक्रियामा राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई साझेदारको रूपमा सक्रिय बनाउने ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको स्रोत साधनको प्रयोगमा पारदर्शिता र प्रभावकारिता ल्याउने ।

रणनीतिहरू

- स्थानीय निकाय तथा जिल्लास्तरका सरकारी कार्यालयहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूमा गैरसरकारी संस्थाहरूको संलग्नता बढाउने र गैर सरकारी संस्याका कार्यक्रमहरूलाई जिल्ला विकास योजना तथा कार्यक्रमसँग अनिवार्य रूपमा आबद्ध गर्ने ।
- गैरसरकारी संस्थाहरू तथा नागरिक समाजका क्रियाकलापलाई पछि परेका क्षेत्र, महिला, जेष्ठ नागरिक, आदिवासी जनजाती, दलित, मधेसी, मुस्लिम, अपाङ्ग, बालबालिकाको सशक्तीकरण, विकास र पुनस्थापनातर्फ बढी निर्दिष्ट गर्ने ।
- राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यप्रणालीलाई पारदर्शी र जनउत्तरदायी बनाउनुका साथै सहजीकरण, सहकार्य, समन्वय र अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने ।

नीति तथा कार्यनीतिहरू

- समाज कल्याण ऐन तथा सङ्घसस्था ऐन पुनरावलोकन गरी समाज कल्याण परिषद्लाई समाज विकास परिषद्को रूपमा सुदृढ गरिनेछ ।
- गैससहरूको तथ्याङ्क अद्यावधिक गरिनेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरूले राष्ट्रिय विकासका क्षेत्रमा पुऱ्याएको योगदानलाई राष्ट्रियरूपमा अभिलेख राख्ने तथा कदर गर्ने परिपाटी बसाइनेछ ।
- विषयगत र कार्यरत भौगोलिक क्षेत्र, स्रोतसाधनको आधारमा संस्थाहरूको वर्गीकरण गरी उपयुक्त क्षेत्रमा अधिकतम उपयोग गर्ने दृष्टिकोण लिई परिचालन गरिनेछ ।
- निजी सम्पत्ति गुठीमा राख्न चाहने गैससहरूलाई प्रोत्साहित गर्न छुट्टै ट्रष्ट ऐन निर्माण गरिनेछ ।
- गैससहरूलाई देशको आीर्थक तथा सामाजिक विकासमा साझेदारको रूपमा प्रोतसाहित गरी उनीहरूको सहभागिता सुनिश्चित गरिनेछ ।
- गैससहरूले हासिल गरेका उपलब्धिलाई दिगो र प्रभावकारी बनाउनका लागि सरकारी क्षेत्र र गैर सरकारी क्षेत्रबीच समन्वय गरी कार्यक्रमहरू बीच पूरक सम्बन्ध स्थापना गरिनेछ ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई जिल्ला, स्थानीय निकाय, गैसस वा अन्य सामुदायिक संस्थाहरूमार्फत् कार्यक्रमहरू सञ्चालन गर्न र स्थानीय योजना प्रक्रियासँग समन्वय गरी काम गर्न अभिप्रेरित गरिनेछ । साथै प्रभावकारी समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने गराउने र त्यसका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ ।
- पेरिस घोषणापत्रबमोजिम अन्तर्राष्ट्रिय गैससका कार्यक्रमलाई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा निर्दिष्ट गर्न सम्बन्धित सरकारी निकाय र अन्तर्राष्ट्रिय गैससहरूको सञ्जालका प्रतिनिधिहरू संलग्न साझा संयन्त्र तयार गरिनेछ ।
- एकद्वार प्रणालीलाई अनिवार्य गर्नुका साथै सहजीकरणलाई प्रभावकारी बनाइनेछ ।
- अन्तराष्ट्रिय गैससहरूको सहयोगमा गैससहरूमार्फत् कार्याक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन गर्ने गाविसहरूको चयन जिविस र सम्बन्धित अन्तर्राष्ट्रिय गैससको संयुक्त सहभागितामा र नगरपालिका क्षेत्रमा सञ्चालन गरिने सहभागितामा गर्ने व्यवस्था मिलाइनेछ ।
- गैससहरूमा पारदर्शिता, जवाफदेहिता तथा जनताको प्रत्यक्ष सहभागिता बढाउने र उनीहरूको संलग्नतामा आचारसंहिता बनाउने तथा पालना गराउने नीति अबलम्बन गरिनेछ ।
- राष्ट्रिय गैससहरूको व्यावसायिक क्षमता अभिबृद्धि गरी तिनीहरूलाई गैरसरकारी क्षेत्रको नेतृत्व लिन र जिम्मेवारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्न सक्षम तुल्याइनेछ ।
- **प्रमुख कार्यक्रमहरू**

नीतिगत, संस्थागत सुधार कार्यक्रम, गैसस सहजीकरण कार्यक्रम, स्थानीय गैसस तथा सामुदायिक संस्थाको क्षमता अभिबृद्धि कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन कार्यक्रम, गैससहरूको

सहभागितामा आचार संहिता तयार गरी कार्यान्वयन गर्ने, गैससहरूका कार्यक्रम र तिनीहरुले पुऱ्याएको योगदानको नियमित समीक्षा गर्ने, वार्षिक रूपमा गैससहरू र उनीहरूको काम कारवाही तथा योगदानबारे प्रतिवेदन प्रकाशित गर्ने, सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रम, प्राथमिकता क्षेत्र आजिविका प्रबर्द्धन कार्यक्रम, सीमान्तकृत समुदायका लागि उदाहरणीय काम गर्ने गैससहरूलाई पुरस्कृत गर्ने, द्वन्द्व रूपान्तरण, शान्ति पुनस्थापना कार्यक्रमजस्ता कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

## ४. आत्ममूल्याङ्कन

१. गैरसरकारी संस्था र सामाजिक क्लवबीच के भिन्नता छ ? फरक छुट्याउनुहोस् ।

| सामाजिक क्लब | गैरसरकारी संस्था |
|---|---|
| १.<br>२. | १.<br>२. |

२. समु[illegible]यको विकासमा सञ्चालित गै.स.स.हरूले खेल्ने भूमिकाको एउटा सूची तयार गर्नुहोस् ।

३. समुदायको विकासको लागि सञ्चालित प्रमुख गै.स.स.को सूची तयार गर्नुहोस् ।

४. मानव अ[illegible]कारको संरक्षणको लागि गैरसरकारी संस्थाले खेलेको भूमिका दुई बुँदामा उल्लेख गर्नुहोस् ।

| | |
|---|---|
| १ | २. |

## ५. [illegible]उपोषण

तपाईंले दिएका उत्तर निम्नानुसार दाँज्नुहोस् :

१. प्रश्न नं १ को उत्तरको लागि विषयप्रवेशको ३.१ र ३.२ सँग दाँज्नुहोस् ।

२. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.३ सँग दाँज्नुहोस् ।

३. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.४ सँग दाँज्नुहोस् ।

## ६. सारांश

- समुदायका युवाहरूको सर्वाङ्गीण विकासका लागि खोलिएका क्लबहरूलाई सामाजिक क्लब भनिन्छ ।

  खेलकुद, म[illegible]न्जनका अतिरिक्त समुदायको चेतना जागरणका विभिन्न कार्यहरू सामाजिक क्लबहरूबाट [illegible]रिन्छ ।

- नाफा हि[illegible] [illegible]नीय सहयोग र सेवाको उद्देश्य लिई सहभागी भएका स्वयम्सेवीहरूको एक [illegible]ूह वा संस्था[illegible] गैरसरकारी संस्था भनिन्छ ।

- नेपालमा गैरस[illegible]का[illegible] संस्थाको सम्वर्द्धन, मूल्याङ्कन र समन्वय गर्ने काम समाज कल्याण प[illegible]षद्को हो ।

- नेपालको पहिले गैरसरकारी संस्था वि.सं. १९८३ मा चन्द्र शमशेरको पालामा खोलेको कामधेनु चर्खा महागुठी हो ।
- हाल नेपालमा करिव २२,६८५ गैरसरकारी संस्थाहरू समाज कल्याण परिषद्मा दर्ता भएका छन् ।
- समुदायको विकासमा संलग्न भएका गैरसरकारी संस्थाहरू, परिवार नियोजन सङ्घ, परोपकार सङ्घ, क्षयरोग निवारण सङ्घ, कुष्ठ रोग निवारण सङ्घ, सिविन, इन्सेक, माइती नेपाल आदि प्रमुख संस्थाहरू हुन् ।
- नेपालमा गै स.स.हरू मुख्य रूपमा ग्रामीण समुदायको विकासको विविध पक्ष, युवाहरूको सेवा तथा महिलाको विकासमा केन्द्रित रहेको पाइन्छ ।
- राज्यले देशको सबै समुदायमा बसोवास गर्ने मानिसहरूको आवश्यकता परिपूर्ति गर्न एक्लो प्रयासले मात्र सम्भव नहुने भएकाले ग्रामीण समुदायको विकासका विविध पक्ष, स्वास्थ सरसफाइ, बालबालिका, महिला, शिक्षा तथा विशेष अपाङ्ग तथा असहाय, पिछडिएका जातजाति वर्गको चेतनामूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउन स्थानीयस्तरको विकासमा जनसहभागिता जुटाउन तथा स्थानीय नेतृत्वको विकासका लागि गैरसरकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको हुन्छ ।

## ७. निर्देशन

तपाईंको गाउँ / समुदायमा विकासको लागि सरकारी र गैरसरकारी संस्थाले केकस्ता कार्यहरू सञ्चालन गर्दै आइरहेका छन् । सरकारको तर्फबाट र गैरसरकारी संस्थाहरू मार्फत् सञ्चालित कार्यक्रमहरूको सबल र कमजोर पक्षहरू पहिचान गरी गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमहरूको महत्वका बारेमा लेख तयार गरी सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

एकाइ : ४

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू

**सक्षमता :** जनताका लागि कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको कामको मूल्याङ्कन गर्न ।

**परिचय**

यस एकाइमा जनताको निमित्त काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायका कामहरूको मूल्याङ्कन समावेश छन् । कुनै पनि राज्य सञ्चालन गर्नका लागि सरकारको स्थापना भएको हुन्छ । राज्यका ३ ओटा अङ्गहरू रहेका छन् । ती कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुन् । राज्यका यी तीनैओटा अङ्गका कार्यहरू फरकफरक छन् । व्यवस्थापिकाले कानुनको निर्माण गर्छ, कार्यपालिकाले ती कानुनको कार्यान्वयन गरेर देश विकासको कार्य गर्छ भने न्यायपालिकाले कानुन संविधानअनुसार बनाइएको छ छैन वा कार्यान्वयन सही ढङ्गबाट भयो वा भएन न्यायाधीकरण गर्ने काम गर्छ । राज्यका यिनै ३ ओटा अङ्गहरूको परिचय, व्यवस्थापिकाको वर्णन र काम, कार्यपालिकाको परिचय र काम तथा न्यायपालिकाको परिचय र काम यस पाठमा उल्लेख गरिएको छ ।

अन्तर्राष्ट्रिय निकाय अन्तर्गत विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संस्था संयुक्त राष्ट्र सङ्घको स्थापनाको आवश्यकता, यसका ६ ओटा प्रमुख अङ्गहरू, उद्देश्य र संयुक्त राष्ट्रसङ्घ अन्तर्गतका प्रमुख संस्थाहरू र तिनले पुऱ्याउँदै आएका सेवाका, क्षेत्रहरू, रेडक्रस र स्काउटको परिचय, स्थापना र कार्यहरू समावेश गरिएका छन् ।

पाठ १

## राष्ट्रिय निकाय

### १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) व्यवस्थापिका संसदको परिचय, गठन, प्रक्रिया र कार्यहरू उल्लेख गर्न,

(ख) संविधान सभाको परिचय, गठन प्रक्रिया र मुख्य कार्यहरु उल्लेख गर्न ।

(ग) कार्यपालिका र न्यायपालिकाको परिचय, गठन प्रक्रिया र मुख्य कार्यहरू बताउन,

### २. पूर्वसिकाइ क्रियाकलाप

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको ज्ञान विद्यार्थीहरूलाई कुनकुन कक्षामा केके कुरामा सिकाउनुपर्दछ । पाठ्यक्रम अध्ययन गर्नुहोस् र तलको खाली ठाउँमा लेख्नुहोस् ।

| कक्षा | सिकाउनुपर्ने विषयप्रवेश |
|---|---|
| १.<br>२. | |

### ३. विषयप्रवेश

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार व्यवस्थापिका, कार्यपालिका तथा न्यायापालिकाको व्यवस्था निम्नानुसार गरिएको छ ।

#### ३.१ व्यवस्थापिका (संसद)

अन्तरिम संविधान, २०६३ अनुसार एक व्यवस्थापिका संसदको व्यवस्था गरिएको छ जसअनुसार नेपालमा एक सदनात्मक व्यवस्थापिका संसद रहनेछ जसमा ३३० सदस्य रहने व्यवस्था छ । व्यवस्थापिका संसदको कार्यकाल संविधान सभाको पहिलो बैठक बसेपछि समाप्त हुनेछ भने यसको सञ्चालन राजनीतिक सहमतिको आधारमा गरिने व्यवस्था संविधानले नै गरेको छ ।

व्यवस्थापिका संसदको सदस्य हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्छ :

- नेपालको नागरिक,
- कम्तिमा पच्चीस वर्ष उमेर पूरा भएको,
- जनआन्दालनको भावनाप्रति प्रतिबद्ध रहेको,
- कुनै लाभको पदधारण नगरेको,
- सभामुख र उपसभामुखको रहने व्यवस्था ।

**विशेषाधिकार**

- यसको वैठकमा पूर्ण वाक स्वतन्त्रता रहनेछ । सो बैठकमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कुनै कारवाही चलाउन सकिने छैन ।
- व्यवस्थापिका संसदलाई आफ्नो आन्तरिक कारवाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ ।
- व्यवस्थापिका संसदको कुनै पनि सदस्यलाई व्यवस्थापिका संसदको अधिवेशन अवधिभर पक्राउ गरिने छैन ।
- व्यवस्थापिका संसदले दिएको अधिकारअन्तर्गत कुनै लिखत प्रतिवेदन मतदानका कारवाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारवाही चलाउन सकिने छैन ।

- व्यवस्थापिका संसदको कुनै पनि काम कारवाहीलाई त्यसको असल नियतबारे शङ्का उठाई कुनै टिकाटिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुराको सम्बन्धमा जानीजानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन वा प्रसारण गरिने छैन ।
- व्यवस्थापिका संसदमा नेपाली काङ्ग्रेस ८५, ने.क.पा. एमाले ८३, नेकपा माओवादी ८३, नेपाली काँग्रेस (प्रजातान्त्रिक) ४८, राष्ट्रिय प्रजातन्त्रपार्टी ६, जनमोर्चा नेपाल ४, नेपाल सद्भावना पार्टी (आनन्ददेवी) ५, नेपाल मजदुर किसान पार्टी ४, संयुक्त वाममोर्चा ३, राष्ट्रिय जनशक्ति पार्टी २ जना, नेपाल सद्भावना पाटी १, जनमोर्चा( आले) २ र जनमोर्चा (केसी) ३ जना संसदहरू सहभागी रहेका थिए ।

व्यवस्थापिका संसदको कार्य

- नीतिहरू निर्माण गर्ने ।
- सरकारलाई निर्देशन दिने ।

संविधान सभा

- अन्तरिम संविधान २०६३ अनुसार संविधान सभाको गठन भइसकेकाले व्यवस्थापिकाको कार्य पनि संविधान सभाले नै गर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानसभाको मुख्य कार्य संविधान बनाउनु भएपनि व्यवस्थापिकाको कार्य पनि यसै सभाले गर्दछ । संविधान सभामा ६०१ सदस्य रहने व्यवस्था रहेको छ जसको गठन निम्नानुसार हुने व्यवस्था छ :-

क) प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली अनुसारको निर्वाचित सदस्य २४० जना

ख) सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मतदिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने सदस्य ३३५ जना

ग) राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनयन हुने सदस्य २६ जना

- संविधानसभाको कार्यकाल संविधानसभाको पहिलो बैठक बसेको मितिले २ वर्षका लागि हुन्छ तर मुलुकमा संकटकालीन स्थितिको घोषण भई संविधान निर्माण गर्ने कार्य पूरा हुन नसकेमा संविधानसभाले थप ६ महिनासम्म कार्यकाल बढाउन सक्छ ।
- २०६४ चैत्र २८ गते भएको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत राजनीतिक दलहरूले प्राप्त गरेको ५७५ सिटसंख्याको विवरण निम्नानुसार रहेको छ ।

## संविधान सभाको निर्वाचन परिणाम

| क्र.सं. | राजनीतिक दल | पहिलो हुने निर्वाचन | | समानुपातिक निर्वाचन | |
|---|---|---|---|---|---|
| | | सीट सङ्ख्या | मतप्रतिशत | सिट सङ्ख्या | मतप्रतिशत |
| १ | ने.क.पा. माओवादी | १२० | ३०.५२ % | १०० | २९.८५ % |
| २ | नेपाली कांग्रेस | ३७ | २२.७९ % | ७३ | २१.७९ % |
| ३ | ने.क.पा. एमाले | ३३ | २१.६३ % | ७० | २०.९० % |
| ४ | मधेसी जनअधिकार फोरम | ३० | ६.१५ % | २२ | ६.५७ % |
| ५ | तराई मधेस लोकतान्त्रिक पार्टी | ९ | ३.३५ % | ११ | ३.२८ % |
| ६ | जनमोर्चा नेपाल | २ | | ५ | १.४९ % |
| ७ | नेपाल मजदुर किसान पार्टी | २ | | २ | ०.६० % |
| ८ | नेपाल सद्भावना पार्टी | ४ | | ५ | १.४९ % |
| ९ | राष्ट्रिय जनमोर्चा | १ | | ३ | ०.९० % |
| १० | चुरेभावर राष्ट्रिय पार्टी | - | | १ | ०.३० % |
| ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी | - | १५.५६४ % | ८ | २.३९ % |
| १२ | राष्ट्रिय जनशक्ति पार्टी | - | | ३ | ०.९० % |
| १३ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | - | | ४ | १.१९ % |
| १४ | नेपाल क. पार्टी (संयुक्त) | - | | ५ | १.४९ % |
| १५ | नेपाल क. पार्टी माले | - | | ८ | २.३९ % |
| १६ | राष्ट्रिय जनमुक्ति पार्टी | - | | २ | ०.६० % |
| १७ | नेपाल क. पार्टी एकिकृत | - | | २ | ०.६० % |
| १८ | नेपाली जनता दल | - | | २ | ०.६० % |
| १९ | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | - | | २ | ०.६० % |
| २० | समाजवादी प्र. जनतापाटी नेपाल | - | | १ | ०.३० % |
| २१ | दलित जनजाति पार्टी | - | | १ | ०.३० % |
| २२ | नेपाल सद्भावना पार्टी ( आनन्दीदेवी) | - | | २ | ०.६० % |
| २३ | नेपाल परिवार दल | - | | १ | ०.३० % |
| २४ | नेपाल लोकतान्त्रिक समाजवादी दल | - | | १ | ०.३० % |
| २५ | नेपाल राष्ट्रिय पार्टी | - | | १ | ०.३० % |
| २६ | स्वतन्त्र | २ | | - | - |
| जम्मा | | २४० | १०० % | ३३५ | १०० % |

## ३.२ कार्यपालिका

- सरकारका तीनओटा अङ्गमध्ये अर्को महत्वपूर्ण अङ्ग कार्यपालिका हो । यसलाई मन्त्रिमण्डल, मन्त्रिपरिषद वा क्याविनेट पनि भन्ने गरिन्छ । देशमा विकासका कार्यहरू सञ्चालन गर्नु, शान्ति सुरक्षा अमनचैन कायम राख्नु जस्ता महत्वपूर्ण कार्यहरू यसले गर्नुपर्ने भएकाले कार्यपालिकाको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ ।
- कार्यपालिकाको मुख्य काम व्यवस्थापिकाले निर्माण गरेका ऐन, कानुन, नियम नीतिलाई देशभरि कार्यान्वयन गर्नु हो । देशमा शान्ति सुरक्षा स्थापना गर्ने देश विकासका कार्यहरू गर्ने, विदेशी राष्ट्रसँग सम्बन्ध राख्ने सन्धि सम्झौता गर्ने, दैनिक प्रशासन चलाउने जस्ता कार्यहरू कार्यपालिकाले गर्दछ । अदालतबाहेक देशभरि रहेका कार्यालयहरू कार्यपालिकाको मातहतमा हुन्छन् ।
- नेपालको कार्यकारीणी अधिकार यो संविधान र अन्य कानुनबमोजिम मन्त्री परिषद्मा निहीत हुनेछ ।
- यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्री परिषद्उपर हुनेछ ।
- राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रीपरिष्दको गठन हुनेछ । सहभागी कायम हुन नसकेकमा व्यवस्थापिका संसदको दुईतिहाइ सदस्यको बहुमतको आधारमा प्रधामन्त्री निर्वाचित हुनेछन् । मन्त्री परिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहनेछन् ।
- प्रधानमन्त्रीले मन्त्री नियुक्ति गर्दा सम्बन्धित दलको सिफारिशमा व्यवस्थापिका संसदको सदस्यहरू मध्येबाट नियुक्ति गर्नुपर्नेछ ।
- नेपाल सरकारको कार्यसञ्चालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृतिअनुरूप गरिने व्यवस्था संविधानले गरेको छ । नेपाल सरकारको सञ्चालनको नीतिगत आधारमा बसी सहभागीबाट तयार गरिएको न्यूनतम साझा कार्यक्रम हुने ।

**कार्यपालिकासम्बन्धी महत्वपूर्ण कुराहरू**

- सरकारका प्रमुख अङ्गमध्ये कार्यपालिका एक हो ।
- व्यवस्थापिकाले तयार पारेका कानुन, ऐन, नियम र अदालतले गरेका निर्णयहरूको कार्यान्वयन कार्यपालिकाले गर्छ ।
- कार्यपालिकाभित्र प्रधानमन्त्री, उपप्रधानमन्त्री, राज्यमन्त्री र सहायकमन्त्री रहन्छन् ।
- देशको दैनिक प्रशासन सञ्चालन गर्ने, शान्ति सुरक्षा कायम राख्ने र विदेशसँग सन्धि सम्झौता गर्ने काम कार्यपालिकाले गर्छ ।

## ३.५ न्यायपालिका

- नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायको भन्दा सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने ।
- नेपालको न्यायपालिकाले स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्य मान्यतालाई अनुसरण गरी लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसाथ गर्दै यस संविधानप्रति पव्रतिबद्ध रहने प्रत्याभूति संविधानले गरेको छ ।
- नेपालमा सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत गरी तीन तहका अदालतको व्यवस्था संविधानले गरेको छ । तर खास किसिम र प्रकतिका मुद्दाको कारवाही र किनारा गर्न कानुनद्वारा अन्य अदालत न्यायिक निकाय न्याधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था संविधानले गरेको छ ।
- त्यसैगरी निर्वाचनसम्बन्धी उजुरी हुने एक संविधान सभा अदालत गठन हुने व्याख्या समेत संविधानले गरेको छ ।
- सरकारको अर्को तेस्रो महत्वपूर्ण अङ्ग न्यायपालिका हो । न्यायपालिकासम्बन्धी अधिकार नेपाल अन्तरिम संविधान र कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ । नेपालमा तीन तहका अदालत छन् ।
  - सर्वोच्च अदालत
  - पुनरावेदन अदालत
  - जिल्ला अदालत
- प्रजातन्त्रको मूल्य मान्यतालाई संरक्षण गर्ने काम न्यायपालिकाले गर्छ । न्यायपालिकाले कसैको प्रभावमा नपरी स्वतन्त्र रूपले कार्य गर्दछ । यसले मौलिक हकको संरक्षण गर्दछ र संवैधानिक उपचारको व्यवस्थासमेत गर्छ । जनतालाई न्याय दिलाउनका लागि कर्तव्य पथमा लैजान, संविधानको रक्षा गर्न तथा राष्ट्रको ऐन नियम विपरित जानेहरूलाई अपराधअनुसार सजाय गर्नु न्यायपालिकाको मुख्य कार्य हो ।
- न्यायपालिकाको माथिल्लो तह सर्वोच्च अदालत हो । सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा चौधजना सम्म अन्य न्यायाधीशहरू रहन्छन् । कुनै समयमा सर्वोच्च अदालतमा मुद्दाको सङ्ख्या बढ्न गएमा र न्यायाधीशहरूको सङ्ख्या अपर्याप्त देखिएमा निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिनेछ ।

- संविधानको अधिनमा रहेर पुनरावेदन तथा जिल्ला अदालत सर्वोच्च अदालतको मातहतमा रहने गरी व्यवस्था गरिएको छ ।
- सर्वोच्च अदालतका प्रधान न्यायाधीशको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा प्रधानमन्त्रीले र अन्य न्यायाधीशहरूको नियुक्ति न्यायपरिषदको सिफारिसमा प्रधान न्यायाधीशले गर्ने व्यवस्था रहेको छ ।

**न्यायपालिकाको कार्यहरूमा**

- सर्वोच्च अदालतको अधिकार क्षेत्र अर्न्तगत मौलिक हकको बन्देज लगाइएका वा कुनै कानुन बाझिएको देखिएमा बदर घोषित गर्ने ।
- मौलिक हकको प्रचलनको लागि संवैधानिक उपचारको व्यवस्था गर्ने ।
- संवैधानिक र कानुनी प्रश्नको निरूपणका लागि उपयुक्त र आवश्यक आदेश जारी गराउने वा विवादको टुङ्गो लगाउने ।
- सर्वोच्च अदालतका विशेष अधिकार क्षेत्रअन्तर्गत बन्दी प्रत्यक्षीकरण परमादेश, उत्प्रेषण, निषेधाज्ञा र अधिकारपृच्छा जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।
- सर्वोच्च अदालत सुरू मुद्दा हेर्ने र पुनरावेदन सुन्ने कार्य पनि गर्छ ।
- सर्वोच्च अदालत कानुनद्वारा तोकिएको अवस्था र शर्तमा आधारमा आफ्नो फैसला वा आदेशको पुनरावलोकन गर्न सक्नेछ ।
- कानुनको व्याख्या पनि सर्वोच्च अदालतले गर्न सक्नेछ ।
- पुनरावेदन सुन्नका लागि पुनरावेदन अदालतको व्यवस्था पनि गरिएको छ ।
- जिल्लाका जनताहरूलाई न्याय सर्वसुलभ होस भनेर हरेक जिल्लामा जिल्ला अदालतको व्यवस्था गरिएको छ ।

## ३.६ न्यायपालिकासम्बन्धी महत्वपूर्ण कुराहरू

- सरकारका प्रमुख अङ्गहरूमा अर्को महत्वपूर्ण अङ्ग न्यायपालिका हो ।
- नेपालको संविधानले ३ तहका न्यायालयको व्यवस्था गरेको छ । सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत ।
- प्रधान न्यायाधीशको नियुक्त संवैधानिक परिषद्को सिफारिशमा प्रधानमन्त्रीले र अन्य न्यायाधीशको नियुक्ति न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले गर्ने व्यवस्था रहेको छ ।
- व्यवस्थापिकाले कानुन निर्माणमा गरेका गल्ती र कार्यपालिकाले कार्यान्वयन गर्दा भए गरेका गल्ती कमजोरी पत्ता लगाई सजायँ दिन र मौलिक हकको संरक्षण गरी कर्तव्य पालन गराउने कार्य न्यायपालिकाको हो ।

## ४. आत्ममूल्याङ्कन

(१) नेपालको व्यवस्थापिकाको कति तह छन् ? लेख्नुहोस् ।

(२) व्यवस्थापिका संसदको कुल सदस्य सङ्ख्या कति छ ? बताउनुहोस् ।

(३) व्यवस्थापिका संसदको कुनै दुईओटा काम लेख्नुहोस् ।

(४) कार्यपालिकाको छोटो परिचय लेख्नुहोस् ।

(५) न्यायपालिकाको तीनओटा मुख्य कामहरू लेख्नुहोस् ।

## ५. पृष्ठपोषण

१ प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.१ को दोस्रो वुलेट अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.१ अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ५ को उत्तरको लागि विषयप्रवेश ३.२ अध्ययन गर्नुहोस् ।

५. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.१ अध्ययन गर्नुहोस् ।

६. प्रश्न नं. ६ को उत्तरको लागि विषयप्रवेशको ३.३ अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यो उप-एकाइअन्तर्गत राष्ट्रिय सङ्गठन पाठको अध्ययनपछि स्रोतव्यक्ति र सम्बन्धित विषयका साहित्यको प्रयोग समेतबाट कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाका कार्यहरू, गठन र तिनै अङ्गका महत्वपूर्ण कुराहरू समावेश गरिएका छन् ।

## ७. निर्देशन

तपाईंले यो पाठ राम्ररी अध्ययन गर्नु भएको छ भने यसै एकाइको अर्को पाठ अन्तर्राष्ट्रिय सङ्गठन अध्ययन गर्नुहोस् । यदि तपाईंले बुझ्नु भएन अस्पष्ट छ भने यो पुनः दोहोऱ्याउनुहोस् र नबुझेका क्रियाकलाप सम्पर्क कक्षामा छलफल गरी स्पष्ट हुनुहोस् ।

पाठ २

# अन्तर्राष्ट्रिय निकायहरू

## १. उद्देश्य

यो पाठ पढिसकेपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) संयुक्त राष्ट्रसङ्घ र त्यसअन्तर्गत कार्यरत विभिन्न सङ्गठनहरूको परिचय दिन,

(ख) रेडक्रसको काम र महत्व बताउन,

(ग) स्काउटको उद्देश्य र भूमिकाको वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) संयुक्त राष्ट्रसङ्घका प्रमुख दुई उद्देश्यहरू केके होलान् अनुभवको आधारमा लेख्नुहोस् ?

१.          २.

(ख) नेपालको विकास कार्यमा रेडक्रसले खेलेको भूमिका सम्झनाको आधारमा एक अनुच्छेद लेख्नुहोस् ।


## ३. विषयप्रवेश

### ३.१ संयुक्त राष्ट्रसङ्घ

- ई. १९१४ देखि सुरू भएर १९१८ मा अन्त भएको प्रथम विश्वयुद्धले र १९३९ मा सुरू भएर १९४५ मा अन्त्य भएको दोस्रो विश्वयुद्धले जनमानसमा उत्पन्न भएको डर, त्रास र अशान्तिलाई हटाई भविष्यमा युद्धको सम्भावनालाई रोक्न तथा विश्वशान्ति तथा भाइचाराका निम्ति १९४५ अक्टोवर २४ मा संयुक्त राष्ट्रसङ्घ नामक विश्व संस्थाको स्थापना भएको हो ।
- सुरूमा संयुक्त राज्य अमेरिकाको सान्फ्रान्सिस्को भन्ने ठाउँमा भेला भएका ५१ राष्ट्रका प्रतिनिधिको बैठक बसी संयुक्त राष्ट्रसङ्घको घोषणा पारित भयो । नेपाल ई. १९५५ देखि यस विश्वसंस्थाको सदस्य रहदै आएको छ । हाल यस संस्थाका सदस्य देशहरू १८९ पुगिसकेका छन् ।



**संयुक्त राष्ट्रसङ्घका प्रमुख अङ्गहरू**




## ३.२ संयुक्त राष्ट्र सङ्घका प्रमुख उद्देश्यहरू

१. विश्वमा शान्ति सुरक्षा कायम गर्नु ।
२. राष्ट्र/राष्ट्रवीच मैत्री सम्बन्ध विकसित गर्नु ।
३. गरिबी, रोग र निरक्षरतालाई संसारबाट हटाउन सबै सदस्य राष्ट्रहरू एकजुट हुनु ।
४. एकअर्काको अधिकार, स्वतन्त्रताको मर्यादा गर्न प्रोत्साहन गर्नु ।
५. राष्ट्रसङ्घका उद्देश्यहरू पूरा गर्नका लागि सम्पूर्ण सदस्य राष्ट्र एकजुट गराउनु आदि रहेका छन् ।

यी उद्देश्यहरू पूरा गर्नका लागि निम्नलिखित विषयवस्तुको अध्ययन गर्नुपर्दछ ।

**महासभा**

महासभाले विश्वमा शान्ति स्थापना, निशस्त्रीकरण, आर्थिक विकास, परमाणु शक्तिको शान्तिपूर्ण उपयोग, सामाजिक प्रगति र मानव अधिकारसम्बन्धी कार्य गर्छ ।

**सुरक्षा परिषद**

यसले विश्वशान्ति कायम गर्ने र नयाँ राष्ट्रलाई सदस्यताको निमित्त सिफारिस गर्ने कार्य गर्छ ।

**सचिवालय**

यसले संयुक्त राष्ट्रसङ्घको महत्वपूर्ण प्रशासनिक कार्य गर्छ ।

**अन्तर्राष्ट्रिय न्यायालय**

कानुनी विषयमा विचार विमर्श गरी निर्णय दिनु यसको प्रमुख कार्य हो ।

**आर्थिक तथा सामाजिक परिषद्**

सदस्य राष्ट्रहरूको आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा टेवा पुऱ्याउने काम आर्थिक तथा सामाजिक परिषदको हो ।

**संरक्षण परिषद**

उपनिवेशकारूपमा रहेका वा भर्खरै स्वतन्त्रता प्राप्त गरेका र राज्य सञ्चालन गर्ने क्षमता बनाई

**३.३ संयुक्त राष्ट्रसङ्घका मुख्य अङ्गबाहेक विभिन्न संस्थाहरू विश्वभर कार्यरत छन् । हाम्रो देशमा पनि यी संस्थाका कार्यालयहरू छन् ।**

| संस्थाको नाम | ती संस्थाले पुऱ्याउँदै आएको सेवाका क्षेत्रहरू |
|---|---|
| १. संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) | १. विभिन्न किसिमका विकास निर्माण आयोजनाहरूका लागि आर्थिक र प्राविधिक सहयोग पुऱ्याउनु । |
| २. शैक्षिक, बैज्ञानिक र सांस्कृतिक सङ्गठन (UNESCO) | २. शैक्षिक, बैज्ञानिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउनु, देश/देश बीच सांस्कृतिक आदानप्रदान गर्नु, शिक्षा विकासका लागि तालिम दिनु । |
| ३. संयुक्त राष्ट्रसङ्घीय बालकोष (UNICEF) | ३. मातृशिशु कल्याण, पोषण, खानेपानी, कपडा, वितरण, निशुल्क प्राथमिक शिक्षाका लागि सहयोग दिनु । |
| ४. विश्व स्वास्थ सङ्गठन (WHO) | ४. स्वास्थ्य क्षेत्रमा आएका समस्याहरूको समाधान गरी स्वास्थ्य सुरक्षा प्रदान गर्नु । |
| ५.अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) | ५. श्रमिकहरूको आर्थिक जीवनस्तर उकास्ने बालमजदूर र अन्य श्रमिकहरूको हकहितमा सहयोग पुऱ्याउनु । |
| ६. विश्व खाद्य सङ्गठन (FAO) | ६. खाद्यान्न उत्पादनमा बृद्धि गर्नु, पौष्टिक आहार कृषि विकास र खाद्य समस्या समाधान गर्न सहयोग पुऱ्याउनु । |
| ७. संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) | ७. जनसङ्ख्यासम्बन्धी समस्या निराकरण गर्नु र जनसङ्ख्यासम्बन्धी विविध समस्याहरूमा सघाउनु । |

## ३.४ संयुक्त राष्ट्र सङ्घसम्बन्धी महत्वपूर्ण कुरा

<u>संयुक्त राष्ट्रसङ्घ किन ?</u>

- युद्धको विनाशबाट आगामी पुस्तालाई बचाउन ।
- मूलभूत मानवअधिकार, व्यक्तिको सम्मान र महान् पुरूष तथा महिला र ठूला तथा साना राष्ट्रहरूको समान अधिकार माथिको विश्वासमा जोड दिन ।
- न्याय र अन्तर्राष्ट्रिय कानुनहरूको सम्मान गर्न ।
- बढी स्वतन्त्र वातावरणमा सामाजिक प्रगति र प्रवर्द्धन गर्न ।

<u>कसरी ?</u>

- सहिष्णुता, शान्ति र असल छिमेकीको रूपमा शान्तिपूर्वकसँगै बाँचेर ।
- अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न हाम्रो क्षमतालाई एकीकृत गरेर ।
- सामूहिक हितका लागि बाहेक सशस्त्र शक्तिको प्रयोग नगरी, सिद्धान्त र संस्थाको पालना गरेर ।
- विश्वका सबै जनताको सामाजिक सम्मुन्नति प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय संस्था एवम् प्रावधानहरूको परिचालन गरेर ।

## ३.५ रेडक्रस

### ड्यूना र रेडक्रसको स्थापना

अन्तर्राष्ट्रिय रेडक्रस अभियानका संस्थापक जाँ हेनरी ड्युनाको जन्म सन् १८२८ को मे ८ तारिखका दिन स्वीट्जरल्याण्डको जेनेभामा भएको थियो । उनी व्यापारको सिलसिलमा सन् १८५९ को जून महिनामा इटालीको सेल्फेरिनो पुगेका बेला इटाली, फ्रान्स र अष्ट्रियाबीच लडाइँ भइरहेको थियो । त्यस लडाइँमा चालिसहजारभन्दा बढी सैनिकहरू घाइते भएका वा मरेका थिए । युद्धको भयानक दृश्य देखी ड्यूनाले घाइतेहरूलाई तत्कालै सहयोग पुऱ्याए । सल्फेरिनोको यस दुःखद् दृश्यबाट प्रभावित भएर उनले सन् १८६२ मा फ्रेञ्च भाषमा "सल्फेरिनोको सम्झना" नामक पुस्तक लेखे, जसमा उनले रणभूमिको यथार्थ वर्णन गर्नुका अतिरिक्त युद्धको समयमा सेनालाई चिकित्सा सेवा अपर्याप्त हुने भएकाले घाइतेहरूको उद्धारका लागि हरेक देशमा स्वयम्सेवी उद्धारसंस्था स्थापना हुनुपर्ने र यसका लागि एउटा अन्तर्राष्ट्रिय सम्झौता हुनुपर्ने सुझाव दिए । पुस्तकले धेरै मानिसको मनमा राम्रो प्रभाव पाऱ्यो । उनको विचारसँग सहमत हुने स्वीट्जरल्याण्डका अरू चारजना गुस्ताफ मोनिएर, जनरल जी.एच. ड्यूफो, डा. लुई अप्पिया र डा. थियोडोरजस्ता सहयोगीसँग मिलेर ड्यूनाले सन् १८६३ मा "घाइतेहरूको सहयोगका निम्ति अन्तर्राष्ट्रिय समिति" (International Committee for relief to the wounded) स्थापना गरे । सन् १८७५ देखि यही समितिलाई नै रेडक्रसको अन्तर्राष्ट्रिय समिति नामाकरण गरियो ।

- यसको झण्डामा सेतो पृष्ठभूमिमा रातो क्रस चिह्न हुन्छ । इस्लाम राष्ट्रहरूमा रेडक्रस सोसाइटीलाई रातो अर्धचन्द्र र इजराइलमा रातो तारा भनिन्छ ।
- इ.सं १८६४ मा जेनेभामा १२ देशका मानिसहरू भेला भएर एक सम्झौता गरे । जुन सम्झौता जेनेभा सम्झौताको नामले प्रख्यात छ । जेनेभा सम्झौताअनुसार घाइते फौज र रेडक्रसका स्वयम्सेवकमाथि आक्रमण नगर्ने कुरामा सहमति जनाए ।
- यस्तो महान काम गरेवापत जाँ हेनरी ड्यूनालाई १९०१ ई मा नोवेल शान्ति पुरस्कारबाट सम्मानित गरियो । यिनको देहान्त इ.सं १९१० मा भयो ।
- दया, प्रेम, माया, ममता, स्नेह, करूणा, सहानुभूति, समवेदना जस्ता सुन्दर भावनाहरू पनि मान्छेकै मनभित्र छन् र रिस राग द्वेष, इर्ष्या, स्वार्थ असहिष्णुता जस्ता दुर्गुणहरू पनि मानवकै मनभित्र छन् । रेडक्रसको सम्बन्ध सुन्दर भावना, असल गुणहरू र दैवी

प्रवृत्तिसँग छ तर मान्छेको मनभित्रका अवगुणहरूसँग भने यसको कति पनि सम्बन्ध छैन ।

| रेडक्रस भनेको मानवको मनभित्र रहेको असल भावना हो । |
|---|

- मान्छेको मनमा अरूको भलाइ गर्ने रहर फरकफरक समयमा र फरकफरक ठाउँमा उठ्छन् । फरकफरक समय र फरकफरक ठाउँमा उठेका यस्ता रहरहरूले अरूको भलाई गर्ने सानातिना काम त गर्न सकिन्छ । तर एक थुकी सुकी सय थुकि नदी, भने जस्तै यस्ता रहरहरूलाई एकै ठाउँमा संगालेर खोलो बनाउन सक्ने होभने ठूला /ठूला कामहरू गर्न सकिन्छ । हेनरी ड्यूनाले यही काम गरेका थिए । यिनले रेडक्रस जस्तो संस्थालाई जन्म दिएर मान्छेभित्रका असल भावनालाई एकै ठाँउमा प्रकट हुन सक्ने संस्थागत बाटो दिएका हुन् ।

| रेडक्रस भनेको मान्छेका मनभित्र रहेका असल भावनाहरूको संस्थागत अभिव्यक्ति हो । |
|---|

- रेडक्रसका आधारभूत सिद्धान्तहरू केके हुन् ?

(१) मानवता (२) निष्पक्षता (३) तटस्थता
(४) स्वतन्त्रता (५) ऐच्छिक सेवा (६) एकता
(७) विश्व व्यापकता

**नेपालमा रेडक्रस सोसाइटी**

विश्वमा रेडक्रस अभियान प्रारम्भ भएको एकसय वर्षपछि वि.सं. २०२० साल भदौ १९ गते तद्अनुनुसार सन् १९६३ सेप्टेम्बर ४ तारिखका दिन नेपाल रेडक्रस सोसाइटीको स्थापना भएको हो । कुनै पनि राष्ट्रमा सोसाइटी स्थापना हुनुअघि त्यस देशको सरकारले सन् १९४९ को जेनेभा महासन्धिहरूमा हस्ताक्षर गरेको हुनुपर्दछ । वि.सं. २०२० साल माघ २४ गते नेपालको सरकारले जेनेभा महासन्धिहरू अनुमोदन गरेपश्चात् २०२१ साल असोजमा नेपाल रेडक्रस सोसाइटीलाई आई.सि.आर.सि .तथा फेडरेशनले क्रमशः मान्यता र सदस्यता प्रदान गरे ।

रेडक्रस अभियानको एक अङ्गको रूपमा नेपाल रेडक्रस सोसाइटीले पनि अभियानका सात आधारभूत सिद्धान्तहरूलाई आधार बनाएर देहायबमोजिम दूरगामी लक्ष्य र उद्देश्यबमोजिम देशभरि मानवीय सेवाका गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

**दूरगामी लक्ष्य (Mission)**

संस्थाको सङ्गठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवम् गैरसरकारी सङ्गठनहरूसँग सम्पर्क स्थापनाका साथै सामुदायिक सहभागिता र स्वयम्सेवकहरूको अधिकतम परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्ने र संकटभीमुखता कम गर्ने नेपाल रेडक्रस सोसाइटीको दूरगामी लक्ष्य हुनेछ ।

**उद्देश्य**

धर्म, वर्ण, लिङ्ग, वर्ग, जातजाति, भाषा, राष्ट्रियता वा राजनीतिक विचारधाराको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा क मगर्न प्रयास गर्ने नेपाल रेडक्रसको उद्देश्य हुनेछ ।

### प्रमुख कार्यक्रमहरू तथा गतिविधिहरू

प्रारम्भमा तिब्बती शरणार्थीहरूका लागि राहतकार्यबाट आफ्नो सेवा सुरू गरेको नेपाल रेडक्रस सोसाइटीले चारओटा मुख्य कार्यक्षेत्रहरूमा लक्षित कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गरिरहेको छ । ती हुन् :

(क) रेडक्रसका आधारभूत सिद्धान्त तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचारप्रसार एवम् मानवीय मूल्यको प्रवर्द्धन जस्तै : सूचना तथा संचार रेडक्रस अभियान, आधारभूत सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचारप्रसार, मानवीय मूल्यको प्रवर्द्धन ।

(ख) प्रकोप व्यवस्थापन जस्तै : प्रकोप पूर्वतयारी र न्यूनीकरण, प्रकोप उद्धार / राहत सेवा, पुनःस्थापन कार्यक्रम, खोजखबर (Tracing) सेवा, सशस्त्र द्वन्द्व प्रभावितहरूको लागि राहत कार्यक्रम ।

(ग) स्वास्थ्य सेवा तथा सामुदायिक विकास जस्तै : रक्त सञ्चार सेवा, एम्बुलेन्स सेवा, आँखा उपचार कार्यक्रम/शिविर, एचआईभी /एड्स तथा प्रजनन स्वास्थ्य सामुदायिक विकास परियोजना, खानेपानी तथा सरसफाइ, प्राथमिक उपचार आदि ।

(घ) सङ्गठन विकास जस्तैः सङ्गठन विकास, विस्तार तथा वैधानिक कार्यहरू, स्वयम्सेवक व्यवस्थापन, जुनियर युवा सङ्गठन तथा विकास, महिला विकास कार्यक्रम र मानवीय तथा आर्थिक स्रोत विकास एवम् परिचालन ।

यी सबै कार्यक्रमहरूबाट वार्षिक करिब १४ लाख जनसङ्ख्या लाभान्वित हुने गरेका छन् ।

### सदस्यता

नेपाल रेडक्रस सोसाइटीको प्रमुख आधार भनेको यसका सदस्य एवम् स्वयम्सेवकहरू हुन् । रेडक्रमसका आधारभूत सिद्धान्तहरूप्रति आस्थावान हुने हरेक व्यक्तिलाई नेपाल रेडक्रसको विधानबमोजिम यसको सदस्यता सदा खुला छ ।

२०६२ असार मसान्तसम्म नेपाल रेडक्रस सोसाइटीका ७५ जिल्लामा शाखाहरू र ती जिल्ला शाखाहरूअन्तर्गत १,०२२ उपशाखा, २२६ सहयोग समिति र ४,०२० जुनियर तथा युवा सर्कलहरू छन् । सोसाइटीअन्तर्गत २०६२ असार मसान्तसमम जम्मा ९,०९,५०४ सदस्यहरू रहेका छन्, जसमा जुनियर तथा युवा सदस्य सङ्ख्या ७,९०,२८८ छ ।

### रेडक्रस चिह्न



#### रेडक्रस चिह्न

युद्धको समयमा सैनिक चिकित्सा सेवामा आइपर्ने समस्या समाधानको उपाय पत्ता लगाउने उद्देश्यले सन् १८६३ मा स्वीट्जरल्याण्डको जेनेभामा एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरियो । सो सम्मेलनबाट सेतो पृष्ठभूमिमा रातो धन चिह्न (रेडक्रस) लाई विशेष चिह्नको रूपमा घाइते सैनिकहरूको राहत कार्यमा संलग्न सोसाइटीहरूले प्रयोग गर्ने गरी ग्रहण गरियो । सन् १८६४ को प्रथम जेनेभा महासन्धिले रेडक्रस चिह्नलाई विशेष चिह्नको रूपमा आधिकारिक मान्यता दिएको हो ।

**चिह्नको रक्षात्मक प्रयोग (ठूलो आकारमा)**

युद्धको समयमा जेनेभा महासन्धिले प्रदान गरेको सुरक्षाको प्रत्यक्ष रूपमा प्रतिनिधित्व गर्नु यस चिह्नको प्रमुख उद्देश्य हो । युद्धरत सैनिकहरूलाई यसले सम्मान र स्वनियन्त्रणको भावना जगाउँदछ । सैनिक चिकित्सा एकाइ, रेडक्रस अभियानका स्वयम्सेवकहरू, सेवा वा यससम्बन्धी वस्तुहरू र साधनहरूमा रेडक्रस तथा रेडक्रिसेन्ट चिह्न सुरक्षात्मक उपायको लागि प्रयोग हुन्छ ।

**सङ्केतात्मक प्रयोग (सानो आकारमा)**

सानो आकारको सङ्केतात्मक चिह्नबाट अंकित व्यक्ति वा वस्तु अन्तर्राष्ट्रिय रेडक्रस तथा रेक्रिसेन्ट अभियानसँग आवद्ध छन् भनी देखाउन सङ्केतात्मक रूपमा प्रयोग गरिन्छ । प्रतित चिह्नले ती निकायहरूमा रेडक्रस अभियानका आधारभूत सिद्धान्तको अधीनमा रहेको कुरा पनि स्मरण गराउँछ ।

## ३.६ स्काउट

### १. परिचय

**स्काउट स्वयम्सेवी संस्था हो । स्काउट गैरराजनीतिक संस्था हो । यसले सबै जातजाति, भाषाभाषी र धर्मावलम्बीहरूलाई समेट्न सक्दछ । स्काउटसँग सम्बन्धित व्यक्तिहरू राष्ट्रप्रति पूर्ण बफादार हुन्छन् । प्रत्येक व्यक्तिलाई आफ्नो जीवनभर आवश्यक पर्ने व्यावहारिक ज्ञान प्राप्त गर्ने शिक्षा दिन नियमित रूपमा निरन्तर सञ्चालन भइरहने तालिम स्काउटिङभित्र छ । यसका साथै स्काउटको आफ्नै खास नियम प्रतिज्ञा एवम् सिद्धान्त छन् जुन प्रत्येक स्काउट सदस्यले पालना गर्नुपर्दछ । स्काउटमा व्यक्तिलाई जीवनमा आवश्यक पर्ने विविध विषयको ज्ञान हासिल गराइन्छ । उसले प्राप्त गरेको ज्ञानबाट अरूलाई आवश्यक सहयोग गर्ने सीपको विकास गराउन सहयोग पुऱ्याउँछ । स्काउटले आफूले सिकेका विषयवस्तुबाट ऊ अर्को स्वस्थ र ऑटिलो दक्ष भई आत्मविकासका साथै सहयोगी भई एक आदर्श राष्ट्रसेवकका रूपमा आफूलाई प्रस्तुत गर्न सक्षम हुन्छ ।**

**पृष्ठभूमि**

स्काउटका जन्मदाता रोवर्ट बाडेनपावेल (Robert Baden Powell) थिए । यिनी बेलायती सैनिक थिए । यिनी धेरै समय दक्षिण अफ्रिकामा भएको माफेकिङ्ग (Mafeking) को युद्धमा संलग्न भएका थिए । यिनले कैयौं सप्ताहसम्म अन्न र विरामीको कुनै वास्ता नगरी युद्धभूमिमा कार्यरत रहेर युद्ध सञ्चालन गरेका थिए । यसबाट यिनको प्रसिद्धि निकै फैलिएको थियो । २९ जुलाई १९०७ मा बेलायतको पोल हार्वरमा यिनले पहिलो पटक स्काउट क्याम्पको आयोजना गरेका थिए । पछि केटा र केटीहरूको लागि अलग अलग रूपमा स्काउट गठन गरिएको छ । जसलाई स्काउटिङ फर ब्याइज र स्काउटिङ फर गर्ल पनि भनिन्छ ।

- जन्मदाता : रोवर्ट वाडेन पावेल
- देश : बेलायत
- स्थापना : सन् १९०७ जुलाई २९
- नेपालमा : वि.सं. २००९ आषाढ ५
- स्काउटिङ एक अन्तर्राष्ट्रिय सङ्गठन



वाडेन पावेल

**स्काउट कार्यक्रमका सिद्धान्तहरू (Principles of scout programme)**

स्काउट कार्यक्रम तीन बृहत् सिद्धान्तमा आधारित छ । तिनै सिद्धान्तले स्काउट कार्यक्रमको आधारभूत नियम तथा विश्वासको प्रतिनिधित्व गर्दछन् । यी सिद्धान्त यसप्रकार छन् :

**(१) ईश्वरप्रति कर्तव्य (Duty to god)**

प्रत्येक बालबालिकाहरूलाई आध्यात्मिक सिद्धान्तसित गाँसिएर, ती आध्यात्मिक सिद्धान्तको स्रोत ती धर्मप्रति बफादार तथा तीबाट उपज भएका कर्तव्यहरूप्रति सचेत भएर मानिसभन्दा माथिको शक्तिसम्बन्धी अवधारणा स्काउट कार्यक्रमको आधार रहेको छ । यस कार्यक्रमको सम्पूर्ण शैक्षिक उपायमा युवायुवती तथा किशोरकिशोरीहरूलाई भौतिक विश्वलाई माथ गरी आध्यात्मिक मूल्यहरू खोज्न प्रोत्साहन दिनु रहेको छ ।

**(२) अरूप्रति कर्तव्य (Duty to others)**

यस सिद्धान्तबाट स्काउट कार्यक्रमले बालबालिका, किशोरकिशोरी र युवायुवतीहरूमा राष्ट्रियताको भावनाको विकास गर्दा होशियार हुनुपर्दछ । संकीर्ण भावना जुन भावना अर्थात् आफ्नै राष्ट्रमा मात्र सीमित हुन्छ र यसरी अरूसित गरिने अवसरमा इर्ष्या र शत्रुतालाई प्रोत्साहित गर्दछ हाम्रो राष्ट्रिय भावना विस्तृत र उच्च किसिमको हुनुपर्दछ । जसले अरूहरूको न्याय र युक्तिगत दावीहरूलाई मान्यता दिन्छ र जसले हाम्रो राष्ट्रलाई विश्वका अरू अन्य राष्ट्रहरूसित मित्रतातिर अगुवाई गर्दछ । यसका लागि पहिलो कदम हो हाम्रा महिला र पुरूष युवाहरूलाई आफ्नो जीवनमा व्यावहारिक रूपमा प्रयोग गर्न सक्ने गरी तालिम दिएर आफ्नै देशभित्र शान्ति र सद्भावनाको विकास गर्नु । यसैगरी राष्ट्र, वर्ग वा सम्प्रदायबीचको द्वेषको अस्तित्त्व नै मेटियोस् र त्यसपछि यो सद्भावना हाम्रा सिमानादेखि बाहिर रहेका हाम्रा छिमेकी राष्ट्रहरूसम्म व्यापक बनाउन स्काउट कार्यक्रमको शुरूवातदेखि नै विभिन्न राष्ट्रहरूका किशोरकिशोरी र युवावर्गमा भातृत्व तथा समझदारीको विकासलाई अत्यन्त महत्त्वपूर्ण स्थान दिइएको छ । युवाहरूका विविध अन्तर्राष्ट्रिय जमघट यी उद्देश्य प्राप्तिका निमित्त गरिएको सबैभन्दा प्रत्यक्ष रूपमा देखिने उपाय हुन् ।

**(३) आफूप्रति कर्तव्य (Duty to self)**

"आफ्नो व्यक्तित्व विकास गर्ने दायित्व"सम्बन्धी सवालमा स्काउट कार्यक्रम ईश्वरप्रति तथा अरूप्रति कर्तव्यका सिद्धान्तमा मात्र आधारित नभई मानिसले आफ्नो क्षमताको विकास गर्न आफूले दायित्व

लिनुपर्दछ भन्ने सिद्धान्तमा पनि आधारित छ । यस सिद्धान्त स्काउट कार्यक्रमको शैक्षिक उद्देश्यसित पूर्ण रूपमा मेल खान्छ । यसको उद्देश्य किशोरकिशोरी तथा युवायुवतीहरूको क्षमताको विकासमा सहयोग गर्नु हो जुन प्रक्रियालाई व्यक्तित्वको आत्मविकास पनि भन्दछन् । यसका लागि स्काउट नियम र प्रतिज्ञाप्रति सदा निष्ठावान् रहन विभिन्न कार्यक्रमद्वारा प्रेरित गरिन्छ ।

**स्काउटका दस नियमहरू**

(१) स्काउट विश्वास योग्य हुन्छ । अरूको विश्वास जित्नुमा नै स्काउटले गर्व गर्दछ ।

(२) स्काउट देशप्रति, आफूभन्दा ठूलाप्रति, साथीभाइ, आमाबुवा आदिप्रति भक्त हुन्छ ।

(३) स्काउट उपयोगी र सहयोगी हुन्छ । स्काउटले सदैव अरूका लागि उपयोगी हुने र सहयोगी हुने कार्य गर्दछ ।

(४) स्काउट सबैको मित्र हुन्छ र परस्परमा भातृत्व र भगिनित्व कायम राख्दछ । जातभात, रङ्ग, धर्म र वर्ग नछुट्याई ऊ सबैप्रति मित्रसरह हुन्छ ।

(५) स्काउट विनम्र हुन्छ ।

(६) स्काउट प्राणीप्रति दयालु हुन्छ । पशुपङ्क्षी एवम् प्राणी मात्रामा दयालु भावना राख्दछ ।

(७) स्काउट अनुशासित हुन्छ ।

(८) स्काउट बहादुर हुन्छ र सँधैं प्रसन्न रहन्छ । आपतकालीन अवस्थामा पनि धैर्यताका साथ सकारात्मक भावना लिई कार्यमा लाग्दछ ।

(९) स्काउट मितव्ययी हुन्छ । तर आवश्यक पर्दा हिरा पनि फोर्न तयार हुन्छ ।

(१०) स्काउट सँधैं मन, वचन र कर्ममा पवित्र रहन्छ ।

**स्काउट प्रतिज्ञा**

स्काउटका तीन प्रतिज्ञा हुन्छन् ।

म ....... आत्मा साक्षी राखी आफ्नो मर्यादामा प्रतिज्ञा गर्दछु कि सकभर

(१) राष्ट्र र सत्य/निष्ठा/ ईश्वर/धर्मप्रति आफ्नो कर्तव्य पालन गर्दछु ।

(२) सँधैं परोपकार गर्दछु ।

(३) सँधै स्काउट नियम पालन गर्दछु ।

**स्काउट र नेपालमा यसको प्रवेश**

बेलायतका कुशल सैनिक कमाण्डरका रूपमा संलग्न भएका बेडेन पावेलले किशोरहरूलाई पनि भविष्यका सुयोग्य, अनुशासित, सच्चरित्रवान् एवम् राष्ट्रप्रति वफादार र कर्तव्यनिष्ठ नागरिक तयार गर्ने अभियानका रूपमा सन् १९०७ मा स्काउटको स्थापना गर्नुभएको हो । "युवाशक्ति भनेका राष्ट्र विकासका मूल आधार हुन्" भन्ने सर्वमान्य सिद्धान्तलाई आत्मसात गरी बेडेन पावेलले बेलायतबाट शुरू

गर्नुभएको स्काउटिङ शिक्षा किशोर किशोरीहरूको सर्वाङ्गीण विकासका आधारका रूपमा स्वीकृत भई विभिन्न मुलुकमा क्रमशः फैलिन थाल्यो । नेपालमा २००९ साल आषाढ ५ गते नेपाल स्काउटको विधिवत् स्थापना भएको हो ।

**नेपाल स्काउटको उद्देश्य**

(क) विश्व स्काउटद्वारा सिद्धान्त, मान्यता र भावनासँग नेपाल अधिराज्यको बालबालिका तथा युवावर्गलाई परिचित गराउँदै बालबालिका तथा युवावर्गलाई जनसेवी बनाउने,

(ख) बालबालिका तथा युवावर्गलाई नेपाल स्काउटको माध्यमद्वारा कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी, चरित्रवान तथा सुयोग्य नागरिक बनाउने,

(ग) दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार तथा सहायता कार्यक्रममा नेपाल स्काउटलाई परिचालन गर्न गराउने,

(घ) सामुदायिक सेवा तथा जनहितसम्बन्धी कार्य गर्ने गराउने ।

(ङ) प्राथमिक उपचारको साथै घर, विद्यालय, समुदायको सरसफाइ कार्यमा सक्रिय सहयोग गर्ने ।

(च) समुदायमा सामाजिकसम्बन्ध कायम गर्ने र प्रत्येक शारीरिक, बौद्धिक क्षेत्रमा काम गर्न सक्रिय

विश्व स्काउटको सिद्धान्तअनुरूप नेपाली बालबालिका एवम् युवावर्गलाई जनसेवी कर्तव्यपरायण अनुशासित, स्वावलम्बी, चरित्रवान् र योग्य नागरिक बनाउने र दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूलाई सहायता गर्नाको साथै सामुदायिक र जनहित कार्य गर्ने नेपाल स्काउटको उद्देश्य रहेको छ ।

**नेपाल स्काउटबाट भए गरेका मुख्यमुख्य कार्यहरू :**

- विभिन्न कारणले गर्दा विगत केही वर्षयता स्काउट सङ्ख्यामा केही कमी देखिएको छ तापनि वर्तमान परिस्थितिमा राज्यका ५३ जिल्लामा स्काउट क्रियाकलाप सक्रिय रूपमा सञ्चालन भइरहेका छन् ।
- स्काउट शिक्षाको माध्यमबाट हाल ७९७ महिला, १०११ पुरूष स्काउट शिक्षक/शिक्षिका (स्काउट)बाट आ-आफ्नो विद्यालयमा अध्यापनको दायित्व पूरा गर्दै पूर्ण स्वयम्सेवी रूपले बालबालिका तथा युवायुवतीहरूको चौतर्फी विकासका लागि स्काउट शिक्षा प्रदान गर्दै आइरहेका छन् ।
- भक्तपुरमा खानेपानी, ललितपुरमा सिलाइबुनाइ, काठमाडौंमा साक्षरता, कास्कीमा सरसफाइ, धनकुटामा वृक्षारोपण, सिराहामा मत्स्यपालन, झापामा बेतबाँस र राज्यका करिब ४० जिल्लाहरूमा खानेपानी, प्रौढ शिक्षा, सिलाइबुनाइ तालिम र सौर्य चुल्होजस्ता कार्यक्रमहरू सञ्चालन भइरहेको छ ।
- राज्यभरि नै मेला, राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवस एवम् पर्वहरूमा स्काउटहरूबाट सेवा प्रदान भइरहेका छन् ।
- नेपाल स्काउटको स्रोतले भ्याएसम्म विभिन्न जिल्लाहरूका विद्यालयमा कार्यरत शिक्षक

शिक्षिकाहरूका लागि स्काउट मास्टर तालिम सञ्चालन गर्दै आइरहेको छ ।

## ४. आत्ममूल्याङ्कन

(१) संयुक्त राष्ट्रसङ्घको स्थापना र नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य कहिले भएको हो ? लेख्नुहोस् ।

(२) नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य कहिलेदेखि भएको हो ? उल्लेख गर्नुहोस् ।

(३) संयुक्त राष्ट्रसङ्घका प्रमुख अङ्गहरूको नाम लेख्नुहोस् ।

(४) संयुक्त राष्ट्रसङ्घका ३ ओटा प्रमुख उद्देश्यहरू लेख्नुहोस् ।

१.

२.

३.

(५) नेपालमा कार्यरत संयुक्त राष्ट्रसङ्घअन्तर्गत चारओटा संस्थाको नाम लेख्नुहोस् ।

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |

(६) रेडक्रसको स्थापना कहिले भएको हो ?

(७) स्काउटको स्थापना कहिले भएको हो ? लेख्नुहोस् ।

## ५. पृष्ठपोषण

(१) प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशका ३.१ को पहिलो बुलेट अध्ययन गर्नुहोस् ।

(२) प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशका ३.१ को दोस्रो बुलेट अध्ययन गर्नुहोस् ।

(३) प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशका ३.१ को तेस्रो बुलेट अध्ययन गर्नुहोस् ।

(४) प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशका ३.२ अध्ययन गर्नुहोस् ।

(५) प्रश्न नं. ५ को उत्तरको लागि विषयप्रवेशका ३.३ अध्ययन गर्नुहोस् ।

(६) प्रश्न नं. ६ को उत्तरको लागि विषयप्रवेशका ३.५ अध्ययन गर्नुहोस् ।

(७) प्रश्न नं. ७ को उत्तरको लागि विषयप्रवेशका ३.६ अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यस उप-एकाइमा सं.रा.सं.को परिचय, प्रमुख अङ्गहरू संयुक्त राष्ट्रसङ्घको मुख्य उद्देश्य, कार्यहरू, सं.रा.सं अन्तर्गत कार्यरत संस्थाहरू र तिनका काम विभिन्न अन्य अन्तर्राष्ट्रिय संस्थाहरू (रेडक्रस, स्काउट) को परिचय, आधारभूत सिद्धान्त र तिनीहरूको भूमिकासम्बन्धी विषयप्रवेश समावेश गरी ती संस्थाले नेपालमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । यसबाट कक्षाशिक्षण गर्ने शिक्षकनिम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कक्षा ५ का विद्यार्थीहरूलाई संयुक्त राष्ट्र सङ्घ र यसका मुख्य कार्यहरू बारे बताउन ।

(ख) पाठ्यक्रममा निदिष्ट मुख्यमुख्य सामाजिक संस्थाहरूको काम बताउन भन्ने सिकाइउपलब्धि हासिल गर्न समेत सघाउ पुऱ्याई थप ज्ञान र अभिबृद्धि प्राप्त गर्न समेत मदत पुऱ्याउँनेछ ।

## ७. निर्देशन

स्थानीय तथा क्षेत्रीयस्तरमा सामुदायिक सङ्घसंस्थाहरूको सक्दो उपयोग गर्न केके गर्नुपर्छ, संस्थाहरूको नाम, गर्दै आएको कामको सूची तयारपारी सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

एकाइ : ५

# मानवअधिकार संरक्षण

**सक्षमता:** सामाजिक समस्या र मुद्दाहरूमा मानव अधिकारका पक्षहरूको पहिचान र व्याख्या गर्न ।

**परिचय**

यस एकाइमा सामाजिक समस्या र मुद्दाको रूपमा रहेका बालअधिकार, महिला अधिकार, अपाङ्ग र सुविधाविहीन समूह, चेलिबेटी बेचबिखन र लागू पदार्थको सेवन, एचआइभि /एड्स जस्ता विषयमा चर्चा गरिएको छ ।

प्रजातन्त्रको आधारस्तम्भ भनेकै मानव अधिकार हो ! प्रजातन्त्रको आदर्श मूल्य मान्यताअनुरूप मानिसलाई कुनै पनि बहानामा भेदभाव गर्न पाइँदैन । त्यही मानव अधिकारको पहिचान, यसको सुरूआत, मानवअधिकारको विश्वव्यापी घोषणा, बालअधिकारको परिचय, बालबचावट, संरक्षण तथा विकाससम्बन्धी, घोषणापत्र र विश्वको आधा जनसङ्ख्या ओगटेको महिला अधिकारको परिचय, लैङ्गिक समानता र महिला सशक्तीकरण, महिला अधिकारसम्बन्धी संवैधानिक व्यवस्था र महिला अधिकारको संरक्षण र कार्यान्वयनमा टेवा पुऱ्याइरहेका संस्थाहरूको चर्चा पनि यस एकाइमा उल्लेख गरिएको छ । समाजमा विकृतिको रूपमा रहेका चेलिबेटी बेचबिखन, लागू पदार्थको सेवन र एचआइभि/ एड्स जस्ता मानव अधिकारको हनन हुने खालका विषयहरूको समेत चर्चा गरिएको छ । यसबाट शिक्षकलाई मानव अधिकारको पहिचान गरी शिक्षण गर्नमा सहयोग पुऱ्याउँछ ।

पाठ १

## बालअधिकारको संरक्षण

### १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) मानवअधिकार के हो भन्ने कुरा बताउन,

(ख) बालअधिकारको परिचय दिन,

(ग) बालअधिकारको संरक्षण गर्ने तरिकाको वर्णन गर्न ।

### २. पूर्वसिकाइ क्रियाकलाप

कक्षा ४ को मेरो देश पाठ्यपुस्तकको पाठ १५, पाठ्यक्रमको कुन सिकाइउपलब्धिहरू पूरा गर्न तयार गरिएको हो पत्ता लगाउनुहोस् ।

## ३. विषयप्रवेश

### ३.१ परिचय

- मानव अधिकारको उत्पत्ति पनि मानव जातिको उत्पत्तिसँगै भएको हो तापनि के कति अधिकार हुनुपर्ने हो भन्ने कुरा विवादास्पद विषय भएको छ । सत्रौं शताब्दीको सुरूसम्म मानव अधिकार के हो र यसअन्तर्गत मानव जातिका कुनकुन कुरालाई समावेश गर्न सकिन्छ भन्ने परिकल्पना भएको पाइँदैन । १७ औं शताब्दीको अन्ततिर विभिन्न दार्शनिकहरूले मानव अधिकारसम्बन्धी आ-आफ्ना विचारहरू प्रस्तुत गर्न थाले । जोन लक (John Locke) ले मानिसका प्राकृतिक अधिकारहरूमा जीवन, स्वाधीनता र सम्पत्तिको अधिकारमा जोड दिए । त्यसैगरी थोमस जेफरसन (Thomas Jefferson) ले "मानिसहरू जन्मदा समान रूपले जन्मेका छन् र सृष्टिले उनीहरूलाई खास किसिमको अपरिहार्य अधिकारहरूले सम्पन्न गराएको छ जुन जीवन स्वतन्त्रता र सुखको अनुशरण प्रमुख हुन्" भने ।
- प्रजातन्त्रको आधारस्तम्भमध्ये मानवअधिकार एक महत्वपूर्ण आधार हो । प्रजातन्त्रको आदर्श मूल्य र मान्यताअनुरूप कुनै पनि मानिसलाई जात, जाति भाषा, धर्म, वर्ण लिङ्ग, पेसाको आधारमा भेदभाव गर्न नपाइने कुरा स्वत: सिद्ध छ । वास्तवमा मानव अधिकार भनेको मानवलाई पूर्ण मानव भएर बाँच्न आवश्यक जेजति अधिकार पर्छन्, ती सबै मानव अधिकार हुन् । अन्तरिम संविधान २०६३ ले नेपालमा पनि मानव अधिकार र त्यसैसँग अभिन्न अङ्गको रूपमा रहेका बाल-अधिकार र महिला-अधिकार जस्ता विषयलाई निश्चितता प्रदान गर्न विशेष व्यवस्था गर्न सकिने प्रावधान राखेको छ । संविधानले निश्चितता प्रदान गरे तापनि उल्लेखित अधिकार प्रयोग र संरक्षणमा थुप्रै समस्याहरू एवम् चुनौतीहरू विद्यमान रहेको कुरालाई भने अस्वीकार गर्न सकिँदैन । त्यसैले वर्तमान समयमा पनि हाम्रा सामाजिक समस्या तथा मुद्दाहरूको रूपमा रहेका त्यस्ता मौलिक अधिकारको बारेमा यस एकाइमा छलफल गर्ने प्रयास गरिएको छ ।

### ३.२ मानवअधिकारको विश्वव्यापी घोषणा

मानवअधिकारको सिद्धान्तमा रूसो (Rousseau) र जोन लकको प्राकृतिक अधिकारको सिद्धान्तबाट आएको हो ।

- मानवअधिकारले समाजका सबै सदस्यहरूलाई उनीहरू मानव प्राणी वा मौलिक व्यक्ति भएका कारणले कानुनमा जे उल्लेख भएपनि मौलिकअधिकार हुन्छ भन्ने कुरा मान्दछ ।
- मानवअधिकार जीवनलाई मानव जीवन योग्य बनाउनका लागि आवश्यक अन्तर्निहित क्षमता, लक्षण र सम्पत्तिको सुरक्षा गर्नका लागि गरिएका हुन् ।
- मानिसका केही मौलिक अधिकारहरू अपरिहार्य, प्राकृतिक र नैसर्गिक हुन्छन् । ती अधिकारहरू गाँस, बाँस, कपडा, स्वास्थ्य, शिक्षा, विचार अभिव्यक्त गर्ने स्वतन्त्रता, सभा सम्मेलन गर्ने, धर्म मान्ने, घुमफिर गर्ने, छापाखाना तथा सरकारमा सहभागिताको स्वतन्त्रता । यसरी मानव प्राणीलाई कुनै एउटा राज्यको नागरिकको हैसियतबाट होइन केवल मानव प्राणी भएकै कारणले प्राप्त हुने अधिकारलाई नै नैसर्गिक अधिकार भनिएको हो ।

### ३.३ मानव अधिकारसम्बन्धी विचार सबभन्दा पहिले कहाँबाट आयो ?

- यसको सुरूआत भूतपूर्व अमेरिकी राष्ट्रपति फ्रयंङ्कलिन डि रूजवेल्टकी पत्नी इलेनोर रूजवेल्टको प्रयासबाट भएको थियो । यिनी उच्च विचारकी थिइन् र यिनको विचारबाट राष्ट्रपति रूजवेल्ट पनि प्रभावित भएका थिए । यसैको फलस्वरूप १० डिसेम्बर १९४८ मा संयुक्त राष्ट्रसङ्घको (सं.रा.सं.) साधारणसभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो । नेपालले पनि मानवअधिकारको विश्वव्यापी उक्त घोषणापत्रमा प्रतिवद्धता व्यक्त गऱ्यो ।
- सं.रा.सं. को विश्वव्यापी घोषणा पत्रमा ३० ओटा धाराहरू (Articles) छन्, ती सबै धारा मानवअधिकारको सम्बन्धमा महत्वपूर्ण छन् ।
- यसको धारा १ ले सबै मानिस जन्मदा स्वतन्त्र जन्मेका छन् । सबैको इज्जत र अधिकार समान छ र सबैले एकअर्कासँग मैत्री भावको साथ व्यवहार गर्नु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।
- अन्य धाराहरूले जातजाति, धर्म, वर्ग, लिङ्ग, राजनीति, विरोधी विचार, सम्पत्ति, राष्ट्रियता, सामाजिक पृष्ठभूमि वा अन्य स्थितिको आधारमा वा कसैलाई दास बनाउन, मानिसको किनबेच गर्न, आफूले गरेको अपराधको निम्ति अदालतमा भनाइ राख्न जथाभावी थुनछेक वा देश निष्काशन गर्न, कसैलाई भेदभावपूर्ण ढङ्गबाट कानुनले संरक्षण दिन वा कानुनबाट बञ्चित गर्न नपाइने, महिला तथा बालबालिकाको स्वास्थ्य तथा शिक्षामा विशेष ध्यान दिनुपर्ने कुराहरू उल्लेख गरिएको छ ।
- नेपालले माथि उल्लेख गरिएका र संयुक्त राष्ट्रसङ्घको मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा १ देखि ३० सम्म उल्लेख भएका विषयहरूमा सन्धि तथा अनुबन्ध र अभिसन्धिहरूमा सहमति तथा हस्ताक्षर गरेर मानव अधिकारप्रति आफ्नो प्रतिवद्धता जाहेर गरिसकेको छ । ती अधिकारहरू निम्न प्रकारका छन् :

  १. मानव अधिकारको विश्वव्यापी घोषणा
  २. नागरिक तथा राजनीतिक अधिकारको विश्वव्यापी घोषणापत्र ।
  ३. आर्थिक, सामाजिक र राजनीतिक अधिकारबारे अन्तर्राष्ट्रिय अनुबन्ध (पर्याप्त, जीवनस्तरको अधिकार, सबैका लागि शिक्षाको अधिकार, इच्छानुसार काम गर्न पाउने अधिकार, व्यावसायिक सङ्गठन स्थापना र सदस्य, उचित र अनुकूल कामका सर्त उपभोग गर्न पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, सांस्कृतिक गतिविधिमा भाग लिन पाउने अधिकार, जात जाति, लिङ्ग, धर्म, वर्ण, इत्यादिको आधारमा सबै अधिकार प्राप्त गर्ने अधिकार)
  ४. महिलाहरूको राजनीतिक अधिकार अभिसन्धि ।
  ५. यातना तथा कुर, अमानवीय; अपमानजनक व्यवहार र सजायँ विरूद्धको अभिसन्धि ।
  ६. महिलाविरूद्ध सबै प्रकारको भेदभावको अन्त्य, बालबालिकाका लागि अधिकारसम्बन्धी अभिसन्धि ।
  ७. बालबालिकाका लागि अधिकारसम्बन्धी अभिसन्धि ।

८. आत्महत्यासम्बन्धी अपराधको निराकरण ।

९. खेलकुदमा रङ्गभेद विरूद्ध अभिसन्धि ।

१०. दासत्व अभिसन्धिलाई संशोधन गर्ने, २५ सेप्टेम्बर १९५३ को उपलेख ।

११. दासत्व, दासव्यापार र दासत्व सरहका संस्था तथा प्रचलन उन्मूलनसम्बन्धी सहायक अभिसन्धि ।

## ३.४ बालअधिकार

### परिचय

"विश्वका बालबालिकाहरू निर्दोष, दुर्वल, परआश्रित छन् । तिनीहरू उत्सुक क्रियाशील तथा आशाले भरिपूर्ण छन् । तिनको यो समय आनन्द र शान्तिमा र खेलकुदमा सिक्न तथा बढ्न र हुर्कनमा बित्नुपर्दछ । मेलमिलाप र सरसहयोगको वातावरणमा तिनीहरूको भविष्यको रूपरेखा तयार हुनुपर्दछ । दृष्टि फराकिलो पार्दै र नयाँ नयाँ अनुभवहरू सँगाल्दै जाँदा तिनीहरूको जीवन परिपक्व हुँदै जानुपर्दछ ।" यी कुराहरू बालबालिकाको बचावट संरक्षण तथा विकासम्बन्धी विश्व घोषणापत्रमा उल्लेख छन् ।

### हाँक

- संसारका बालबालिकाको स्थिति यो भन्दा धेरै फरक छ । प्रत्येक दिन संसारभरि असङ्ख्य बालबालिकाहरू त्यस्ता खतराहरूको बीचमा रहन्छन् जसले तिनीहरूको बृद्धि र विकासमा बाधा पुऱ्याउँछ । युद्ध र हिंसाबाट हताहत भएर, जातीय भेदभाव, रङ्गभेद, अतिक्रमण, विदेशी आधिपत्य, मुलुकको विलयनको सिकार भएर आफ्ना घर र पैत्रिक थलोहरू त्याग्न वाध्य छन् ।
- प्रत्येक दिन दशौंलाख बालबालिकाले दरिद्रता र आर्थिक संकटको कारणबाट, भोक र घरबारविहीन अवस्थाबाट, महामारी, निरक्षरता तथा वातावरणको विनाशबाट दुःख कष्ट झेल्ने गरेका छन् ।
- प्रत्येक दिन ४०,००० भन्दा बढी बालबालिकाहरू कुपोषण, सफा पिउनेपानीको अभाव, सरसफाइको अभाव, लागूपदार्थसम्बन्धी समस्या र एड्सजस्ता रोगहरूबाट मर्ने गरेका छन् । यी बिषयहरूमा गरिब तथा विकासोन्मुख मुलुकहरू अझ आक्रान्त हुनपुगेका छन् ।
- बालअधिकार वास्तवमा बालबालिका माथि हुने वेवास्ता, दुरूपयोग र शोषण विरूद्ध उनीहरूको बचावट, संरक्षण र विकाससँग सम्बन्धित छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले पनि बालअधिकारलाई मानव अङ्गको अभिन्न अङ्ग भएको उल्लेख गरेको छ ।

### बाल बचावट संरक्षण तथा विकाससम्बन्धी विश्व घोषणापत्र

- सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसङ्घ महासभाले बालअधिकारसम्बन्धी महासन्धि पारित गऱ्यो । उक्त सम्मेलनमा पारित प्रस्तावअनुसार विश्वका सम्पूर्ण बालबालिकाहरू

(गर्भमा रहेकादेखि १८ वर्ष उमेर पुगेकासम्म) आफ्नो नाम र राष्ट्रियताको अधिकारको साथै परिवारबाट कुनै हेरविचार, विनाभेदभाव सबै बालबालिकाले जन्मने वित्तिकै आमाको काखमा रहेर स्तनपान गर्न र आमा बाबुसँग संरक्षित बसोबास पाउनुपर्छ, स्वास्थ्य उपचार, पोषण, दीर्घजीवन, पाउनुपर्छ, उचित किसिमको शिक्षा दीक्षा पाउनुपर्दछ भन्ने कुरादेखि लिएर विशेष अप्ठ्यारोमा परेका बालबालिकाको संरक्षण हुनुपर्दछ भन्ने कुरामा बालअधिकारसम्बन्धी महासन्धिले जोड दिएको छ ।

- शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार हो । कम्तीमा पनि प्राथमिकस्तरसम्मको शिक्षा अनिवार्य र निःशुल्क गराउनु राज्यको दायित्व हो । विद्यालयमा अनुशासन कायम राख्दा बालबालिकाको मानवीय मर्यादा प्रतिविम्बित हुनुपर्दछ । अल्पसङ्ख्यक समुदायका बालबालिकाहरूले आफ्नो संस्कृति मान्न पाउने, आफ्नो धर्म मान्न र आफ्नो भाषा प्रयोग गर्न पाउने, आराम गर्ने, खेल्ने तथा सांस्कृतिक र कलात्मक गतिविधिमा भाग लिन पाउने, स्वास्थ्य शिक्षा वा विकासमा हानी पुग्ने प्रकारका काममा बालबालिकाहरूलाई लगाउन नपाइने कुरा पनि यस सन्धिमा उल्लेख छ ।
- यसैगरी लागूपदार्थको प्रयोगबाट संरक्षण पाउन, यसको उत्पादन एवम् वितरणमा संलग्न गराउने कामबाट जोगिन पाउने, वेश्यावृत्ति, अश्लील चलचित्रमा संलग्नता, यौनशोषण र दुर्व्यवहार, यातना, क्रुर व्यवहार, अपहरण, मृत्युदण्ड जस्ता विषय पनि यस महासन्धिले समेटेको छ ।
- नेपालले पनि सन् १९९० मा बालअधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर गरी प्रतिवद्धता जाहेर गरिसकेको छ ।

**अन्तरिम संविधान २०६३ले बालबालिकाको हक भनि निम्नानुसार व्यवस्था गरेको :**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिइनेछ ।

४. असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबलिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

५. कुनै पनि नाबालकलाई कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन ।

## ३.५ विश्व घोषणापत्र


बालबालिकाको बचावट, संरक्षण तथा विकाससम्बन्धी विश्व घोषणापत्रको कार्यान्वयन गर्ने कार्ययोजना (बाल बचावट, संरक्षण तथा विकासको निम्ति ठोस कार्यहरू) :

- बाल अधिकारसम्बन्धी संविदा
- बालस्वास्थ्य
- भोजन र पोषण
- महिलाकोभूमिका मातृ स्वास्थ्य तथा परिवार नियोजन
- परिवारको भूमिका
- आधारभूत शिक्षा तथा साक्षरता
- विशेष अप्ठ्यारो परिस्थितिका बालबालिकाहरू
- सशस्त्र द्वन्द्वको अवधिमा बाल संरक्षण
- बालबालिका र वातावरण
- दरिद्रता घटाउने कार्य र आर्थिक बृद्धिदरमा पूर्ण क्रियाशीलता

३.६ संयुक्त राष्ट्रसङ्घ साधारण सभाको बालबालिकाका लागि विशेष बैठकबाट पारित दस्तावेजमा बालबालिकाको लागि सुहाउँदो संसार निर्माण गरौ भन्दै निम्नलिखित आह्वान गरिएको छ :

- बालबालिकालाई अग्रपङ्क्तिमा राखौं ।
- गरिबी उन्मूलन गरौं, बालबालिकामा लगानी गरौं ।
- कुनै पनि बालबालिकालाई पछि नपारौं ।
- हरेक बालबालिकाको हेरचाह गरौं । हरेक बालबालिकालाई शिक्षा प्रदान गरौं ।
- बालबालिकालाई हानी र शोषणबाट संरक्षण गरौं ।
- बालबालिकालाई युद्धबाट संरक्षण गरौं ।
- एच, आई,भी /एड्स विरूद्ध लडौं ।
- बालबालिकाको आवाजलाई सुनौं र उनीहरूको सहभागिताको ग्यारेन्टी गरौं ।
- बालबालिकाको लागि पृथ्वीको संरक्षण गरौं ।
- देशका बालबालिकाको संरक्षण गर्न धेरै घण्टा उद्योग कलकारखानामा काम गर्नुपर्ने समस्याबाट छुटकारा दिन धेरै नेपाली सङ्घसंस्थाहरू कार्यरत छन् तापनि हाम्रो देशमा बालबालिकाको अधिकार संरक्षण गरी मुक्ति दिलाउनु धेरै जटिल समस्या रहेको छ । किनभने ती बालबालिकाले गरिबीको कारण काममा लाग्नुपर्ने र कामबाट प्राप्त ज्यालाबाट जीवन धान्नुपर्ने, साथै बालबालिकालाई काममा लगाए थोरै ज्याला दिए पुग्ने भएकाले उद्योगहरूले पनि प्राथमिकता दिन्छन् ।
- नेपालले बालबालिकाको संरक्षणका लागि वि.सं. २०४९ मा बालअधिकारसम्बन्धी कानुन निर्माण गरिसकेको छ ।
- विश्वमा आज २५ करोड भन्दा बढी बालबालिकाहरूले दिनहुँ धेरै घण्टासम्म काम गर्छन् तर ज्याला भनेको थोरै पाउँछन् ।
- नेपालमा १० लाख भन्दा बढी बालबालिकाहरू बाल मजदुरहरूको रूपमा कार्यरत छन् ।
- सङ्क्षेपमा भन्दा १९८९ मा पारित बालअधिकारसम्बन्धी महासन्धिले निम्न कुराहरूमा जोड दिएको छ । बालबालिकाको विशेष स्याहार र सहयोग

- बालविकास र कल्याणकारी कार्य, बालविकासका लागि आवश्यक पर्ने प्राकृतिक वातावरण
- बालबालिका जन्मेपछि आवश्यक पर्ने कानुनी र अन्य सुरक्षा
- बालबालिकाको भावना तथा मूल्य र मान्यताप्रति आदर
- बालअधिकार साकार पार्नमा अन्तर्राष्ट्रिय सहयोगको भूमिका



बालअधिकारसम्बन्धी महासन्धिमा भेदभावरहित बालबालिकाको सर्वाङ्गीण हित, दीर्घजीवन र विकास, बालबालिकाको विचार भावनाको कदर गर्ने जस्ता आधारभूत सिद्धान्तलाई समावेश गरिएको छ ।

**१. भेदभावरहित**

महासन्धिको धारा दुईले सबै बालबालिकाहरूलाई भेदभाव तथा पक्षपातविना सम्पूर्ण अधिकारहरू उपलब्ध गराउनुपर्दछ । कुनै पनि बालबालिकालाई निजको वा उसको बाबुआमा, अभिभावकको जाति, रङ, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारहरू, राष्ट्रिय जानीय वा सामाजिक उत्पत्तिसम्बन्धी अशक्तता, जन्म वा अन्य हैसियतका आधारमा भेदभाव नगरी समान रूपमा सम्मान गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ ।

**२. बालबालिकाको सर्वोत्तम हित**

महासन्धिको धारा ३ मा बालबालिकाहरूको निमित्त गरिने प्रत्येक कार्यहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्दछ । सार्वजनिक तथा कल्याणकारी सस्थाहरू अदालत, प्रशासनिक निकाय र विद्यार्थीलगायत सबैले बालबालिकासँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्दछ ।

**३. दीर्घ जीवन र विकास**

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालबालिकाको दीर्घजीवन र विकासका निमित्त राज्यले बढीभन्दा बढी प्रयास गर्नुपर्दछ भन्ने व्यवस्था धारा ५ मा उल्लेख गरेको छ ।

**४. बालबालिकाको विचार र भावनाको कदर**

महासन्धिको धारा १२ ले बालबालिकाहरूसँग सम्बन्धित विषयमा उनीहरूको आफ्नो उमेर र परिचयअनुसार उचित मान्यता पनि दिइनुपर्दछ भन्ने कुरा उल्लेख गरेको छ । बालबालिकालाई यस समाजको एक अभिन्न अङ्ग मानी सहभागी गराइनुपर्दछ भन्ने व्यवस्थासमेत यसले गरेको छ ।

महासन्धिमा उल्लिखित बालअधिकार निम्नानुसार रहेका छन् :

**१. बाँच्न पाउने अधिकार**

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुन गर्भवती महिलाको विशेष स्याहारलगायत बालबालिकाको सुरक्षित जन्म हुनुपर्दछ । जन्मेपछि पौष्टिक आहार र आवास, स्वास्थ्य, वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचारलगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ ।

**२. संरक्षण पाउने अधिकार**

प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुर्व्यवहार अपहेलना उत्पीडन एवम् हानिकारक काम तथा युद्धमा संलग्न हुनुपर्ने स्थिति ओसारपसार तथा बेचबिखन र बाबुआमाबाट अलगिनु पर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनुपर्दछ । अपाङ्ग तथा अन्यायमा परेका बालबालिकाका निमित्त विशेष व्यवस्था हुनुपर्दछ । सम्पूर्ण बालबालिकाहरूलाई कानुनी संरक्षण प्राप्त हुनुपर्दछ ।

**३. विकास गर्ने अधिकार**

स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरन्जन खेल र आराम गर्ने बाबुआमाको समान माया ममता पाउने, उचित स्वास्थोपचारलगायतका उचित जीवनस्तरका निमित्त चाहिने एवम् बालबालिकाको शारीरिक, मानिसक, नैतिक तथा सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरू प्राप्त गर्ने अधिकार प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो ।

**४. सहभागी हुने अधिकार**

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति र निर्णयहरूमा आफ्नो कुरा सुनुवाई गर्ने र सो विचारको कदर गरिनुपर्ने, रचनात्मक कार्य सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विनारोकतोक र विनाभेदभाव सहभागी हुन पाउने, अवस्थाअनुसारको धर्ममा संलग्न हुने, कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न सङ्घसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू सबै बालबालिकाले पाउनुपर्दछ ।

**बालअधिकारको संरक्षण र विकासका लागि सरकारका कार्यक्रमहरू**

- महिला मन्त्रालयमा बालबालिकाको हकहित सम्वर्द्धन गर्न बालबालिका मन्त्रालयको व्यवस्था ।
- बालबालिकासम्बन्धी राष्ट्रिय कानुनका आधारमा केन्द्रीय तथा जिल्लाबाट कल्याण समितिको गठन र बालइजलासको व्यवस्था ।
- बालबालिकाको संरक्षण तथा पुनर्स्थापनाका लागि संस्थागत विकास
- जनचेतना अभिवृद्धिका कार्यक्रमहरू
- जन्मदर्तामा वृद्धि तथा बालविवाहमा कमी

- भिटामिन ए, पोलियो तथा खोप कार्यक्रम
- प्राथमिक विद्यालय पौष्टिक आहार कार्यक्रम
- बालमजदुरहरू नराख्ने ऐननियमको व्यवस्था
- सबैका लागि शिक्षा कार्यक्रम सञ्चालन
- बालअस्पतालको सञ्चालन
- बालबालिकाहरूको बेचबिखनविवरूद्ध विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन
- विभिन्न छात्रवृत्ति तथा पोसाक वितरण (शिक्षाका लागि)

**बालबालिकाको संरक्षण र विकासमा शिक्षकको भूमिका**

- बालसहभागिताको लागि प्रोत्साहन गर्नुपर्दछ ।
- सिर्जनशीलता
- बालबालिकाको आत्मविश्वासमा वृद्धि गर्नुपर्दछ ।
- सिक्ने सिकाउने शैली (स्तर, क्षमता, आवश्यकता)
- भेदभावरहिन
- शोषण, दुर्व्यवहारविहीन (पिट्ने, होहल्ला, गाली गर्ने)
- बालबालिकाको आवश्यकतालाई प्राथमिकता
- अपाङ्ग तथा कमजोर बालबालिकालाई विशेष ध्यान
- अनुशासन र सजाय
- सञ्चारमा ध्यान दिनुपर्दछ (आवाजको ताल, अनुहारको आकृति, हाउभाउ, हाँसो ठट्टा, आँखाको हेराइ, बसाइ)

## ४. आत्ममूल्याङ्कन

१. मानव अधिकारको विषयहरू केके हुन सक्छन्, कुनै चारओटाको सूची बनाउनुहोस् ।

| | |
|---|---|
| १ | २. |

२. नेपालले प्रतिवद्धता जाहेर गरेको संयुक्त राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी घोषणा पत्रको कुनै चारओटा अधिकारहरूको सूची बनाउनुहोस् ।

| | |
|---|---|
| १. | २. |

३. संसारमा बालबालिकाका चुनौतीहरू केके हुन् टिपोट गर्नुहोस् ।

| |
|---|
| |

४. बालबालिकाको बचावट, संरक्षण तथा विकासको निम्ति विश्व घोषणा पत्रको कार्यान्वयन योजनाको सूची तयार गर्नुहोस् ।

५. संयुक्त राष्ट्रसङ्घको बालबालिकाको लागि सुहाउँदो संसार निर्माण गरौं भनी आव्हान गरिएका बुँदाहरूको टिपोट गर्नुहोस् ।

६. १९८९ मा संयुक्त राष्ट्रसङ्घको बालअधिकार महासन्धिले पारित गरेका विषयमा सार सङ्क्षेप उल्लेख गर्नुहोस् ।

## ५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेश ३.१. को पहिलो, दोस्रो अनुच्छेद र ३.२ को मानव अधिकारको विश्वव्यापी घोषणा अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेश ३.३ को मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको पाँचौं बुलेट अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेश ३.४ अन्तर्गत बालअधिकारको हाँक अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को उत्तरको लागि बालबचावट संरक्षण तथा विकाससम्बन्धी विषयप्रवेशको ३.५ विश्व घोषणा अध्ययन गर्नुहोस् ।

५. प्रश्न नं. ५ को उत्तरको लागि विषयप्रवेशको ३.६ अध्ययन गर्नुहोस् ।

६. प्रश्न नं. ६ को उत्तरको लागि विषयप्रवेशको ३.६ को अन्तिम अनुच्छेद अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- मानव अधिकार भनेको मानवलाई पूर्ण मानव भएर जीवनयापन गर्न आवश्यक जे जति अधिकार आवश्यक पर्दछन् । ती सबै मानव अधिकार हुन् ।
- मानव अधिकारको सुरूवात मानवसँगै भएतापनि यसको बिचारको सुरूवात भने जोन लकले प्राकृतिक अधिकारहरू जीवन, स्वाधीनता र सम्पतिको अधिकारमा जोड दिएपछि भएको मानिन्छ ।
- मानव अधिकार संरक्षणसम्बन्धी विचार पूर्व अमेरिकी राष्ट्रपति फ्रयाङ्कलिन डि रूजवेल्टकी पत्नी इलेनोर रूजवेल्टको प्रयासबाट भएको मानिन्छ र यसैको फलस्वरूप १० डिसेम्बर, १९४८ मा संयुक्त राष्ट्र सङ्घको महासभाले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा जारी गऱ्यो ।
- बालबालिकाहरूको जीवन आनन्दमा, शान्तिमा, खेलकुदमा, सिक्न तथा बढ्न र हुर्कनमा बित्नुपर्दछ । यो बाल अधिकारको महत्वपूर्ण भाग हो । संसारमा बालबालिकाका थुप्रै चुनौतीहरू छन् ।

- संयुक्त राष्ट्र सङ्घले सन् १९८९ मा पारित बाल अधिकारसम्बन्धी महासन्धि पारित गऱ्यो । नेपालले १९९० मा यस महासन्धिमा हस्ताक्षर गऱ्यो ।
- सन् १९८९ मा पारित बाल अधिकारसम्बन्धी महासन्धिले बालबालिकाको विशेष स्याहार र सहयोग, कल्याणकारी कार्य, बालविकासको लागि आवश्यक पर्ने प्राकृतिक वातावरण, बालबालिकाको लागि आवश्यक पर्ने कानुन र सुरक्षा, उनीहरूको भावना, मूल्य, मान्यताको कदर जस्ता विषयमा जोड दिएको छ ।

## ७. निर्देशन

(क) तपाईंको समुदायमा मानवअधिकार हनन भएमा कुनै व्यक्ति हुन सक्छन् त्यस्ता व्यक्तिसँग सोधेर मानव अधिकार हनन भएका सम्बन्धमा एक प्रतिवेदन तयार गरी सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

(ख) सन् १९८९ को बाल-अधिकारसम्बन्धी सम्मेलनले कुनकुन कुरामा जोड दिएको छ सूची बनाई स्रोत व्यक्तिसँग जचाउँनुहोस् ।

पाठ २

# महिलाअधिकार (महिलाविरूद्ध सबै प्रकारका भेदभाव उन्मूलन)

## १. उद्देश्य

यो पाठको अन्तमा तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) महिलाअधिकारको परिचय दिन,

(ख) लैङ्गिक समानता र महिला सशक्तीकरणको आवश्यकता बारे व्याख्या गर्न,

(ग) नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाअधिकारबारे गरेको संबैधानिक व्यवस्थाको वर्णन गर्न,

(घ) नेपालमा महिला अधिकारको संरक्षण र कार्यान्वयनमा टेवा पुऱ्याइरहेका संस्थाहरूको सूची बनाउन,

(ङ) चेलीबेटी बेचविखनको कारण पत्ता लगाउन, बेचबिखनको रोकथाम गर्न अपनाउने उपायहरू बताउन ।

## २. पूर्वसिकाइ क्रियाकलाप

आफ्नो स्थानीय समुदायमा महिला शिक्षाको अवस्था कस्तो छ ? पुरूषको अवस्था कस्तो छ ? दाँजेर एक अनुच्छेद लेख्नुहोस् ।

## ३. विषयप्रवेश

### ३.१ परिचय

मानवअधिकारको अर्को पाटो भनेको आधा आकाश ओगटेका महिला-अधिकार पनि हो ।

- स्तरीय तथा महत्वपूर्ण कार्यमा महिलाको संलग्नता ज्यादै कम छ । उनीहरूले उन्नति गर्न पर्याप्त मौका पाएका छैन र अगाडि बढ्न समेत प्रोत्साहित गरिदैंन ।
- नेपालमा महिलाहरूलाई पछि पार्न एवम् कमजोर तुल्याउनमा हाम्रा कतिपय अव्यावहारिक परम्परागत मूल्य, मान्यता र संस्कार जिम्मेवार छन् ।
- आमा शिक्षित छन् भने उनका बालबच्चा शिक्षित र स्वस्थ हुन्छन् ।
- शिक्षित महिलाले घरबाहिर पनि आयआर्जन गरेर पर्याप्त उन्नति गर्न सक्छिन् ।

### ३.२ महिला अधिकार

महिला अधिकार पनि मानवअधिकारको एक अभिन्न अङ्ग हो ।

- पुरूषसरह महिलाहरूलाई पनि समानरूपले आर्थिक सामाजिक, नागरिक, राजनीतिक एवम् सांस्कृतिक अधिकार प्रदान गरी लिङ्गको आधारमा कुनै पनि प्रकारले विभेदको अन्त्य गरी समान अधिकार एवम् समान अवसर पनि प्रदान गर्नु महिला अधिकार हो ।

- महिला अधिकारका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घद्वारा सन् १९९१ मा पारित महिला विरूद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलन गर्ने महासन्धिले महिलाहरूको अधिकार स्थापित गराउने कार्यमा एक महत्वपूर्ण आधार भएको छ । यो महासन्धिमा नेपालले पनि आफ्नो प्रतिवद्धता जाहेर गरिसकेको छ । यस महासन्धिले महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गरी महिला र पुरूषबीच समानता कायम गर्ने मुख्य उद्देश्य लिएको छ ।

- यस महासन्धिका मुख्य धाराहरू यसप्रकार छन् ।
  धारा - ६, बेचविखन तथा यौनशोषण विरूद्धको अधिकार ।
  धारा - ७, सार्वजनिक र राजनीतिक जीवनमा महिलाको सहभागिताको अधिकार
  धारा - ९, राष्ट्रियतासम्बन्धी अधिकार
  धारा - १०, शिक्षासम्बन्धी अधिकार ।
  धारा - ११, रोजगारीको अधिकार
  धारा - १२, स्वास्थ्यसम्बन्धी अधिकार
  धारा - १३, आर्थिक तथा पारिवारिक अधिकार
  धारा - १४, ग्रामीण महिलाको अधिकार
  धारा - १५, विवाह तथा परिवारको समान अधिकार

## ३.३ लैङ्गिक समानता र महिला सशक्तीकरण

- लैङ्गिक असमानता के हो ?
  मानिस जन्मैले भिन्नभिन्न जैविक गुण लिएर जन्मेको हुन्छ । जन्मैदेखि निश्चित भएर आएको प्राकृतिक लिङ्गअनुसार महिला र पुरूषबीच स्वभाविक जैविक भिन्नताहरू बन्दछन् । उमेर बढ्दै जाँदा महिलाहरूमा स्तनको विकास हुन्छ भने पुरूषमा दाह्रीजुंगा आउँछन् । आमाको गर्भमा रहँदा प्रकृतिले एउटै प्रक्रिया र वातावरण दिई विनाभेदभाव हुर्काइरहेको हुन्छ । तर जब बालकले जन्म लिन्छ त्यसपछि विभेदका कुराहरू सुरू हुन थाल्दछन् । यो सबै हाम्रो सामाजिक कुसंस्कारबाट सिर्जित कुराहरू हुन् । समाजले नै छोरा र छोरी महिला र पुरूषबीच असमान व्यवहारको निर्माण गरी कार्य विभाजन गर्ने चलन या भनौ यो काम पुरूषले मात्र गर्ने, यो काम महिलाले मात्र गर्नुपर्ने भन्ने विभाजन नै वास्तवमा लैङ्गिक असमानता हो ।
- अन्तर्राष्ट्रिय सम्मेलनका प्रतिवेदनहरूले लैगिक समानताबारे धेरै चर्चा परिचर्चा र छलफल भएको देखाएका छन् । जस्तो जनसङ्ख्यासम्बन्धी कायरो सम्मेलनको प्रतिवेदनमा सबैजसो समाजका छोरीलाई जीवनको सुरूको अवस्थादेखि नै भेदभाव गरेको पाइन्छ ।
- धेरै मुलुकमा बालक जन्मनुभन्दा अगावै लिङ्ग परीक्षण गरी छनौट गर्ने प्रचलन बढ्न थालेको पाइन्छ ।

- बालिकाहरूको उच्च मृत्युदर, विद्यालय भर्नामा बालिकाहरूको प्रतिशतमा कमी, छोराको बढी चाहना र छोरीहरूलाई शिशु अवस्थादेखि किशोरावस्थासम्म पनि स्वास्थ्य शिक्षा र पोषणको व्यवस्थामा न्यून किसिमको लगानी गरिन्छ ।
- कामको बोझ, घरायसी धन्दामा बढी सरिक, शक्ति एवम् प्रभावको कमीले गर्दा महिलाहरू आफ्नो जीवन स्वास्थ्य र सुख सुविधाप्रतिको चुनौतीसँग सामना गरिहेका छन् ।
- यी उल्लेखित चुनौतीहरूलाई पारगरी समाजमा स्थापित परम्परागत लिङ्गभेद र असमान व्यवहारलाई समयानुकुल सुधार गरी महिला र पुरूषबीचको खाडल पुरेर समान सहभागिता र अवसरको स्थापना गर्नु नै लैङ्गिक समानता हो ।
- त्यसैगरी महिलाहरूलाई सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपले शक्ति सम्पन्न बनाउनु नै महिला सशक्तीकरण हो । यसका लागि महिलाहरूको आत्मबल बढाउनुपर्छ साथै उनीहरूले आफ्नो क्षमताको प्रयोग गर्ने अवसर पनि पाउनुपर्छ ।

### ३.४ लैङ्गिक समानताका मुख्य आयाम

| आयाम | समानताको क्षेत्र |
|---|---|
| • सामाजिक आयाम | महिला र पुरूषबीच समाजमा खेलिने भूमिका प्राकृतिक लिङ्ग भेदका आधारमा नभइ योग्यता, क्षमता, रणनीतिक आवश्यकताका आधारमा निश्चित गरिनु । |
| • राजनीतिक आयाम | महिला तथा पुरूष दुबै राज्यशक्ति, शासकीय अधिकारको उपयोग गर्ने अवसर र तरिकामा समानता वा समान अधिकार निश्चित गरिनु । |
| • आर्थिक आयाम | महिला र पुरूषबीच आर्थिक तथा अन्य उत्पादनशील साधन स्रोत माथिको पहुँच र नियन्त्रणमा समान अधिकार हुनुपर्छ । |
| • धार्मिक र सांस्कृतिक आयाम | धर्म र संस्कृतिका दृष्टिमा महिला र पुरूषबीच समान हैसियत र अधिकार |
| • कानुनी आयाम | कानुनका दृष्टिमा महिला र पुरूषबीच समान हैसियत र अधिकार |

लैंगिक समानता र महिला सशक्तीकरणबारे चीनको बेइजिङ सम्मेलनले तयार पारेका कार्ययोजनाका विषयहरू:

१. महिला र गरिबी
२. महिला र शिक्षा
३. महिला र स्वास्थ्य
४. महिला विरूद्धको हिंसा
५. महिला र सशस्त्र सङ्घर्ष
६. महिला र अर्थतन्त्र
७. महिला र विकासका लागि संस्थागत संरचना

८. शक्ति संरचना र निर्णायक तहमा महिला
९. महिला र मानव अधिकार
१०. महिला र सञ्चार
११. महिला र वातावरण
१२. बालिका

## ३.५ महिला अधिकारबारे संवैधानिक व्यवस्था

**नेपालको अन्तरिम संविधान, २०६३**

**मौलिक हक**

- धारा - १३ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन भनेको छ ।
- सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।
- राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जातजाति, लिङ्ग उत्पत्ति, भाषा वा वैचारिक आस्थामध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन ।
- तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ ।
- समान कामका लागि महिला र पुरूषबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भनी उल्लेख गरिएको छ ।

**राज्यका सिद्धान्त**

जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवम् राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ ।

राज्यका नीतिहरू

- महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ ।
- राज्यले एकल महिला अनाथ बालबालिका असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।
- राज्यले महिलाका लागि सकारात्मक विभेदका आधारमा विशहेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

- वृद्ध अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ ।

### ३.६ वर्तमान सामाजिक स्थिति

- यसरी संवैधानिक कानुनी एवम् अन्तर्राष्ट्रिय महासन्धिहरूको व्यवस्था एवम् प्रतिवद्धता समेत व्यक्त भइसकेछन् तापनि समाजमा वर्षौंदेखि स्थापित कुसंस्कारको जरो उखेल्न सकिएको छैन र महिलाअधिकारको कार्यान्वयनको स्थिति अझै सन्तोषजनक बन्न सकेको छैन । यी प्रतिवद्धता तथा संविधानले अपेक्षा गरेका विषयमा सुधार आउनमा समाजका धेरै चुनौतीहरू छन् । जस्तै :
  1. हाम्रो समाज अझै अन्धविश्वास र रूढीबादी परम्पराले ग्रस्त छ । माथिल्लो जातले तल्लो जातमाथि छुवाछुतको भेदभाव तथा शोषण छ ।
  2. आज पनि हाम्रो समाजका घरेलु कामदारकोरूपमा बालबालिकाहरूको शोषण भइरहेको छ ।
  3. हाम्रो समाजमा लैङ्गिक समानता पनि विभिन्न क्षेत्रमा प्रस्टैसँग देख्न सकिन्छ । समाजका यस्ता धेरै परम्परागत मान्यताहरू छन् जसले पुरूषलाई सँधैं उचो र नारीलाई सँधैं तल्लो स्थानमा राख्छन् । सामान्यतया छोरीको तुलनामा छोराहरू बढी विद्यालय जान्छन् ।

यी अवस्थाहरू प्राकृतिक नभै हाम्रै समाजले सिर्जना गरेको हो, जसलाई परिवर्तन गर्न सकिन्छ । प्रत्येक समाजका सदस्यहरूले यसमा परिवर्तन ल्याउन सक्छन् । यसमा सामूहिक सहयोग सद्भाव इच्छाशक्ति र आत्मबलको आवश्यकता पर्दछ । यसमा शिक्षकले महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

**कसरी ?**

- समाजका प्रत्येक व्यक्तिको उचित आदर र सम्मान गर्ने ।
- जातको आधारमा तल्लो वा दलित भनेर भेदभाव नगर्ने ।
- गरिब तथा अशिक्षित मानिसहरूलाई प्रलोभनमा पारी शोषण नगर्ने, अरूलाई शोषण नगर्न जनचेतना बढाउने ।
- ढिलो विवाह गर्ने र अरूलाई पनि ढिलो विवाह गर्न प्रेरित गर्ने ।
- शिक्षालाई समाजमा सर्वसुलभ र गुणस्तरीय बनाउन प्रयास गर्ने ।
- यौनशोषण र घरेलु हिंसा विरूद्ध अभियान चलाउने ।
- महिलाहरूलाई घर र समाजमा खानपान, स्वास्थ्य र शिक्षामा भेदभाव नगर्ने घरबाहिर काम गर्ने अवसर दिने आर्थिक रूपमा परिवार र समाजलाई नै आत्मनिर्भर बनाउने । परिवार र समाजमा निर्णय गर्ने अधिकार दिने ।
- मौलिकअधिकार, बालअधिकार र महिलाअधिकारको संरक्षण र कार्यान्वयनमा टेवा पुर्‍याइरहेका केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू छन् । ती निकायहरूले

महिला अधिकारको संरक्षणमा विभिन्न कार्यक्रममार्फत् समुदायमा सेवा पुऱ्याइरहेका छन् । ती संस्थाहरूमा -

- राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार संरक्षण मञ्च, नेपाल राष्ट्रिय मानवअधिकार सङ्गठन, एम्नेष्टी इन्टरनेशनल, अनौपचारिक सेवा केन्द्र ( इन्सेक)
- सेभ द चिल्ड्रेन यु.एस ए., नर्वे, यु.के., युनिसेफ नेपाल जस्ता संस्थाहरू बालबालिकाको बचावट र बालअधिकारको चेतना बढाउने कार्यमा संलग्न छन् ।
- विश्व खाद्य कार्यक्रम यु.एन.डि.पि. सामुदायिक स्वामित्वको प्राथमिक शिक्षा कार्यक्रम, विश्व शिक्षा, केयर नेपाल आदिले बालिका दलित र पिछडिएका वर्गका बालबालिकाको शिक्षामा सहयोग पुऱ्याइरहेका छन् ।
- एम. एस. नेपाल (डेनमार्क) माइती नेपाल जस्ता संस्थाहरूले चेलीबेटी बेचविखन रोकथामका कार्य गर्दै आएका छन् ।

सबैभन्दा महत्वपूर्ण संस्था त महिलाको अधिकार को संरक्षण र टेवा पुऱ्याउन महिला मन्त्रालय, महिला आयोगको स्थापना भइसकेको छ ?

## ३.७ चेलिबेटी बेचविखन

### ३.७.१ अवस्था

- गरिबीको मार, शिक्षा तथा चेतनाको अभाव, रोजगारीको अभाव तथा दलालहरूले देखाएका सुखी र रङ्गीचंगी कल्पनामा डुबेर बालिकाहरू बेचिन वाध्य पारिन्छन् । कसैलाई विदेशका कोठीमा लगेर वेश्यावृत्ति गर्न वाध्य गरिन्छ । बालिकाहरूको अभिभावकले पनि मिठो सपना देख्न थाल्दछन् । छोरीले राम्रो रोजगारी पाई अब हाम्रो पनि सुखका दिन फर्किने भए भन्ने सोचाइमा पर्छन् । तर यस्तै मिठा सपना र कल्पनाका कारण आज कैयन चेलिवेटीहरू वेश्यालयको नारकीय जीवन बिताउन बाध्य छन् ।

मानव बेचबिखन तथा ओसारपसार भन्नाले के बुझिन्छ ?

**कुनै पनि व्यक्तिलाई डर धाक देखाई ललाइफकाई जालझेल गरी, शक्तिको दुरूपयोग गरी व्यक्तिको मानव अधिकारको हनन् हुने गरी ओसारपसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा अरूद्वारा त्यस कार्यको निमित्त सहयोग प्राप्त गर्नु बेचविखन भनिन्छ । बेचबिखन तथा ओसारपसार भन्नाले व्यक्तिको इच्छाले वा इच्छाविपरीत देशभित्र वा देशबाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले वेश्यावृत्ति वा अन्य कुनै प्रयोजनका लागि गरिने महिला बालबालिका तथा मानवको ओसारपसार वा किनबेचलाई बुझाउँदछ ।**

- अर्काथरी दलालहरूले बालिकाहरूलाई स्वदेश तथा विदेशमा लगी कलकारखानामा लगेर बिक्रि गरिरहेका छन् । तिनीहरूलाई कम ज्याला दिइन्छ । वर्षैपिच्छे पाँचहजारभन्दा बढी यस्ता चेलीबेटीहरू बेश्यालय तथा अन्य कलकारखानामा बेचिन्छन् । दलालहरूले फाइदा लिन्छन् र बेश्यालयमा बेश्यावृत्तिमा कमाएको पैसा सबै कोठी मालिकले लिन्छन् । वेश्यालयबाट बाहिर जान दिंइदैन । त्यस्ता बालिकाहरूलाई एड्स लाग्छ, त्यस्तै कलकारखानामा काम गर्ने बालिकाहरूलाई एड्स लाग्छ । यौनरोग तथा क्षयरोग लाग्छ त्यसपछि उनीहरू रित्तो हातका साथ विदेशबाट नेपाल वा सहरबाट गाउँ पठाइन्छन् । त्यस्ता रोगबाट ग्रसित बालिकाहरूलाई समाजले तिरस्कार गर्छ । त्यसपछि उनीहरूको जीवन सदाका लागि अन्धकारमय बन्छ । रोग एकअर्कामा सर्छ । यो समस्या एउटा विकराल सामाजिक समस्याको रूपमा मौलाएको छ ।

मानव बेचबिखन तथा ओसारपसार केकेका लागि हुन्छ ?

- घरेलु कामकाजमा लगाउन
- सस्तो ज्यालामा उद्योग तथा कलकारखानामा काम लगाउन
- सर्कस तथा अन्य जोखिमपूर्ण काममा लगाउन
- माग्ने बनाउन
- देह व्यापारमा लगाउन
- इच्छाविरूद्ध धर्मपुत्र, धर्मपुत्री बनाउन
- कृषि मजदुरको रूपमा काममा लगाउन
- रेष्टुरेन्ट तथा होटलमा काम लगाउन
- उत्तेजक नाचहरू नचाउन
- ऊँट दौडमा लगाउन
- जबर्जस्ती विवाहवारीका लागि
- मृगौला प्रत्यारोपणका लागि

बेचबिखन तथा ओसारपसार कहाँबाट हुन्छ ?

- घर
- उद्योगधन्दा
- स्थानीय हाटबजार
- विद्यालय
- चाडपर्व तथा मेला लाग्ने स्थानहरू
- सर्कस, सिनेमा हलहरू
- घाँस, दउरा, घट्ट, कुलो जाने ठाउँ
- यौन व्यापार केन्द्र

- शरणार्थी शिविर
- धार्मिक स्थल

बेचबिखन तथा ओसारपसार कसरी गरिन्छ ?

- डर, धाक, धम्की देखाएर
- नक्कली विवाह गरेर
- छलकपट, झूठो प्रलोभन देखाएर
- बलपूर्वक श्रमशोषण गरेर
- चरित्र हत्यास गरेर
- ललाएर, फकाएर
- हिंसाको प्रयोग गरेर
- लागू पदार्थको सेवन गराएर
- राम्रो औषधि उपचारको प्रलोभन देखाएर
- राम्रो कामको प्रलोभन देखाएर ।

बेचबिखन तथा ओसारपसार हुने कारणहरू

- जनचेतनाको कमी
- पारिवारिक कारण
- सामाजिक कारण
- बलात्कार र कुटपिट
- अर्काको देखासिकी
- घरेलु हिंसाको शिकार
- बेरोजगारी
- गरिबी
- शिक्षाको अवसरबाट बञ्चित
- राजनीतिक प्रतिबद्धताको कमी
- खुला सिमाना
- कमजोर प्रशासन र कानुनको फितलोपना
- पश्चिमी सभ्यताको कुप्रभाव

चेलीबेटी बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न दलालहरू कोको हुन सक्छन् ?

- चेलीबबेटी बेचबिखन गर्ने गिरोह वा समूह
- चेलीबेटीका आफन्त नातेदारहरू
- यौन व्यापार केन्द्रका दलालहरू

- सस्तो श्रम गरेर सजिलै धनोपार्जन गर्ने व्यक्तिहरू
- उद्योग कलकारखाना, गार्मेन्ट, कार्पेट, इटाभट्टा आदिमा काम गर्ने खराब मानिसहरू
- अशिक्षित, बेरोजगार, बदमास व्यक्तिहरू
- पैसालाई नै सर्वोपरि देख्ने व्यक्तिहरू

बेचबिखन तथा ओसारपसारका दलालहरूको मुख्य निसाना कोको हुन सक्छन् ?

- गाउँघर तथा सहरका गरिब, अशिक्षित महिला बालबालिकाहरू
- पछाडि पारिएका वर्गका विवाह गर्ने उमेर भएका केटीहरू
- अनाथ, लावारिसे केटाकेटीहरू तथा स्थानागमनबाट पीडित बालबालिका र महिलाहरू
- बेरोजगार महिला तथा बालबालिकाहरू
- विभिन्न किसिमका पीडित बालबालिका र महिलाहरू

स्रोत: ए.बी.सी. नेपाल

### ३.७.२ रोकथामका उपायहरू

- सर्वप्रथम चेतनाको स्तर बृद्धि गरी यस्ता सामाजिक समस्याप्रति सबैको ध्यान आकृष्ट गर्नु जरूरी छ ।
- सबै सचेत र शिक्षित व्यक्तिहरू मिली यस्ता खालका सामाजिक विकृतिहरू रोक्न आ-आफ्नो क्षेत्रबाट प्रयास गर्नुपर्छ ।
- विभिन्न खालका अभियान, सभा, जुलुस, पर्चा, पम्प्लेट आदिबाट अशिक्षित तथा पिछडिएको समाजमा चेतना ल्याउनुपर्छ ।



- विभिन्न सञ्चारका माध्यमहरू जस्तै : रेडियो, टेलिभिजन, अखवार आदिबाट प्रचार प्रसार गरेर जागरण ल्याउन सकिन्छ ।
- अर्को सबभन्दा महत्वपूर्ण माध्यम भनेका शिक्षक हुन् । शिक्षकले यस्ता चेतनामूलक जागरण ल्याउने खालका कार्यक्रमहरू विद्यार्थीमार्फत् तथा अभिभावक भेला गराएर पनि गर्न सक्छन् ।
- समाजका प्रवुद्ध वर्गहरूले यस्ता सामाजिक विकृति निराकरण गर्न कानुन बनाउन, शिक्षा, स्वास्थ्य र रोजगारीमूलक कार्यक्रमहरू त्यस्ता पिछडिएको क्षेत्रमा पुऱ्याउन र सञ्चालन गर्न दवाव दिएर गर्न सक्छन् ।

- त्यस्ता क्षेत्रका १४/१५ देखि २० वर्षसम्मका चेलिबेटीहरूलाई दलालहरूले कसरी ललाई फकाई गर्छन्, लोभ मोह देखाउँछन् र त्यसको परिणाम अन्तमा कस्तो हुन्छ भन्ने कुरा राम्ररी बुझाउन सकेमा पनि सम्भावित खतराबाट उनीहरू बच्न सक्दछन् ।

मानव बेचबिखन रोक्नका लागि गर्नुपर्ने प्रयासहरू

- सचेतना कार्यक्रम (स्थानीयस्तरदेखि केन्द्रसम्म) सञ्चालन गर्ने,
- जोखिमबाट जोगिनका लागि सीपको विकास गर्ने किसिमको तालिमको व्यवस्था,
- अभिभावक शिक्षामा जोड दिने,
- सबैको लागि शिक्षा र सीपमूलक तालिमहरू प्रदान गर्ने,
- गाविस को सिफारिसका साथै अभिभावकको स्वीकृति लिएर मात्रै रोजगारीको लागि बाहिर जाने व्यवस्था हुनुपर्ने,
- १८ वर्षभन्दा मुनिको बालबालिकाहरूलाई रोजगारीको निम्ति बाहिर नपठाउन स्थानीयस्तरमा दबाब अथवा सुझाव दिने,
- स्थानीय जनप्रतिनिधिहरूलाई सचेत गराउने,
- गाउँघरमा देखिने अपरिचित व्यक्तिमाथि निगरानी राख्ने,
- स्थानीयस्तरमा स्थानीय भाषामा सडक नाटक प्रदर्शन गर्ने,
- बाल शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, महिला शिक्षामा जोड,
- सरकारले जन्म, मृत्यु विवाह दर्ता एवम् बसाइसराइ व्यवस्थित गर्ने,
- परिचयपत्रको व्यवस्था गर्ने (विशेष गरी भारतमा जानको लागि),
- प्रभावित क्षेत्रहरू साथै विभिन्न नाकाहरूमा सूचनाबोर्डको व्यवस्था गर्ने,
- बोर्डरमा राखिएका प्रहरीहरूलाई विशेष तालिमको व्यवस्था गर्ने,
- बेचबिखनमा सुराकी दिने व्यक्तिलाई सुरक्षा साथै उचित पुरस्कारको व्यवस्था गर्ने,
- सरकारी, गैरसरकारी संस्थाबीच समन्वय कायम हुनुपर्ने,
- सञ्चार माध्यमको भूमिका सकारात्मक हुनुपर्ने,
- चेलीबेटी बेचबिखनसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने,
- महिलाहरूको रोजगारीको व्यवस्था हुनुपर्ने,
- राजनीतिक प्रतिबद्धता हुनुपर्ने,
- चेलिबेटी बेचबिखनसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने,
- महिलाहरूको रोजगारीको व्यवस्था हुनुपर्ने,
- जिल्ला जिल्लामा दबाब समूहको गठन,
- महिलामाथि हुने हिंसाको नियन्त्रण,
- देशको विभिन्न स्थानमा महिला सेलको स्थापना ।

स्रोत: ए.बी.सी.नेपाल

### ३.७.३ यसमा कार्यरत सङ्घसंस्थाहरू

- चेलिबेटी बेचविखनका विरूद्ध थुप्रै सामाजिक सङ्घसंस्थाहरू लागिरहेका छन् । त्यस्ता संस्थाहरूले बेचिएका चेलिबेटीहरूलाई स्वदेश फर्काउने र फर्किएका चेलिबेटीहरूलाई औषधोपचारको व्यवस्था, आवास, आय आर्जनका लागि तालिम प्रदान गरिरहेका छन् ।
- फर्काइएका चेलिबेटीलाई उनीहरूको समुदायमा उनीहरूका अभिभावकले ग्रहण गर्नका लागि उत्प्रेरणा प्रदान गर्ने कार्य पनि गरिरहेका छन् ।
- कतिपय सामाजिक संस्थाहरूले त्यस्ता क्षेत्रहरूमा शिक्षा स्वास्थ्यका कार्यक्रम समेत सञ्चालन गरेका छन् ।
- चेलिबेटी बेचविखन विरूद्ध आटविन (AATWIN) अर्थात् Alliance Against Trafficking Women and Girls in Nepal ले यस समस्यालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्याको रूपमा लिएको छ ।

## ४. आत्ममूल्याङ्कन

१. संयुक्त राष्ट्रसङ्घले सन् १९९१ मा पारित गरेको महिला अधिकारसम्बन्धी महासन्धिले उल्लेख गरेका कुनै दुईओटा अधिकारको सूची बनाउनुहोस् ।

२. लैङ्गिक समानताका मुख्य आयामहरू र ती आयामका समानताका क्षेत्रहरू केके हुन् ? लेख्नुहोस् ।

३. नेपालको संविधान २०६३ ले महिलाअधिकार सम्बन्धमा गरेका व्यवस्था केके हुन् पहिचान गर्नुहोस् ।

४. नेपालमा महिला अधिकारको वर्तमान स्थिति कस्तो छ ? वर्णन गर्नुहोस् ।

५. नेपालमा महिला अधिकारको संरक्षण र कार्यान्वयनमा टेवा पुऱ्याइराखेका संस्थाहरूको सूची तयार पार्नुहोस् ।

६. चेलिबेटी बेचविखन रोक्नका लागि अपनाउन सकिने दुईओटा उपायहरू बताउनुहोस् ।

| १. | २. |
|---|---|
| | |

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को लागि विषयप्रवेशको दोस्रो अनुच्छेदको महिला अधिकार ३.२ अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. २ को लागि विषयप्रवेशको लैङ्गिक समानताका मुख्य आयामहरू ३.४ अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं.३ को लागि विषयप्रवेशको ३.५ को अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को लागि विषयप्रवेशको ३.६ को अध्ययन गर्नुहोस् ।

५. प्रश्न नं. ५ को लागि विषयप्रवेशको ३.६ को अध्ययन गर्नुहोस् ।

६. प्रश्न नं. ६ को लागि विषयप्रवेशको ३.७.२ को अध्ययन गर्नुहोस् ।

## ६. सारांश

यस पाठमा सामाजिक समस्याको रूपमा रहेको महिला अधिकारको परिचय, महिला सशक्तीकरण र लैङ्गिक समानता, नेपालमा महिलाअधिकारका सम्बन्धमा भएको संवैधानिक व्यवस्था महिलाअधिकार सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको महासन्धिले पारित गरेको प्रतिवद्धता, वेजिङ सम्मेलनले पारित गरेका कार्ययोजना, महिलाको वर्तमान सामाजिक स्थिति र महिलाअधिकार तथा बालअधिकारमा टेवा पुऱ्याइरहेका राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरू र चेलिबेटी बेचविखन, रोकथामका उपाय र त्यसमा कार्यरत सङ्घसंस्थाहरू विषयमा उल्लेख गरिएको छ ।

## ७. निर्देशन

लैङ्गिक समानता र महिलाअधिकार सम्बन्धमा स्थानीय समुदायमा देखिने महिला भेदभाव र बालबालिकामध्ये विद्यालय जाने नजानेको सङ्ख्या सङ्कलन गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् र सम्पर्क कक्षामा उक्त प्रतिवेदन छलफल गर्नुहोस् ।

पाठ ३

# लागू पदार्थ सेवन र एचआईभी/एड्स

## १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) लागूपदार्थको परिचय दिन र यसको सेवनबाट हुने अल्पकालीन र दीर्घकालीन असर बताउन,

(ख) एचआइभी र एड्सको परिचय, कारण, असर र नियन्त्रणका उपाय बताउन ।

## २. पूर्वसिकाइ क्रियाकलाप

चेलीबेटी बेचविखनका कारणहरूबाट समाज़मा पर्न सक्ने कुनै दुईओटा असर लेख्नुहोस् ।

| | |
|---|---|
| १. | २. |

## ३. विषयप्रवेश

### ३.१ लागूपदार्थ

**परिचय**

- जुन पदार्थले हाम्रो मस्तिष्क र अङ्गलाई नकारात्मक प्रभाव पारी शरीरको नाश गराउँछ त्यो लागूपदार्थ हो ।
- गाँजा, अफिम, हेरोइन, कोकिन, सुर्ती, स्म्याक, कोडिन बढी भएको औषधि, म्यान्डेक्स, रक्सी आदि लागूपदार्थ हुन् ।
- केही लागूपदार्थ कम खतराजनक छन् भने केही अत्यधिक खतरायुक्त छन् । रक्सी, सुर्ती जस्ता लागू पदार्थ कम खतरा भएकाले बिक्रि वितरण र उत्पादनमा रोक लगाइएको छैन । अन्य केही लागूपदार्थ ज्यादै हानिकारक भएकाले संसारमा तिनको बिक्रि वितरणमा र ओसार पसारमा रोक लगाइएको छ । यस्ता कार्यलाई पूर्णतया अपराधिक कार्य मानिएको छ ।
- लागूपदार्थले मानिसको स्नायु र मस्तिष्कलाई प्रत्यक्ष रूपमा प्रभावपारी शरीरलाई शिथिल वा उत्तेजित बनाउँछ र समाजमा अनावश्यक समस्याको सिर्जना भई पछि आफैंलाई लज्जित हुनुपर्दछ । धुम्रपान र सुर्ती सेवनले हृदयघात तथा क्यान्सर निम्त्याउँछ । त्यस्तै मदिरापानले ग्यास्टिक, अल्सर, कमलपित्त र क्यान्सर जस्ता रोगलाई निम्त्याउँछ भने लागूपदार्थले यी दुबैभन्दा खतरनाक प्रकारको वातावरणको सिर्जना गर्दछ ।

**लागूपदार्थ सम्बन्धमा केही महत्वपूर्ण कुराहरू**

- लागूपदार्थको कारोबार गर्ने गिरोहले विश्वव्यापी रूप ग्रहण गरिसकेको छ ।
- लागूपदार्थ सेवन गर्ने अत्याधिक सङ्ख्या विश्वका विकसित मुलुकमा रहेको र यो विस्तारै अविकसित मुलुकमा बढ्दै गएको छ ।

- यसको कारोबार तथा सेवन गर्ने प्रवृत्ति रोक्न शक्तिशाली मुलुकहरू सक्रिय छन् ।
- लागूपदार्थको दुर्व्यसन तथा अबैध कारोबार विश्वका सामू समस्या हो र विश्वकै समाजमा असर पर्ने आर्थिक सामाजिक, राजनीतिक तथा आतंककारी समस्या हो ।
- लागूपदार्थ अन्तर्गत गाँजा, अफिम, चरेस, हेरोइन, ब्राउनसुगर, ह्यासीस्, कोकिन आदि पर्दछन् । यिनीहरूको सेवन, उत्पादन, प्रशोधन, प्रबर्द्धन सञ्चय, ओसारपसार र बिक्रि वितरण गर्न कानुनले निषेध गरेको छ ।
- लागूपदार्थ दुर्व्यसन तथा यसको कारोबार नियन्त्रण गर्न संयुक्त राष्ट्रसङ्घ विदेशी सङ्घसंस्था आदि कार्यरत छन् ।
- संयुक्त राष्ट्रसङ्घको आव्हानमा प्रत्येक वर्ष २७ जुलाईलाई लागूपदार्थको दुरूपयोग तथा अवैध ओसार पसारका विरूद्ध अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाइने चलन छ ।
- विशेष गरी १५-२५ वर्षका युवायुवती यो लतमा छन् ।
- नेपालमा लागूपदार्थको दुर्व्यसन र व्यापार नियन्त्रण गर्न लागूऔषधि नियन्त्रण ऐन २०३३ को व्यवस्था भएको छ ।
- नेपालमा लागूपदार्थ नियन्त्रण महाशाखाका अनुसार लागूपदार्थ सेवन र व्यापारमा लाग्नेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दो छ ।

**लागूपदार्थ दुव्यर्सन ओसारपसार र बिक्रि वितरण कम गर्न निम्नलिखित कार्यहरू गर्नुपर्छ :**

- ऐन कानुनको कडाइका साथ कार्यान्वयन ।
- लागू औषधिको दुर्व्यसन परेकाहरूलाई उपचार र पुनर्स्थापना ।
- जनचेतना जगाउने निरोधात्मक शिक्षा र सूचना प्रवाह ।
- सामाजिक र कानुनी सहयोग ।
- अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय सङ्घसंस्थाको परिचालन ।
- गाँजा, भाङ, अफिम खेती छाडी अन्य नगदेबाली खेतीतर्फ प्रोत्साहन ।
- उपचार पुनः स्थापना केन्द्र, मानसिक उपचार केन्द्र सामुदायिक सहयोगमा ।

**लागूपदार्थको असर**

- एच. आइ. भी. र एड्स तीव्र रूपमा बढेको पाइन्छ ।
- लागू पदार्थको अबैध व्यापार गर्ने व्यक्ति बीस वर्ष थुनामा पर्नसक्छ ।
- लागूपदार्थको दूर्व्यसनले गर्दा समाजमा अपराध बढ्छ ।
- व्यक्तिको अल्पायुमा निधन हुन्छ र बाँचेमा पनि समाजको कलङ्क भएर बाँच्छ ।

## ३.२ एचआइभि (HIV) र एड्स (AIDS)

- HIV भनेको Human Immunodeficiency Virus (मानव प्रतिरक्षा प्रणालीलाई नष्ट पार्ने विषाणु) हो, जसले मानिसको रोग प्रतिरोधात्मक प्रणालीलाई आक्रमण गर्दछ ।

फलस्वरूप प्रतिरक्षा प्रणाली एकदमै कमजोर हुन गई रोग तथा संक्रमणहरूका विरूद्ध लड्न असक्षम हुन्छ ।

- कुनै व्यक्तिको शरीरमा एचआइभि प्रवेश भएको पाइएमा त्यस व्यक्तिलाई एच.आइ. भी. संक्रमित भन्ने गरिन्छ । कुनै व्यक्तिमा एचआइभि संक्रमण हुँदैमा उसलाई एड्स भएको मानिदैन । एचआइभि संक्रमित व्यक्तिमा एड्स हुन धेरै वर्ष पनि लाग्न सक्दछ । संक्रमित व्यक्तिहरू प्राय: धेरै वर्षसम्म स्वस्थ र बलियो नै देखिन पनि सक्छन् ।
- AIDS भनेको Acquired immune deficiency syndrome -आर्जित प्रतिरक्षा क्षमतामा कमीका कारण विभिन्न रोगका लक्षणहरू देखा परको अवस्था) हो । एच.आइ.भी संक्रमणपछि समय बित्दै जाँदा एड्स अवस्थामा यसले शरीरमा रहेका रोग विरूद्ध लड्ने कोषहरूलाई नष्ट गर्दै जान्छ, जसले गर्दा संक्रममित व्यक्तिको रोगविरूद्ध लड्ने क्षमता कमजोर हुन जान्छ र सामान्य रोग जस्तै: झाडापखाला, क्षयरोग, निमोनिया आदि लाग्दा पनि निको हुन गाह्रो हुन्छ । एड्स भएर मर्ने धेरैजसो व्यक्तिहरूमा यिनै रोगहरूले नै जटिलरूप लिन गई उनीहरूमा मृत्युको कारण बन्ने गरेको पाइन्छन् । युनिसेफमार्फत् विद्यालयका शिक्षकहरूका लागि प्रकाशित सामग्रीमा एचआइभि र एड्स सम्बन्धमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**मानव प्रतिरक्षा प्रणाली**

- मानिसको शरीरमा रहेको रोगविरूद्ध लड्ने संयन्त्रलाई नै मानव प्रतिरक्षा प्रणाली अर्थात् Human Iummune system भनिन्छ । यसले बाहिरबाट आउने रोगका किटाणुहरूका विरूद्ध लड्ने क्षमताको विकास गराउँछ । मानव शरीरमा रहेका स्वेतरक्त कोषहरू (White blood cells) ले नै प्रतिरक्षा प्रणालीको काम गर्दछन् ।

**एचआइभि संक्रमणको इतिहास**

- सन् १९८० मा मानिसको रोग प्रतिरोधात्मक क्षमतासम्बन्धी अध्ययन गरिरहेका एकजना वैज्ञानिक (माइकल गटलिब) ले रोग प्रतिरोधात्मक क्षमता विस्तारै ह्रास हुँदै गइरहेका निमोनियाका बिरामीहरूको अध्ययन गर्दा तीमध्ये धेरैजसोमा दुर्लभखालको भाइरसका कारणबाट हुने निमोनिया भएको पत्ता लगाए । केही समयको अध्यनपछि उनले हालसम्म नदेखिएको नयाँ रोग पत्ता लागेको घोषणा गरे । त्यसको २ वर्षपछि एट्लान्टाको रोग नियन्त्रण केन्द्र (Center for Disease Control) ले यसलाई (Aids) आर्जित प्रतिरक्षा क्षमतामा कमीका कारण विभिन्न रोगहरूले आक्रमण गरेको अवस्था नाम दियो । पछि यसको कारण एचआइभि विषाणु भएको देखियो ।

**नेपालमा पहिलो पटक एच.आइ.भी संक्रमण**

- नेपालमा पहिलोपटक सन् १९८८ अर्थात् वि.सं. २०४५ सालमा एचआइभि संक्रमण भित्रिएको अनुमान छ । यद्यपि, २०४७ सालमा मात्रै परीक्षणबाट एकजना विदेशी नागरिक र एकजना नेपालीलाई एचआइभि संक्रमण भएको थाहा भएको थियो ।

**एच.आइ.भी कसरी सर्दछ ?**

संक्रमित व्यक्तिबाट अर्को व्यक्तिमा मुख्यतया: निम्न कारणहरूबाट एचआइभि सर्ने गर्दछ :

- **असुरक्षित यौनसम्पर्क राख्दा :** एचआइभि संक्रममित व्यक्तिसँग ठीक तरिकाले कण्डमको प्रयोग नगरी योनी, मुख वा गुद्द्वारमा यौन सम्पर्क राखेमा ।
- छाला छेड्न र टाटु (Tattoo) बनाउन प्रयोग गरिने निर्मलीकरण नगरिएका औजारहरूको प्रयोग गर्दा : एक व्यक्तिले प्रयोग गरेका छाला छेड्ने वा टाटु (Tattoo) बनाउने औजारहरू जस्तै : सुइ तथा सिरिञ्ज, ब्लेड, चक्कु, छुरा आदि निर्मलीकरण नगरीकनै अर्को व्यक्तिले प्रयोग गरेमा ।
- **परीक्षण नगरिएको रगत तथा रगतजन्य पदार्थहरू लिँदा :** बिरामी हुँदा वा घाइते भई अस्पताल भर्ना हुँदा परीक्षण नगरिएको अर्को व्यक्तिको रगत तथा रगतजन्य पदार्थहरू लिएमा ।
- **आमाबाट बच्चामा :** संक्रमित महिलाबाट उनको शिशुमा गर्भमा रहँदा सुत्केरी हुँदा र स्तनपान गराउँदाको अवस्थामा एचआइभि सर्न सक्दछ ।
- आफूलाई एचआइभि संक्रमण भए नभएको कसरी थाहा पाउने ?
- एचआइभि संक्रमण भएको धेरै समय भइसक्दा पनि यसका कुनै लक्षण नदेखिन सक्ने हुनाले आफूलाई संक्रमण छैन भनेर ढुक्क हुनु हुँदैन । एचआइभिसम्बन्धी रगत परीक्षण गराउँदा मात्र आफूलाई एचआइभि सम्बन्धी रगत परीक्षण गराउँदा मात्र आफूलाई एचआइभि संक्रमण भए नभएको पत्ता लाग्दछ । पहिलो पटकको रगत परीक्षणबाट एचआइभि संक्रमण देखिएको खण्डमा त्यसको सुनिश्चितताका लागि पुन: परीक्षण गराउनुपर्दछ । आफूलाई एचआइभि संक्रमण भएको देखिएमा आवश्यक परामर्श र स्वास्थ्योपचारको खोजी गर्नुपर्दछ । कुनै व्यक्तिले आफूलाई एचआइभि संक्रमण हुनसक्ने शङ्का लागेको वा कुनै जोखिमपूर्ण व्यवहार गरेको तीन महिनामा एचआइभि परीक्षण गराउनुपर्दछ । सबैखाले परीक्षण विधिका छुट्टाछुट्टै संवेदनशीलता भए पनि तीन महिनामा सबै परीक्षण विधिहरूले एचआइभि संक्रमण भए नभएको प्रस्ट्याउन सक्छन् ।

**केके गर्दा एचआइभि सर्दैन ?**

सामान्य एचआइभि संक्रमित व्यक्तिसँग तलका व्यवहारहरू गर्दा एचआइभि सर्दैन :

- हात मिलाउँदा वा सँगै खेल्दा
- संक्रमितले प्रयोग गरेको काँइयो तथा साबुन प्रयोग गर्दा
- संक्रमितले प्रयोग गरेको रूमाल तथा अन्य कपडाहरू प्रयोग गर्दा
- संक्रमितलाई अँगालो हाल्दा वा चुम्बन गर्दा
- संक्रमितसँगै बसेर खाँदा
- संक्रममित व्यक्तिले खोक्दा वा हाच्छ्यूँ गर्दा

- संक्रमितले प्रयोग गरेको चर्पी तथा बाथरूपम प्रयोग गर्दा
- संक्रमितलाई टोकेको लामखुट्टेले टोक्दा
- संक्रमितको हेरविचार गर्दा

माथि उल्लेखित व्यवहारहरू एचआइभि नसर्ने केही उदाहरणहरू मात्र हुन् । वास्तवमा असुरक्षित यौन सम्पर्क राख्दा, निर्मलीकरण नगरिएका औजारले छाला छेड्दा, परीक्षण नगरिएका रगत तथा रगतजन्य पदार्थहरू लिँदा र संक्रमित महिलाबाट उनको शिशुमा बाहेक अन्य कुनै पनि कारणहरूबाट एचआइभि सकेको पाइएको छैन् ।

**एचआइभि र एड्सबाट बच्ने उपायहरू केके हुन् ?**

एचआइभि विषाणु मानिसको शरीरमा मात्र बाँच्न सक्ने र मानिसको रगत र रगतजन्य पदार्थको साटासाट हुँदा मात्र यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले यसबाट बच्नका लागि सुरक्षित उपाय अपनाउन सकिन्छ । विशेष गरी कुनै एक व्यक्तिको रगत तथा रगतजन्य पदार्थ अर्को व्यक्तिको रगतमा असुरक्षित यौनसम्पर्क राख्दा, रगत तथा रगतजन्य पदार्थ लिँदा, एउटै सुइ तथा सिरिञ्ज जस्ता छाला छेड्ने औजारहरूको साझा प्रयोग गर्दा र संक्रमित आमाबाट बच्चामा प्रवेश गर्न सक्छ । त्यसकारण एचआइभि संक्रमण हुनबाट बच्नका लागि यी चारओटै माध्यमहरूलाई सुरक्षित राख्न सकेको खण्डमा एच.आइ.भी संक्रमण हुनबाट पूर्ण रूपमा बच्न सकिन्छ ।

(अ) असुरक्षित यौनसम्पर्कबाट बच्ने उपाय

- सकेसम्म पुरूषले २५ वर्ष र महिलाले २० वर्षसम्म ब्रम्हचार्य पालना गर्ने वा यौनसम्पर्क नराख्ने ।
- यौनसम्पर्क राख्दा एकजना विश्वासिलो व्यक्ति (पति/पत्नी) सँग मात्र राख्ने ।
- एकभन्दा बढी व्यक्तिसँग यौनसम्पर्क राख्नु परेमा सही र नियमित रूपमा कण्डमको प्रयोग गर्ने ।

यी उपायहरू क्रमश : पहिला पालना गर्न नसके मात्र दोस्रो र दोस्रो नसके मात्र तेस्रो तेस्रो अपनाउने ।

(आ) रगत तथा रगतजन्य पदार्थ लिँदा सुरक्षित रहने उपाय :

बिरामी पर्दा वा अन्य कुनै कारणले अरूको रगत वा रगतजन्य पदार्थ लिनु पर्दा परीक्षण गराएर मात्र लिनुपर्दछ । कसैको रगत अरूलाई दिनका लागि लिनु पर्दा अनिवार्य रूपमा परीक्षण गरेरमात्र लिने व्यवस्था देशका सबै अस्पतालहरूले अनिवार्य रूपमा पालना गर्नै पर्ने भएकाले डाक्टरको सल्लाहअनुसार आधिकारिक स्वास्थ्य केन्द्रमा गएर मात्र रगत वा रगतजन्य पदार्थहरू लिनुपर्दछ । साथै दुर्घटनामा परेका व्यक्तिहरूका घाउहरू सफा गर्दा समेत हातमा पञ्जा लगाउने गर्नुपर्दछ ।

(इ) सुइ, सिरिञ्ज जस्ता छाला छेड्ने औजारहरूको साझा प्रयोगबाट बच्ने उपाय

- लागूपदार्थको सेवन गर्दै नगर्ने ।

- नाक, कान वा शरीरका कुनै पनि अङ्गहरू छेड्नका लागि औजारहरूको साझा प्रयोग नगर्ने ।
- यदि यस्ता औजारहरूको साझा प्रयोग गर्नै परेको खण्डमा निर्मलीकरण गरेर मात्र प्रयोग गर्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका दाह्रा काट्ने ब्लेड र दाँतमाझ्ने बुरूस प्रयोग गर्दा पनि एचआइभि सर्ने सम्भावना हुन्छ । तसर्थ यस्ता सामानहरूको साझा प्रयोग नगर्ने ।

(उ) बाबुआमाबाट बच्चामा हुने संक्रमणको रोकथाम (पि.एम.टी.सि.टी)

- अनुसन्धानले देखाएअनुसार एचआइभि संक्रमित आमाले जन्माउने शिशुलाई एच. आइ.भी. संक्रमण हुने जोखिम ४० % रहेको पाइन्छ । जसमध्ये २५% गर्भमा रहँदा वा प्रसूति अवस्थामा र १५% स्तनपान गराउँदा हुने गरेको पाइन्छ ।
- आमाबाट बच्चालाई एचआइभि सर्न सहयोग पुऱ्याउने तत्वहरू
- आमालाई तत्कालै एचआइभि संक्रमण भएको अवस्था
- एचआइभि को भार (Viral load) अत्यधिक भएको अवस्था
- यौन रोग लागेको अवस्था
- सुत्केरी गराउँदा अपनाइने प्रक्रिया
- बच्चालाई स्तनपान गराउने अवधि,
- आमाको स्तन र बच्चाको मुखको स्वास्थ्य अवस्था,

**एच.आइ.भी संक्रमित व्यक्तिहरूसँग गर्नुपर्ने व्यवहारहरू**

- एचआइभि संक्रमित व्यक्तिसँगको बाह्य शारीरिक सम्पर्कबाट एचआइभि नसर्ने भएकाले उनीहरूसँग पनि अन्य व्यक्तिसरह नै व्यवहार गर्नुपर्दछ । साथै एचआइभि संक्रमित भएकै कारण उनीहरूसँग डराउनुपर्ने वा भिन्न खालको व्यवहार गर्नुपर्ने हुँदैन ।
- एचआइभि संक्रमित व्यक्तिहरूलाई सामाजिक तथा स्वास्थ्यसम्बन्धी सहयोग उपलब्ध गराउने ।
- मानसिक तनाव र एचआइभिसम्बन्धी अन्य समस्याको सामना गर्न सहयोग गर्ने ।
- लान्छना तथा भेदभाव नगर्ने ।

**एड्ससँग सम्बन्धित महत्वपूर्ण तथ्यहरू**

- यो रोग अन्य रोगहरू भन्दा फरक प्रकारको छ ।
- यो रोग देखा परेको २२ वर्ष मात्र भयो (१९८१ सन्)
- यसले बालबालिका र युवायुवतीलाई बढी आक्रमण गर्दछ ।

- एड्सको कारणबाट अफ्रिकी मुलुकमा आधुनिक विकास कार्य ठप्प छ र मानव विकास सूचक तल झरेको छ ।
- करिव आठलाख जति बालबालिका एड्सका कारण टुहुरा बनेका छन् ।
- हाल एच.आइ.भी एड्सको ठूलो संक्रमण एशिया महादेशमा भएको पाइन्छ ।
- विश्व एड्स दिवस डिसम्बर १ मा मनाइन्छ । एच.आई.भी एड्सको औषधि हालसम्म पनि पत्ता लागेको छैन ।
- यो रोगका तीन अवस्था हुन्छन् ।
  - झ्याली अवस्था (३ महिनासम्म रहन सक्छ ।)
  - एचआइभि को अवस्था (१०-१५ वर्षसम्म रहन सक्छ ।)
  - एड्सको अवस्था (१-२ वर्षसम्म रही मृत्यु हुन्छ ।)
- एड्स रोगको किटाणु ई १९८३ मा अमेरिकी बैज्ञानिक रबर्ट गोलोले पत्ता लगाएका हुन् ।

एड्स रोग अति भयानक रोग हो र अतिनै सूक्ष्म ज़ीवाणुको रूपमा सर्छ । यही जीवाणुले रोग निकाल्दछ । यो जीवाणु मानिसको शरीरमा धेरै वर्षसम्म रहन सक्छ र पछि मात्र रोग देखा पर्छ । एड्स चिकित्सा विज्ञानको चुनौती र विकराल सामाजिक समस्याको रूपमा देखा परेको छ ।

एड्स रोग नियन्त्रण गर्न अपनाउनुपर्ने उपाय :

| | |
|---|---|
| • जनचेतना<br>• तालिम<br>• यौनरोगको उपचार<br>• कन्डम वितरण र प्रयोग<br>• प्रचार प्रसार<br>• अध्ययन अनुसन्धान | • असुरक्षित यौन सम्पर्कको बहिष्कार<br>• विश्वासिलो व्यक्तिसँग मात्र यौन सम्पर्क<br>• लागू पदार्थको कुलतमा नफस्नु<br>• चेतना आदि । |

## ४. आत्ममूल्याङ्कन

१. लागूपदार्थको परिचय र यसबाट पर्ने नकारात्मक प्रभाव केके हुन् ? लेख्नुहोस् ।

| |
|---|
| |

२. एच.आई.भी एड्स निराकरण गर्न अपनाउनु पर्ने कुनै चारओटा उपायहरू केके हुन् बताउनुहोस् ।

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |

## ५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१.१ देखि ३.१.४ सम्म अध्ययन गर्नुहोस् ।

२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.२.३ अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- यस पाठमा विकराल सामाजिक समस्याको रूपमा रहेका लागू पदार्थ केके हुन् र त्यसको सेवनबाट पर्ने असरहरू, एचआइभि एड्सका कारण र नियन्त्रणका उपायहरू समावेश गरिएको छ ।
- जुन पदार्थले हाम्रो मस्तिष्क र अङ्गलाई नकारात्मक प्रभाव पारी शरीरको नाश गराउँछ । त्यो लागू पदार्थ हो ।
- लागू पदार्थको ओसार पसार गर्ने गिरोहले विश्वव्यापी रूप ग्रहण गरिसकेको छ । यसको अत्याधिक सङ्ख्या विकसित मुलुकमा रहेको छ र विस्तारै अविकसित मुलुकमा बढ्दै गएको छ । यसको कारोबार तथा सेवन गर्ने प्रवृत्ति रोक्न विश्वका शक्तिशाली मुलुकहरू सक्रिय छन् ।
- लागू पदार्थको दूर्व्यसन तथा अवैध कारोबार विश्वका सामू समस्या हो र विश्वकै समाजमा असर पार्ने आर्थिक सामाजिक, राजनीतिक तथा आतंककारी समस्या हो ।
- यसको सेवनले करोडौं व्यक्तिहरूको जीवन अकालमा गएको छ ।
- शरीरमा भएको विभिन्न रोगहरूसँग लड्न प्राकृतिक प्रतिरोध शक्ति नष्ट गर्ने रोगलाई एड्स भनिन्छ । सन् १९८१ मा पहिलो पटक यो रोग पत्ता लागेको हो ।
- एड्स भएका व्यक्तिसँग यौन सम्पर्क, जीवाणु भएका व्यक्तिले प्रयोग गरेको सिरिन्ज प्रयोग गर्नाले, त्यस्ता व्यक्तिको रगत लिनाले र एच. आई. भी., भएका आमाबाट बच्चालाई यो रोग सर्छ ।

## ७. निर्देशन

(१) कक्षा चारको सामाजिक शिक्षामा हासिल गर्नुपर्ने "चुरोट, बिँडी, सुर्ती, तमाखु आदिको सेवनबाट हुने खरावीहरू बताउन" भन्ने सिकाइउपलब्धिहरू पूरा गराउन २ ओटा विशिष्ट उद्देश्य तयार गर्नुहोस् ।

पाठ ४

# अपाङ्ग र सुविधाविहीन समूह

## १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) अपाङ्ग अवस्थाको परिचय दिन,

(ख) सुविधाविहीन बालबालिकाको परिचय दिन,

(ग) समाजमा रहेको अपाङ्गसम्बन्धी धारणाहरू वर्णन गर्न र अपाङ्गप्रति विद्यालयको भूमिका बताउन ।

## २. पूर्वसिकाइ क्रियाकलाप

तपाईंको पूर्व अनुभवको आधारमा अपाङ्ग बालबालिकाको सिकाइमा शिक्षकले पुऱ्याउनुपर्ने सहयोग केके हुन सक्छन्, तलको खाली कोठामा लेख्नुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

## ३. विषयप्रवेश

### ३.१ परिचय

- अपाङ्ग भन्नाले शारीरिक, मानसिक, मांसपेशी, स्नायु, मस्तिष्कजन्य कारणले गर्दा सामान्य बालबालिकाको दाँजोमा शारीरिक बोली, भाषा, सुनाइ, हेराइ, बौद्धिक एवम् मानसिक सोचाइ, हिँडाइ, दैनिक कार्य गराइमा तथा विकासका विभिन्न चरणमा देखिएका असामान्य स्थिति र प्रकृति, रोग, दुर्घटना, वंशानुगत गुण, खानपान, गर्भावस्थामा देखिने कमी र पाइने भिन्न अवस्थाका बालबालिकालाई बुझिन्छ ।

समाहित शिक्षाले निम्नलिखित धारणाहरूलाई बुझाउँछ :

- यो सबै बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको संरक्षण सिद्धान्त हो,
- यसले सबै बालबालिकाले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास राख्दछ,
- यसले विद्यालय सेवा क्षेत्रभित्र रहेका सबै किसिमका बालबालिकाका लागि अनुकूल विद्यालय वातावरणको विकासमा जोड दिन्छ,
- यसले बालबालिकामा रहेका भिन्नतालाई सममान गर्दै उनीहरूलाई अर्थपूर्ण सिकाइ प्रक्रियामा सहभागी बनाउँछ,
- यसले शैक्षिक संरचना, प्रणाली वा प्रक्रियालाई सबै बालबालिकाका आवश्यकता सुहाउँदो बनाउनुपर्छ भन्ने मान्यता राख्दछ,

- यो समानान्तर शैक्षिक कार्यक्रम नभएर विद्यमान शैक्षिक कार्यक्रमहरूलाई नै सबैका लागि अनुकूल बनाउने सुधार प्रक्रिया हो,
- यसले बालबालिकालाई के पढाउनेभन्दा पनि उनीहरूले के र कसरी सिक्न सक्दछन् भन्ने सम्बन्धमा ज्यादा चासो राख्दछ,
- यसले बालबालिकाको आत्मनिर्णयको अधिकारलाई मान्यता दिँदै त्यसको सम्मान गर्दछ,
- यसले भौतिक, प्राविधिक, सङ्गठनात्मक, वैचारिक र प्रवृत्तिगत परिवर्तनको कुरा गर्दछ ।
- यसले विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न सहयोग पुऱ्याउने आकर्षक र अनुकूल कक्षाकोठा व्यवस्थापनको अपेक्षा गर्दछ,
- यो सबैका आवश्यकताप्रति संवेदनशील हुने भएकाले विद्यार्थीहरूलाई आवश्यकताअनुसार थप सहयोग र सुविधा उपलब्ध गराउने कुरामा विश्वास गर्दछ ।
- यसले विद्यार्थीको नियमित लेखाजोखा गरी बालकेन्द्रित शिक्षण विधिबाट उनीहरूको अध्ययनलाई निरन्तरता दिन अनुकूल वातावरण सिर्जना गर्दछ । साथै सिकाइका लागि थप सम्भावनाहरूको खोजी गर्दछ ।

समाहित शिक्षाका मूलभूत मान्यताहरू

- सबै बालबालिकाले आफ्नै समुदायमा शिक्षा पाउने अधिकारलाई स्वीकार गर्दछ,
- सबै बालबालिकाले सिक्न सक्दछन् भन्ने स्वीकार गर्दछ,
- समुदायमा आधारित स्थानीय संलग्नता र स्वामित्व बढाउन प्रेरणा दिन्छ,
- बालबालिकामा भएका विभिन्नता (लिङ्ग, जात, जाति, भाषा, धर्म, अपाङ्गता आदि)लाई सम्मान गर्दछ,
- शैक्षिक संरचना, प्रणाली र प्रक्रियालाई सबै किसिमका बालबालिकाका आवश्यकता सुहाउँदो बनाउनुपर्दछ भन्ने मान्यता राख्दछ ,
- यो एक गतिशील प्रक्रिया हो जुन लगातार परिमार्जन भैरहन्छ ।

### ३.२ अपाङ्गका प्रकार

- दृष्टिविहीन र दृष्टि कमजोर
- बहिरा र सुस्त श्रवण
- शारीरिक अपाङ्ग
- सिकाइ असक्षम
- मस्तिष्क पक्षघात भएका

- बहु-अपाङ्ग
- संवेगात्मक र व्यावहारिक अवरोध/असन्तुलन भएका
- भाषिक असक्षमता

### ३.३ अपाङ्ग बालबालिकाप्रति सामाजिक विश्वास र मान्यताहरू

- सामान्यतया अन्य बालबालिकाभन्दा भिन्न, अशक्त, असक्षम मानसिक रूपले मन्द बालबालिकालाई नै अपाङ्ग भनिन्छ । त्यस्ता अपाङ्ग प्रति समाजमा निम्न धारणा रहेको पाइन्छ ।

- अपाङ्गबालबालिकाप्रति समाजमा सहानुभूति दया र सहयोग राख्नुपर्छ भन्ने भावना छ । तर उनीहरूलाई कसरी सहयोग पुऱ्याउने भन्ने ठोस धारणाको विकास भएको छैन । अशिक्षा तथा अज्ञानताका कारण अपाङ्ग बालबालिकासँग कस्तो व्यवहार गर्नुपर्छ र कुन तरिकाले प्रोत्साहन गर्नुपर्छ भन्ने ज्ञानको कमी छ ।





- शारीरिक एवम् मानसिक अज्ञानताका कारणले अपाङ्गताको सिर्जना हुन्छ र त्यस्तो हुन नदिन र भएमा के कस्तो उपचार गर्नुपर्छ भन्ने जनचेतनाको अभाव छ ।
- बालबालिकाको भावन र बाल अधिकारलाई त्यति महत्व दिइदैन ।
- अशक्तलाई सकेसम्म ढाकछोप गरिन्छ र कोही परिवारमा त थुनेर अथवा घरमै सीमित राख्ने गरेको पाइन्छ ।
- अपाङ्ग बालबालिकाको मनोबैज्ञानिक पक्षलाई त्यति ध्यान दिइंदैन । उसको कमजोरी मात्र कुरा गरिन्छ तर उसको बलियो पक्ष देखाएर उत्साहित गर्ने काम गरिंदैन ।
- प्रतिभा सम्पन्न बालबालिकालाई पनि उत्साहित गर्ने काम गरिदैन ।
- अशक्त अथवा अपाङ्ग हुनुलाई भाग्य अथवा पूर्वजन्मको दोष मान्ने गरिन्छ । जसले गर्दा त्यस्ता बालबालिकामा थप हीनत्वको भावना पैदा गराएको छ ।

दृष्टिविहिन एवम् आंशिक दृष्टिविहीन बालबालिकालाई सहयोग

**विभिन्न अवस्थाका दृष्टिहीन बालबालिकाहरू हुन्छन् । केही दृष्टिविहीनहरू सामान्य**

उज्यालो र अँध्यारो मात्र देख्न सक्ने हुन्छन् भने कति त्यो भन्दा केही धेरै देख्ने हुन्छन् । विभिन्न दृष्टिविहीनहरूका बेग्लावेग्लै आवश्यकताहरू हुने हुनाले कुन कुराले तिनलाई बढी सहयोग गर्छ भन्ने बुझ्नुपर्दछ । दृष्टिविहीन वा आँशिक दृष्टिविहीन बालबालिकाहरूलाई तलका थप सहयोग उपलब्ध गराउन सकिन्छ :

- कक्षाकोठाको अघिल्लो बेञ्चमा राखेर,
- प्रशस्त उज्यालो आउने ठाउँमा बसाइ व्यवस्थापन गरेर,
- शैक्षिक सामग्री बनाउँदा चम्किलो रङ प्रयोग गरेर,
- कालोपाटी विद्यार्थीको बसाइसँग मिल्ने गरी राखेर,
- पठनपाठनका सिलसिलमा मुख्यमुख्य बुँदाहरूलाई ठूला अक्षरमा लेखिदिने,

कालोपाटीमा लेखिने कुरा बोलेर पनि जानकारी दिने ।

### ३.४ शिक्षकको भूमिका

अपाङ्ग बालबालिकाप्रतिको सामाजिक दृष्टिकोण देखिएका कमजोर पक्षलाई नियन्त्रण र निरूत्साहित गर्नका लागि निम्नलिखित बुँदाहरूमा ध्यान दिनुपर्दछ ।

- अशक्त तथा अपाङ्ग हुनुको कारण तथा समयमै गर्न सकिने उपचार सम्बन्धमा आफूले जानेकोबुझेको कुराहरू आफ्नो समुदायमा बुझाउने तथा परामर्श दिने गर्नुपर्दछ ।
- बालबालिकाको भावनामा ठेस लाग्ने एवम् बालअधिकारप्रति बेवास्ता गर्ने किसिमको व्यवहारलाई निरूत्साहित गराउनुपर्दछ ।



- दया र सहानुभूति मात्र देखाइ राख्नाले घाउलाई कोट्याउने काम हुन्छ । बालबालिकाको सबल पक्षको प्रशंसा गर्ने गर्नुपर्छ ।
- विद्यालयमा हरेक बालबालिकालाई उत्तिकै अवसर दिनुपर्छ । यसले सक्दैन भनेर अवमूल्यन गर्नु हुँदैन यसबाट अशक्त वा अपाङ्गप्रति अन्य बालबालिकाको धारणाा नकारात्मक बन्छ ।



- प्रतिभासम्पन्न बालबालिका हरेक कुरा छिटो बुझ्दछन् र सिक्दछन् । यिनीहरूलाई अरूलाई जस्तो विस्तारै सिकाइ रहँदा नैराश्यता उत्पन्न हुनसक्छ । त्यसैले यिनीहरूलाई नयाँ बस्तु सिक्न प्रोत्साहन गर्नुपर्छ ।

**शारीरिक अपाङ्ग लगायतका अपाङ्ग बालबालिकाहरूप्रति हामीले ख्याल गर्नुपर्ने पक्षहरू**

शारीरिक अपाङ्ग बालबालिकाका लागि अपाङ्गताले पारेको प्रभावलाई न्यून गरी सक्रिय शिक्षणसिकाइ क्रियाकलापमा सहभागी गराउन तलका कुराहरूमा ध्यान दिनुपर्दछ :

- दुई तल्लोको भवन छ भने शारीरिक अपाङ्गता भएका विद्यार्थीलाई अध्ययन गर्ने कक्षा तल्लो तलामा नै मिलाउने,
- शारीरिक अपाङ्ग बालबालिका जान सक्ने, प्रयोग गर्न सक्ने गरी खेलमैदानलाई मिलाउने,
- ह्वीलचियर जानसक्ने र फर्किन सक्ने गरी कक्षाकोठा, प्रार्थना स्थान वा अन्य कार्यक्रम स्थलमा र्‍याम्पको व्यवस्था गर्ने,
- वैशाखी प्रयोग गर्नेका लागि अनुकूल बेन्चडेकसको व्यवस्था गर्ने,
- बेन्चमा बस्न नसक्नेलाई वैकल्पिक कुर्सी वा सुकुलको व्यवस्था गर्ने,
- शारीरिक अपाङ्ग बालबालिकाले प्रयोग गर्ने ह्वीलचियर, वैशाखी राख्ने ठाउँको व्यवस्था गर्ने, शारीरिक अपाङ्ग बालबालिकाले प्रयोग गर्न मिल्ने गरी कालोपाटीको व्यवस्था गर्ने,
- शारीरिक अपाङ्ग बालबालिकाले सहभागिता जनाउन सक्ने खेलकुदको छनोट गर्ने,
- शिक्षणको दौरानमा बालबालिकासँग नियमित रूमा अन्तर्क्रिया संवाद गर्ने,
- लेख्न असजिलो हुनेलाई सिसाकलममा रबरव्याण्ड बेरिदिने आदि ।

## ३.५ सुविधाविहीन बालबालिका

### परिचय

सुविधाविहीन बालबालिका भन्नाले सामाजिक, आर्थिक एवम् विकासको क्रममा (स्वास्थ्य शिक्षा, रोजगार र सुरक्षामा) पछाडि परेका बालबालिका हुन् भन्ने बुझिन्छ ।

**यसअन्तर्गत निम्न कुराहरू समावेश गरिएको छ :**

- बालिका
- दलित बालबालिका
- आदिवासी र अल्पसङ्ख्यक जनजातिका बालबालिका
- भाषिक अल्पसङ्ख्यक बालबालिका
- गरिबीको रेखामुनी रहेका बालबालिका र
- सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक कारणबाट सामान्य बालबालिकाको लागि बनेका संरचना तथा सुविधा र सेवाबाट बञ्चित बालबालिका पर्दछन् ।

बालिका



लिङ्गको हिसाबले स्त्री जातिलाई दोस्रो कोटीमा राखेर हेर्ने परिपाटीको विकास नेपाली समाजमा रहेको छ । छोरालाई राम्रो विद्यालय, मिठो खाना, राम्रो लुगा र त्यसको ठीक विपरित व्यवहार आफ्नै घरमा आफ्नै भाइहरूको तुलनामा नेपाली बालिकाहरूले भोगिरहेका छन् । यसरी बालिकाहरू आफ्नै घरमा सुविधाविहीन बन्न पुगेका छन् ।

**सुविधाविहीन बालबालिकाको पहिचान निम्नानुसार गर्न सकिन्छ ।**

- प्राथमिक तहको शिक्षाको सुविधाबाट समेत बञ्चित ।
- दाइभाइको तुलनामा घरमा पाकेको खानामध्ये पोषक खानेकुरा कम पाउने ।
- घरको काममा सघाउनै पर्ने वाध्यता, भाइबहिनीको हेरचाह र कामको बोझले गर्दा कामदारको जस्तो स्थिति ।
  प्राथमिक तहमा भर्ना भएपनि पढाइ पूरा नगर्ने ।



**दलित**

- यू.एन.डि.पि. ले गरेको परिभाषाअनुसार दलित भनेको "निर्दयतापूर्वक दवाइएका जनता" हुन् ।
- नेपालमा २०२० सालमा मुलुकी ऐन आउनुभन्दा अधिसम्म चार वर्ण विभाजन गरी शुद्र वर्णमा पर्ने व्यक्तिहरू दलित मानिन्थे । तर २०२० को मुलुकी ऐनले जातजाति र छुवाछुत प्रथा अन्त गऱ्यो । नेपालको संविधान २०४७ ले कुनै पनि जातजातिको विभेद नगरी समान अधिकार सबै नागरिकलाई दिइएको भए पनि यी कुराहरू अझै कार्यान्वयन हुन सकिरहेका छैनन् ।

**दलितले निम्न समुदायलाई जनाउँछ :**

- जातीय भेदभावका कारणबाट सिर्जिएको गरिबीको मारमा परेका जनसमुदाय ।
- मुलुकी ऐन आउनुभन्दा अघि कानुनले नै छोइछिटो हाल्नुपर्ने वर्ग ।
- अरू उच्च वर्गका आशामा जीवन निर्वाह गर्न विवश समुदाय ।

- शिक्षाको क्षेत्रबाट हेर्दा दलितहरू शिक्षाको पहुँचबाट टाढा रहेका व्यक्तिहरू ।
- सामाजिक कुरीतिका कारण जातीय हिसाबले निम्न दर्जामा राखेका समुदाय ।

**आदिवासी र जनजातिका अल्पसङ्ख्यक बालबालिका**

- नेपाल बहुजातीय र बहुभाषी जनताको साझा फूलवारी हो । नेपाल सरकारले ५८ थरी जातजातिलाई जनजाति र आदिबासीको सूचीमा राखेको छ ।
- हिन्दू वर्णाश्रम व्यवस्थाका ४ वर्णमा र ३६ जात भित्र नपर्ने तर आफ्नो परम्परागत रीति रिवाज, धर्म, संस्कृति र मूल थलो नेपालमै भएका साथै शासन संयत्र र राज्यको नीतिनिर्माण तहमा कहिल्यै पनि नपुगेका जाति आदिवासी जनजाति मानिन्छ ।

**भाषिक अल्पसङ्ख्यक बालबालिका**

- भाषिक अल्प समूहका बालबालिका ती हुन् जसको मातृभाषा नेपाली नभएर अन्य कुनै छ र नेपाली उनीहरूले दोस्रो भाषाको रूपमा सिक्नुपर्छ । नेपाल सरकारले आदिवासीको सूचीभित्र सूचीकृत गरेका ५९ थरी जनजातिहरू यो कोटीभित्र पर्दछन् । भाषिक अल्पसङ्ख्यक बालबालिकाको पहिलो भाषाको क्षेत्र र कार्यक्षेत्र सीमित हुन्छ । यसो हुँदा उन्नति र प्रगतिको निमित्त राष्ट्रिय भाषा सिक्नुपर्ने हुन्छ । जुन उनीहरूका लागि दोस्रो भाषा हो । यिनीहरूका लागि छुट्टै विद्यालयको व्यवस्था छैन । त्यसैले अरूसँगै समाहित भएर अध्ययन गर्नुपर्ने हुन्छ । जसले गर्दा
  - अल्पसङ्ख्यक बालबालिका दुबै भाषा मिसाएर बोल्ने गर्छन् ।
  - शिक्षक र साथीहरूसँग बोल्न हिचकिचाउँछन् ।
  - भन्न खोजेका कुरा प्रस्ट भन्न सक्दैनन् ।
  - सकेसम्म आफ्नै मातृभाषाबाटै भाव व्यक्त गर्ने प्रयास गर्छन् ।

**गरिबीको रेखाभित्र परेका बालबालिका**

- नेपाल संसारकै गरिब मुलुकहरूमध्ये पर्ने मुलुक हो । यहाँका जनताको प्रतिव्यक्ति आम्दानी र मानव विकाससूचक धेरै न्यून छ । अनुसन्धानबाट यहाँका प्रत्येक १०० बालबालिकामध्ये ४० जना न्यून आर्थिक स्थितिमा बाँचेका छन् भन्ने कुरा आएको छ ।
- न्यून आर्थिक स्थितिका कारण आफ्नो दैनिक जीवन निर्वाह, शिक्षा, दीक्षा, लता कपडा, र अन्य आवश्यकता परिपूर्तिका हिसाबले असक्षम स्थितिमा रहेका बालबालिका मानिन्छ ।
- कक्षा व्यवस्थापन र शिक्षणसिकाइ गर्दा सुविधाविहीन अवस्थामा रहेका बालिका, दलित, आदिवासी अल्पसङ्ख्यक जनजाति भाषिक अल्पसङ्ख्यक र गरिबीमा परेका बालबालिकाको पहिचान गरी विद्यालयमा सहयोगात्मक वातावरणको निर्माण गर्नुपर्छ ।

उचित कक्षा व्यवस्थापन प्रोत्साहन आदि सिकाइ वातावरण तयार गरी शिक्षण गर्नुपर्दछ भने आफ्नो समुदायमा यस्ता प्रवृति हटाउन जनचेतना बढाउने दायित्व शिक्षकको हो ।



## ४. आत्ममूल्याङ्कन

१. अपाङ्गको परिचय दिनुहोस् ।

२. अपाङ्गका किसिमहरू उल्लेख गरी सूची बनाउनुहोस् ।

३. अपाङ्गसम्बन्धी सामाजिक धारणा हटाउन शिक्षकले निर्वाह गर्ने भूमिका उल्लेख गर्नुहोस् ।

४. सुविधाविहीन बालबालिकाको परिचय दिई कस्ता बालबालिकालाई सुविधाविहीन भनिन्छ । तिनको सूची तयार गर्नुहोस् ।

## ५. पृष्ठपोषण

१ प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ परिचय अध्ययन गर्नुहोस् ।

२ प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.२ प्रक्रिया अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.३ अपाङ्ग बालबालिकाप्रति सामाजिक विश्वास र मान्यताहरू अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को अध्ययनका लागि विषयप्रवेशको ३.५ अन्तर्गत सुविधाविहीन बालबालिका अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- सामान्य बालबालिकाको दाँजोमा शारीरिक, बोली, सुनाई, हेराइ, बौद्धिक एवम् मानसिक काम गराइ, हिंडाइ आदिमा असामान्य स्थिति देखिएका बालबालिका अपाङ्ग हुन् ।
- धेरै प्रकारका अपाङ्गमध्ये प्रमुख शारीरिक, दृष्टिविहीन, सुस्त श्रवण र सुस्त मनस्थितिका अपाङ्ग समाजमा हुन्छन् ।
- अपाङ्गको शिक्षा, स्वास्थ्य र अधिकारका सम्बन्धमा समाजमा गलत धारणा रहेको छ ।
- सामाजिक आर्थिक एवम् विकासको क्रममा पछाडि परेका बालबालिका सुविधाविहीन हुन् ।
- बालिका, दलित, अल्प सङ्ख्यक जनजाति, आदिबासी, भाषिक अल्पसङ्ख्यक गरिबीको रेखामुनी रहेका र सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक कारणबाट सामान्य बालबालिकाको संरचनाभित्र नपरेका बालबालिका सुविधाविहीन हुन् ।
- नेपालमा ५९ जातिलाई जनजाति र आदिबासीको सूचीमा सूचिकृत गरिएको छ ।

## ७. निर्देशन

१. यो पाठ राम्ररी अध्ययन गर्नुहोस् र आत्ममूल्याङ्कनमा समावेश प्रश्नहरूको उत्तर दिनुहोस् । यदि राम्ररी बुझ्न सक्नु भएन भने पुनः दोहोऱ्याउनुहोस् ।

२. पाठ बुझ्नु भएको भए अपाङ्ग र सुविधाविहीन बालबालिकाको भलाइको लागि गर्न सकिने सेवाका कार्यहरूको सूची बनाई मिल्यो मिलेन स्रोत शिक्षकलाई जँचाउनुहोस् ।

## एकाइ : ६

# नेपालको नक्सा निर्माण

**सक्षमता:** विभिन्न भौगोलिक क्षेत्रमा बस्ने मानिसहरू र तिनीहरूको जीवन दर्शाउने नक्सा खिची व्याख्या गर्न ।

### परिचय

**यस एकाइमा नेपालको विभिन्न भौगोलिक अवस्था र ती क्षेत्रमा बसोबास गर्ने मानिसहरूको रहनसहन, बसोबास, धर्म, सांस्कृतिक तथ्यहरू झल्काउने गरी नेपालको नक्सा निर्माण गर्न र व्याख्या गर्नका लागि विषयवस्तु समावेश गरिएका छन् । यसका लागि नक्साको महत्त्व र वर्गीकरण, नक्साको माध्यमबाट विभिन्न विषयको सूचना प्रवाह, नक्सा निर्माण गर्दा स्केलको प्रयोग, नक्सा निर्माण गर्ने तरिका र नक्सा निर्माण गरी नेपाली समाजको सामाजिक, सांस्कृतिक अवस्था भौगोलिक क्षेत्रअनुसार भर्न यस एकाइले मदत पुऱ्याउनेछ । शिक्षकलाई कक्षा शिक्षणमा नेपालको नक्सा निर्माण गरी भौगोलिक अवस्थाअनुसार रहनसहन, वेशभूषा, लवाइखवाइ र विभिन्न जातजातिको संस्कार आदिको शिक्षण गर्नमा सहयोग पुऱ्याउँछ ।**

## पाठ १

## नक्सा निर्माण

### १ उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) नक्साको परिचय दिई वर्गीकरण गर्न,

(ख) नक्साको महत्व वर्णन गर्न,

(ग) नक्सामा सङ्केतका किसिम बताउन र सङ्केत भर्न,

(घ) नक्साको मान (Scale) का आधारमा दूरी पत्ता लगाउन,

(ङ) नेपालको नक्सा निर्माण गर्ने तरिका बताउन र निर्माण गर्न ।

### २. पूर्वसिकाइ क्रियाकलाप

तपाईंले प्रथम चरणको आधारभूत प्याकेजको तालिममा नेपालको नक्सा बनाउन सिक्नुभएको अनुभवका आधारमा नेपालको नक्सा बनाउनुहोस् ।

### ३. विषयप्रवेश

### ३.१ परिचय

- पृथ्वीको कुनै क्षेत्र वा सम्पूर्ण क्षेत्रलाई प्रतिनिधित्व हुने गरी तयार गरिएको आकारलाई नक्सा भनिन्छ । इसापूर्व तेस्रो शताब्दीदेखि नक्साको प्रयोग भएको हो । यसले विभिन्न अवधि पार गर्दै आधुनिक युगसम्म आइपुगेको छ । हाल यसको क्षेत्र व्यापक र विस्तृत हुन आएको छ ।

### ३.२ महत्व

- सामाजिक शिक्षाको अध्ययनमा नक्साको प्रयोग अति महत्वपूर्ण हुन्छ । कुनै पनि वस्तुको स्थिति देखाउन नक्साको प्रयोग हुन्छ । प्राकृतिक, सांस्कृतिक, औद्योगिक, जनसङ्ख्याको स्थिति देखाउन नक्साको प्रयोग हुन्छ ।

### ३.३ नक्साको वर्गीकरण

- प्राकृतिक वा भौतिक नक्सा
- सांस्कृतिक वा राजनीतिक नक्सा
- प्राकृतिक तथा सांस्कृतिक नक्सा

**विशेष अवस्थाको आधारमा**

- वितरण देखाउने नक्सा
- धरातलीय नक्सा
- भौगोलिक नक्सा
- माटोको वर्गीकरण नक्सा ।
- आर्थिक नक्सा
- राजनीतिक नक्सा
- यातायातसम्बन्धी नक्सा
- हावापानीसम्बन्धी नक्सा
- ऐतिहासिक नक्सा आदि

### ३.४ नक्साको माध्यमबाट विवरण प्रस्तुत

- पृथ्वीको धरातलमा रहेका विभिन्न भौगोलिक वस्तुको स्थिति, वातावरणीय परिवर्तन तथा सामाजिक, सांस्कृतिक स्थितिलाई नक्सामा उतार्न कठिन हुन्छ । तसर्थ ती त्यस्ता विषयको वस्तुस्थिति तथा त्यसको स्वरूपको विशेषता आकारका आधारमा विभिन्न साङ्केतिक चिह्नहरूको प्रयोग गरी नक्साद्वारा विवरण प्रस्तुत गरिन्छ ।
- कुनै क्षेत्रको नक्सा बनाउनुको खास उद्देश्य नै त्यस क्षेत्रको दृश्यमान गराई वा आँखाले देखिने गराई जानकारी गराउनु हो । शब्दद्वारा वर्णन गरी नक्सा बनाउने हो भने अक्षरै अक्षरको भीडले त्यो नक्सा महत्वहीन बन्न सक्छ । त्यसैले नक्सामा साङ्केतिक चिह्नबाट विभिन्न सूचनाहरू प्रस्तुत गरिन्छ ।


### ३.५ नक्सामा सङ्केतहरूबाट देखाइने स्वरूपहरू


- मानव निर्मित स्वरूपहरू, जस्तै: मन्दिर, सडक, घर आदि ।
- जल स्वरूपहरू, जस्तै: नदी, ताल, समुद्र नहर आदि ।
- स्थल स्वरूपहरू, जस्तै: पहाड, भीर, चुचुरो, मैदान आदि ।
- वनस्पति स्वरूपहरू, जस्तै: वनजङ्गल आदि ।

**सङ्केतका किसिमहरू**

नक्सामा सङ्केतहरू तीन किसिमबाट देखाउन सकिन्छ । यी सङ्केतहरू नक्साको मानअनुसार प्रयोग गरिन्छ ।

- बिन्दु सङ्केत
- रेखासङ्केत
- क्षेत्रफल सङ्केत



## ३.६ नक्सामा मान (Scale) को ज्ञान दिने र दूरी पत्ता लगाउने

- वास्तविक स्वरूप र नक्साको अनुपात प्रस्टसँग बुझाउन वा सो स्वरूपलाई नक्सामा प्रतिनिधित्व गर्नलाई मानको आवश्यकता पर्दछ । यसको ज्ञान हुनु अति जरूरी छ । यसै मानको आधारमा नक्सामा रहेका दुई ठाउँको दूरी सजिलै पत्ता लगाउन सकिन्छ ।

- पृथ्वीको सतहमा भएका सम्पूर्ण वस्तुस्थितिको स्वरूपलाई सानो कागजको टुक्रामा देखाउन असम्भव भएको हुनाले विभिन्न क्षेत्रको स्वरूपलाई नक्सामा प्रस्टसंग प्रतिनिधित्व गराइएको हुन्छ । नक्सामा भएको भिन्न भिन्न मानको आधारमा वास्तविक धरातल वा स्वरूपलाई सानोमा या ठूलो क्षेत्रमा देखाउन सकिने कुराको ज्ञान दिनलाई वा प्रस्टसंग बुझाउनलाई यसो गरिएको हुन्छ ।

उदाहरणका लागि कक्षाकोठामा भएको कालोपाटीको लम्बाई २ मिटर छ र चौडाइ १ मिटर छ भने सानो कपीको टुक्रामा देखाउन असम्भव हुन्छ । तर मानको सहायताले यसलाई सजिलै बनाउन सकिन्छ ।





१ से.मि.=१ मिटरको स्केल तय गर्ने र कोर्ने ।

२ से.मि. = २ मिटर देखाउने भयो । यसरी १ से.मि. चौडाइ र २ से.मि. लम्बाइ राखी कालोपाटीको सतह आकारको नक्सा बनाउन सकिन्छ ।


### ३.७ नेपालको नक्सा निर्माण


- सर्वप्रथम एउटा सेतो र सफा कागजमा सिसाकलम र एउटा स्केल लिएर माथि चित्रमा दिइए जस्तो आयत बनाऔं ।





- अब प्रत्येक सेन्टिमिटरको वर्ग बन्ने गरी चित्रमा


- जस्तो ठाडो र तेर्सो रेखा कोरौं ।
- त्यसको क, घ रेखामा क बाट ३ से.मी. मा ट र क, ख रेखामा क बाट ३ सेमी. मा ठ चिनो लगाऔं ।
- त्यसपछि ख, ग रेखामा ग बाट ३ से.मी. मा ५ लिऔं र चिनो लगाऔं । त्यसैगरी ग, घ रेखामा ग बाट ३ से.मि. मा ढ लिऔं र चिह्न लगाऔं । चित्रमा जस्तै: ट, ठ, ड र ढ बिन्दुमा धर्का तानेर जोडौं ।




- अब तल दिइएको नमुना हेरी नक्सा कोर्नुहोस् ।
- पूरा कोरेपछि यस्तै नक्सा बन्छ । नक्सा बनेपछि आयात र नक्साका भाग मात्र मसीले लेखौं र सिसाकलमले कोरेका धर्काहरू मेटिदिऔं । धेरैपल्ट यो अभ्यास दोहोऱ्याऔं ।





## ४. आत्ममूल्याङ्कन

१. नक्सा निर्माणको कुनै दुईओटा महत्व बताउनुहोस् ।

२. नक्सा वर्गीकरणका आधारहरूको सूची तयार गर्नुहोस् ।

३. नक्साको माध्यमबाट विवरण कसरी प्रस्तुत गर्न सकिन्छ वर्णन गर्नुहोस् ।

४. सङ्केतको किसिमहरूको नाम बताउनुहोस् ।

५. नक्साको अध्ययनबाट दूरी कसरी पत्ता लगाउन सकिन्छ एउटा उदाहरण दिनुहोस् ।

६. नेपालको नक्सा निर्माण गर्ने तरिका उल्लेख गरी एउटा नक्सा तयार गर्नुहोस् ।

## ५. पृष्ठपोषण

१ प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.२ अध्ययन गर्नुहोस् ।

२ प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.३ नक्साको वर्गीकरण अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.४ नक्साको माध्यमबाट विवरण प्रस्तुत शीर्षक अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को अध्ययनका लागि विषयप्रवेशको ३.५ अध्ययन गर्नुहोस् ।

५. प्रश्न नं. ५ को उत्तरको लागि विषयप्रवेशको ३.६ अध्ययन गर्नुहोस् ।

६ प्रश्न नं. ६ को उत्तरको लागि विषयप्रवेशको ३.७ अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- नक्सा निर्माण गर्दा अभ्यासको महत्वपूर्ण भूमिका हुन्छ । यसले नक्साका आकारको धारणा बनाउन मदत गर्दछ ।
- पृथ्वीको कुनै क्षेत्र वा सम्पूर्ण क्षेत्र वा सम्पूर्ण क्षेत्रलाई प्रतिनिधित्व हुने गरी तयार गरिएको आकारलाई नक्सा भनिन्छ ।
- प्राकृतिक, भौतिक, सांस्कृतिक, राजनीतिक आधारमा नक्साको वर्गीकरण गर्न सकिन्छ ।
- नक्सामा विभिन्न स्वरूपहरू मानव निर्मित, जलस्वरूप, स्थल र वनस्पति स्वरूपहरू रहेका हुन्छन् ।
- बिन्दू, रेखा र क्षेत्रफल सङ्केत गरी ३ किसिमबाट सङ्केतहरू देखाउन सकिन्छ ।
- नक्सामा स्केलको महत्वपूर्ण भूमिका हुन्छ । वास्तविक स्वरूप र नक्साको अनुपात प्रस्टसँग बुझाउन स्केलको आवश्यकता पर्दछ ।

## ७. निर्देशन

कुनै एउटा भौगोलिक क्षेत्रमा ( तराई, पहाड र हिमाल) मनाइने चाडपर्व झल्किने गरी नेपालको नक्सा कोर्नुहोस् ।

पाठ २

# नक्सामा हिमाल, पहाड र तराईको सामाजिक र सांस्कृतिक जीवन

## १. उद्देश्य

यो पाठको अन्तमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुनुहुनेछ,

(क) नेपालको विभिन्न क्षेत्रको सामाजिक र सांस्कृतिक जीवनको परिचय दिन,

(ख) नेपालको नक्सा निर्माण गरी प्रमुख सामाजिक, सांस्कृतिक र चाडपर्व, रहनसहन, धर्म आदि देखाउन ।

## २. पूर्वसिकाइ क्रियाकलाप

हिमाली क्षेत्रमा मनाइने कुनै एउटा चाड, पर्वको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् ।

## ३. विषयप्रवेश

### ३.१ परिचय

दक्षिण एसियाको काखमा रहेको नेपाल एक वहुजातीय, वहुभाषिक, वहुसंस्कृतिक तथा भौगोलिक विषमताले भरिएको राष्ट्र हो ।

**जाति**

नेपाल बहुजातीय एवम् अन्तरजातीगत विभिन्नताले व्याप्त सांस्कृतिक सम्पन्न राष्ट्र हो । यहाँको लोक जीवन विविधता र विशेषताले पूर्ण छ । यिनै जातिगत रङ्गीचङ्गी जीवन झाँकी विद्यमान भएकाले नै नेपाल सबै जातिको फूलवारी हो । नेपालको निर्माण र विकासमा सबै जातको सक्रिय योगदान र आफ्नो प्रकारको महत्वपूर्ण स्थान छ ।

**क. हिमाली प्रदेश** : शेर्पा, ल्होमी, लोपा, थकाली

**ख. पहाडी प्रदेश** : बाहुन, क्षेत्री, राई, लिम्बु, तामाङ, मगर, सुनुवार, जिरेल, नेवार, राउटे, दनुवार, माझी, देरै, सुनुवार, चेपाङ, कामी, सार्की, दमाई आदि

**ग. तराई प्रदेशमा** : मदेशका बाहुन, राजपुत, यादव, सतार, धिमाल, राजवंशी, घाँगड, थारू, मुसलमान, लोहार, लोनिया, भेडरिया, धोवी, चमार, पामी, लोहरा, कहार, नयरवट्टा नाउ, डोम आदि ।

**धर्म**

परमात्मा माथिको विश्वास, पाप र पुण्यको त्रास र आश, तन्त्रमन्त्र, पूजाआजा, ब्रत, होम, भजनकिर्तन, जात्रा, मेला, पर्व आदि सामाजिक जीवनका अभिन्न अङ्ग हुन् ।

- **हिन्दूहरू**

  पशुपति, गुहेश्वरी, जानकी, गोसाइकुण्ड, मुक्तिनाथ, बराहक्षेत्र, देवघाट, गढीमाई, हलेसी महादेव, स्वर्गद्वारी, गैलेश्वरी, गोरखकाली, मनकामना, दोलखा भीमसेन, विन्दवासिनी, देउती बज्यै, आदि प्रख्यात मन्दिर र देवी देवता हुन् ।

- **बौद्ध**

  लुम्विनी, स्वयम्भू, बौद्धनाथ, महाबौद्ध, नमोवुद्ध र हिमाली क्षेत्रका विभिन्न गुम्बाहरू जस्तो त्यांगवोचे, पाङवोचे र ध्यांगहरू प्रसिद्ध छन् ।

- **इस्लाम**

  काठमाडौं, वीरगंज, नेपालगञ्ज, रौतहट, कपिलवस्तु लगायत तराईका सबैजसो जिल्लामा जामे मस्जिदहरू छन् ।

- **इसाई**

  काठमाडौं ललितपुर लगायत प्रमुख सहरहरूमा गिर्जाघर / चर्च रहेका छन् ।

  त्यसै गरी जैन, शिख आदि धर्मावलम्बीहरू पनि काठमाडौं उपत्यका लगायत तराइका केही जिल्लामा रहेका छन् । यी सबै धर्मको एउटा साझा फूलबारी नेपाल हो यहाँ एक धर्मले अर्को धर्ममा हस्तक्षेप र विरोध नगरी सम्मान गर्ने परम्परा छ । यहाँको धार्मिक सहिष्णुता अनुकरणीय छ ।

**पेसा**

मुख्य पेसा कृषि, उद्योग, व्यापार, सैनिक सेवा, नागरिक सेवाको साथै हाल शिक्षाको विकासपछि पेसाका विविधीकरण, आधुनिकीकरण हुन थालेको छ । परम्परागत प्रकारका, च्यामे, पोडे, सार्की, दमै, कामी, कुश्ले आदि प्रमुख रहेका छन् । नक्सामा भर्न लगाउने ।

**वेशभूषा**

नेपालमा भौगोलिक विविधता र सांस्कृतिक अनुकूलताअनुसार वेशभूषामा विशेष भिन्नता सिर्जना गरेको छ । उदाहरणका लागि -हिमाली बासिन्दाः बाक्लो बख्खु, दोचा र बाक्लो ज्याकेट आदि कपडा पहिरन्छन् ।

- **पहाडी बासिन्दा** : भोटे, दौरा सुरूवाल, ज्वारीकोट, कोट, टोपी, पटुका, कछाड र सारी, चोली, पछ्यौरा लाउँछन् भने सहर बजारमा पाइन्ट, सर्ट, कोट र महिलाले सारी ब्लाउज, कुर्था सुरूवाल, स्कर्ट आदि लाउने चलन छ ।

- **तराईबासी** : पातलो धोती, कुर्था, लुंगी आदि लगाउने चलन छ ।


- **चाडपर्व**

  दशै, तिहार र वुद्धजयन्ती जस्ता चाड व्यापक क्षेत्रमा मनाइन्छ । किरांत धर्मालम्वीहरूले उघौली, उभौली जस्ता चाडपर्वहरू मनाउने गर्दछन् । उत्तरी भेगमा लोसार दक्षिण भेग र अन्यन्त्रका इश्लामहरूले इद मनाउँछन् ।

गाईजात्रा, घोडेजात्रा, आमाको मुख हेर्ने, बाबुको मुख हेर्ने, भाइटीका जस्ता सामाजिक पर्व, ब्रत र पुजा जस्ता अनेकौं उत्सवहरू नेपालीले मनाउँछन् । त्यसैगरी क्रिश्चयन धर्मावलम्वीहरूले क्रिसमस मनाउनै गर्दछन् ।



३.२ अब तल दिइएको नेपालको नक्सामा सिसाकलमले ठाडो र तेर्सो धर्का कोरी स-साना समान वर्गहरू बनाउनुहोस् ।



३.३ अब तलको खाली ठाउँमा पनि माथिको चित्रमा जस्तै: समान वर्गहरू सिसाकलमले कोर्नुहोस् ।

३.४ अब उक्त स-साना समान वर्गहरू कोरिएका ठाउँमा चरण १ मा दिइएको जस्तै: नेपालको नक्साहरू बनाउनुहोस् र विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसहरूका सामाजिक सांस्कृतिक र धार्मिक जनजीवन झल्काउने तथ्यहरू माथि परिचय खण्डमा उल्लेख भएका विषयवस्तुको आधारमा भर्नुहोस् ।

४. आत्ममूल्याङ्कन

(१) नेपालको हिमाली क्षेत्रको सङ्क्षिप्त सामाजिक र सांस्कृतिक परिचय दिनुहोस् ।

(२) नेपालमा मनाइने प्रमुख धर्मको सूची बताउनुहोस् ।

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |

(३) नेपालका प्रमुख चाड पर्वहरूको नाम बताउनुहोस् ।

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |

(४) हिमाली, पहाडी र तराई क्षेत्रमा बसोबास गर्ने प्रमुख जातिहरूको सूची बनाउनुहोस् ।

| हिमाल | पहाड | तराई |
|---|---|---|
| | | |

५. पृष्ठपोषण

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ को बासिन्दा अध्ययन गर्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.१ को "धर्म" शीर्षक अध्ययन गर्नुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.१ को"चाडपर्व" शीर्षक अध्ययन गर्नुहोस् ।
४. प्रश्न नं. ४ को उत्तरको लागि विषयप्रवेशको ३.१ "वेशभूषा" शीर्षक अध्ययन गर्नुहोस् ।
५. प्रश्न नं. ५ को उत्तरको लागि विषयप्रवेशको ३.१ को दोस्रो अनुच्छेद अध्ययन गर्नुहोस् ।

६. सारांश

- यस पाठमा नेपालको सामाजिक जीवनका विविध पक्षहरू स्थान विशेष, जाति विशेष र चाडपर्व, वेशभूषा रहनसहन र ती विविध पक्षहरूको साझा फूलबारीको रूपमा नेपालको चिनारी गरी नेपालको नक्सामा भर्न यस पाठले मदत गर्नेछ ।
- नेपाल विभिन्न भाषाभाषी, वेशभूषा, रहनसहन र संस्कृतिको विविधता भित्र एकता भएको मुलुक हो ।
- यहाँ विभिन्न जातजाती र विश्वका प्रमुख धर्महरू हिन्दु, इसाइ, बौद्ध, इश्लाम, शिख, जैन आदिको बसोबास छ ।
- दशैं, तिहार, बुद्धजयन्ती, इद, आदि सयौं चाडपर्व आ-आफ्नो पुर्ख्यौली संस्कारअनुसार मनाइन्छ ।

७. निर्देशन

नक्सा निर्माण कार्य धेरै पटकको अभ्यासले मात्र सफल हुन्छ । नेपालको नक्सा दिइएको तरिकाको आधारमा पटक पटक दोहोऱ्याई सम्पर्क कक्षामा विविध सामाजिक जीवन झल्काउने विषयहरू समावेश गराई स्रोत शिक्षकलाई जचाँउनुहोस् ।

### एकाइ : ७

# नेपालको विकास प्रक्रियाको समीक्षा

**सक्षमता :** नेपालमा विकास क्रियाकलापहरूको प्रक्रियाको विश्लेषण गर्ने ।

## परिचय

कुनै पनि देशको विकास त्यस देशमा गरिने सामुदायिक प्रयासमा निर्भर रहन्छ । समुदायको विकास नै देशको विकास हो । जबसम्म समुदायका मानिसहरूमा विकास हाम्रो लागि हो भन्ने भावनाको विकास हुँदैन तबसम्म दिगो विकासको संभावना रहँदैन । समुदायका मानिसहरूमा विकासप्रति रूचि र सहभागिताकालागि समुदायसँग सम्बन्धित सेवामूलक कार्यक्रम, आय-आर्जन हुने खालका कार्यक्रम तथा गरिबी निवारण हुने खालका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ । यस एकाइमा मुख्यरूपमा समुदायमा सञ्चालन हुने क्रियाकलापहरूमध्ये सेवासँग सम्बन्धित क्रियाकलापहरू आय-आर्जन हुने खालका क्रियाकलापहरू तथा गरिबी निवारणसँग सम्बन्धित क्रियाकलापहरूका बारेमा आवश्यक कुराहरूको विषयप्रवेश समावेश गरिएको छ । यसैगरी नेपालमा गरिबीको विधमान अवस्था समुदायमा सञ्चालित क्रियाकलापहरूका बारेमा विषयप्रवेश प्रस्तुत गरिने प्रयास गरिएको छ ।

### पाठ १

## सामुदायिक विकासका क्रियाकलापहरू

### १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) सामुदायिक विकासको परिचय दिन,

(ख) सामुदायिक विकासमा गरिने क्रियाकलापहरूको सूची बनाउन,

(ग) समुदायको विकासको लागि सामाजिक सङ्घसंस्थाहरूले खेल्न सक्ने भूमिका वर्णन गर्न ।

### २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईंको जानकारीमा रहेका चारओटा सामाजिक सङ्घसंस्थाहरूको सूची तयार पार्नुहोस् र ती संस्थाहरूले तपाईंको समुदायमा गरेको १/१ ओटा प्रमुख सेवा उल्लेख गर्नुहोस् ।

| क्र.सं. | सङ्घसंस्थाको नाम | सेवा |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

## ३. विषयप्रवेश

### सामुदायिक विकासको अवधारणा

३.१ नेपाल एउटा विकासोन्मुख देश हो । यहाँको ८३% भू-भाग पहाडै पहाडले ढाकेको छ । यहाँ कुल जनसङ्ख्याको लगभग ८६% जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । कुल ८१% जनसङ्ख्याको मुख्य पेसा कृषि हो । गाउँ वा ग्रामीण समुदायको विकास नै नेपालको विकास हो भने नेपालको विकास हुनु नै गाउँको विकास हो । ग्रामीण समुदायको विकासबिना नेपालको विकास कल्पना गर्न सकिँदैन ।

३.२ सामुदायिक विकासको अर्थ

समुदाय भनेको कुनै खास क्षेत्र वा समूहमा बसोबास गर्ने मानिसहरूको समूह हो । समुदायमा बसोबास गर्ने मानिसहरू कुनै साझा उद्देश्यका लागि लागिपरेका हुन्छन् । सबै मानिसहरूको प्रयास पनि समान रहन्छ । सो उद्देश्य प्राप्ति भएमा समुदायको विकास हुने भएकाले समुदायका साझा हितको विषयमा विकासका क्रियाकलापहरू केन्द्रित हुनुपर्दछ । समुदाय विकास भन्नु नै देशका ग्रामीण र पिछडिएका जनताहरूमा विकासको प्रतिफल पुऱ्याउनु हो । हाम्रो जस्तो पहाडी मुलुकको दुर्गम स्थानमा बसोबास गर्ने मानिसहरूको विकासको मूल आधारको रूपमा हामी सामुदायिक विकासलाई लिन सक्छौं । उनीहरूलाई विकास कार्यमा प्रत्यक्ष सहभागी बनाउनु हो ।

३.३ समुदायको बनावटः समुदाय विभिन्न प्रकृतिका हुन्छन् जस्तै धार्मिक, सांस्कृतिक बौद्धिक आदि । यसैगरी आकारमा पनि साना साना समूहदेखि भौगोलिकताको आधारमा ठूलो समुदायको पनि हुन्छ । जस्तैः हिमाली समुदाय, पहाडी समुदाय र तराई समुदाय आदि ।

३.४ समुदायको विकास नै सन्तुलित विकास हो । कुनै देशको लागि शिक्षा, स्वास्थ्य, सञ्चार यातायात, विद्युत, खानेपानी पर्यटन क्षेत्र विकासका पूर्वाधार हुन् । समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक जस्ता विविध क्षेत्रमा जबसम्म सन्तुलित विकास हुन सक्दैन तबसम्म समुदायको विकास हुन सक्दैन ।

३.५ समुदायमा बस्ने मानिसहरूमा समुदायले विकास भनेको आफ्नो विकास हो भन्ने भावना जागृत गराई उनीहरूलाई विकास कार्यमा सहभागिता गराउनु नै सामुदायिक विकास हो । यस किसिमको भावना विकास गराउन सर्वप्रथम चेतनाको आवश्यकता पर्ने भएकाले समुदायमा बसोबास गर्ने मानिसहरूको लागि चेतनामूलक कार्यक्रमहरूको आवश्यकता पर्दछ । आफ्नो समुदायको विकास हुन नसकेमा समुदायका मानिसहरू अन्यत्र गई त्यो समुदाय विकासको दृष्टिले सँधै पछाडि पर्दछ । जसबाट देशको विकास पनि सम्भव हुँदैन ।

समुदायमा सञ्चालित कार्यक्रमहरूको सफलता र असफलता त्यस समुदायको विकासप्रतिको रूचि र सहभागितामा भरपर्ने भएकाले विकास कार्यमा जनतालाई सहभागी गराउनुपर्दछ ।

३.६ ब्रोनेल (१९५२) का अनुसार "समुदाय भनेको छिमेकिको रूपमा बसोबास गरिरहेको विभिन्न सीपहरू र क्षमताहरू भएका युवा, बूढा तथा पुरूष र महिला व्यक्तिहरूको सानो विविधतायुक्त समूह हो" समुदायको विविध पक्ष सामाजिक, आर्थिक, शैक्षिक विषय तथा वातावरणको संरक्षण गरी समुदायमा बसोवास गर्ने मानिसहरूको जीवनस्तर बृद्धि गर्नु समुदायको विकास गर्नु हो ।

**समुदाय विकासका क्रियाकलापहरू**

३.७ समुदायको विकासको लागि जनतालाई त्यहाँ सञ्चालित कार्यक्रमहरूमा सहभागी बनाउन सकिएन भने ती कार्यक्रमहरू सफल हुन सक्दैनन् । त्यसकारण समुदायमा सञ्चालन गरिने कार्यक्रमहरू समुदायको हितअनुरूप हुनुपर्दछ । समुदायका मानिसहरूको आधारभूत आवश्यकता गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा जस्ता क्षेत्रहरूमा विकासका कार्यक्रमहरू केन्द्रित हुनुपर्दछ । समाजको आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ । समुदायमा सञ्चालित कार्यक्रमले समुदायका बासिन्दाहरूका आवश्यकता पूर्ति गरेको हुनुपर्दछ ।

३.८ समुदायको विकासको लागि सरकारी र गैरसरकारी गरी विभिन्न क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भएका हुन्छन् । हाल हाम्रा समुदायमा सञ्चालन भएका कार्यक्रमहरू शिक्षा, स्वास्थ्य, कृषि, सञ्चार, पर्यटन, विद्युत तथा खानेपानीसम्बन्धी कार्यक्रमहरू हुन् । त्यस्तै गरी विकासको लागि सरकारी क्षेत्रबाट शान्ति सुरक्षा प्रदान गर्ने कार्य गरिन्छ ।



३.९ समुदायमा सामाजिक सेवासँग सम्बन्धित विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्न विभिन्न सङ्घसंस्थाहरू स्थापना भएका छन् । जस्तैः विद्यालय, बाल विकास केन्द्र, स्वास्थ्य चौकी, हुलाक, बैङ्क, प्रहरी चौकी, कृषि कार्यालय, पशु कार्यालय, वागवानी कार्यालय, बन कार्यालय आदि यस्तै गुठीहरू, अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू::



एक्सनएड, सेभ द चिल्ड्रेन, लायन्स क्लबहरू आदि हुन् ।

३.१० उपर्युक्त संस्थाहरूबाट समुदाय विकासका लागि बाटोघाटो, खानेपानी, मठ मन्दिर निर्माण प्रौढ शिक्षा, बाल शिक्षा, शिशु स्याहार, प्रसुती सेवा, सुडेनी तालिम, पोषण, खोप कार्यक्रम, सरसफाइ कार्यक्रमहरू सिलाइ-बुनाइ तालिम, टेलिफोन सेवा बिस्तार, समुदायको जगेर्ना गर्ने समुदायको शान्ति सुरक्षा लगायतका कार्य जस्ता विविध क्रियाकलापहरू समुदाय विकाससँग सम्बन्धित कार्यक्रमहरू हुन् । यी कार्यक्रमहरूलाई समुदाय विकासको रूपमा लिन सकिन्छ । यसरी समुदायमा सामाजिक सेवासम्बन्धी आर्थिक पक्षसँग सम्बन्धित तथा शिक्षा र सांस्कृतिक पक्षसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालित छन् । यसैगरी समाजमा निःस्वार्थ सेवा पुऱ्याउने संस्था रेडक्रस हो ।

३.११ सामाजिक सेवासँग सम्बन्धित विकासका क्रियाकलापहरूले समुदायमा ठूलो भूमिका खेलेका छन् । ती संस्थाहरूको सहयोगले समुदायका मानिसहरूको जीवनस्तरमा सुधार गर्न सहयोग गरिरहेका हुन्छन् । मानिसहरूलाई चेतनशील बनाउनुका साथै आफ्नो काम कर्तव्यप्रति सजग बनाउने कार्य गरिरहेका हुन्छन् । मानवीय सहयोग तथा मूल्य र मान्यता जगेना गर्न पनि यस्ता सेवासँग सम्बन्धित क्रियाकलापहरूले सहयोग गरिरहेका छन् ।

## ४. आत्ममूल्याङ्कन

१. सामुदायिक विकास भनेको के हो ? एक अनुच्छेद लेख्नुहोस् ।

२. तपाईंको गाउँ समुदायमा सञ्चालित सामाजिक सेवासँग सम्बन्धित सङ्घसंस्थाहरूको सूची बनाउनुहोस् ।

३. सामाजिक सेवासँग सम्बन्धित सङ्घसंस्थाहरूको महत्व तीन बुँदा उल्लेख गर्नुहोस् ।

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को लागि विषयप्रवेशको सामुदायिक अवधारणासम्बन्धी अनुच्छेद पढ्नुहोस् ।
२. प्रश्न नं. २ को लागि विषयप्रवेशको सामुदायिक विकासका क्रियाकलापहरूसम्बन्धी अनुच्छेद अध्ययन गर्नुहोस् ।
३. प्रश्न नं. ३ को लागि विषयप्रवेशको अन्तिम अनुच्छेदसँग दाँज्नुहोस् ।

## ६. सारांश

- समुदाय भनेको कुनै खास क्षेत्र वा समूहमा बसोबास गर्ने मानिसहरूको समूह समुदाय हो। समुदायमा बसोबास गर्ने मानिसहरूको कुनै साझा उद्देश्यका लागि सबै मानिसहरूको प्रयास रहन्छ।
- समुदाय विकास भन्नु नै देशका ग्रामीण र पिछडिएका जनताहरूमा विकासको प्रतिफल पुऱ्याउनु हो।
- समुदायको बनावट धार्मिक, सांस्कृतिक, बौद्धिक तथा भौगोलिकताको आधारमा हुन्छ।
- समुदायमा बस्ने मानिसहरूलाई समुदायको विकास भनेको आफ्नो विकास हो भन्ने भावना जागृत गराई समुदायलाई विकास कार्यमा सहभागिता गराउनु नै सामुदायिक विकास हो।
- समुदायको सामाजिक सेवाको लागि विद्यालय, स्वास्थ्यचौकी, क्लबहरू, कृषि सेवा, तथा पशु सेवासम्बन्धी कार्यालय, हुलाक, प्रहरी चौकी आदि जस्ता सङ्घसंस्थाहरू सञ्चालित हुन्छन्।
- समुदायमा विकासका लागि सञ्चालित कार्यक्रमहरूमा प्रौढशिक्षा, बालशिक्षा, विद्यालय शिक्षा, कृषि तथा पशुपालनसम्बन्धी सेवा, बाटोघाटो, खानेपानी, विद्युत, टेलिफोन सेवा तथा हुलाकसम्बन्धी कार्यक्रमहरू हुन्।

## ७. निर्देशन

(क) तपाईंको गाउँ र समुदायमा सञ्चालित सामाजिक सेवासँग सम्बन्धित सङ्घसंस्थाहरूले समुदायको विकासमा खेलेको भूमिकाका प्रक्रिया बारेमा सर्म्बन्धित, सङ्घसंस्था र समुदायको भ्रमण गरी एउटा प्रतिवेदन तयार गर्नुहोस्।

(ख) प्रतिवेदन लेखनका सम्बन्धमा सम्पर्क कक्षामा छलफल गरी सोहीअनुसारको नमुनामा कम्तीमा तीन पेजको प्रतिवेदन तयार गर्नुहोस्।

पाठ २

# आयमूलक क्रियाकलापहरू

## १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) समुदायमा सञ्चालित आयमूलक क्रियाकलापको परिचय दिन,

(ख) समुदायमा सञ्चालित आयमूलक क्रियाकलापको सूची तयार गर्न,

(ग) समुदायमा सञ्चालित आयमूलक क्रियाकलापको महत्व उल्लेख गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईं कस्ता क्रियाकलापलाई आयमूलक क्रियाकलाप ठान्नुहुन्छ ? एक अनुच्छेदमा लेख्नुहोस् ।

(ख) तपाईंको गाउँ विकास समिति/नगरपालिका क्षेत्रभित्र समुदायको विकासको लागि सञ्चालित कुनै चारओटा आयमूलक क्रियाकलापहरूको सूची बनाउनुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

## ३. विषयप्रवेश

३.१ नेपालमा अधिकांश मानिस ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । यहाँको मुख्य पेसा कृषि हो ६७% जनता कृषि पेसामा निर्भर रहेकोले ग्रामीण विकासको मूल आधार कृषि क्षेत्रमा विकास हुनु हो । साथै देशको बाह्य व्यापारमा कृषि उत्पादनको महत्वपूर्ण स्थान रहेकोले पनि कृषि नेपालको माथिको निर्भरता कृषिमा परम्परागत प्रविधि समयमा रासायनिक मलको अभाव, उन्नत बीउहरूको कमीले गर्दा कृषिमा राम्रो उत्पादन हुन सकिरहेको छैन ।

३.२ नेपालको विकासको लागि ग्रामीण समुदायको विकास हुनुपर्दछ र विकासमूलक क्रियाकलापहरू समुदायको विकासमा केन्द्रित हुनुपर्दछ । ग्रामीण समुदायमा बसोबास गर्ने मानिसहरूको लागि आयआर्जन गर्ने खालका क्रियाकलापहरू सञ्चालन गरी विकासमा समुदायको रूचि र सहभागिता हासिल गर्नुपर्दछ । समुदायमा सञ्चालन हुने जुन क्रियाकलापहरूमा मानिसहरूको प्रत्यक्ष सहभागिता हुन्छ, ती क्रियाकलापहरू सफल हुन्छन् । त्यस्ता क्रियाकलापहरूले समुदायको मानिसहरूको आर्थिकस्तर बृद्धि गर्न सहयोग गर्दछन् ।


३.३ देशको विकासको लागि समुदायमा विभिन्न किसिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ । यसरी सञ्चालन हुने विविध क्रियाकलापहरूमध्ये समुदायमा बसोबास गर्ने मानिसहरूलाई आर्थिक स्तरमा सहयोग हुने खालका कार्यक्रमहरूलाई आयमूलक कार्यक्रम भनिन्छ ।

३.४ कृषिमा पूर्णरूपमा लागिपर्न नसक्दा र कृषिबाट अपेक्षित उपलब्धि हासिल नहुँदा बेरोजगार अवस्थाको समेत सिर्जना भएको छ । सबैले सरकारी तथा सार्वजनिक सेवामा रोजगारी पाउनु असभंव छ । त्यसैले स्वरोजगारबाटै आयआर्जन गर्नसके देशका अधिकांश समस्या समाधान हुने निश्चित छ ।

३.५ आयमूलक कार्यक्रमले समुदायका बासिन्दाहरूको समयको सदुपयोग हुनुका साथै मानिसलाई आत्म विश्वासी र स्वाबलम्बी बनाउँछ । जसबाट समुदायको विकासमा सहयोग पुग्दछ । जस्तो दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरू हल गर्दछ । जसको कारण विकासमा समुदायका मानिसहरूले सकारात्मक सोच आउँछ ।

३.६ हाम्रो देशमा ग्रामीण समुदायको विकासको लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नमा मुख्य रूपमा ग्रामीण विकास बैङ्क, कृषि विकास बैङ्क, वाणिज्य बैङ्क, साना किसान, घरेलु उद्योग तथा विभिन्न गैरसरकारी संस्थाहरू संलग्न छन् । जसले समुदायका बासिन्दाहरूलाई सहुलियत दरमा ऋण दिई क्रियाकलापहरू गर्न उत्साहित गराउनुको साथै आवश्यक तालिम तथा सरसल्लाह जस्ता प्राविधिक सहयोग समेत पुऱ्याउने कार्य गरिरहेका छन् । निम्न आय भएका जनताहरूको लागि यस्ता सङ्घसंस्थाहरू आर्थिक सहयोग उपलब्धि गराउने साथी बनिरहेका छन् । संस्थाहरू र जनताबीच राम्रो सम्बन्ध स्थापित हुनुपर्दछ ।

३.७ हाल हाम्रो देशको ग्रामीण समुदायमा विभिन्न प्रकारका आयमूलक क्रियाकलापहरू सञ्चालन भइरहेका छन् ।



३.८ समुदायमा सञ्चालित त्यस्ता कार्यक्रमहरूमा कृषि, पशुपालन तथा साना घरेलु उद्योगमा आधारित कार्यक्रमहरू हुन् । अझै आ-आफ्नो स्थान, परिबेश, साधन, जनशक्ति, बजार र प्राप्त अन्य सुविधाको आधारमा गर्न सकिने धेरै आयमूलक कार्यक्रमहरूको पहिचान हुनु बाँकी नै छ । शिक्षक समाजका संवाहक भएकाले त्यस प्रकारका कार्यक्रमहरूको पहिचान गर्न, कार्यक्रमप्रति आवश्यक चेतना फैलाउन साधन स्रोतमा पहुँच पुऱ्याउनमा सहयोग पुऱ्याउन सकिन्छ ।

३.९ हाम्रो देशका विभिन्न जिल्लाका गाउँ/समुदाय सरकारी तथा गैरसरकारी क्षेत्रबाट



आयमूलक क्रियाकलाप सञ्चालन भइरहेका छन् । विभिन्न स्थानमा विभिन्न किसिमका क्रियाकलापहरू नमुनाको रूपमा सञ्चालन भइरहेका छन् समुदायको अथक प्रयासबाट सञ्चालित त्यस्ता क्रियाकलापहरूको अवलोकनबाट पनि तिनीहरूको प्रभावकारिता हेर्न सकिन्छ । कुनै एक स्थानमा सञ्चालित आयमूलक क्रियाकलापहरूको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूको आदानप्रदान गर्न पनि समुदायको अवलोकन भ्रमण उपयुक्त हुन्छ ।


यसरी अवलोकन गर्दा सरकारी तथा गैरसरकारी क्षेत्रबाट लगानी गरिएका क्रियाकलापहरूले राष्ट्रको विकासमा गरेको योगदानको लेखाजोखा गर्न सकिन्छ । जसबाट सम्बन्धित निकायलाई समयमै सुधार गर्ने अवसर प्राप्त हुन्छ भने अर्कोतिर एक क्षेत्रमा सञ्चालित क्रियाकलापहरू अर्को क्षेत्रतर्फ बिस्तार गर्न हौसला प्रदान गर्दछ । अनुभवहरू आदानप्रदान गर्न सजिलो हुन्छ । त्यसै गरी कुन संस्थाबाट के कस्ता क्रियाकलापहरू सञ्चालन भएका छन् सो को क्रियाकलापहरूको अवलोकन भ्रमणबाट देशको विकासमा क्रियाकलापहरूले खेलेको भूमिका प्रस्ट पार्न सकिन्छ ।



३.१० समुदायको विकासमा सञ्चालन हुने आयमूलक कार्यक्रमहरू निम्नानुसार दिइएको छ :

(१) कृषि खेती तथा पशुपालनमा आधारित

- कृषिमा बाली विविधीकरण गरी आम्दानी बढाउनु
- कृषि पैदावर बढाउनु ।
- फलफूल खेती गर्नु
- सागसब्जी उत्पादन गरी बेचबिखन गर्नु ।
- नगदेबाली खेती गर्नु (अँलैंची, उखु, अदुवा)
- जडिबुटी खेती गरी आम्दानी गर्नु



- निजी वन लगाई आम्दानी गर्नु ।
- सामुदायिक बन लगाई समुदायले आम्दानी गर्नु ।
- उन्नत जातको पशुपालन गर्नु

(गाई, भैंसी, भेडा, बाखा, बंगुर)

- च्याउ खेती गर्नु ।
- डाले घाँस, कुरिलो, भूँई भार, अम्रिसो खेती गरी आम्दानी गर्नु ।
- आलु खेती गर्नु ।
- अन्य तरकारी खेती गर्नु ।
- चिया, जडिबुटी खेती गर्नु ।
- औषधि, जडिबुटी खेती गर्नु ।
- माछापालन गर्नु ।
- कुखुरा पालन गर्नु ।
- मौरी पालन गर्नु ।
- खरायो पालन गर्नु ।



(२) कृषि उत्पादनमा आधारित स-साना घरेलु उद्योगहरू सञ्चालन गर्नु ।

- फलफूल प्रशोधन उद्योग: जाम, सस र स्क्वासहरू उत्पादन गर्ने ।
- दुग्ध प्रशोधन उद्योग: दही, घ्यू, मख्खन र चीज बनाउने उद्योगहरू ।
- कृषि अनाजमा आधारित उद्योग : पिस्ने, कुट्ने, पेल्ने मिलहरू ।
- उखु पेल्ने मिल चलाउनु ।

(३) स-साना घरेलु उद्योग सञ्चालन गर्नु

- धागो काट्ने, कपडा बुन्ने, डोरी बाट्ने उद्योग सञ्चालन गर्ने ।
- कागज उद्योग सञ्चालन गर्ने ।
- गन्जी, स्वीटर बुन्ने उद्योग गर्ने ।
- राडी, पाखी पस्मिना उद्योग गर्ने ।

३.११ उपर्युक्तअनुसारको आयआर्जनका कार्यक्रमले समुदायको जीवनस्तर उकास्न निकै ठूलो भूमिका खेलेको हुन्छ । यस्ता कार्यक्रमहरूले मानिसहरूलाई छोटो समयमा थोरै लगानीबाट दैनिक जीवनका समस्याहरू हल गर्न टेवा पुऱ्याउँछ । यसका साथै यस्ता कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित व्यक्तिले ऋणको सदुपयोग गरेको छ छैन सम्बन्धित संस्थाहरूबाट अनुगमन तथा निरीक्षण कार्य रहेको हुनुपर्दछ । यस्ता कार्यक्रमहरू सञ्चालन गर्न लगिएको ऋण केही मानिसहरूले दुरूपयोग गरिएको पाइन्छ । जसबाट समुदायमा नराम्रो प्रभाव पर्न सक्दछ । त्यसकारण सम्बन्धित निकायले समयमै अवलोकन गर्नु उपयुक्त हुन्छ । समुदायका मानिसहरूलाई त्यही समुदायमा बसोबास गर्न सहयोग गरी बसाइसराइको समस्याबाट रोक्ने कार्य गर्न आयआर्जन गर्ने कार्यक्रमहरू सफल भइरहेका छन् ।

## ४. आत्ममूल्याङ्कन

१. कस्ता क्रियाकलापहरूलाई आयमूलक कार्यक्रम भनिन्छ ?

२. समुदायको विकासमा सञ्चालन हुने आयमूलक क्रियाकलापहरूको सूची तयार गर्नुहोस् ।

३. समुदायको विकासमा आयमूलक कार्यक्रमहरूको भूमिका दुई बुँदामा लेख्नुहोस् ।

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को लागि विषयप्रवेशको ३.३ र ३.१० दाँज्नुहोस् ।
२. प्रश्न नं. २ को लागि विषयप्रवेशको ३.९ आयमूलक कार्यक्रमसँग दाँज्नुहोस् ।
३. प्रश्न नं. ३ को लागि विषयप्रवेशको ३.१० सँग दाँज्नुहोस् ।
४. प्रश्न नं. ४ को लागि आफूले बनाएको योजना अर्को साथीलाई वा सम्पर्क कक्षामा स्रोतशिक्षकलाई देखाउनुहोस् ।

## ६. सारांश

- समुदायको विकासको लागि सञ्चालन हुने विविध क्रियाकलापहरूमध्ये समुदायका सदस्यहरूको आर्थिकस्तरमा सहयोगमा हुने खालका क्रियाकलाप वा कार्यक्रमलाई आयमूलक कार्यक्रम भनिन्छ ।
- आयमूलक कार्यक्रमको सञ्चालनले समयको सदुपयोग, स्वरोजगार, आत्मविश्वासी र स्वावलम्बी बनाउँदछ ।
- आयमूलक कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग गर्ने संस्थाहरूमा कृषि विकास बैङ्क, ग्रामीण विकास बैङ्क, अन्य फाइनान्स/सहकारी वित्तीय संस्थाहरू,साना किसान, घरेलु उद्योग तथा विभिन्न गैरसरकारी संस्थाहरू संलग्न रहेका छन् ।
- समुदायमा सञ्चालन हुने विविध आयमूलक कार्यक्रमहरूमा कृषि, पशुपालन, स-साना घरेलु उद्योगहरूसँग सम्बन्धित कार्यक्रमहरू रहेका छन् ।
- समुदायमा सञ्चालन हुने कार्यक्रमहरूले समुदायलाई विकासप्रति रूचि र सहभागिता गराउन सहयोग गरिरहेको छ भने अर्कोतिर ती कार्यक्रमहरू सञ्चालन गर्ने घर परिवारलाई आफ्नो दैनिक जीवनका व्यावहारिक समस्याहरू समाधान गर्न टेवा पुऱ्याइरहेकोले आयमूलक कार्यक्रमको समुदायको विकासमा गहन भूमिका खेलेको छ ।

## ७. निर्देशन

तपाईंको समुदायमा वा ग्रामीण समुदायमा सञ्चालन भइरहेका आयमूलक कार्यक्रमहरूको मूल्याङ्कन गरी सबल र कमजोर पक्ष पहिचान गरी तयार गरेको प्रतिवेदन सम्पर्क कक्षामा स्रोतशिक्षकसँग छलफल गर्नुहोस् ।

पाठ ३

# गरिबी निवारण

## १. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) गरिबी निवारणको परिचय दिन,

(ख) नेपालमा गरिबीको अवस्था वर्णन गर्न,

(ग) गरिबी निवारणसम्बन्धी सञ्चालित कार्यक्रमहरूले समुदायको विकासमा खेलेको भूमिका वर्णन गर्न,

(घ) नेपालमा गरिबी निवारणका लागि भएका प्रयासहरु पहिचान गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईंको विचारमा गरिबी भनेको के हो ? एक अनुच्छेद लेख्नुहोस् ।

| |
|---|
| |

(ख) हाम्रो देशमा गरिबी निवारणका लागि केकस्ता कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ? कुनै चारओटा कार्यक्रमहरू उल्लेख गर्नुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

## ३. विषयप्रवेश

### ३.१ परिचय

नेपालको प्रमुख समस्या गरिबी हो । नेपालमा गरिबी निवारणका लागि सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू सञ्चालन हुँदै आइरहेका छन् । तर पनि गरिबी निवारणमा कुनै उल्लेखनीय उपलब्धि हासिल गर्न सकिएको छैन । नेपालमा सञ्चालित विभिन्न योजनाहरूले गरिबी निवारणलाई मुख्य उद्देश्य बनाई कार्यक्रमहरू तर्जुमा गरेको पाइन्छ । नवौं र दशौं योजनाले पनि गरिबी निवारणलाई प्रमुखता दिएका थिए । देशको जनसङ्ख्याको आधाजसो जनसङ्ख्या गरिबीको रेखामुनी रहेका छन् । जसलाई विकासको मूल प्रवाहमा ल्याउन गरिबी निवारणलाई मूल उद्देश्य बनाई सोही अनुसारका क्रियाकलापहरू सञ्चालन गरिनु आजको प्रमुख आवश्यकता हो ।

३.२ गरिबी भनेको आर्थिक दृष्टिकोणले अति कमजोर अवस्थामा रहेका व्यक्ति, परिवार वा समूह, जातजाति, वर्ग वा समुदायलाई जीवनयापनका लागि दैनिक जीवनमा गाँस, बास, कपास नहुनु एवम् विरामी अवस्थामा उपचारको लागि आवश्यक व्यवस्था गर्न नसक्नुजस्ता दैनिक जीवनयापनको लागि दुःख दर्शाउने विविध पक्षलाई गरिबी भनिन्छ । यसरी समुदायमा बसोबास गर्ने मानिसहरूको आवश्यकता परिपूर्ति गर्ने स्रोतको अभाव तथा कमी हुनु नै

गरिबी हो । गरिबी, आम्दानी नहुनु, मानव विकासका प्रमुख पक्षहरूमा सहभागी नहुनु, सामाजिक सुविधाबाट बञ्चित हुनु आदि गरिबीका प्रमुख पक्षहरू छन् ।

३.३ विश्व समुदायलाई हेर्ने हो भने कुल जनसङ्ख्याको दुई तिहाईभन्दा बढी जनसङ्ख्या गरिबीको चपेटामा परिरहेका छन् । विश्वको जनसङ्ख्याको ३० प्रतिशत जनसङ्ख्या बसोबास गर्ने दक्षिण एशियाली क्षेत्रमा मात्रै विश्वको ४८ प्रतिशत गरिबहरू रहेका पाइन्छ । यसरी हेर्दा यो क्षेत्र गरिबीको समस्याले ज्यादै थिचिएको छ । यसले गर्दा यो क्षेत्रको विकासमा प्रभाव परेको छ । गरिबीले मानवलाई शारीरिक र मानसिक रूपमा पिरोलीरहेको छ ।

**नेपालमा गरिबीको अवस्था**

३.४ मानिसको दैनिक जीवनयापनका क्रममा विभिन्न समस्याहरू आइपर्दछन् । भोक, रोग, अशिक्षा, असुरक्षा तथा लता कपडाहरूको अभाव हुनु नै गरिबीको प्रमुख कारण हो । आज मुलुकमा कतिपय जनता गास, बास र कपासको समस्याबाट पीडित छन् । बिरामी तथा रोग लागेको अवस्थामा उपचार गराउन नसक्ने अवस्थामा छन् । गरिबीको कारणले नै विद्यमान समस्याहरूको जन्म भएको हो । हाम्रो देशको गरिबीको अवस्था डरलाग्दो गरी दिन प्रतिदिन बृद्धि भइरहेको छ । विश्व बैङ्कको एक अध्ययनअनुसार (मिर्मिरे, २०६०) हाल नेपालमा ८१ प्रतिशत भन्दा बढी परिवारको प्रतिव्यक्ति प्रतिदिन एक डलरभन्दा कम आम्दानी हुने गरेको देखिएकाले हाम्रो देशको अत्याधिक मानिसहरूलाई गरिबीले थिचेको वास्तविकता स्पष्ट हुन्छ ।

३.५ गरिबी निवारणबिना दिगो विकास हासिल गर्न सकिँदैन । सोही कुरालाई ध्यानमा राखेर नेपाल सरकारले नवौं पञ्चवर्षीय योजनामा पनि गरिबी घटाउने कार्यलाई प्रमुख उद्देश्यको रूपमा लिइएको थियो । नवौं योजनाको मध्यावधि मूल्याङ्कनले गरिबीको रेखामुनी करिब ३८ प्रतिशत जनता रहेको देखाएको थियो । दशौं पञ्चवर्षीय योजनामा पनि गरिबी निवारण गर्ने प्रमुख उद्देश्यका साथ उपलब्ध स्रोत र साधनको समुचित उपयोगबाट आर्थिक अवसर एवम् वेरोजगारीका क्षेत्रहरूको विस्तार गर्ने रणनीति अवलम्बन गरिएको थियो ।

- नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६०।०६१ अनुसार विगत ८ वर्षको अवधिमा निरपेक्ष गरिबी ४२ प्रतिशतबाट ११ प्रतिशतले घटी ३१ प्रतिशतमा झरेको अनुमान छ । यसरी गरिबी घट्नुमा कृषि तथा गैरकृषिक्षेत्रको ज्यालादरमा भएको बृद्धि, बढ्दो सहरीकरण, जनसङ्ख्यामा सक्रिय जनशक्तिको विस्तारमा भएको बृद्धि र ठूलो परिणाममा भित्रिन सकेको विप्रेषण प्रमुख कारणहरू देखिएको छ । तर यस अवधिमा आम वितरणको असमानता दर्शाउने गिनी गुलक (Gini coefficient) ०.३४ बाट ०.४१ पुगेको देखिन्छ । यसको अर्थ धनी र गरिबबीचको अन्तर बढेको देखिएको छ । शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्रहरूबीचको भिन्नता अझै पनि निकै ठूलो रूपमा देखिएको छ ।

- यस अवधिमा शहरी गरिबी १२ प्रतिशतले घटेको छ भने ग्रामीण गरिबीमा ८ प्रतिशतले मात्र कमी आएको छ । गरिबीको विवरण भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभै जातीय रूपमा समेत असमान रहेको देखिन्छ । विभिन्न जातिमध्ये दलितको ४६ प्रतिशत, पहाडी जनजातिको ४४ प्रतिशत, मुस्लिमको ४१ प्रतिशत, तराई जनजातिको ४५ प्रतिशत तथा आम अल्पसङ्ख्यक जातिको ३१ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेका छन् । तर नेवार १४ प्रतिशत, ब्राम्हण क्षेत्रीको १८ प्रतिशत र तराईको मध्यमवर्गको २१ प्रतिशत, जनसङ्ख्या गरिबीको रेखामुनी रहेका छन् । यसरी हेर्दा प्रत्येक जातिको राष्ट्रिय विकासका क्षेत्रमा रहेको पहुँच र असमान राज्य प्रणालीको कारणले जातजाति तथा जनजातिबीच गरिबीका स्तरमा भिन्नता रहेको स्पष्ट देखिन्छ ।
- त्यसैगरी मानव विकास प्रतिवेदन, २०६३ अनुसार नेपालको मानव विकास सूचकाङ्क अघिल्लो वर्षको ०.५१३ को तुलनामा बढेतापनि ०.५२७ रहेको छ । जुन दक्षिण एसियामै सबैभन्दा कम मानवविकास भएको मुलुकको रूपमा रहेको छ । नेपाल मानव विकासको विश्वसूचीमा १३८ औं स्थानमा रहेको छ ।
- देशमा बढ्दो शहरीकरण तथा सहरी क्षेत्रको अवसरहरूमा भएको बृद्धिका कारणले सहरी गरिबीमा उल्लेखनीय कमी आएको छ । भौगालिक क्षेत्रका आधारमा हिमाली क्षेत्रको गरिबीमा झण्डै २५ प्रतिशत विन्दुले कमी आएको देखिन्छ भने पहाडी क्षेत्रको गरिबीमा भने निकै कम मात्र परिवर्तन आएको छ । त्यसैगरी तराई क्षेत्रका गरिबीमा करिब १३ प्रतिशतले कमी आएको देखिन्छ । तराईमा भएको अवसर, सहरीकरणजस्ता कारणले यस क्षेत्रको गरिबी घटाउन मद्दत पुऱ्याएको छ भने हिमाली क्षेत्रबाट क्रमिक रूपमा बढ्दै गएका आन्तरिक आप्रवास, हिमालीक्षेत्रमा पर्यटन जडिबुटीजस्ता आर्थिक क्रियाकलापमा भएको बृद्धिले यस क्षेत्रको गरिबी घटाउन प्रमुख भूमिका खेलेका छन् । पहाडी क्षेत्रको गरिबी कम मात्र घट्नुको कारण आन्तरिक बसाईसराइको चाप यसै क्षेत्रमा बढ्नु विगतको द्वन्द्वको सबैभन्दा ठूलो मार पनि यस क्षेत्रमा पर्नु र जनसङ्ख्यामा अत्याधिक बृद्धि हुनुजस्ता छन् ।

**प्रमुख नीति**

अन्तरिम योजना, २०६४।०६५-०६६।०६७) मा गरिबी

- गरिबीको रेखामुनी रहेका व्यक्तिहरूको पहिचान गर्ने प्रक्रिया आरम्भ गरिनेछ र गरिबी निवारणका निम्ति विकासका प्रयासहरू केन्द्रित गर्दै सामाजिक न्याय, आर्थिक बृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवम् सामाजिक नीति र कार्यक्रम बनाउने ।

**दीर्घकालीन दृष्टिकोण**

- अवसरहरूको सिर्जना, क्षमता विकास जस्ता कार्यक्रमहरूका माध्यमबाट दक्ष जनशक्तिको उत्पादन तथा प्रतिस्पर्धात्मक रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु ।

## उद्देश्य

- आयआर्जनका अवसरहरूको सिर्जना, क्षमता, विकासजस्ता कार्याक्रमहरूका माध्यमबाट निरपेक्ष गरिबीको रेखामुनी रहेका जनताहरूको जीवनस्तर सुधार गर्नु ।

## लक्ष्य

- गरिबीको रेखामुनीका जनसङ्ख्याका हिस्सालाई हालको ३१ प्रतिशतबाट २४ प्रतिशतमा झार्ने ।

## रणनीतिहरू

- ग्रामीण क्षेत्रमा ग्रामीण सडक, नहर र सिँचाइ योजना निर्माण कार्यका साथै पुन निर्माणका कार्यक्रमहरूको माध्यमबाट निश्चित अवधिको लागि रोजगारीका अवसरहरू प्रदान गर्ने ।
- दलित, उत्पीडित एवम् विपन्न महिला, अपाङ्ग, आदिवासी, मधेशी, जनजाति पिछडिएका वर्ग र अल्पसङ्ख्यकहरूको आयआर्जनको निमित्त हिमाल, पहाड र तराई तीनओटै प्रदशमा लघुकर्जामा आधारित छुट्टछुट्टै लक्षित कार्यक्रमहरू सञ्चालन गरी रोजगारी सिर्जना गर्ने ।
- कृषि क्षेत्रलाई व्यावसायीकरण गर्दै उद्योगतर्फ निर्यात, प्रशोधन क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक कोरिडरलाई विस्तार गर्ने ।
- भौगोलिक क्षेत्र तथा सामाजिक समूह दुवैका आधारमा विभिन्न विषयगत क्षेत्रमा समावेशी, लक्षित तथा विशेष क्षेत्र कार्यक्रमहरू सञ्चालन गरिने ।
- लक्षित कार्यक्रम सम्बन्धित समूहसम्म प्रभावकारी ढङ्गबाट पुग्न सकोस् भन्ने उद्देश्यले गरिबीको रेखामुनिका जनसङ्ख्याको पहिचान प्रणालीका विकास गरिनेछ । लक्षित समूह पहिचान भएपछि सोका आधारमा राज्यले प्रदान गर्ने सेवा सहुलियत यस समूहलाई प्रवाहित गरिने ।
- रोजगारीलाई बढी आयमूलक बनाउन गरिब तथा लक्षित समूहका युवा वर्गलाई सीप विकास तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने ।

## नीति तथा कार्यनीतिहरू

- गरिबीको रेखामुनी रहेका व्यक्तिहरूको पहिचान गर्ने थप प्रक्रिया आरम्भ गरिनेछ र गरिबी निवारणका निम्ति विकासका प्रयासहरू केन्द्रित गर्दै सामाजिक न्याय, आर्थिक बृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवम् सामाजिक नीति र कार्यक्रम बनाइनेछ ।
- निर्वाहमुखी घरपरिवारले राष्ट्रिय अर्थतन्त्रमा गरेको योगदानलाई कदर गर्दै तिनको विकासमा जोड दिइनेछ ।
- समावेशी आधार यसको आर्थिक बृद्धिको रणनीतिलाई गरिबी न्यूनीकरण अनुकूल बनाइने छ ।

- सहकारिताको माध्यमबाट साना बचत, साधारण सीप, सीमित भूमिको उत्पादनशील प्रयोग बढाई निर्वाहमुखी उत्पादन प्रणालीको व्यावसायीकरण गर्न प्रेरित गरिनेछ ।
- ग्रामीण क्षेत्रमा रोजगारीका आवसरहरू सिर्जना गर्न श्रममूलक प्रविधिमा आधारित उद्योगधन्दा, व्यावसाय र कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- स्वदेशी तथा वैदेशिक रोजागारीमा निम्न आर्थिक स्थिति भएका दलित, महिला , आदिवासी, मधेशी, जनजाति अल्पसङ्ख्यक, पिछडिएको वर्ग, द्वन्द्वप्रभावित र अपाङ्गहरूको पहुँच बढाउन शिक्षक तालिम र सीप विकासद्वारा सहयोग गरिनेछ ।
- स्वरोजगार प्रबर्द्धन गर्न जोड दिने ।

३.६ समुदायमा बसोबास गर्ने मानिसहरूको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा जस्ता आधारभूत आवश्यकता पूरा गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न आयआर्जन गर्ने खालका कार्यक्रमहरू नहुनुले गरिबीको अवस्था सिर्जना भएको हो ।

३.७ नेपालको सन्दर्भमा गरिबीको सङ्ख्यामा बृद्धि हुनाका कारणहरूमा केवल आर्थिक मात्र नभई अन्य केही कारणहरू पनि रहेका छन् , जस्तैः

- जनसङ्ख्या बृद्धिदर तीव्र हुनु ,
- कृषि क्षेत्रमा रोजगारीको अभाव रहनु ,
- चेतनाको कमी,
- अशिक्षा,
- भ्रष्टाचार बृद्धि हुनु,
- उत्पादनमा ह्रास आउनु,
- राजनीतिक र प्रशासनिक क्षमताको अभाव हुनु,
- गरिबी निवारणसम्बन्धी कार्यक्रमहरू लक्षित समुदायसम्म पुग्न नसक्नु ,
- समाजमा रहेको परम्परागत सोचाइ तथा अन्धविश्वास,
- सबै क्षेत्रमा समानुपातिक रूपमा विकासका कार्यक्रमहरू सञ्चालन हुन नसक्नु,
- स्थानीय स्रोत र साधनलाई परिचालन गर्न नसक्नु ,
- गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमलाई मूल धारमा ल्याउन नसक्नु ,
- सामाजिक विभेदीकरणले शिक्षा र विकासका अवसरहरूमा सबैको समान पहुँच पुग्न नसक्नु,
- प्राविधिक शिक्षाको कमी,
- निजी क्षेत्रको सहभागिता अपेक्षित रूपमा हुन नसक्नु,
- कृषियोग्य भूमिको असमान वितरण,
- साधनमा गरिबको न्यून पहुँच ,
- राजनीतिक अस्थिरता र शान्ति सुरक्षाको समस्या आदि ।

३.८ उपर्युक्त कारणले गरिबी बृद्धि भइरहेकोले यी समस्याहरूको व्यावहारिक रूपमा सफलता हासिल गर्न गरिबीको पहिचान गर्नु आवश्यक हुन्छ । गरिबी निवारणका लागि निश्चित मापदण्ड निर्धारण गरी सोको आधारमा लक्षित समुदायलाई कार्यक्रममा सहभागी गराई आयआर्जन गर्ने वातावरणको सिर्जना गर्नुपर्दछ । गरिबी निवारणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सीपमूलक तथा आयआर्जन गर्ने खालका कार्यक्रमहरू सञ्चालन भइरहेकोले ती कार्यक्रमले प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो ।

३.९ नेपाल सरकारले गरिबी निवारणका लागि सीप विकाससम्बन्धी तालिमको व्यवस्था गरेको छ । जुन कार्यक्रमले समुदायका मानिसहरूको आयआर्जनमा टेवा पुऱ्याउँछ । त्यस्ता कार्यक्रमहरूमा स-साना घरेलु उद्योगहरूसँग सम्बन्धित छन् । जस्तै: सिलाइ, कटाइ तालिम हाते स्वीटर बुनाइ, झोला बुनाइ, बेकरी उद्योग, फलफूल तथा अन्य सीपसम्बन्धी तालिमहरू नेपाल सरकारले विभिन्न जिल्लाहरूमा सञ्चालन गरिरहेको देखिन्छ । यस्ता तालिमबाट स्थानीय सीप, साधन र स्रोतमा आधारित घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका साथै देशको आर्थिकस्तर बृद्धि गर्न टेवा पुग्न जान्छ ।

**नेपालमा गरिबी निवारणका लागि सञ्चालन भएका क्रियाकलापहरू**

३.१० नेपाल सरकारले समुदायको विकासको लागि गरिबी निवारणलाई प्रमुखताका साथ विशेष जोड दिइएको छ । जनताका आधारभूत आवश्यकताको परिपूर्तिको लागि देशको पञ्चवर्षीय योजनामा समावेश गरी सोहीअनुसारका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । छैठौं योजनादेखि चालु दशौं योजनासम्म गरिबी निवारणलाई प्राथमिकताका साथ निरन्तरता दिएको छ । नवौं योजनाको अन्तसम्म ३८ प्रतिशत जनता गरिबी रेखामुनि रहेकोले नेपाल सरकारले दशौंयोजनाको अन्तसम्म ३० प्रतिशतमा झार्ने लक्ष्य लिइएको देखिन्छ । जसबाट नेपाल सरकार यसप्रति सजग रहेको छ भन्न सकिन्छ । गरिबी निवारणमा सघाउ पुग्न सक्ने नेपाल सरकारबाट सञ्चालित कार्यक्रमहरू :

- एकीकृत ग्रामीण विकास कार्यक्रम
- भूमिसुधार कार्यक्रम
- आधारभूत आवश्यकताको परिपूर्ति हुने खालका कार्यक्रमहरू
- रोजगारीका अवसर दिने खालका कार्यक्रम
- खाद्य पोषण कार्यक्रम
- लक्षित समूह कर्जा उपलब्ध गराउने कार्य ।
- ऋण मिनाहा
- मौरीपालन
- कुखुरापालन
- बाखापालन
- गाईभैंसी तथा भेंडा बाखा पालन
- महिला विकास कार्यक्रम
- चिया खेती
- मसला, जडिबुटी तथा औषधि उत्पादनसम्बन्धी कार्यक्रमहरू
- फलफूल र तरकारी खेतीसम्बन्धी कार्यक्रमहरू

उपर्युक्त कार्यक्रमहरू मार्फत समुदायको विकास गरी गरिबी निवारणको लागि नेपाल सरकारले गैरसरकारी सङ्घसंस्थाहरूलाई समेत सँगसंगै लैजाने कार्य गरिरहेको छ ।

## ३.११ गरिबी निवारणका लागि गर्नुपर्ने कार्यहरू

**नेपालको ग्रामीण समुदायमा विकासको लागि गरिबी निवारणसम्बन्धी निम्न क्रियाकलापहरू सञ्चालन गर्न उपयुक्त देखिन्छ ।**

- कृषि क्षेत्रको सघनता विविधीकरण, व्यावसायीकरणमा जोड
- रोजगार र स्वरोजगारीका कार्यक्रमहरूको सुरूवात
- समानुपातिक विकासमा जोड
- पिछडिएका समुदायका महिलाहरूलाई निर्णय प्रक्रियामा सरिक गराई अधिकार सम्पन्न गर्ने कार्यहरू
- कमजोर तथा अपेक्षित समूहको लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता कार्यक्रमहरू
- जनसङ्ख्या बृद्धिदरमा नियन्त्रण
- स्थानीय साधन र स्रोतको परिचालन
- सुशासन
- साना मझ्यौला उद्योगको विकासलाई उच्च प्राथमिकता
- गैरसरकारी सङ्घसंस्थाहरूलाई राष्ट्रिय मूलधारमा ल्याउनु पर्ने ।
- ग्रामीण समुदायमा आय आर्जन हुने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- निजी क्षेत्रको सुदृढीकरणलाई उच्च प्राथमिकता दिनुपर्ने ।
- भ्रष्टाचार निवारणमा प्रतिवद्धता

३.१२ नेपाल सरकारले गरिबी निवारण तथा रोजगारीको लागि प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिएको छ । जसमा दिगो आर्थिक बृद्धि, सामाजिक सेवाको स्तर अभिबृद्धि, पूर्वाधारको विकास, जनसङ्ख्या व्यवस्थापन, गरिबी रेखामुनि रहेका जनता तथा अशक्त, असहायको सशक्तीकरण एवम् समुदायका आयआर्जन तथा सीपमूलक तालिमहरूको सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

३.१३ गरिबी निवारण नेपालको निम्ति जटिल समस्याको रूपमा अगाडि आएको छ । यसलाई प्रमुख उद्देश्य ठानी नेपाल सरकारले विभिन्न कार्यक्रमहरू समावेश गरेको पाइन्छ । तर गरिबीको समस्या घट्न भन्दा बढ्ने कार्य भइरहेको छ । तसर्थ लक्षित वर्गसम्म पुग्ने हिसाबले प्रभावकारी कार्यान्वयन आवश्यक परेको छ । आर्थिक बृद्धि गरिबी निवारणको पूर्वाधार भए भनि सामाजिक कल्याणका कार्यक्रमहरू पनि सँगसँगै लैजानुपर्ने देखिन्छ । यसै उद्देश्यलाई मनन गरी नेपाल सरकारले चालु दशौं योजनामा दिगो र फराकिलो आर्थिक बृद्धि, सामाजिक क्षेत्र र पूर्वाधार विकास लक्षित कार्यक्रम र सुरक्षालाई समावेश गरेको पाइन्छ । यी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व हो । इमान्दारीपूर्वक यस्ता कार्यक्रमहरू कार्यान्वयन गर्न सकिएन भने देशमा गरिबीको प्रतिशत बृद्धि हुनेछ ।

## ४. आत्ममूल्याङ्कन

१. समुदायको कस्तो अवस्थालाई गरिबी भनिन्छ ? लेख्नुहोस् ।

| |
|---|
| |

२. नेपालमा गरिबी बृद्धि हुनाका कुनै चारओटा कारणहरू टिपोट गर्नुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

३. गरिबी निवारणका लागि समुदायमा सञ्चालित चारओटा क्रियाकलापहरूको सूची तयार गर्नुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् :

१. प्रश्न नं. १ को लागि विषयप्रवेशको ३.२ हेर्नुहोस् ।

२. प्रश्न नं. २ को लागि विषयप्रवेशको नेपालमा गरिबीको अवस्था ३.७ सँग दाँज्नुहोस् ।

३. प्रश्न नं. ३ को लागि विषयप्रवेशको गरिबी निवारणका लागि सञ्चालित क्रियाकलापहरूसँग ३.१० दाँज्नुहोस् ।

## ६. सारांश

- समुदायमा बसोबास गर्ने मानिसहरू जसलाई दिनको दुई छाक खान, जुटाउन नसकेका तथा बस्नको लागि घर नभएकाहरू आय आर्जनका लागि आवश्यक सीप र साधनमा पहुँच नभएकाहरू, आफ्ना छोराछोरीहरूलाई शिक्षा दिन नसक्नेहरू, वर्षको दुईजोर लुगा हाल्न नसकेकाहरू तथा बिरामी पर्दा औषधि उपचार गर्न नसकेकाहरूलाई गरिबको रूपमा परिभाषित गर्न सकिन्छ ।

- आयमूलक मानव विकासका प्रमुख पक्षहरूमा कमजोरी र सामाजिक तथा अन्य पहुँचबाट बञ्चित गरिबीका प्रमुख पक्ष हुन् ।

- गरिबीको सङ्ख्यामा बृद्धि, हुनाका कारणहरूमा, कृषि क्षेत्रमा मात्र निर्भर, कृषि मनसुनमा निर्भर, जनसङ्ख्या बृद्धिदर तीब्र रहनु, अशिक्षा तथा चेतनाको कमी, भ्रष्टाचारमा बृद्धि सुशासनको अभाव, लक्षित कार्यक्रमहरू लक्षित समुदायमा पुग्न नसक्नु, स्थानीय स्रोत र साधनलाई परिचालन गर्न नसक्नु, गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमलाई मूलधारमा ल्याउन नसक्नु, सामाजिक विभेदीकरणले गर्दा शिक्षा र विकासमा अवसरहरू सबैको समान पहुँच पुग्न नसक्नु आदि हुन् ।

- गरिबी निवारणका लागि नेपाल सरकारले विभिन्न सीप विकास तालिम सञ्चालन गर्नुका साथै आयमूलक कार्यक्रमहरू, भूमि सुधार कार्यक्रम, एकीकृत ग्रामीण विकास कार्यक्रम, रोजगारी अवसर दिने खालका कार्यक्रम, खाद्यपोषण कार्यक्रम, ऋण मिनाहा, मौरीपालन, बाख्रापालन, महिला विकास कार्यक्रम, चिया, मसला उत्पादन, फलफूल तथा तरकारी खेती जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ । आयमूलक तथा विकासका कार्यक्रमहरू जस्तै: गरिबी निवारणका लागि सीप विकास, कृषि क्षेत्रमा विविधीकरण तथा व्यावसायिकतामा जोड, रोजगार तथा स्वरोजगारीका कार्यक्रमहरू, समानुपातिक विकास, पिछडिएका समुदायहरूमा विशेष कार्यक्रम, महिला सबलीकरण कार्यक्रम, जनसङ्ख्या बृद्धिमा नियन्त्रण, स्थानीय साधन स्रोतको परिचालन, गैरसरकारी संस्थालाई राष्ट्रिय मूल धाराका कार्यक्रमहरूसँग समन्वय तथा निजी क्षेत्रको सहभागितामा बृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।
- समुदायको विकासको लागि सरकारी र गैरसरकारी सङ्घसंस्थाहरूबाट विभिन्न किसिमका सीप विकास तालिम तथा आयआर्जन गर्ने खालका तथा समाजमा पिछडिएका जातजाति तथा असहायहरूको आय बुद्धि विकास गर्ने खालका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।
- गरिबी निवारणसम्बन्धी विकासका कार्यक्रमहरूले समुदायको विकासप्रति रूचि र सहभागितामा बृद्धि गराई दिनाले विकासमा सहयोग पुग्दछ ।

**७. निर्देशन**

(क) तपाईंको गाउँ समुदायमा बसोबास गर्ने मानिसहरूमध्ये कति प्रतिशत जनसङ्ख्यालाई गरिबीले पिरोलिरहेको छ । तपाईंको समुदायमा रहेको गरिबीको समस्या समाधान गर्न हाल के कस्ता क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । तपाईं एउटा समुदायको सेवकको हैसियतले हाल सञ्चालन भइरहेका क्रियाकलापहरूको सबल र कमजोर पक्ष पहिचान गरी सुधारका लागि सुझावहरू प्रस्तुत गरेको प्रतिवेदन सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

(ख) गरिबी निवारणबारे थप जानकारीका लागि रेडियो प्रसारण सुन्न नभुल्नुहोला ?

३.८ उपर्युक्त कारणले गरिबी बृद्धि भइरहेकोले यी समस्याहरूको व्यावहारिक रूपमा सफलता हासिल गर्न गरिबीको पहिचान गर्नु आवश्यक हुन्छ । गरिबी निवारणका लागि निश्चित मापदण्ड निर्धारण गरी सोको आधारमा लक्षित समुदायलाई कार्यक्रममा सहभागी गराई आयआर्जन गर्ने वातावरणको सिर्जना गर्नुपर्दछ । गरिबी निवारणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सीपमूलक तथा आयआर्जन गर्ने खालका कार्यक्रमहरू सञ्चालन भइरहेकोले ती कार्यक्रमले प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो ।

३.९ नेपाल सरकारले गरिबी निवारणका लागि सीप विकाससम्बन्धी तालिमको व्यवस्था गरेको छ । जुन कार्यक्रमले समुदायका मानिसहरूको आयआर्जनमा टेवा पुऱ्याउँछ । त्यस्ता कार्यक्रमहरूमा स-साना घरेलु उद्योगहरूसँग सम्बन्धित छन् । जस्तैः सिलाइ, कटाइ तालिम हाते स्वीटर बुनाइ, झोला बुनाइ, बेकरी उद्योग, फलफूल तथा अन्य सीपसम्बन्धी तालिमहरू नेपाल सरकारले विभिन्न जिल्लाहरूमा सञ्चालन गरिरहेको देखिन्छ । यस्ता तालिमबाट स्थानीय सीप, साधन र स्रोतमा आधारित घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका साथै देशको आर्थिकस्तर बृद्धि गर्न टेवा पुग्न जान्छ ।

**नेपालमा गरिबी निवारणका लागि सञ्चालन भएका क्रियाकलापहरू**

३.१० नेपाल सरकारले समुदायको विकासको लागि गरिबी निवारणलाई प्रमुखताका साथ विशेष जोड दिइएको छ । जनताका आधारभूत आवश्यकताको परिपूर्तिको लागि देशको पञ्चवर्षीय योजनामा समावेश गरी सोहीअनुसारका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । छैठौं योजनादेखि चालु दशौं योजनासम्म गरिबी निवारणलाई प्राथमिकताका साथ निरन्तरता दिएको छ । नवौं योजनाको अन्तसम्म ३८ प्रतिशत जनता गरिबी रेखामुनि रहेकोले नेपाल सरकारले दशौंयोजनाको अन्तसम्म ३० प्रतिशतमा झार्ने लक्ष्य लिइएको देखिन्छ । जसबाट नेपाल सरकार यसप्रति सजग रहेको छ भन्न सकिन्छ । गरिबी निवारणमा सघाउ पुग्न सक्ने नेपाल सरकारबाट सञ्चालित कार्यक्रमहरू :

- एकीकृत ग्रामीण विकास कार्यक्रम
- भूमिसुधार कार्यक्रम
- आधारभूत आवश्यकताको परिपूर्ति हुने खालका कार्यक्रमहरू
- रोजगारीका अवसर दिने खालका कार्यक्रम
- खाद्य पोषण कार्यक्रम
- लक्षित समूह कर्जा उपलब्ध गराउने कार्य ।
- ऋण मिनाहा
- मौरीपालन
- कुखुरापालन
- बाखापालन
- गाईभैंसी तथा भेंडा बाखा पालन
- महिला विकास कार्यक्रम
- चिया खेती
- मसला, जडिबुटी तथा औषधि उत्पादनसम्बन्धी कार्यक्रमहरू
- फलफूल र तरकारी खेतीसम्बन्धी कार्यक्रमहरू

उपर्युक्त कार्यक्रमहरू मार्फत समुदायको विकास गरी गरिबी निवारणको लागि नेपाल सरकारले गैरसरकारी सङ्घसंस्थाहरूलाई समेत सँगसंगै लैजाने कार्य गरिरहेको छ ।

**३.११ गरिबी निवारणका लागि गर्नुपर्ने कार्यहरू**

**नेपालको ग्रामीण समुदायमा विकासको लागि गरिबी निवारणसम्बन्धी निम्न क्रियाकलापहरू सञ्चालन गर्न उपयुक्त देखिन्छ ।**

- कृषि क्षेत्रको सघनता विविधीकरण, व्यावसायीकरणमा जोड
- रोजगार र स्वरोजगारीका कार्यक्रमहरूको सुरूवात
- समानुपातिक विकासमा जोड
- पिछडिएका समुदायका महिलाहरूलाई निर्णय प्रक्रियामा सरिक गराई अधिकार सम्पन्न गर्ने कार्यहरू
- कमजोर तथा अपेक्षित समूहको लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता कार्यक्रमहरू
- जनसङ्ख्या बृद्धिदरमा नियन्त्रण
- स्थानीय साधन र स्रोतको परिचालन
- सुशासन
- साना मझ्यौला उद्योगको विकासलाई उच्च प्राथमिकता
- गैरसरकारी सङ्घसंस्थाहरूलाई राष्ट्रिय मूलधारमा ल्याउनु पर्ने ।
- ग्रामीण समुदायमा आय आर्जन हुने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- निजी क्षेत्रको सुदृढीकरणलाई उच्च प्राथमिकता दिनुपर्ने ।
- भ्रष्टाचार निवारणमा प्रतिवद्धता

३.१२ नेपाल सरकारले गरिबी निवारण तथा रोजगारीको लागि प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिएको छ । जसमा दिगो आर्थिक बृद्धि, सामाजिक सेवाको स्तर अभिबृद्धि, पूर्वाधारको विकास, जनसङ्ख्या व्यवस्थापन, गरिबी रेखामुनि रहेका जनता तथा अशक्त, असहायको सशक्तीकरण एवम् समुदायका आयआर्जन तथा सीपमूलक तालिमहरूको सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

३.१३ गरिबी निवारण नेपालको निम्ति जटिल समस्याको रूपमा अगाडि आएको छ । यसलाई प्रमुख उद्देश्य ठानी नेपाल सरकारले विभिन्न कार्यक्रमहरू समावेश गरेको पाइन्छ । तर गरिबीको समस्या घट्न भन्दा बढ्ने कार्य भइरहेको छ । तसर्थ लक्षित वर्गसम्म पुग्ने हिसाबले प्रभावकारी कार्यान्वयन आवश्यक परेको छ । आर्थिक बृद्धि गरिबी निवारणको पूर्वाधार भए भनि सामाजिक कल्याणका कार्यक्रमहरू पनि सँगसंगै लैजानुपर्ने देखिन्छ । यसै उद्देश्यलाई मनन गरी नेपाल सरकारले चालु दशौं योजनामा दिगो र फराकिलो आर्थिक बृद्धि, सामाजिक क्षेत्र र पूर्वाधार विकास लक्षित कार्यक्रम र सुरक्षालाई समावेश गरेको पाइन्छ । यी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व हो । इमान्दारीपूर्वक यस्ता कार्यक्रमहरू कार्यान्वयन गर्न सकिएन भने देशमा गरिबीको प्रतिशत बृद्धि हुनेछ ।

## ४. आत्ममूल्याङ्कन

१. समुदायको कस्तो अवस्थालाई गरिबी भनिन्छ ? लेख्नुहोस् ।

| |
|---|
| |

२. नेपालमा गरिबी बृद्धि हुनाका कुनै चारओटा कारणहरू टिपोट गर्नुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

३. गरिबी निवारणका लागि समुदायमा सञ्चालित चारओटा क्रियाकलापहरूको सूची तयार गर्नुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् :

१. प्रश्न नं. १ को लागि विषयप्रवेशको ३.२ हेर्नुहोस् ।

२. प्रश्न नं. २ को लागि विषयप्रवेशको नेपालमा गरिबीको अवस्था ३.७ सँग दाँज्नुहोस् ।

३. प्रश्न नं. ३ को लागि विषयप्रवेशको गरिबी निवारणका लागि सञ्चालित क्रियाकलापहरूसँग ३.१० दाँज्नुहोस् ।

## ६. सारांश

- समुदायमा बसोबास गर्ने मानिसहरू जसलाई दिनको दुई छाक खान, जुटाउन नसकेका तथा बस्नको लागि घर नभएकाहरू आय आर्जनका लागि आवश्यक सीप र साधनमा पहुँच नभएकाहरू, आफ्ना छोराछोरीहरूलाई शिक्षा दिन नसक्नेहरू, वर्षको दुईजोर लुगा हाल्न नसकेकाहरू तथा बिरामी पर्दा औषधि उपचार गर्न नसकेकाहरूलाई गरिवको रूपमा परिभाषित गर्न सकिन्छ ।

- आयमूलक मानव विकासका प्रमुख पक्षहरूमा कमजोरी र सामाजिक तथा अन्य पहुँचबाट बञ्चित गरिबीका प्रमुख पक्ष हुन् ।

- गरिबीको सङ्ख्यामा बृद्धि, हुनाका कारणहरूमा, कृषि क्षेत्रमा मात्र निर्भर, कृषि मनसुनमा निर्भर, जनसङ्ख्या बृद्धिदर तीब्र रहनु, अशिक्षा तथा चेतनाको कमी, भ्रष्टाचारमा बृद्धि सुशासनको अभाव, लक्षित कार्यक्रमहरू लक्षित समुदायमा पुग्न नसक्नु, स्थानीय स्रोत र साधनलाई परिचालन गर्न नसक्नु, गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमलाई मूलधारमा ल्याउन नसक्नु, सामाजिक विभेदीकरणले गर्दा शिक्षा र विकासमा अवसरहरू सबैको समान पहुँच पुग्न नसक्नु आदि हुन् ।

- गरिबी निवारणका लागि नेपाल सरकारले विभिन्न सीप विकास तालिम सञ्चालन गर्नुका साथै आयमूलक कार्यक्रमहरू, भूमि सुधार कार्यक्रम, एकीकृत ग्रामीण विकास कार्यक्रम, रोगगारी अवसर दिने खालका कार्यक्रम, खाद्यपोषण कार्यक्रम, ऋण मिनाःहा, मौरीपालन, बाख्रापालन, महिला विकास कार्यक्रम, चिया, मसला उत्पादन, फलफूल तथा तरकारी खेती जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ । आयमूलक तथा विकासका कार्यक्रमहरू जस्तैः गरिबी निवारणका लागि सीप विकास, कृषि क्षेत्रमा विविधीकरण तथा व्यावसायिकतामा जोड, रोजगार तथा स्वरोजगारीका कार्यक्रमहरू, समानुपातिक विकास, पिछडिएका समुदायहरूमा विशेष कार्यक्रम, महिला सबलीकरण कार्यक्रम, जनसङ्ख्या बृद्धिमा नियन्त्रण, स्थानीय साधन स्रोतको परिचालन, गैरसरकारी संस्थालाई राष्ट्रिय मूल धाराका कार्यक्रमहरूसँग समन्वय तथा निजी क्षेत्रको सहभागितामा बृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।
- समुदायको विकासको लागि सरकारी र गैरसरकारी सङ्घसंस्थाहरूबाट विभिन्न किसिमका सीप विकास तालिम तथा आयआर्जन गर्ने खालका तथा समाजमा पिछडिएका जातजाति तथा असहायहरूको आय बुद्धि विकास गर्ने खालका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।
- गरिबी निवारणसम्बन्धी विकासका कार्यक्रमहरूले समुदायको विकासप्रति रूचि र सहभागितामा बृद्धि गराई दिनाले विकासमा सहयोग पुग्दछ ।

**७. निर्देशन**

(क) तपाईंको गाउँ समुदायमा बसोबास गर्ने मानिसहरूमध्ये कति प्रतिशत जनसङ्ख्यालाई गरिबीले पिरोलिरहेको छ । तपाईंको समुदायमा रहेको गरिबीको समस्या समाधान गर्न हाल के कस्ता क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । तपाईं एउटा समुदायको सेवकको हैसियतले हाल सञ्चालन भइरहेका क्रियाकलापहरूको सबल र कमजोर पक्ष पहिचान गरी सुधारका लागि सुझावहरू प्रस्तुत गरेको प्रतिवेदन सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

(ख) गरिबी निवारणबारे थप जानकारीका लागि रेडियो प्रसारण सुन्न नभुल्नुहोला ?

एकाइ : ८

# राष्ट्रिय व्यक्तित्वहरूको भूमिका

**सक्षमता :** राष्ट्रको सार्वभौमिकता र अखण्डता संरक्षणका लागि राष्ट्रिय व्यक्तित्वहरूको भूमिका र महत्व वर्णन गर्ने ।

**परिचय**

कुनै पनि देशको सार्वभौमिकता र अखण्डता कायम राखी देश निर्माण गर्नमा विभिन्न व्यक्तित्वहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रत्येक देशले आफ्ना देशका लागि बीर पुरूषहरूको सम्मान गर्ने गर्दछ । हालको नेपाल निर्माण गर्नुमा पनि केही व्यक्तिहरूको ठूलो योगदान रहेको छ । उनीहरूले आफ्नो जीवनको प्रवाह नगरी राष्ट्रको लागि आफ्नो जीवन अर्पण गर्न समेत पछि परेनन् । देशको एकीकरणका लागि स-साना राज्यहरूलाई गाभ्ने कार्यदेखि देशलाई विदेशी शत्रुको पञ्जाबाट जोगाउन ठूलो प्रयास गरेकोले नै आजको नेपाल बन्न पुगेको छ । त्यसैगरी केही व्यक्तित्वहरूले देशभित्र रहेका विभिन्न जातजाति र भाषाभाषिको जगेर्ना गरी सबैले बुझ्ने नेपाली भाषाको बृद्धिमा सहयोग पुऱ्याएर देशको सार्वभौमिकताको रक्षा गर्नु सहयोग पुऱ्याएका छन् भने केहीले नेपाली कलालाई विदेशमा प्रचार प्रसार गरी नेपाल र नेपालीलाई विश्व समुदायमा परिचित गराउन ठूलो भूमिका खेलेकोले हामीले उनीहरूको सम्मान गर्न सक्नुपर्दछ । अत यस एकाइमा भीमसेन थापा, आदिकवि भानुभक्त आचार्य र अरनिकोको बारेमा सङ्क्षिप्त परिचयका साथै उनीहरूले राष्ट्रनिर्माणमा खेलेको भूमिका तथा एकीकरणको महत्वका बारेमा आवश्यक विषयप्रवेशमा छलफल गर्ने प्रयास गरिएको छ ।

**पाठ १**

## एकीकरणको महत्व

### १. उद्देश्य

यो पाठ पढिसकेपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) एकीकरणका प्रयास बताउन,


(ख) एकीकरणको महत्व बताउन ।

### २. पूर्वसिकाइक्रियाकलाप

(क) प्राथमिक तहको सामाजिक अध्ययनमा नेपालको एकीकरण भन्ने पाठ समावेश गरिएको छ ? छैन पत्ता लगाउनुहोस् ।

## ३. विषयप्रवेश

३.१ राष्ट्रको सार्वभौमिकताको संरक्षणको लागि नेपालको एकीकरणबाट राजनीतिक, आर्थिक र



सामाजिक विकासमा धेरै ठूलो प्रभाव परेको पाइन्छ । उनको राज्य विस्तारका क्रममा सबैतिरबाट विरोध भएको भएपनि उनले विरोधको कुनै परवाह राखेनन् र वर्तमान नेपाल राष्ट्रको आधार बसालेका थिए । नेपाल दुई ठूला देशहरू चीन र भारत वीच भएकाले नेपालको संरक्षणको लागि दुबैसँगको सम्बन्ध मेलमिलापमा आधारित हुनुपर्दछ भन्ने आशय रहेको पाइन्छ । नेपालमा बसोबास गर्ने सबै जातजाति तथा धर्मावलम्बीहरूमा बैमनस्यता नआओस् भनी सहिष्णुता स्वरूप नेपाल चार वर्ण छत्तीस जातिको फूलवारी हो भन्ने भनाई व्यक्त गरी राष्ट्रियताको अभिबृद्धि गर्न र सबै जातजातिको मेलमिलाप कायम राख्ने कार्य भएको छ । देशमा विदेशी पस्न दिनु हुँदैन यदि विदेशीहरू देशभित्र पसेभने देशलाई कंगाल बनाउँछन् । इलम जानेकालागि क्षमताअनुसारको अवसर दिनु, खेती हुने जग्गामा घर नबनाउनु जस्ता नीतिहरूले देशको आर्थिक विकासमा सहयोग पुगी देशलाई आत्मनिर्भर बनाउने अवसर उनको उपदेशहरूबाट लिन सकिन्छ । यसरी देशको सार्वभौमिकता संरक्षण तथा अखण्डता कायम गर्न एकीकरणको ठूलो भूमिका रहेको छ ।

नेपालमा एकीकरणका सुरूवात गर्ने कार्य पृथ्वीनारायण शाहले गरेका हुन् । जसबाट हामी नेपाली भनी विश्व समुदायमा नेपालको परिचय गराएका छन् । त्यसैगरी हामी नेपालीका कला, कौशल मन्दिर मठहरू तथा हाम्रो धर्म संस्कृति को संरक्षण भएको छ । नेपाललाई अङ्ग्रेजहरूको पन्जाबाट मुक्ति दिलाएर नेपालको स्वतन्त्रता कायम राख्ने कार्य एकीकरणको योगदान हो । धार्मिक सहिष्णुता जनताप्रति सहानुभूति, निष्पक्ष न्याय, उदारनीति र राष्ट्रियता उनका विशेषताहरू हुन् । राष्ट्रको सार्वभौमिकता र अखण्डता कायम राख्न भएको कार्यहरूमा निम्न पक्ष रहेका छन् :

- धार्मिक सहिष्णुता
- जनताप्रति माया सहानुभूति
- निष्पक्ष न्याय, उदारनीति
- राष्ट्रियता
- छिमेकीहरूसँग (भारत, चीन) समान व्यवहार
- नेपालको एकीकरणसँग सम्बन्धित विभिन्न सामग्रीहरू तस्बिर, फोटो, मूर्ति, दस्तावेजहरू आदि विभिन्न स्थानबाट सङ्कलन गर्न सकिन्छ । उपरोक्त सामग्रीहरू पत्रपत्रिका कटिङ,

गरेर सङ्ग्रहालय, पुस्तकालय मन्दिरहरूबाट सङ्कलन गर्न सकिन्छ । जसबाट एकीकरणसँग सम्बन्धित थप प्रमाणहरू जुटाउन सकिन्छ । ।

## ४. आत्ममूल्याङ्कन

(१) नेपालको एकीकरणको महत्व कुनै तीन बुँदामा लेख्नुहोस् ।

| |
|---|
| १.<br>२. |

## ५. पृष्ठपोषण

तपाईंले माथि दिनुभएका प्रश्नको उत्तर जाँच गर्नुहोस् ।

(१) प्रश्न नं. २ को लागि विषयप्रवेशसँग दाँज्नुहोस् ।

## ६. सारांश

- स-साना तथा विभिन्न प्रकारको अर्थतन्त्र भएका राज्यहरूलाई एउटै नेपालको एकीकरण गरी बलियो राज्यको जग स्थापना ।
- राज्य विस्तारको विरोधको प्रवाह गरी जीवनभर लडाई गरी वैदेशिक शत्रुलाई नेपालमा पस्न नदिएको ।
- सबै जातजाति तथा धर्मावलम्बीलाई राष्ट्रियताको सूत्रमा बाँध्न सहयोग ।
- नेपालको हितको लागि सबै छिमेकी मुलुकसँग समान व्यवहार ।
- एकीकरणबाट नेपाल र नेपालीलाई विश्व समुदायमा परिचित ।
- नेपालको सार्वभौमिकता र अखण्डताको संरक्षण ।
- हाम्रो धर्म संस्कृतिको संरक्षण ।

## ७. निर्देशन

यदि तपाईंले यस पाठमा उल्लेख गरिएका सबै उद्देश्यहरू पूरा गर्नु भएको छ भने मात्र अर्को पाठको अध्ययनतिर लाग्नुहोस् । अन्यथा यो पाठको नै अध्ययन पुगेको छैन भन्ने सोची फेरि एकपल्ट यसैलाई नै अध्ययन र यसका सबै उद्देश्यहरू पूरा गर्न गर्नुपर्ने कार्यहरू गर्नुहोस् ।

पाठ २

# भीमसेन थापा

## १. उद्देश्य

यो पाठ पढिसकेपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) भीमसेन थापाको परिचय दिन,

(ख) राष्ट्रको सार्वभौमिकता र अखण्डताको संरक्षण गर्न भीमसेन थापाले खेलेको भूमिका तथा महत्व वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) प्राथमिक तहमा भीमसेन थापा पाठशिक्षणको लागि सिकाइउपलब्धि केके हुन सक्दछ ? अथवा राष्ट्रिय विभूति तथा वीर पुरूषहरूको पाठ शिक्षणबाट हासिल हुने सिकाइउपलब्धि के राखिएको छ ? तलको बाकसमा लेख्नुहोस् ।

| |
|---|
| |

## ३. विषयप्रवेश

### परिचय

३.१. वि.सं. १८३२ साल श्रावण ९ गते गोरखामा जन्मेका भीमसेन थापाको पिताको नाम अमरसिंह थापा र आमाको नाम सत्यरूपा हो । यिनी बलिया हृष्टपुष्ट र चलाख थिए । यिनी नेपालको प्रथम प्रधानमन्त्री हुनुका साथै ३१ वर्षसम्म नेपालको प्रधानमन्त्री भएका थिए । यी राष्ट्रभक्त र राजभक्त थिए । भीमसेन थापाले रण बहादुरशाह, गिर्वाणयुद्धविक्रम शाह र राजेन्द्र विक्रम शाह गरी तीनओटा पुस्तासँग राज्य सञ्चालनमा महत्वपूर्ण भूमिका खेलेका थिए । यिनले रणबहादुर शाहको काशी प्रवाससँगै गई रणवहादुर शाहको मन जित्न सफल भएको ठानिन्छ । यसै अनुरूप उनी वि.सं. १८६१ मा काजी भए भने १८६८ मा जनरल भए । यिनलाई रणबहादुर शाहको दाहिने हात मानिन्थ्यो । वि.सं. १८९४ को राजकुमार देवेन्द्र विक्रमको मृत्यु हुँदा देवेन्द्रलाई विष खुवाई हत्या गरेको भन्ने अभियोग लगाई भीमसेन थापालाई कैद गरियो । बीचमा कैदबाट छुटेपनि पुन सोही मुद्दामा कैद गरे । त्यस समयमा उनको श्रीमतीलाई नाङ्गै बनाई सहर घुमाउने हल्ला चलाएपछि सहन नसकेर वि.सं. १८९६ मा उनको आत्महत्याबाट दुखद निधन भएको थियो । उनी राष्ट्रिय विभूति हुन् । उनको परिचयको मुख्य बुँदा यसप्रकार छ ।

- १८३२ मा जन्म
- अमरसिंह थापा र सत्यरूपाका छोरा
- १८६१ मा काजी र १८६८ मा जनरल भएको
- प्रथम प्रधानमन्त्री
- ३१ वर्षसम्म नेपालको प्रधानमन्त्री
- १८९६ मा आत्महत्या गरी निधन



## ३.२. राष्ट्रको सार्वभौमिकता र अखण्डताको संरक्षणको लागि भीमसेन थापाको भूमिका

भीमसेनथापा वास्तवमा एक सच्चा र देशभक्त राष्ट्र सेवामा अटुटरूपमा समर्पित योद्धा थिए । राष्ट्रमा उनको ठूलो इज्जत थियो । भीमसेन थापा अङ्ग्रेजको कट्टर दुश्मन थिए । उनले अङ्ग्रेजलाई भारतबाट समेत हटाउन चाहन्थे । तर उनको चाहना भारतकै केही राज्यहरूको कारणबाट सफल हुन नसकेको पाइन्छ । तर पनि उनको प्रयत्न प्रसंशनीय थियो । उनी साम्राज्यबादका विरोधी थिए भन्ने कुरा यसबाट प्रस्ट हुन्छ । उनले नेपाललाई अङ्ग्रेजहरूबाट बचाए । १८७२ मा भएको सुगौली सन्धिले नेपालले धेरै भूभाग गुमाउनु परेकोमा उनी दुखित थिए । तर पछि उनले धेरैजसो भाग फिर्ता गरे ।

३.३. भीमसेन थापाले देशको भलो हुने उद्देश्य राखेर काम गर्दथे । उनले आफ्नो शासनकालमा राज्यको सबै ठाउँमा ध्यान पुगोस् भनेर देशलाई धेरै भागमा विभाजन गरे देशभरि नापी समेत गराए । प्रत्येक भागको रेखदेख गर्न कर्मचारीहरू नियुक्त गरे । उनले जनतालाई सेवा पुऱ्याउने उद्देश्यले देशभरि पाटी, पौवा र धाराहरू बनाए । उनले जनतालाई न्याय निसाप सजिलैसँग दिलाउन न्यायालयको पनि स्थापना गरे । उनको सम्बन्धमा राजा श्री ५ रण बहादुर शाहले "म मरे पनि केही हुन्या हैन तर भीमसेन मऱ्यो भने देश डुब्याँ छ" भन्ने उद्‌गार प्रकट गरेको पाइन्छ । यसबाट भीमसेन थापाको महत्व कति छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ ।

३.४. भीमसेन थापाले पृथ्वीनारायण शाहले नेपालको निर्माण गर्न बसालेको जगलाई बृद्धि गर्ने काम गरी नेपालको स्वतन्त्रता कायम राख्न महत्वपूर्ण योगदान दिए । नेपाल र नेपालीलाई विश्वसामु परिचित गराउने र हाम्रो धर्म र संस्कृति जगेर्ना गर्ने कार्य गरे । यसैगरी देशभित्र जग्गाको नापी, न्यायालयको स्थापना, देशको शासन- सञ्चालनको निम्ति कर्मचारीको व्यवस्था गरे । यसकारण उनलाई राष्ट्रिय विभूतिहरूमध्ये एक मानिएको छ ।

३.५. भीमसेन थापाको भूमिका

- नेपाललाई अङ्ग्रेजहरूबाट सुरक्षित राखे ।
- नेपालको स्वतन्त्रता सार्वभौमिकतालाई संरक्षण गरे । उनले देशको सिमाना बढाई ठूलो बनाए ।
- धर्म र संस्कृतिलाई जगेर्ना गरे ।
- उनले देशमा सामाजिक आर्थिक तथा राजनीतिक क्षेत्रमा समसामयिक सुधार गरेका थिए ।
- सैनिक क्षेत्रमा सुधार गरे ।

३.६ भीमसेन थापाको बारेमा अध्ययन गर्नका लागि उनका तस्बिर, मूर्ति तथा दस्तावेजहरू सङ्कलन गर्नु पर्दछ । उनीसँग सम्बन्धित ती सामग्रीहरू दस्तावेज, तस्बिर, फोटो एवम् मूर्तिहरू सङ्ग्रहालयमा, मन्दिरहरूमा पुस्तकालयबाट प्राप्त गर्न सकिन्छ । यसै गरी पत्रपत्रिकाबाट कटिङ गरेर पनि उनीसँग सम्बन्धित सामग्रीहरू सङ्कलन गर्न सकिन्छ ।

३.७ यस पाठबाट शिक्षकलाईको आवश्यक विषयवस्तु दिन खोजिएको छ भने विद्यार्थीहरूलाई भीमसेन थापाको सङ्क्षिप्त परिचय र तिनले गरेका कार्यहरूको छोटा वर्णन गर्ने सीप दिन खोजिएको छ । त्यसै गरी राष्ट्रिय व्यक्तित्वको योगदानबाट विद्यार्थीहरूमा राष्ट्र र राष्ट्रियताप्रति गर्ने र देश प्रेममा लाग्ने धारणाको विकासमा सघाउ पुगोस् भन्ने अभिप्राय राखिएको छ ।

## ४. आत्मभूल्याङ्कन

१ भीमसेन थापा नेपालको कतिऔं प्रधानमन्त्री हुन् ?

(क) प्रथम (ख) दोस्रो

(ग) तेस्रो (घ) चौथो

२. भीमसेन थापाको जन्म कहिले भएको थियो ?

(क) वि.सं. १८२२ (ख) वि.सं. १८३२

(ग) वि.सं. १८३६ (घ) वि.सं. १८४२

३. भीमसेन थापाको पिताको नाम के थियो ?

(क) वीरभद्र (ख) भक्ति थापा

(ग) अमरसिंह थापा (घ) माथवरसिंह थापा

४. "म मरे भने केही हुन्या छैन भीमसेन थापा मर्‍यो भने देश डुब्याछ" यो उद्गार कसको हो ?

(क) पृथ्वीनारायण शाह (ख) बहादुर शाह

(ग) गिर्वाणयुद्ध वीर विक्रम शाह (घ) रणबहादुर शाह

पाठ ३

# अरनिको

## १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) अरनिकोको परिचय दिन,

(ख) अरनिकोले नेपाललाई विदेशमा परिचित गराउन खेलेको भूमिका वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) प्राथमिक तहको पाठ्यक्रममा राष्ट्रिय विभूति अरनिकोको पाठ कुन कक्षामा समावेश गरिएको छ । सो पाठको सिकाइउपलब्धि लेख्नुहोस् ।

| कक्षा | पाठ | सिकाइउपलब्धि |
|---|---|---|
| | | |

## ३. विषयप्रवेश

### ३.१ परिचय

अरनिको राष्ट्रिय विभूति हुन् । वि.सं. १३०० सालमा अरनिको जन्म भएको थियो उनको नाम बलबाहु थियो । उनका बुवाआमा गरिव भएकाले उनले पाठशाला गएर पढ्न पाएनन् । अरनिको साथीको सहयोगले ठूलो कलाकार बनेका थिए । पढ्ने अवसर नपाएपनि अरनिको बुद्धिमानी र मेहेनती भएकाले अरनिकोले साथीबाट मूर्ति बनाउन सिकेका थिए । उनले बनाएका मूर्तिहरू धेरै राम्रा हुन्थे । उनका मूर्तिहरूलाई सबैले तारिफ गर्न थाले । उनको सीपसँग राजा पनि परिचित थिए । उनी १७ वर्षको उमेरमा नै मूर्तिकला, चित्रकला र वास्तुकला विशेषज्ञका रूपमा नेपालमा प्रसिद्ध भइसकेका थिए । उनी १७ वर्षको उमेरमा चीनको तिब्बतमा गुम्बा निर्माण गर्न गएका थिए । उनको मृत्यु वि. सं. १३६३ मा भएको थियो ।



- वि.सं. १३०० सालमा जन्म
- बलबाहु (उनको नाम)
- बुद्धिमानी र मेहेनती
- वुवा आमा गरिव
- १७ वर्षको उमेरमा मूर्तिकला, चित्रकला र वस्तुकलामा निपुण
- वि.सं. १३६३ मा मृत्यु

५. भीमसेन थापाले राष्ट्रको सार्वभौमम्सिकता संरक्षणको लागि खेलेको भूमिकाको महत्व तीन बुँदामा लेख्नुहोस् ।

| |
|---|
| १.<br>२. |

६. भीमसेन थापासँग सम्बन्धित सामग्रीहरू सङ्कलन गर्ने तरिकाहरू लेख्नुहोस् ।

| |
|---|
| |

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएका प्रश्नको उत्तर मिले नमिलेको रूजु गर्नुहोस् ।

१. प्रश्न १. को क) पहिलो

२. प्रश्न २. को ख) १८३२

३. प्रश्न ३. को ग) अमरसिंह

४. प्रश्न ४. को घ) रणबहादुर शाह

५. प्रश्न ५. को लागि यसै पाठको विषयप्रवेशको भूमिका ३.५ शीर्षकसँग दाँज्नुहोस् ।

६. प्रश्न ६. को लागि यसै पाठको विषयप्रवेशको ३.६ सँग दाँज्नुहोस् ।

## ६. सारांश

- वि.सं. १८३२ मा जन्मेको भीमसेन थापा अमरसिंह थापाका छोरा र वीरभद्रका नाति थिए ।
- उनी चलाख, बलिया, राष्ट्रभक्त र राजभक्त थिए ।
- उनी प्रथम प्रधानमन्त्री थिए र ३१ वर्ष प्रधानमन्त्री रहेका थिए ।
- नेपालको सिमाविस्तार गरी बलियो बनाएका थिए ।
- नेपाललाई अङ्ग्रेजहरूको पञ्जाबाट मुक्त राखी स्वतन्त्रता कायम गरे ।
- नेपाल र नेपालीलाई अन्तर्राष्ट्रिय जगतमा परिचित गराए ।
- धर्म संस्कृतिको जगेर्ना गरे ।
- भीमसेन थापासम्बन्धी पाठ सामग्रीहरू, तस्बिर, बस्तु, मूर्ति, दस्तावेजको पत्रपत्रिका, मन्दिर सङग्रहालयमा पुस्तकालय आदिमा पाइन्छ ।

## ७. निर्देशन

**यदि तपाईंले यस पाठमा उल्लेख गरिएका सबै उद्देश्यहरू पूरा गर्नु भएको छ भने मात्र अर्को पाठको अध्ययनतिर लाग्नुहोस् । अन्यथा यो पाठको नै अध्ययन पुगेको छैन भन्ने सोची फेरि एकपल्ट यसैलाई नै अध्ययन र यसका सबै उद्देश्यहरू पूरा गर्न गर्नुपर्ने कार्यहरू गर्नुहोस् ।**

## ३.२ अरनिकोको भूमिका

- राजा जय भीमदेवको शासन काल वि.सं. १३१७ सालमा अरनिको गुम्बा निर्माण गर्न ८० जना साथीसँग तिब्बत गएका थिए । ती ८० जना कलाकारहरूको नेतृत्व अरनिकोले गरेका थिए । त्यसबेला उनी १७ वर्षको थिए । त्यहाँ उनी लगायतका सार्थीहरूले एउटा बौद्ध चैत्य बनाएका थिए । जुन मन्दिरको सर्वत्र प्रसंशा गरियो । मन्दिर धेरै राम्रो भएकाले उनको प्रतिष्ठा बढ्यो । उक्त मन्दिर हेर्न देश विदेशबाट मानिसहरू तिब्बत आएका थिए । तीमध्ये चीनका राजाका आफ्ना धर्मगुरू पनि आएका थिए । नेपाली कलाकारले बनाएको त्यो मन्दिरको उनले प्रसंशा गरे । धर्मगुरूको प्रसंशाअनुसार तत्कालीन चीनका राजा कुब्ला खाँले अरनिकोलाई चीनमा बोलाए । अरनिकोको कामबाट राजा खुसी भए । उनले वेजिङ्गमा विशाल स्वेत चैत्यको निर्माण गरे । यसरी अरनिकोले चीनमा नेपाली कलाको प्रचार प्रसार गरेर इज्जत बढाए । नेपाली भनी चिनाए । उनले चीन र नेपालको सम्बन्ध राम्रो बनाउन ठूलो मदत पुऱ्याए । उनको कारणले नेपालले आफ्नो कलालाई विश्व समुदायमा परिचित गराउनमा समेत ठूलो सफलता प्राप्त गरेको थियो । यसकारण उनी एक महान विभूतिको रूपमा नेपालको इतिहासमा अमर रहेका छन् ।

**प्रमुख योगदान**

- अरनिकोले नेपालको कला चीनमा प्रचार प्रसार गरेर नेपालको इज्जत बढाए ।
- नेपाल र चीनको मैत्री सम्बन्ध राम्रों बनाउन योगदान दिए ।
- नेपाली कलालाई विश्व समुदायमा प्रिय र परिचित बनाउने कार्य गरे ।
- उनले प्रदर्शन गरेको अद्वितीय सीपको कारणले गर्दा नै नेपाललाई चीनका मानिसहरूमा मूर्तिकलाको देश भनी चिनाए ।



अरनिकोले चीनमा अरूले जोड्न नसकेको मूर्ति जोड्ने , धक नमानि जवाफ दिने र चित्र प्रतियोगितामा सहभागी भई प्रथम हुने सफलता प्राप्त गरेको कारणले चीनका राजा उनीसँग प्रसन्न थिए । त्यसकारण पनि अरनिको नेपाल फर्कन चाहेर पनि फर्कन सकेनन् । चीनका राजाले उनलाई त्यही राख्न चाहन्थे । अरनिकोको नेपाली नाम बलबाहु थियो । चीनका सम्राटले उनको असाधारण प्रतिभा र विशिष्ट कार्यबाट प्रसन्न भएर उनलाई अरनिको भन्ने नाम दिई मन्त्री सरहको व्यक्तिले पाउने उपाधि "क्वाङ्लुताई फु तारा थु" बाट विभूषित गरेका थिए । त्यसकारण चीनमा अरनिकोको इज्जत गर्दछन् । चिनियाँ र नेपाली कला मिल्नु पनि अरनिकोको चीन यात्राको मुख्य कारण हो ।

अरनिकोसँग सम्बन्धित सामग्रीहरू तस्बिर, फोटो दस्तावेजहरू मूर्तिहरू सङ्कलन गरी अध्ययन गर्न सकिन्छ । उनीसँग सम्बन्धित ती सामग्रीहरू पत्रपत्रिका कटिङ् गरेर सङ्कलन गर्न सकिन्छ । त्यसै गरी पुस्तकालय, मन्दिर, सङ्ग्रहालय आदिबाट सङ्कलन गर्न सकिन्छ । त्यसैगरी उनीसँग सम्बन्धित मन्दिरहरू अवलोकलन गरेर पनि उनको बारेमा थप अध्ययन गर्न सकिन्छ ।

## ४. आत्ममूल्याङ्कन

१. अरनिकोको जन्म कहिले भएको थियो ?

(क) वि.सं. १३०० (ख) वि. सं. १३०१

(ग) वि.सं. १३०५ (घ) वि.सं. १३१०

२. अरनिकोले मूर्ति बनाउन कसबाट सिकेका थिए ?

(क) विद्यालयबाट (ख) बुबाबाट

(ग) साथीबाट (घ) शत्रुबाट

३. अरनिकोको बास्तविक नाम ...................... हो ?

४. अरनिको कति वर्षको उमेरमा चीनको तिब्बत गएका थिए ।

(क) १५ (ख) १६

(ग) १७ (घ) १८

५. अरनिकोले नेपालको इज्जत विदेशमा बढाउन गरेका कुनै दुइओटा कार्यहरू लेख्नुहोस् ।

१.

२.

६. अरनिकोसँग सम्बन्धित सामग्रीहरू सङ्कलन गर्ने कुनै दुई उपायहरू लेख्नुहोस् ।

१.

२.

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएको प्रश्नको उत्तर मिल्यो मिलेन जाँच्नुहोस् ।

१. प्रश्न नं.१ को (क) १३००

२. प्रश्न नं.२. को (ग) साथीबाट

३. प्रश्न नं.३. को बलबाहु

४. प्रश्न नं. ४. को (ग) १७ वर्ष

५. प्रश्न नं. ५. को लागि यसै पाठको विषयप्रवेशको ३.२ सँग दाँज्नुहोस् ।

६. प्रश्न नं. ६ को लागि यसै पाठको विषयप्रवेशको ३.२ सँग दाँज्नुहोस् ।

## ६. सारांश

- अरनिकोको जन्म वि.सं. १३०० सालमा गरिव परिवारमा भएको ।
- पाठशालाको अध्ययन नभई साथीसँगीबाट मूर्ति बनाउन सिकेको ।
- १७ वर्षमा मूर्तिकार र चित्रकारको विशेषज्ञता हासिल गरेको ।
- १३६३ मा मृत्यु ।
- अरनिकोले नेपालको कला चीनमा प्रचार प्रसार गरेर नेपालको इज्जत बढाएको ।
- नेपाल र चीनको मैत्री सम्बन्ध राम्रो बनाउन योगदान दिएको ।
- नेपाली कलालाई विश्व समुदायमा प्रिय र परिचित बनाउने काम गरेको ।
- अरनिकोसँग सम्बन्धित सामग्रीहरू पत्रपत्रिका, मन्दिर, पुस्तकालय तथा सङ्ग्रहालयबाट सङ्कलन गर्न सकिन्छ ।

## ७. निर्देशन

(क) यदि तपाईंले यस पाठमा उल्लेख गरेका सबै उद्देश्यहरू पूरा गर्नु भएको छ भने मात्र अर्को पाठको अध्ययनतिर लाग्नुहोस् । अन्यथा यो पाठको नै अध्ययन पुगेको छैन भन्ने सोची फेरि एकपल्ट यसैलाई नै अध्ययन र यसका सबै उद्देश्यहरू पूरा गर्ने गर्नुपर्ने कार्यहरू गर्नुहोस् ।

**पाठ ४**

# भानुभक्त आचार्य

## १. उद्देश्य

यो पाठ पढिसकेपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) भानुभक्तको परिचय दिन,

(ख) राष्ट्रको सार्वभौमिकता र अखण्डताको रक्षाको लागि भाषिक एकताको हिसाबले भानुभक्तको योगदान वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

तपाईंलाई भानुभक्तका बारेमा केही कुराहरू पक्कै पनि जानकारी भएको छ होला । त्यसको आधारमा भानुभक्तले लेखेका कुनै दुई रचनाहरू प्रकाशित कृतिबाट लेख्नुहोस् ।

| |
|---|
| १. |
| २. |

## ३. विषयप्रवेश

### ३.१ परिचय

वि.सं. १८७१ आषाढ २९ गते भानुभक्त आचार्यको जन्म तनहुँको रम्घा भन्ने गाउँमा भएको थियो । उनका बाजे श्रीकृष्ण आचार्य संस्कृतका पण्डित भएकाले उनले पनि संस्कृत पढेका थिए । उनको समयमा संस्कृतमा लेख्ने कार्यलाई बढी इज्जतको दृष्टिले हेरिन्थ्यो । त्यसबेला शुद्ध नेपाली भाषा थिएन, तर नेपालीमा उनको चाख थियो । भानुभक्त नेपाली भाषामा कलम चलाउने पहिला प्रसिद्ध कवि हुन् त्यसैले उनलाई आदिकवि भन्दछन् । उनले कवि बन्ने प्रेरणा एउटा घाँसीबाट पाएका हुन् भन्ने किंबदन्ती पाइन्छ । उनको मृत्यु वि.सं. १९२६ सालमा भएको थियो । प्रत्येक वर्षको आषाढ २९ गते हामी उनको जन्मजयन्ती मनाउँछौं ।

**छोटकरीमा परिचय**

- जन्म १८७१ आषाढ २९ गते तनहुँको रम्घा गाउँमा
- बाजे श्री कृष्ण आचार्य (संस्कृतका पण्डित)
- अध्ययन संस्कृत
- नेपाली भाषामा उनको चाख रहेको
- नेपाली भाषामा पहिला कलम चलाउने व्यक्ति
- कवि बन्ने प्रेरणा घाँसीबाट पाएको किंवदन्ती रहेको
- आदिकवि

### ३.२ नेपाली साहित्यमा भानुभक्तको देन



भानुभक्तभन्दा पहिला कलम चलाउने कविहरूले संस्कृतमा मात्र लेख्ने भएकाले त्यो भाषा सर्वसाधारणले बुझ्न सक्ने थिएन । भानुभक्तले नेपाली भाषालाई सरल र सरस तुल्याउने कोशिस गरे । सबैले बुझ्ने नेपाली भाषामा किताब लेख्न सुरू गरेका थिए । उनले नेपाली भाषामा सजिलोसँग बुझ्ने गरी रामायण लेखे । उनले लेखेको रामायण आज सबै नेपालीले मन पराउँछन् । रामायणको श्लोकले भानुभक्तको सम्झना गराउँछ । त्यसैगरी उनले बधुशिक्षा तथा विभिन्न कविताहरू लेखेका छन् । यसरी उनले नेपाली भाषालाई बढाउनमा ठूलो काम गरेका छन् ।

पृथ्वीनारायणशाहले स-साना राज्यहरूमा टुक्रिएको नेपाललाई एउटै बनाएर नयाँ नेपालको जग बसाल्ने काम गरे । जस्तै भानुभक्तले नेपाली भाषामा कविता र पुस्तक लेखेर सबैले बुझ्न सक्ने बनाई भाषाद्वारा सबै नेपालीलाई एकै सुत्रमा बाँध्ने प्रयास गरेका थिए । कुनै पनि राष्ट्रको एकीकरणमा भाषाको ज्यादै ठूलो महत्व रहन्छ । यसैगरी उनले नेपाली भाषाको कविता लेखेर त्यस बेलाको समाजको चित्रण गरी समाजलाई सुधार्ने बाटाहरू पनि देखाएका थिए । भानुभक्तका पुस्तकमा कविताहरू कोही भाषाको निम्ति पढ्दछन् भने कोही साहित्यको निम्ति पढ्दछन् । धर्मात्माहरू उनको कविता रामायण पढ्दछन् । यसरी भानुभक्तले सबै किसिमका मानिसहरूलाई एकै सुत्रमा बाँधे । यसकारण नेपाली साहित्य र नेपाली भाषाको इतिहासमा उनी सदाका लागि अमर रहे ।

**भानुभक्तको योगदान छोटकरीमा**

- नेपाली भाषामा पहिलो पटक कविता, पुस्तक लेख्न सुरू गरेको ।
- सबै नेपालीलाई बुझ्न सजिलो हुने खालका कविताहरू लेखी नेपाली भाषालाई सरल र सरस बनाउने प्रयास गरेको ।
- रामायण, बधु शिक्षा, तथा अन्य कविताहरूको लेखनकार्य गरेको ।
- कविताको माध्यमबाट तत्कालीन समाजको चित्रण गरी सुधार गर्ने प्रयास गरेको ।
- नेपाल राज्यका प्रायः सबै मानिसहरूले बुझ्ने र विभिन्न भाषाभाषिका मानिसहरूले सम्पर्क भाषाको रूपमा प्रयोग गर्ने नेपाली भाषाको विकास गरी एक सुत्रमा बाँध्ने काममा ठूलो योगदान पुऱ्याएको ।

३.३ भानुभक्तको बारेमा थप अध्ययनका लागि उनीसँग सम्बन्धित मूर्ति, तस्बिर, फोटो, दस्तावेज तथा उनको प्रकाशन कृतिहरू सङ्कलन गर्नुपर्दछ । उनका ती सामग्रीहरू

पत्रपत्रिका कटिङ् गरेर सङ्कलन गर्न सकिन्छ । त्यसै गरी पुस्तक तथा पुस्तक पसलहरूबाट मन्दिर सङग्रहालय आदिबाट पनि उनीसँग सम्बन्धित दस्तावेज तथा मूर्तिहरू सङ्कलन गर्न सकिन्छ । यसैगरी उनको जीवनीलाई आधार मानेर तयार गरिएका चलचित्रबाट थप ज्ञान हासिल गर्न CD तथा VCD हरू सङ्कलन गर्न सकिन्छ ।

## ४. आत्ममूल्याङ्कन

१. खाली ठाउँ भर्नुहोस् :

................ भानुभक्त आचार्यको जन्म वि.सं. ........................साल आषाढ ................ गते ..........को ................गाउँमा भएको थियो । उनका बाजेको नाम ............ ..............हो । उनका बाजे ..................

.................... विद्वान थिए । भानुभक्तले.............................पढेपनि उनको चाख .................... भाषामा थियो । वि.. सं. ................. मा उनको मृत्यु भएको थियो ।

२. भानुभक्त आचार्यले नेपालको सार्वभौमिकताको रक्षाको लागि भाषिक एकताको हिसाबले गरेको कुनै चारओटा कार्यहरू लेख्नुहोस् ।

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

३. भानुभक्त आचार्यसँग सम्बन्धित सामग्रीहरू सङ्कलन गर्ने कुनै दुईओटा तरिकाहरू लेख्नुहोस् ।

| |
|---|
| १. |
| २. |

## ५. पृष्ठपोषण

तपाईले माथि दिएका प्रश्नको उत्तर मिले नमिलेको रूजु गर्नुहोस् ।

१. प्रश्न नं. १ को आदिकवि, १८७१, आषाढ २९, तनहुँको, रम्घा, श्री कृष्ण आचार्य, संस्कृत , संस्कृत, नेपाली , १९२६

२. प्रश्न नं.२ को उत्तरका लागि यसै पाठको विषयप्रवेशको ३.२ सँग दाँज्नुहोस् ।

३. प्रश्न नं. ३ को उत्तरका लागि यसै पाठको विषयप्रवेशको ३.३ रूजु गर्नुहोस् ।

## ६. सारांश

- आदिकवि भानुभक्त आचार्यको जन्म वि. सं. १८७१ मा तनहुँको रम्घा गाउँमा भएको हो ।
- संस्कृत पण्डित श्री कृष्ण आचार्यका नाति भानुभक्त संस्कृत भाषा पढेपनि नेपाली भाषामा विशेष रूचि राख्नुहुन्थ्यो ।
- नेपाली भाषामा कलम चलाउने पहिलो कवि भानुभक्त हुन् ।

- उनले रामायण, बधु शिक्षा र कविताहरूको रचना गरेका हुन् ।
- सबै नेपालीले बुझ्ने नेपाली भाषामा कविताहरू लेखी सबैलाई एउटै सुत्रमा बाँध्ने कार्य गरी राष्ट्रिय एकीकरणमा योगदान पुऱ्याउने कार्यमा भानुभक्त को भूमिका महत्वपूर्ण रहेको छ ।
- भानुभक्तबाट सामाजिक सुधारका लागि तरिकाहरू प्रदान गरिएको ।
- धर्मात्मादेखि युवकसम्म सबैलाई मनपर्ने रामायणका कविताहरू लेखी सबै किसिमका मानिसहरूलाई एउटै सुत्रमा बाँध्ने प्रयास भएको ।

## ७. निर्देशन

(क) यदि तपाईंले यस पाठमा उल्लेख गरिएका सबै उद्देश्यहरू पूरा गर्नु भएको छ भने मात्र अर्को पाठको अध्ययनतिर लाग्नुहोस् । अन्यथा यो पाठको नै अध्ययन पुगेको छैन भन्ने सोची फेरि एकपल्ट यसैलाई नै अध्ययन र यसका सबै उद्देश्यहरू पूरा गर्न गर्नुपर्ने कार्यहरू गर्नुहोस् ।

(ख) थप जानकारी हासिल गर्नका लागि सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

एकाइ : ९

# विकास कार्यमा आधुनिक प्रविधिको भूमिका

| |
|---|
| **सक्षमता:** विकासमा आधुनिक प्रविधिको भूमिका तथा महत्व पहिचान गर्न । |

**परिचय**

आधुनिक प्रविधिले देशको विकासमा अहम् भूमिका खेलेको हुन्छ । जुन देशमा आधुनिक प्रविधिका साधनहरूको विकास एवम् अधिकतम उपयोग भएको छ, त्यो देश विकसित भइसकेको हुन्छ । आधुनिक प्रविधिका विविध साधनहरूमा सञ्चार क्षेत्रमा प्रयोग हुने साधनहरूको विकासमा महत्वपूर्ण स्थान रहेको छ । वर्तमान युग २१ औ शताव्दीलाई सूचना तथा सञ्चारको युग भनिन्छ । यस एकाइमा आधुनिक प्रविधिका विविध साधनहरू मध्ये रेडियो, टेलिभिजन, टेलिफोन, मोवाइल, फ्याक्स, कम्प्युटर, इमेल र इन्टरनेटको परिचय तथा यिनको उपयोगिताका बारेमा विषयप्रवेश पस्कने प्रयास गरिएको छ । यस एकाइबाट विकासमा आधुनिक प्रविधिको भूमिका के कस्तो हुन्छ ? हामीले उपयुक्त साधनहरूबाट के फाइदा प्राप्त गर्न सक्दछौं ? सो को बारेमा अध्ययन गरी यिनीहरूको भूमिका तथा महत्व पहिचान गर्न सक्ने ज्ञानको लागि आवश्यक विषयप्रवेश प्रस्तुत गरिएको छ ।

**पाठ १**

## रेडियो र टेलिभिजन

### १. उद्देश्य

यो पाठको अध्ययनपछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) नेपालमा रेडियो र टेलिभिजनको अवस्था बताउन,

(ख) सञ्चारका साधनहरू रेडियो र टेलिभिजनले विकासमा खेलेको भूमिका तथा महत्व वर्णन गर्न ।

### २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईंको घरमा रेडियो अथवा टेलिभिजन अवश्य नै होला ? त्यसको आवश्यकताका बारेमा दुई बुँदामा उल्लेख गर्नुहोस् ।

| |
|---|
| १. |
| २. |

(ख) रेडियो र टेलिभिजनबीचको भिन्नता केके हुन् ?

| रेडियो | टेलिभिजन |
|---|---|
| १. | १. |
| २. | २. |

## ३. विषयप्रवेश

### परिचय


३.१ एक्काइसौं शताब्दी सूचना प्रविधिको युग भनिन्छ । सूचना प्रविधिको अनुपस्थितिमा मानव जीवन कल्पना गर्न सकिँदैन । विज्ञान र प्रविधिको विकासले गर्दा आज विश्व एउटा गाउँ बनेको छ । विज्ञान र प्रविधिको विकासको उपज सूचना प्रविधिको विकास हो । सूचना आदानप्रदान गर्नु नै सञ्चार हो । विभिन्न किसिमका जानाकारीहरूलाई एक स्थानबाट अर्को स्थानमा आदान-प्रदान गर्ने सञ्चारको प्रक्रिया सूचना प्रविधि हो ।

३.२ सूचना प्रविधिको विकास नहुँदा हाम्रा पुर्खाहरू सूचना एक ठाउँबाट अर्को ठाउँमा पठाउन परेवा, कुकुर वा घरपालुवा जनावरको प्रयोग गर्दथे । त्यसैगरी मानिस चिच्याएर, ड्रम पिटेर, सूचना एक स्थानबाट अर्को स्थानसम्म पठाइने कार्य गरिन्थ्यो । महत्वपूर्ण सूचनाहरू पठाउनु पर्दा व्यक्ति वा समूहलाई पठाउने गरिन्थ्यो । त्यसै गरी कुनै एक राष्ट्रले अर्को राष्ट्रलाई कुनै खबर पठाउनु पर्दा व्यक्ति वा समूहलाई पठाउने चलन हाम्रा पौराणिक कथाहरूमा पाइन्छ । यसबाट विगतमा सूचना संप्रेषण गर्न आधुनिक प्रविधि नभएकाले उपर्युक्त प्रकारको व्यवस्था भएको प्रतित हुन्छ । समयको अन्तरालसँगै आधुनिक प्रविधिको विकास हुँदै जाँदा सञ्चार साधनहरूको विकास भएको छ । ती सञ्चारका साधनको रूपमा रेडियो र टेलिभिजनको विकास भयो ।

### ३.३ रेडियो

**नेपालमा रेडियोको अवस्था एक परिचय**

सूचना तथा समाचार प्रसारणका लागि रेडियो एउटा महत्वपूर्ण साधन हो । रेडियोको आविष्कार सन् १९०१ मा इटालीका गुगलेलमो मार्कोनी Guglielmo Marconi ले गरेका थिए । त्यसबेलादेखि नै रेडियोले विकसित र विकासोन्मुख सबै देशहरूमा सूचना समाचार तथा सङ्गीतका कार्यक्रमहरू प्रसारण गर्दै आइरहेको छ ।



- नेपालमा रेडियोको प्रसारण २००७ साल चैत्र २० गतेदेखि भएको हो । ग्रामीण समुदायदेखि सहरसम्म सबै नेपालीको लोकप्रिय साधनको रूपमा रेडियोले स्थान ओगट्न सफल भएको छ । नेपालमा रेडियो सुरूवात भएको धेरैपछि मात्र यसका तरङ्गहरू (Waves) भू-उपग्रह (Satellite) बाट पढाउने प्रविधिको सुरूवात भएको छ ।
- हाल सर्टवेभ प्रसारण प्रणालीमार्फत अधिराज्यभर रेडियो नेपालले आफ्नो समाचार पुऱ्याइरहेको छ । देशको सबै भागमा रेडियो प्रसारण सुन्न सकियोस् भन्ने उद्देश्यले देशको विभिन्न स्थानमा मिडियमवेभ प्रसारणका केन्द्रहरू स्थापना गरिएका छन् ।

- राष्ट्रिय प्रसारण नियमावली २०५२ अनुसार नेपाल सरकारले एफ.एम ( Frequency Moduler) रेडियो सेवा सञ्चालन गर्ने अनुमति दिएपछि २०५२ सालमा नेपालमा एफ.एम रेडियोको सुरूवात भएको हो । एफ. एम मुख्य गरेर स्थानीय स्तरमा सञ्चालन गरिने रेडियो स्टेशन हो । हाल देशका विभिन्न सहरमा करिब १०० ओटाभन्दा बढी एफ. एम. रेडियो स्टेसनहरू रहेका छन् ।

- नेपालमा तीन किसिमका रेडियो प्रसारणहरू सञ्चालित छन् । तिनीहरूमा :
  (१) राष्ट्रिय प्रसारण - रेडियो नेपाल
  (२) व्यापारिक रेडियो प्रसारण - विभिन्न एफ.एम रेडियो
  (३) सामुदायिक रेडियो - सगरमाथा एफ.एम.

## ३.४ रेडियोले विकासमा खेलेको भूमिका तथा महत्व

- रेडियो सञ्चारको प्रभावकारी माध्यम भएकाले यसको विकासका कार्यक्रमहरूमा महत्वपूर्ण भूमिका रहेको हुन्छ । अझ हाम्रो जस्तो पहाडी मूलुक जहाँ ८६% जनता गाउँमा बसोबास गर्दछन्, जहाँ विकासका अन्य पूर्वाधारहरू छैनन्, त्यस्तो स्थानमा बसोबास गर्ने मानिसहरूको ज्ञानको स्रोत रेड़ियो हो ।

- रेडियोबाट मुख्यरूपमा सूचना तथा समाचार, मनोरन्जनात्मक कार्यक्रम, सांस्कृतिक तथा ज्ञानमूलक कार्यक्रमहरू प्रसारण हुँदै आइरहेका छन् । जसबाट समुदायलाई सचेत बनाउने कार्य रेडियोले गरिरहेको छ ।

- रेडियोबाट नै एक स्थान वा देशको विकास कार्यक्रमहरूको बारेमा अर्को देश वा स्थानका जनतालाई जानकारी दिन सकिन्छ ।

- रेडियोको माध्यमबाट नै कुनै पनि स्थानका सम्भावित विकासका पूर्वाधारहरू सांस्कृतिक, सामाजिक, पर्यटन जस्ता क्षेत्रका विशेषताहरूको प्रचारप्रसार गरी ती क्षेत्रहरूको विकासमा जोड दिने कार्थ गर्दा सघाउ पुऱ्याउन सकिन्छ ।

- राष्ट्रियता संरक्षण तथा सम्बर्द्धन गर्न रेडियोले जनतालाई सु-सूचित गर्दछ ।

- राष्ट्रियप्रसारणदेखि विभिन्न स्थानमा खोलिएका एफ.एम. स्टेसनहरूबाट स्थानीयस्तरमा लुकेर बसेका प्रतिभाहरू तथा भाषा, साहित्य, धर्म, संस्कृतिलाई मूल प्रवाहमा ल्याउन सहयोग गरिरहेको हुन्छ ।


- यसैगरी यसको सेवा विस्तारबाट स्थानीयस्तरदेखि केन्द्रसम्म रोजगारीका अवसरहरू प्रदान गरी विभिन्न किसिमको जनशक्तिलाई रोजगारी प्रदान गरी मानिसहरूको आयबृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

- यसैगरी रेडियोबाट विभिन्न किसिमका शिक्षामूलक कार्यक्रमहरू सञ्चालन गरी चेतनामूलक कायक्रमदेखि विभिन्न प्याकेजहरू सञ्चालन गर्न सकिन्छ ।

- देशमा सञ्चालन हुने विकास कार्य गाउँदेखि केन्द्रसम्म सम्बन्ध हुने भएकाले केन्द्रका निर्देशन तथा निर्णयहरू रेडियो नेपाल मार्फत देशको कुना काप्चामा केही क्षणमा पुऱ्याउन सकिने भएकाले विकासका कार्यहरू समयमा सम्पन्न गर्न सजिलो हुने भएकाले रेडियोको विकासमा ठूलो महत्व छ ।

## ३.५ टेलिभिजन

- बेलायतका जोन कोज गियर्ड (John Cogie Gaird) ले सन् १९२६ मा सबभन्दा पहिले TV को प्रयोग गरेका थिए । यसको प्रयोगमा प्रमुख योगदान अमेरिकाका भी जवारकिम (V. Zwarykim) ले सन् १९२८ मा विद्युतीय माध्यमको विकास गरे । जुन यस क्षेत्रको लागि ठूलो क्रान्ति थियो । विज्ञान प्रविधिको विकाससँगै आजकाल विभिन्न किसिमका TV हरूको निर्माण भएको छ ।



- नेपालमा वि.सं २०४२ सालदेखि टेलिभिजनको प्रसारण सुरू भएको हो । देशको सबै स्थानमा प्रसारण सेवा पुगोस् भन्ने उद्देश्यले देशका विभिन्न स्थानमा ११ ओटा रिले केन्द्रहरू स्थापना गरिएका छन् । हाल नेपाल टेलिभिजन प्रसारण भू-उपग्रह मार्फत् भएकाले देशको प्रायःजसो सबै स्थान र अन्य केही देशहरूमा यसको प्रसारण देख्न सकिन्छ । नेपाल टेलिभिजनअन्तर्गत नै मेट्रो च्यानल पनि प्रसारण भइरहेको छ ।

- टेलिभिजन प्रसारण निजी क्षेत्रबाट सञ्चालन गर्ने अनुमति दिएपछि हाल नेपालमा निजी क्षेत्रबाट च्यानल नेपाल, इमेज च्यानल, कान्तिपुर टि.भी., नेपाल- १, एभी न्यूज, एवीसी र सगरमाथा च्यानल आदि प्रसारण भइरहेका छन् । नेपालको सगरमाथा भू-भाग पहाडले ढाकिएको र गाउँ गाउँमा विद्युत सेवा उपलब्ध नभएकाले देशको ठूलो जनसङ्ख्या यो सेवाबाट बञ्चित रहेको छ ।

## ३.६. नेपालको विकासमा टेलिभिजनले खेलेको भूमिका तथा महत्व

- नेपाल जस्तो विकासोन्मुख मुलुक जहाँका मानिसहरूको आय कम छ, जहाँ विश्वका ठूला ठूला हिमशिखरहरू छन् जसबाट पर्यटन विकासका सम्भावनाहरूलाई देश विदेशमा प्रचार प्रसार गर्न नेपाल टेलिभिजनको ठूलो भूमिका रहन्छ । नेपाल टेलिभिजनको प्रसारण विश्वका विभिन्न देशहरूमा हुने भएकाले सो को लागि एक मात्र प्रमुख साधन TV हो ।

- समाचारमूलक, मनोरन्जनात्मक, साहित्यिक, सांस्कृतिक तथा ज्ञानमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको टेलिभिजनहरू देशको भाषा, साहित्य तथा सांस्कृतिक पक्षको विकास तथा संरक्षण गर्न सहयोग पुग्दछ ।

- राष्ट्र र राष्ट्रियतासम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरी नयाँ सन्ततीलाई देशको माया गर्ने धारणा दिन पनि यसले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

- नेपाल कृषि प्रधान देश भएकाले कृषिसँग सम्बन्धित विभिन्न (तरकारी, फलफूल, पशुपालन) कार्यक्रमहरूको बारेमा जनतालाई ज्ञानमूलक तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ग्रामीण समुदायको विकास कार्यमा टेवा पुऱ्याउने स्रोत भएको छ ।

- यसैगरी सरकारी तथा निजीस्तरमा खोलिएका टेलिभिजन संस्थाहरूले रोजगारीको अवसर प्रदान गरेको छ ।

- यसरी विज्ञान र प्रविधिको विकाससँगै आएका सञ्चारका साधनहरू टेलिभिजन तथा रेडियोले देशको आर्थिक सामाजिक, सांस्कृतिक पक्षको विकासमा महत्वपूर्ण भूमिका रहेको छ ।

## ४. आत्ममूल्याङ्कन

१. नेपालमा रेडियोको विकास सम्बन्धमा एक अनुच्छेद (पाँच हरफ) लेख्नुहोस् ।

२. विकासमा रेडियोको भूमिका तथा महत्व तीन बुँदामा उल्लेख गर्नुहोस् ।

३. नेपालमा टेलिभिजनको अवस्थाबारे एक अनुच्छेद (पाँचलाइन) लेख्नुहोस् ।

४. देश विकासमा टेलिभिजनको भूमिका तीन बुँदामा उल्लेख गर्नुहोस् ।

## ५. पृष्ठपोषण

तपाईंले आत्ममूल्याङ्कनमा दिएका प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को लागि विषयप्रवेशको ३.३ पढ्नुहोस् ।

२. प्रश्न नं. २ को लागि विषयप्रवेशको ३.४ रेडियोको भूमिकामा अध्ययन गर्नुहोस् ।

३. प्रश्न नं. ३ को लागि विषयप्रवेशको ३.५ को टेलिभिजनको परिचयमा अध्ययन गर्नुहोस् ।

४. प्रश्न नं. ४ को लागि विषयप्रवेशको ३.६ टेलिभिजनको भूमिकामा अध्ययन गर्नुहोस्

## ६. सारांश

- सन् १९०१ मा रेडियोको आविष्कार भएपनि नेपालमा वि.सं. २००७ सालदेखि रेडियो सेवा सुरूवात भएको हो ।
- हाल नेपालमा रेडियो नेपाल र विभिन्न एफ.एम रेडियोहरू सञ्चालनमा रहेका छन् ।
- रेडियोले देशको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक पक्षको विकासमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गरी समुदायको विकासमा महत्वपूर्ण भूमिका खेलेको छ ।
- खास गरेर रेडियोबाट मनोरन्जनात्मक समाचारमूलक ज्ञानबर्द्धक खोजमूलक धार्मिक, सांस्कृतिक भाषा तथा साहित्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।
- सन् १९२६ देखि टेलिभिजनको प्रयोग भएपनि नेपालमा २०४२ सालदेखि मात्र सुरूवात भएको हो ।
- हाल नेपालमा नेपाल टेलिभिजनका अतिरिक्त निजीस्तरमा सञ्चालित अन्य T.V. च्यानलहरू पनि सञ्चालनमा रहेका छन् ।
- टेलिभिजन श्रव्यदृश्य सामग्री भएकाले देशको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक पक्षको विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको छ ।
- रेडियो र टेलिभिजन सञ्चारका महत्वपूर्ण साधन हुन् ।

## ७. निर्देशन

(क) तपाईंले यस पाठमा उल्लेख गरिएका सबै उद्देश्यहरू पूरा गर्नु भएको छ भने मात्र अर्को पाठको अध्ययनतिर लाग्नुहोस् । अन्यथा यो पाठको नै अध्ययन पुगेको छैन भने सोची फेरि एकपल्ट यसै पाठलाई नै अध्ययन र यसका सबै उद्देश्यहरू पूरा गर्न गर्नुपर्ने कार्यहरू गर्नुहोस् ।

(ख) रेडियो र टेलिभिजनसम्बन्धी थप जानकारी हासिल गर्न सम्पर्क कक्षामा स्रोतशिक्षक एवम् तपाईंका साथीहरूसँग छलफल गर्नुहोला ।

पाठ २

# टेलिफोन र फ्याक्स

## १. उद्देश्य

यो पाठको अध्ययन पछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) नेपालमा टेलिफोन र फ्याक्सको सुरूवात बताउन,

(ख) देश विकासमा टेलिफोन र फ्याक्सको भूमिका तथा महत्व वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईंले टेलिफोन किन गर्नुहुन्छ ? टेलिफोन प्रयोग गर्नाका कारणहरूमध्ये कुनै दुई कारण उल्लेख गर्नुहोस् ।


| |
|---|
| १. |
| २. |

## ३. विषयप्रवेश

विज्ञान र प्रविधिको विकासले अन्य क्षेत्रमा जस्तै सञ्चार क्षेत्रमा पनि ठूलो क्रान्ति भएको छ । सञ्चारको विभिन्न साधनहरूमध्ये टेलिफोन र फ्याक्स पनि आधुनिक सञ्चारका साधनहरू हुन् । यिनीहरूको प्रयोगले आज हुलाक सेवा प्रभावित बनेको छ ।

### ३.१. टेलिफोन

- सन् १९६० मा बाइनरी डिजिटल सिस्टम (Binary digital system) बाट टेलिफोनको विकास भएको थियो । यो पद्धति दोहोरो कुराकानी गर्ने एउटा प्रभावकारी सञ्चारको साधन हो । टेलिफोनको माध्यमबाट मानिसले एक अर्कोबीच कुराकानी गर्दछ ।



३.२ आज प्रविधिको विकासले विभिन्न किसिमका टेलिफोनहरू, मोवाइल, साधारण तथा कर्डलेस जस्ता फोनहरूको विकास भएको छ ।

- नेपालमा टेलिफोनको सुरूवात वि.सं. १९७० देखि भएको हो । सुरूमा काठमाडौमा मात्र टेलिफोन सेवा उपलब्ध रहेकोमा हाल ७५ ओटै जिल्लामा यो सेवा उपलब्ध रहेको छ । हाल देशको विभिन्न भागमा फ्रिक्वेन्सी प्रणाली भी. एच. एफ. दूर सञ्चार सेवा प्रदान गरिएको छ। यसैगरी मार्टस र भिस्याट प्रणालीबाट पनि दूर सञ्चार सेवा प्रदान गरिएको छ । मार्टस भनेको मल्टिपल एक्सेन्ज टेलिफोन सिष्टम, र भिस्याट भनेको

मल्टिपलएक्सेन्ज टेलिफोन सिष्टम (भेरी स्मल एम्प्लीच्यूड टर्मिनल) हो । यस प्रणालीलाई ग्रामीण दूर सञ्चारका साधन भनिन्छ ।

- हाल देशको ७५ ओटै जिल्लामा ट्रंकल टेलिफोन सेवा (STD) र विश्वका विभिन्न मुलुकहरूमा टेलिफोन सेवा (ISD) को सुविधा रहेको छ । त्यसैगरी ग्ति फोन सेवा पनि सञ्चालन छ । यो ताररहित फोन सेवा हो ।

**मोबाइल फोन**

परिचय :



मोबाइल टेलिफोन भन्नाले कुनै निश्चित स्थानमा टेलिफोन गर्नु नपर्ने र टेलिफोन सेट हरहमेशा आफूसँगै राख्न सकिने र जुनसुकै बेला टेलिफोन गर्न सकिने टेलिफोन सेवा बुझिन्छ ।

मोबाइल दूर संचार सेवा विभिन्न प्रविधिमा आधारित छ जसमध्ये नेपालमा अहिले प्रचलनमा ल्याइएको GSM (Global System for Mobile Communication) यी प्रविधिहरूमध्येको एक हो । यो प्रविधिले गर्दा तारको आवश्यकता नपर्ने तथा टेलिफोन सेटको आकार सानो हुनुका साथै आफूसँग जहाँ पनि लान सकिने भएकाले मोबाइल दूर संचार सेवा अति उपयोगी र व्यवहारिक सिद्ध हुन पुगेको छ । कुनै निश्चित स्थानमा जडान गर्न नपर्ने र जहाँ पनि लैजान सकिने हुनाले यसको प्रयोगमा निरन्तर व्यापकता आइरहेको हुँदा यस सेवाप्रति उपभोक्ताहरू आकर्षित भइरहेको देखिन्छ । नेपालमा नेपाल टेलिकम, Pre paid / post paid मोबाइल सेवा सञ्चालन गरेको छ । लाखौको सङ्ख्यामा मोवाइल सेवा प्रयोगकर्ता रहेका छन् । नेपालमा नेपाल टेलिकमले नमस्ते मोवाइल र नीजि क्षेत्रबाट मेरो मोवाइल सेवा, UTL फोन सेवा सञ्चालन गरेका छ ।

मोबाइल सेवाको लागि देशको जुनसुकै ठाउँमा पनि एउटै सेट र एउटै नम्बर प्रयोग हुने हुँदा पनि यसको महत्व अझ बढेको छ । एउटा सेवा प्रदायकको क्षेत्रबाहिर अर्कै सेवा प्रदायकको क्षेत्रमा पनि आफ्नै सेटबाट टेलिफोन सम्पर्क गर्न सकिने प्रावधान रहनु यस सेवाको प्रमुख विशेषता हो । उपभोक्ताले बोकी हिँड्ने सानो मोबाइल सेटमा रेडियो तरङ्ग टिप्ने र प्रसारण गर्न ट्रान्समिटर, रिसिभर र एण्टेनासमेत जडान गरिएको हुन्छ । वास्तवमा मोबाइल टेलिफोन सेटबाट भ्वाइस सञ्चार, बाहेक भ्वाइस मेल, इन्टरनेट लगायत अन्य विभिन्न सुविधाहरूकोसमेत उपयोग गर्न सकिन्छ ।


**३.३ विकासमा टेलिफोनको भूमिका तथा महत्व**

- आज टेलिफोन सञ्चारको प्रमुख साधन बनेको छ । प्रत्येक व्यक्तिको घरायसी तथा व्यावहारिक कार्यदेखि कार्यालयको कार्यका लागि अभिन्न अङ्ग बनेको छ । टेलिफोन आज विश्वको कुनै पनि कुनाको खवर तुरून्त दिन र लिन छिटो माध्यमको रूपमा अगाडि आइरहेको छ ।

- टेलिफोनले आज सञ्चार जगतमा विश्वलाई एउटा सञ्चार गाउँको रूपमा विकास गरिरहेको छ । जसले गर्दा विश्वको कुनै पनि स्थानमा सम्पर्क गर्न सकिने भएकाले कार्यमा छिटो छरितो भई विकास कार्यमा सघाउ पुग्दछ ।
- हाम्रो जस्तो भौगोलिक विकटता भएको देशको लागि केन्द्रदेखि जिल्ला तथा स्थानीय तहमा आवश्यक निर्णय निर्देशन तथा सूचनाहरू फोनमार्फत र तुरून्त पठाउन सकिन्छ भने त्यसैगरी तल्लो निकायबाट आवश्यक जानकारी केन्द्रसम्म समयमा दिन सकिन्छ । जसबाट विकास कार्य समयमै सम्पन्न गर्न सहयोग पुग्दछ ।
- देशको विकासमा महत्वपूर्ण भूमिका रहने शान्ति सुरक्षाको लागि पनि टेलिफोन सेवा अत्यन्त प्रभावकारी साधन हो । भौगोलिक विकटता भएको देशमा सूचनाहरू एक ठाउँबाट अर्को स्थानमा दोहोरो कुराकानी सहित पठाउन सकिने भएकाले टेलिफोन सेवा विकासको मेरूदण्ड हो ।

### ३.४. फ्याक्स (Fax)

- टेलिफोनको माध्यमबाट कागजद्वारा सूचना पठाउने नयाँ प्रविधि फ्याक्स हो । फ्याक्स एउटा विद्युतीय सञ्चारको साधन हो । फ्याक्सले टेलिफोनको माध्यमबाट प्राप्त हुने अक्षरहरू जस्ताको तस्तै पठाउने गर्दछ । सन्देश पठाउने र प्राप्त हुने स्थानमा यान्त्रिक उपकरण जडान गर्नुपर्दछ । आजभोलि सञ्चालनमा भएका नयाँ फ्याक्स मेशिनले ३० सेकेण्डभित्र एक पेज खबर पठाउन सक्छ ।



- फ्याक्सबाट सबै प्रकारका दस्तावेजहरू चाहे छपाइ सामग्री होस् वा हस्तलिखित होस् वा रेखा, ग्राफ तथा फोटो तालिका होस् पठाउन सकिन्छ । फ्याक्स मुख्य गरी सरकारी कार्यालय, गैरसरकारी तथा निजी प्रयोगमा समेत आइरहेको छ ।

### ३.५ विकासमा फ्याक्सको भूमिका तथा महत्व

- सञ्चारको आधुनिक साधन फ्याक्स हो । फ्याक्सबाट लिखित सामग्री पठाउन सकिने भएकाले कुनै पनि कार्यालयबाट अर्को कार्यालयमा पठाइने सूचनाहरू लिखित रूपमा आउने हुनाले र प्रमाणको रूपमा हुने हुँदा फोन भन्दा बढी प्रभावकारी हुन्छ ।
- विकासका कार्यक्रमसम्बन्धी दस्तावेजहरू निर्देशनहरू तुरून्त जाने भएकाले त्यसको सट्टामा अन्य जनशक्ति पठाउन नपर्ने हुनाले खर्चमा पनि कम भई मितव्ययिता हुन्छ । यसैगरी कामहरूमा ढिलासुस्ती हटी प्रभावकारी रहन्छ ।

- हाम्रो देशमा केन्द्रबाट आवश्यक निर्णयहरू तथा जिल्लाबाट आवश्यक सूचनाहरू समयमै आदानप्रदान गर्न सकिने हुँदा विकास कार्यमा प्रभावकारिता आउँछ ।

## ४. आत्ममूल्याङ्कन

१. विकासको लागि टेलिफोनको माध्यमको प्रयोगको बारेमा कुनै दुईओटा कारण उल्लेख गर्नुहोस् ।

२. फ्याक्सको प्रयोग गर्नाका कुनै दुई कारण लेख्नुहोस् ।

## ५. पृष्ठपोषण

माथि दिएको प्रश्नहरूको उत्तर निम्नानुसार दाँज्नुहोस् ।

१. प्रश्न नं. १ को उत्तरको लागि विषयप्रवेशको ३.१ र ३.२ अध्ययन गर्नुहोस् ।
२. प्रश्न नं. २ को उत्तरको लागि विषयप्रवेशको ३.३ टेलिफोनको अनुच्छेद अध्ययन गर्नुहोस् ।
३. प्रश्न नं. ३ को उत्तरको लागि विषयप्रवेशको ३.५ फ्याक्सको भूमिकाको अनुच्छेद अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- टेलिफोन र फ्याक्स सञ्चारका आधुनिक साधनहरू हुन् ।
- नेपालमा टेलिफोनको प्रयोग सन् १९७० देखि सुरू भएकों हो ।
- फ्याक्सबाट दस्तावेजहरू तथा लिखित सामग्री पठाउन सकिन्छ ।
- टेलिफोन र फ्याक्सले कुनै पनि समाचार तुरून्त एक ठाउँबाट अर्को ठाउँमा पठाउन सकिन्छ ।
- यी साधनले विकासका विविध क्षेत्र शान्ति सुरक्षादेखि विकास निर्माणमा साधन स्रोत र समयको बचत गरी प्रत्यक्ष अप्रत्यक्ष रूपमा टेवा पुऱ्याएको हुन्छ ।
- भौगालिक विषमता र यातायातको कठिनाइ भएको हाम्रो देश नेपालमा टेलिफोन र फ्याक्सको अझ बढी महत्व रहेको छ ।

## ७. निर्देशन

तपाईंका नजिक टेलिफोन वा फ्याक्स अपरेटर भए यी प्रविधि सम्बन्धमा अरू थप जानकारी लिने प्रयास गर्नुहोस् ।

पाठ ३

# कम्प्युटर, इमेल तथा इन्टरनेट

## १. उद्देश्य

यो पाठको अध्ययन पछि तपाईं निम्न कार्य गर्न सक्नुहुनेछ :

(क) कम्प्युटर, इमेल तथा इन्टरनेटको छोटो परिचय बनाउन,

(ख) विकासको सन्दर्भमा कम्प्युटर, इमेल तथा इन्टरनेटको भूमिका तथा महत्व वर्णन गर्न ।

## २. पूर्वसिकाइ क्रियाकलाप

(क) तपाईंले आजसम्म कम्प्युटर चलाउनु भएको छ ? कम्प्युटर, इमेल, तथा इन्टरनेटको के महत्व छ ? कुनै दुई/दुई ओटा उपयोगिता लेख्नुहोस् ।

| सञ्चारका साधन | उपयोगिता |
|---|---|
| कम्प्युटर | • <br> • |
| इमेल | • <br> • |
| इन्टरनेट | • <br> • |

## ३. विषयप्रवेश

### ३.१ परिचय

सन् १९४६ मा एकर्ट माउसले (Eckert and Mauchly) ले पहिलो विद्युतीय कम्प्युटर ENIAC (Electric Numerial Integrator and Computer) को आविष्कार गरेका थिए । कम्प्युटर एउटा स्वचालित मेशिन हो, जसले ठूला ठूला समस्याहरू कुनै गल्ती नगरी सेकेण्डभित्र हल गर्दछ । कम्प्युटरले जे निर्देशन दियो त्यही मात्र गर्दछ । यसबाट कुनै गल्ति हुँदैन । यसले छिटो कार्य गर्नुका साथै उच्च भण्डार क्षमता राख्दछ । यसलाई सजिलै प्रयोग गरिन्छ । यसको विश्वसनीयता र मितव्ययिता हुन्छ । कम्प्युटर आज सञ्चार, अनुसन्धान, इन्जिनियर विज्ञान, उद्योग, औषधि, शिक्षा, स्वास्थ्य, यातायात आदि क्षेत्रहरूमा सफलतापूर्वक प्रयोग भइरहेको छ । अर्थात् कम्प्युटर प्रयोग नगरिएको क्षेत्र सायदै कम होला । Oxford dictionary अनुसार Computer भनेको "An electronic device for storing and analyzing information fed into it, for calculating or for controlling machinery automatically" हो । कम्प्युटर मुख्य रूपमा डिजिटल, एनालग र हाइब्रिड (Hybrid) गरी तीन प्रकारका हुन्छन् । कम्प्युटरका प्रमुख अङ्गहरूमा मनिटर, किबोर्ड, माउस, स्क्यानर, सिपीयु, प्रिन्टर आदि हुन् ।

### ३.२ प्रयोग




ल्याप टप कम्प्युटर

नेपालमा कम्प्युटरको प्रयोग दिन प्रतिदिन बृद्धि हुँदै गइरहेको छ । कार्य सरल छिटो छरितो र प्रभावकारी भएकाले आज व्यक्तिगत जीवनदेखि कार्यालयका प्रत्येक काममा यसको प्रयोग भइरहेको छ । कम्प्युटर सञ्चारको एक साधन पनि हो । यसको प्रयोग विना इमेल र इन्टरनेटको कुनै अर्थ रहँदैन । कम्प्युटर र सञ्चारको मिश्रित प्रविधिलाई सूचना प्रविधि भनिन्छ । हाल नेपालमा सरकारी तथा गैरसरकारी क्षेत्रमा यसको प्रयोगमा दिन प्रतिदिन बृद्धि भइरहेको छ ।

### ३.३ महत्व

- कम्प्युटरको प्रयोगले व्यक्तिको वैयक्तिक जीवनमा परिवर्तन ल्याएको छ । मानिसको कार्य दक्षतामा बृद्धि गरिरहेको छ । त्यसै गरी कार्यालयको कार्य प्रणालीमा प्रभावकारितामा बृद्धि भएको छ । धेरै जनशक्ति आवश्यक पर्ने स्थानमा थोरै जनशक्तिबाट नै कार्य गर्न सक्ने वातावरण कम्प्युटरको योगदान हो । जसले स्रोत, साधन र समयको बचत गर्ने कार्य गरिरहेको छ ।

- आज कम्प्युटरले गर्दा विकसित देशमा भएका अनुसन्धान तथा नयाँ किसिमका सञ्चारहरूको जानकारी घरघरमा बसेर हामीले हेर्न पाएका छौं । विश्वको कुनै पनि मुलुकमा चिठ्ठीपत्रदेखि विद्युतीय हुलाक /अन्य दस्तावेजहरू घरघरमा बसेर हेर्न सक्छौं । यो सबै कम्प्युटरको योगदान हो । जसले गर्दा अविकसित मुलुकका आयआर्जन कम हुने व्यक्तिहरूलाई ज्ञान आर्जन तथा सूचनाहरू लिने स्रोत बनेको छ कम्प्युटर । यसले देश विकासमा ठूलो सहयोग पुगेको छ ।

- कम्प्युटरको विकासले गर्दा एउटा घरमा नअटाउने फाइलहरू आज कम्प्युटरमा राख्न सकिने भएकाले सानो कोठामा ठूलाठूला कार्यालयहरू सञ्चालन गर्न सकिने भएको छ ।

- कम्प्युटरको विभिन्न क्षेत्रमा ठूलो महत्व रहेको छ । मानिसले गर्दा धेरै समय र जनशक्ति तथा स्रोतको खर्च हुन्छ भने कम्प्युटरले थोरै समयमा धेरै कार्य गर्दछ । आज नेपालमा बसेर विकसित देशहरू अमेरिका, बेलायत तथा अन्य राष्ट्रहरूमा अध्ययन गर्ने

अवसर प्रदान कम्प्युटरको योगदान हो । यसरी कम्प्युटरले प्रत्यक्ष रूपमा कुनै पनि राष्ट्रको विकासमा ठूलो भूमिका खेलेको हुन्छ ।

### ३.४ इमेल (E-mail)

- यो एउटा विद्युतीय सञ्चारको माध्यम हो । यो कम्प्युटरमा आधारित हुन्छ । कम्प्युटरमा टेलिफोनको सहायताले एक स्थानबाट अर्को स्थानमा कम्प्युटरमा लेखिएका विषय तथा सूचनाहरू पठाइने वा प्राप्त गर्ने कार्य इमेल हो । यसको लागि इमेल ठेगाना आवश्यक पर्दछ । जसरी टेलिफोन पठाउनको लागि टेलिफोन नम्बर आवश्यक हुन्छ र यो नम्बर टेलिफोन कम्पनिले दिन्छ । त्यस्तै इमेल पठाउनको लागि इमेल ठेगाना चाहिन्छ । जुन कुरा आफूले बनाउन सकिन्छ । इमेल ठेगानामा व्यक्तिको इमेल दिने कम्पनीको र देश दर्शाउने गरी ठेगाना बनाइन्छ । जस्तै दूर शिक्षा केन्द्रको इमेल dec@most.gov.np मा dec ले कार्यालय बताउँछ @most. इमेल कम्पनी बताउँछ भने gov.np ले देश बताउँछ । इमेलको लागि hotmail, Yahoo.com आदिमा ठेगानाहरू पनि राख्न सकिन्छ । आफ्नो ठेगाना खोल्न पासवर्ड प्रयोग गर्नुपर्दछ । पासवर्ड सम्बन्धित कार्यालय तथा व्यक्तिले राख्ने हो । जुन बिना इमेल ठेगाना खुल्दैन । जस्तै 123, AABC आदि पास वर्ड राख्न सकिन्छ ।

- इमेलको प्रयोग आजभोलि व्यापक रूपमा भइरहेको छ । देशभित्र होस् वा बाहिर एक देशबाट विश्वको अर्को कुनै मुलुकमा यो सेवा प्राप्त गर्न सकिन्छ ।

- आज विज्ञान र प्रविधिको विकासले इमेल सेवा उपलब्ध भएको हो । यसको प्रयोगले कार्यालयको काम घरमा बसी बसी गर्ने सुविधा प्रदान गरेको छ । आफ्नो घरको कम्प्युटरमा बसी सम्बन्धित काम गरी आफ्नो कार्यालयमा इमेलमार्फत् पठाउन सकिन्छ ।

- इमेल सेवा एउटा विद्युतीय बाहक भएकाले देशभित्र तथा एक देश र अर्को देशका खबरहरू आदानप्रदान गर्न स्रोत र साधन कम लाग्नुका साथै थोरै समयमा पठाउन सकिने भएकाले विभिन्न विकासका कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुर्‍याउँदछ । त्यसकारण इमेलको आजको २१ औ शताब्दीमा ठूलो महत्त्व रहेको छ ।

### ३.५ इन्टरनेट (Internet)

- इन्टरनेट इमेल जस्तै कम्प्युटर मार्फत समाचार पठाउने वा प्राप्त गर्ने साधन हो । आधुनिक प्रविधिको उपजका रूपमा हामीले इन्टरनेटलाई लिन सकिन्छ । यसको नेटवर्क विश्वभरी रहेको हुन्छ । इन्टरनेटको लागि कम्प्युटरमा एउटा बेग्लै स्थान हुन्छ जसलाई वेभसाइट (Website) भनिन्छ ।

- कम्प्युटरमा टेलिफोन र भू-उपग्रहको सम्बन्धले वेभसाइटमा संकलित समाचार तथा सामग्रीहरू जसले पनि उपभोग गर्न पाउने गरी व्यवस्था मिलाइएको हुन्छ । जुन

कम्प्युटरमा इन्टरनेटको सुविधा रहेको हुन्छ , त्यहाँ मात्र वेभसाइट हेर्न सकिन्छ । कुनै पनि संस्थाले आफ्नो वेभसाइट (www........) सूचना तथा सामग्रीहरू राख्दछ । त्यो खोज्नको लागि हामीले त्यस संस्थाको वेभसाइट खोज्नुपर्दछ । यसको पनि कोड नम्बर हुन्छ । WWW भनेको World Wide Web हो ।

- इन्टरनेटले विश्वमा के भइरहेको छ, कुन क्षेत्रमा के कस्ता अनुसन्धान तथा आविष्कार भइरहेका छन् भनी कुनै पनि विषयमा स्थापित नयाँ नयाँ ज्ञान तथा प्रविधिको जानकारी हामी घरमा बसेर हेर्न वा पढ्न पाउँछौं । इन्टरनेट हामी सूचनाहरू लिन र दिन प्रयोग गर्न गर्दछौं । त्यसैगरी इन्टरनेटबाट हामी फोन गर्न सक्दछौं ।जुन इन्टरनेटको योगदान हो । जुन कुरा विकासोन्मुख देश जनतालाई हासिल गर्न ठूलो धनराशी खर्च गर्नुपर्दछ ।
- कुनै पनि व्यक्तिलाई सम्बन्धित विषयप्रवेशको अध्ययन गरी व्यक्तिको जीवन परिवर्तन ल्याउन सहयोग गर्दछ । यसरी सुलभ र सञ्चार प्रविधिको विकासबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा देशको निमित्त विभिन्न क्षेत्रमा सहयोग गरिरहेको हुन्छ भने यस क्षेत्रको विकासबाट रोजगारीका अवसरहरू प्रदान गरी देश विकासमा ठूलो महत्व रहेको हुन्छ ।

३.६. यस्ता आधुनिक सूचना प्रविधिको विषयमा विद्यार्थीहरूलाई सानै उमेरदेखि सु-सूचित गराउन सक्ने विश्वको बदलिदो चुनौतीसँग सामना गर्न उनीहरू सक्षम हुनेछन् । यसको लागि शिक्षक आफैं पनि यस विषयमा जानकार हुनुपर्ने अपेक्षा राखिएको छ ।

## ४. आत्ममूल्याङ्कन

१. हाम्रो जस्तो देशको लागि कम्प्युटरको महत्व कुनै दुई बुँदामा उल्लेख गर्नुहोस् ।

२. इमेलको महत्व एक अनुच्छेदमा प्रस्ट पार्नुहोस् ।

३. तपाईंले इन्टरनेटबाट के फाइदा लिन सक्नु हुन्छ । कुनै दुईओटा फाइदा लेख्नुहोस् ।

## ५. पृष्ठपोषण

तपाईंले माथि दिएको प्रश्नको उत्तर मिल्यो मिलेन दाँज्नुहोस् ।

१. प्रश्न १ को लागि विषयप्रवेशको ३.१, ३.२ र ३.३ को कम्प्युटर शीर्षक अध्ययन गर्नुहोस् ।
२. प्रश्न २ को लागि विषयप्रवेशको ३.४ को इमेल शीर्षक अध्ययन गर्नुहोस् ।
३. प्रश्न ३ को लागि विषयप्रवेशको ३.५ को इन्टरनेट शीर्षक अध्ययन गर्नुहोस् ।

## ६. सारांश

- कम्प्युटर एउटा विद्युतीय साधन हो । आजभोलि यसको प्रयोग विविध क्षेत्रमा दिन प्रतिदिन बढिरहेको छ ।
- कम्प्युटरले कार्यमा प्रभावकारिता ल्याउँछ । मानिसको जीवन शैलीमा परिवर्तन ल्याउन सहयोग गरिरहेको छ ।
- कम्प्युटरको प्रयोगले स्रोत, साधन र समयको बचत हुन्छ । कम्प्युटरले विकासले रोजगारीका अवसरहरू प्रदान गरेको छ ।
- कम्प्युटरबाट नै इमेल र इन्टरनेटको प्रयोग गर्न सकिन्छ ।
- इमेल र इन्टरनेटले विश्वलाई साँघुरो बनाएको छ । एक देशको आविष्कार अर्को देशमा सजिलैसँग कम्प्युटरको स्क्रिनमा बसेर हेर्न सकिन्छ ।
- कम्प्युटर, इमेल र इन्टरनेटले देशको विकासमा ठूलो भूमिका खेलेको छ ।

## ७. निर्देशन

(क) तपाईं आफ्नो गाउँ समुदायमा घुम्नुहोस् र त्यहाँ प्रयोगमा आएका आधुनिक प्रविधिका साधनहरूको सूची तयार गरी तीनबाट कुन क्षेत्रमा के कस्तो फाइदा पुगेको छ, त्यसबारे प्रतिवेदन तयार गरी सम्पर्क कक्षामा छलफल गर्नुहोस् ।

(ख) यदि तपाईंले यस पाठमा उल्लेख गरेका सबै उद्देश्यहरू पूरा गर्नु भयो या भएन यदि पूरा नभएको भए पाठ पुनः एक पटक अध्ययन गर्नुहोस् ।